

आजको

# दिशाबोध

## मदन स्मारिका-२०६९

# आजको दिशाबोध

वर्ष ९, अङ्क ६, २०६९ असार १४

**प्रकाशक**

मदन भण्डारी फाउण्डेशन

**विनायकनगर, काठमाडौँ**



मदन भण्डारी फाउण्डेशनको कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | विद्यादेवी भण्डारी |
| उपाध्यक्ष | गुरूप्रसाद बराल |
| महासचिव | हिक्मत कार्की |
| सचिव | भेषराज अधिकारी |
| कोषाध्यक्ष | चिन्तामणि भट्टराई |
| सदस्य | छविलाल विश्वकर्मा |
| सदस्य | कृष्णगोपाल श्रेष्ठ |
| सदस्य | देवराज घिमिरे |
| सदस्य | सोमनाथ प्यासी |
| सदस्य | गणेश तिमल्सिना |
| सदस्य | मोहनसिंह राठौर |
| सदस्य | चैतन्य शर्मा |
| सदस्य | चिरञ्जीवी शर्मा |
| सदस्य | रमेश सिलवाल |
| सदस्य | नरेन्द्रराज पोखरेल |
| सदस्य | डोरमणि पौडेल |
| सदस्य | युवराज बास्कोटा 'यज्ञ' |
| सदस्य | कृपासुर शेर्पा |
| सदस्य | मेनका पोखरेल |
| सदस्य | उषाकिरण भण्डारी |
| सदस्य | दामोदर अर्याल |
| सदस्य | रामहरि खनाल |
| सदस्य | जीवछ शाह |
| सदस्य | प्रेमसागर चापागाईं |
| सदस्य | अमर श्रेष्ठ |
| सदस्य | दामोदर भण्डारी |
| सदस्य | शङ्करप्रसाद भण्डारी |
| सदस्य | विपिन निरौला |

**सम्पादक मण्डल**

भेषराज अधिकारी

युवराज बास्कोटा 'यज्ञ'


चिन्तामणि भट्टराई



**मुद्रण**

प्रिन्टिङ्ग सोलुशन

**डिल्लीबजार, काठमाडौँ**

## विषय-सूची


सम्पादकीय २

मदन भण्डारी फाउण्डेशनको एक दशक - **विद्या भण्डारी** ३

सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त - **मदन भण्डारी** ९

देशले खेपेको वर्तमान संवैधानिक-राजनीतिक सङ्कटका सम्बन्धमा - **झलनाथ खनाल** २२

निःशस्त्र नभएसम्म लोकतान्त्रिक हुन सकिन्न- **माधवकुमार नेपाल** २९

समानता चाहिन्छ, विद्वेष र विभाजन होइन- **केपी शर्मा ओली** ३२

दक्षिण एशिया, नेपाल र जातीय समस्या - **मोदनाथ प्रश्रित** ४०

जबजको प्रकाशमा समाज र पार्टीको लोकतान्त्रिकरण- **प्रदीप ज्ञवाली** ४४

संविधानसभा विघटनका कारण र परिणाम- **छविलाल विश्वकर्मा** ५१

जनताको बहुदलीय जनवाद नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग - **बेदुराम भुसाल** ५३

लोककल्याणकारी राज्यमार्फत मानवअधिकारको सम्मान गर्ने जबज - **सुबोधराज प्याकुरेल** ६२

जनताको बहुदलीय जनवादको साहित्यिक मान्यता- **डा. बद्रीविशाल पोखरेल** ६५

जनताको बहुदलीय जनवादी शिक्षा प्रणालीः एक छलफल -**भेषराज अधिकारी** ७४

नेपालमा सङ्घीय (व्यवस्था चुनौती र समाधान - **लालबाबु यादव** ८५

समाचार संक्षेप ९१

# सम्पादकीय

हाम्रो देशमा कम्युनिष्ट आन्दोलनका नवीन विचारक जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जवज) को मार्गदर्शनमा आमूल सामाजिक परिवर्तनको अभियान अघि बढिरहेको छ। सामाजिक परिवर्तनको यस महाअभियानलाई रोक्न तथा विश्रृंखलित पार्न उग्रवामपन्थी-अराजकतावादी र दक्षिणपन्थी-सुधारवादीहरु क्रियाशील छन्। एकातिर जवजको मार्गदर्शनमा नेपाली जनताको विशाल पंक्ति परिवर्तनको प्रवाहलाई तेज पार्न दत्तचित्त छ भने अर्कातिर एउटा झुण्ड परिवर्तनको प्रवाहलाई अवरोध खडा गर्न लागिपरेको छ। तर परिवर्तनकामी जनताको अजेय शक्तिलाई कमजोर र दिशाहिन पार्न कुनैपनि नाममा प्रकट भएको समुहले नसक्ने कुरा जगजाहेर नै छ। किनकी सही सिद्धान्त र विचारको प्रकाशमा अघि बढेको शक्ति कहींपनि पराजित भएको छैन। बरु परिवर्तनको धारलाई कमजोर पार्ने तत्वहरु नै परास्त भएका उदाहरणहरु प्रशस्त छन्।

मदन भण्डारी फाउण्डेशन जननेता मदनलाई २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा दूश्मनहरुद्वारा रहस्यमय जीप दूर्घटनामा हत्या गरिएपछि जननेताको योगदान र स्मृतिलाई चीरस्थायी बनाइराख्न स्थापना गरिएको सामाजिक संगठन हो। एक दशक बढी लामो इतिहास बोकेको यस संगठनमार्फत् जननेताका सैद्धान्तिक तथा वैचारिक योगदानहरुलाई सामाजिक अभियन्ता तथा जनमानसमा लगिकन उनीहरुलाई सामाजिक परिवर्तनको पक्षमा लाग्न प्रेरित र प्रोत्साहित गरिदै आइएको छ। यसैगरी जननेताका उदाहरणीय व्यवहारबाट पाठ सिक्नका निम्ति फाउण्डेशनले हौसला प्रदान गर्दै आएको छ। फाउण्डेशन र यसका संयन्त्रहरुमार्फत् रचनात्मक क्रियाकलापहरु संचालन गर्दै सर्वसाधारणको शारीरिक तथा बौद्धिक विकास माथि उठाउने कार्यमा योगदानहहरु गर्दै आएको छ।

मदन भण्डारी फाउण्डेशनले प्रत्येक वर्ष मदन स्मारिका प्रकाशन गर्दै आएको छ। खासगरी यसमा जवज, समसामयिक राजनीतिक, आर्थिक तथा सामाजिक विषय, मदन भण्डारीसँग सम्बन्धीत संस्मरण र फाउण्डेशनका गतिविधिहरुलाई समावेश गर्दै आइएको छ। वास्तवमा जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जवजलाई समृद्ध पार्नु, यसलाई आम जनताको बीचमा स्थापित गर्नु र जननेताको योगदानलाई चीरस्थायी बनाइराख्नु नै प्रस्तुत स्मारिका प्रकाशनको मुख्य उद्देश्य रहेको छ। श्रोत र साधनको सीमितताको कारणले माग बमोजिमको परिमाणमा प्रकाशन गर्न नसक्दा हामी दुःखित छौं। यस अंकमा सामग्रीहरु उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरुप्रति हामी आभारि छौं। साथै आगामी दिनमा पनि यसरी नै सामग्रीहरु प्राप्त भइरहने कुरामा पनि हामी विश्वस्त छौं। प्रस्तुत अंकमा सकेसम्म त्रुटी तथा कमी नहोस् भनी कोशिस गरिएको छ। कोशिस गर्दा गर्दै पनि त्रुटी र कमीहरु अवश्य भएका हुन सक्दछन्। यस बारेमा पाठक, लेखक लगायत सबै पक्षले रचनात्मक सुझाव दिई आगामी अंकलाई समृद्ध बनाउन सहयोग गर्नुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। ■

# मदन भण्डारी फाउण्डेशनको एक दशक



■ श्रीमती विद्यादेवी भण्डारी

**१. भूमिका**

सिंगो मानवजातीको शान्ति, उन्नती र प्रतिष्ठा मदन भण्डारीका उच्च आदर्शहरु थिए। समतामुलक, दिगो, सभ्य, सुसंस्कृत र समुन्नत समाज बिकासका पक्षपाती जननेता मदन प्रकृति र मानव जगत बीचको सम्बन्धलाई सुमधुर, गतिशील र थप उत्पादनशील बनाउनु पर्दछ भन्ने कुरामा सम्वेदनशील मात्र होइन गहन र दुरदृष्टि समेत राख्नुहुन्थ्यो। मार्क्सवादको सृजनात्मक प्रयोगका दौरानमा विश्व कम्युनिष्ट आन्दोलनलाई नयाँ आयाम र उचाईमा बिकसित गर्न प्रतिपादीत जनताको बहुदलिय जनवाद (जवज) का सिद्धान्तकार मदन राजनीति राजनीतिका लागि होईन लोककल्याणको साधन मात्र हो भन्ने कुरामा प्रष्ट र दृढ निष्चयी हुनुहुन्थ्यो। यहि परिप्रेक्ष्यमा उहाँका योगदान, सोच, बिचारहरुको संरक्षण गर्न, उहाँद्वारा प्रतिपादित सिद्धान्तको ब्याख्या, बिश्लेषण र तिनलाई समृद्ध बनाउन, सामाजिक रुपान्तरण, लोकतन्त्र र राष्ट्रियताका लागि उहाँले दिनुभएको योगदानलाई चिरस्थायी बनाईराख्न, उहाँका योगदान र अनुभवहरुलाई भाबी पुस्तामा हस्तान्तरण गर्न, उहाँका सृजना र योगदानहरुको अध्ययन-अनुसन्धान गरी विभिन्न कार्यक्रमहरु मार्फत् तिनको प्रयोग गर्दै नेपाली समाजको आमूल रुपान्तरणमा ठोस योगदान पुऱ्याउनु पर्ने टड्कारो आवश्यकता महसुस भएकाले नै उहाँसँग सम्बन्धीत यस संस्थाको स्थापना गरिएको हो। राष्ट्र र समाजका निम्ति योगदान गर्ने व्यक्तित्वलाई सम्झिने, ति योगदानको प्रचार प्रसार गर्ने र त्यसबाट समाजले लाभ लिन सकिने कुरामा दुईमत हुन सक्दैन। समाज विज्ञान, साहित्य, भौतिक विज्ञान र विज्ञानका अनेकौं शाखाहरुमा योगदान गरेका स्रष्टाहरुका नाउँमा संस्था स्थापना गर्ने र ति संस्थाहरुमार्फत् विविध क्रियाकलापहरु संचालन गरी समाजमा योगदान गर्ने र ति विशिष्ट स्रष्टाहरुलाई सम्मान गर्ने सभ्य सामाजिक परम्परा विश्वव्यापीरुपमा रहँदै आएको छ। यसैगरी ती विशिष्ट व्यक्तित्वहरुको नाउँमा अनेकौं भौतिक संरचनाहरु निर्माण गर्ने चलन पनि रहि आएको छ। यस प्रकारका उदाहरणहरु हाम्रै देशमा पनि प्रशस्त छन्। यिनै परम्परा, चलन र सँस्कृतिलाई मध्यनजर राखेर पनि मदन भण्डारी फाउण्डेशन नामक सामाजिक संगठनको स्थापना गरिएको हो। यसो गरेर हामीले नेपाली समाजलाई र अर्को अर्थमा विश्व समुदायलाई गुनै लगाएका छौं भन्ने लागेको छ।

**२. सिद्धान्तकार मदन**

मदनको जन्म ताप्लेजुङ्ग जिल्लाको ढुङ्गेसाँगुमा २००९ असार १४ गते भएको थियो भने चितवन जिल्लाको दासढुङ्गामा २०५० जेठ ३ गते रहस्यमय जीप दूर्घटनामा उहाँको हत्या भएको थियो। उहाँ नेपाली क्रान्तिको

मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जवज) का प्रणेता, समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिका शिखर व्यक्तित्व, उन्नत सामाजिक-राजनीतिक संस्कारका हिमायती, मानवतावादी राजनीतिज्ञ, मार्क्सवादको सृजनात्मक प्रयोगकर्ता, कुशल वक्ता जस्ता गुणहरुले युक्त हुनुहुन्थ्यो । यसैगरी उहाँ सिद्धान्तनिष्ठ मानवतावादी राजनीतिज्ञ तथा समाजसेवी, राष्ट्रियता, प्रजातन्त्र, मानवअधिकार र जनजीविकाका प्रवल पक्षपाती हुनुहुन्थ्यो ।

मदन तत्कालिन नेकपा (माले) र पार्टी एकिकरणपछि बनेको नेकपा (एमाले) का महासचिव हुनुहुन्थ्यो । २०४६ को ऐतिहासिक संयुक्त जनआन्दोलन संचालन गर्न पार्टीको तर्फबाट निर्माण भएको उच्च स्तरिय संयन्त्रका संयोजक समेत रहनु भएका मदन सफल जनआन्दोलनपछिको तीन वर्षमै आम जनताको बीचमा लोकपृय हुनुभएको थियो । उहाँ २०४६ को सफल जन आन्दोलनपछि भएको आम निर्वाचनमा दुई स्थानबाट निर्वाचित हुनुभएको थियो भने २०४९ मा सम्पन्न नेकपा (एमाले) को ऐतिहासिक पाँचौं राष्ट्रिय महाधिवेशनबाट मदनद्वारा प्रतिपादित विचार जवज अनुमोदन भएको थियो । यसको चर्चा स्वदेशमा मात्र होइन विदेशमा समेत हुनथालिसकेको थियो । सोभियत संघ र पूर्वी युरोपमा सोभियत नमूनाको समाजवादले धक्का खाएपछि संसारबाट कम्युनिष्टहरु खत्तम हुँदैछन् भन्ने पूँजीवादीहरुको अफवाहलाई चुनौति दिँदै मदनले मार्क्सवादमा आधारित जवज जस्तो समाज परिवर्तनको सिद्धान्त प्रतिपादन गरेर नेपाली कम्युनिष्ट आन्दोलनमा मात्र योगदान गर्नुभएको थिएन, विश्व कम्युनिष्ट आन्दोलनमा समेत यो सिद्धान्तले तरङ्गित पार्‍यो र अमेरिकाबाट प्रकाशित हुने चर्चित पत्रिका **न्यूज विक**ले पहिलोपटक नेपाली नेता मदनको अन्तवार्ता लिएर **नेपालमा कार्लमार्क्स जीवित छन्** भन्ने शिर्षक राखेर मदनको अन्तवार्ता प्रकाशित गरेको थियो ।

**शुरुमा यो एक गैरसरकारी संस्थाको रुपमा २०५६ सालमा मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको नाममा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको थियो । संस्था दर्ता ऐन, २०३४ अन्तरगत दर्ता भएको उक्त संस्थालाई अझ प्रभावकारी बनाउने उद्देश्यले एकदशकपछि स्थापनाकालको नाम समेत परिवर्तन गरी मदन भण्डारी फाउण्डेशन बनाई २०६६ सालमा राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तरगत रुपान्तरण गरियो ।**

**३. संस्था विस्तार र सुदृढिकरणको औचित्यता**

एकता नै बल र संगठन नै शक्ति भएकाले संस्थागतरुपमा अघि बढ्दा जननेताका योगदानहरुलाई चीरस्थायी बनाउँदै समाज परिवर्तनमा प्रयोग गर्न सकिन्छ भन्ने अभिप्रायकासाथ नै यस संस्थाको स्थापना गरिएको हो । त्यसैगरी जवजलाई समाजमा स्थापित गर्दै कार्यान्वयन गर्न, फैलाइएको भ्रम र गलत सोचलाई निस्तेज पार्न, विश्व कम्युनिष्ट आन्दोलनको नयाँ आयामको रुपमा प्रतिपादित जवजको वैचारिक धारालाई विस्तार गर्दै समृद्ध पार्न, मदनका अनुयायी र जवजलाई आत्मसात गर्ने पंक्तिलाई मूल धारमा ल्याउन, उग्रवामपन्थी अतिवाद र दक्षिणपन्थी अवसरवादलका विरुद्ध सैद्धान्तिक, राजनैतिक र वैचारिक अभियान संचालन गर्न, राजनीतिमा देखापरेका विकृति र विसंगतिका विरुद्ध सशक्तरुपले अभियान संचालन गर्दै सिद्धान्तनिष्ठ राजनीतिक परिपाटी स्थापना गर्ने मदनका दृष्टिकोण, बिचार तथा सिद्धान्तहरुलाई थप संस्थागत गर्न यो संस्था स्थापना गरिएको हो ।

**४. सामाजिक संस्थाको रुपमा मदन भण्डारी फाउण्डेशन**

शुरुमा यो एक गैरसरकारी संस्थाको रुपमा २०५६ सालमा मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको नाममा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको थियो । संस्था दर्ता ऐन, २०३४ अन्तरगत दर्ता भएको उक्त संस्थालाई अझ प्रभावकारी बनाउने उद्देश्यले एकदशकपछि स्थापनाकालको नाम समेत परिवर्तन गरी मदन भण्डारी फाउण्डेशन बनाई २०६६ सालमा राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तरगत रुपान्तरण गरियो । हाल मदन भण्डारी फाउण्डेशनको विधान, २०६६ बमोजिम मदन भण्डरी फाउण्डेशनका गतिविधिहरु संचालित छन् । मदन भण्डारी फाउण्डेशनले नेपाल सरकारबाट २०५८ सालमा जग्गा प्राप्ति गरेको छ। काठमाण्डौ महानगरपालिका वडा नं. १० अनामनगरमा ३-१२-०-० क्षेत्रफलको प्राप्त भएको उक्त जग्गामा हाल भवन निर्माण कार्य समेत सम्पन्न भएको छ ।

**५.फाउण्डेशन र यसका संयन्त्रहरु**

मदन भण्डारी फाउण्डेशनले विधानले निर्दीष्ट गरेका सांगठनिक संरचनाका आकारहरु ग्रहण गर्दै आएको छ । सिङ्गो फाउण्डेशन र यसका संयन्त्रहरुलाई नेतृत्व प्रदान

गर्ने केन्द्रीय कमिटी रहेको र यसको कार्यालय काठमाडौंमा रहेको छ । विकास क्षेत्र स्तरीय संरचना निर्माण गर्ने नीति मुताविक हरेक विकास क्षेत्रमा एक र मध्यमाञ्चलमा भने उपत्यका र उपत्यका बाहिर गरी दुईसमेत जम्मा छ वटा क्षेत्रीय संयोजन समितिहरु निर्माण गरिएको छ । यसैगरी जिल्ला स्तरमा पनि जिल्ला एकाइ निर्माणका अभियानहरु अघि बढिरहेका छन् । यसरी मदन भण्डारी फाउण्डेशन आज देशैभरी पुगेको अवस्था छ ।

**(क) मदन भण्डारी स्पोर्टस् एकेडेमी**

"सिद्धान्त जीवनका लागि हो न कि जीवन सिद्धान्तका लागि" भन्ने मदनको विचारलाई शिरोधार्य गर्दै "सबैका लागि खेलकूद" भन्ने नाराका साथ खेलकूदलाई स्पष्ट दिशाबोध गर्न १७ पौष २०६६ (ई.सं. जनवरी १) मा 'मदन भण्डारी स्पोर्टस् एकेडेमी' स्थापना भएको हो । एकेडेमीले खेलकूदका माध्यमबाट देशभक्त, सक्षम, सबल तथा अनुशासित जनशक्ति तयार गरी राष्ट्रनिर्माणमा सहयोग पुऱ्याउने, खेलकूद विश्वविद्यालय स्थापना गर्न पहल गर्ने र खेलसम्बन्धी प्रशिक्षण तथा तालिम केन्द्र स्थापना गर्ने, सहरिया एवम् ग्रामीण युवाहरूलाई खेलकूद क्षेत्रमा सहभागिता गराउन विशेष ढङ्गले प्रोत्साहित गर्ने, गाउँ विकास समिति एवम् नगरपालिकाले आफ्नो बजेटको कम्तीमा ५ प्रतिशत अनिवार्य रूपमा खेलकूदमा लगानी गर्न प्रेरित गर्ने, खेलकूदका भौतिक पूर्वाधारहरू र संरचनाहरू निर्माण गर्न सरकारी, गैरसरकारी सङ्घ तथा संस्था, क्लबहरू, उद्योगी तथा व्यवसायी, शैक्षिक संस्था र सञ्चालकलगायतका निजी क्षेत्रसँग सहकार्य गर्ने, स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने, गाउँ तथा सहरको सार्वजनिक स्थल वा मैदानमा नियमित रूपले सामूहिक ढङ्गले योगाभ्यास वा शारीरिक व्यायाम गर्ने वातावरण सृजना गर्ने आदि जस्ता उद्देश्यहरु लिएर यस एकाडेमीको स्थापना भएको हो । यसैगरी खेलकूदसम्बन्धी पाठ्यक्रम व्यवस्थित गर्दै खेलकूदमा उच्चतहको अध्ययन अध्यापन संचालन गर्न एक खेलकूद विश्वविद्यालयको आवश्यकता महसुस गरि स्थापना गर्ने लक्ष्य समेत लिइएको छ ।

**(ख) मदन भण्डारी कला-साहित्य प्रतिष्ठान**

२०६७ माघ २२ गते प्रज्ञा भवन कमलादी काडमाडौंमा मदन भण्डारी फाउण्डेशनद्वारा आयोजित कला तथा साहित्यमा संलग्न स्रष्टाहरुको भेलाले मदन भण्डारी कला-साहित्य प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो । यसले आफ्ना गतिविधिहरु संचालन गरिरहेको छ ।

**(ग) मदन भण्डारी बौद्धिक भञ्च**

सरकारी, गैह्र-सरकारी तथा संघ संस्थामा कार्यरत विभिन्न पेशाकर्मीहरुको काठमाडौंमा आयोजित भेलाबाट २०६७ श्रावण २७ गते 'मदन भण्डारी बौद्धिक मञ्च' को स्थापना भएको छ । मदन भण्डारीका विचार तथा व्यवहारलाई बौद्धिक जमातमा प्रचार-प्रसार गर्ने र व्यवहारमा लागू गर्ने मुलभूत उद्देश्यका साथ यसको स्थापना भएको हो । फाउण्डेशनले बुद्धिजीवीहरुभित्र विचारलाई संप्रेषण गरी उक्त बौद्धिक क्षेत्रलाई संयोजन र परिचालित गर्ने उद्देश्यले यो मंच स्थापना गरिएको छ ।

**सरकारी, गैह्र-सरकारी तथा संघ संस्थामा कार्यरत विभिन्न पेशाकर्मीहरुको काठमाडौंमा आयोजित भेलाबाट २०६७ श्रावण २७ गते 'मदन भण्डारी बौद्धिक मञ्च'को स्थापना भएको छ । मदन भण्डारीका विचार तथा व्यवहारलाई बौद्धिक जमातमा प्रचार-प्रसार गर्ने र व्यवहारमा लागू गर्ने मुलभूत उद्देश्यका साथ यसको स्थापना भएको हो ।**

**६. प्रचार-प्रसार तथा प्रकाशन**

अहिलेको युग प्रचारको युग हो भन्ने भनाई छ । यो एकहदसम्म सही पनि हो । विज्ञान र प्रविधिको कारणले संचारका अनेकौं साधनहरु प्रयोगमा आइरहेका छन् । संचारका यी श्रोत र साधनहरुको प्रयोग गरीकन अघि बढ्न सकेमा मात्र कुनैपनि संस्थालाई स्थापित गर्न, संस्थाले गरेका कामहरुलाई प्रभावकारी बनाउन र संस्था र जनसमुदायको बीचमा सुमधुर सम्बन्ध स्थापित गर्न मद्दत पुग्दछ । तर चाहे जसरी हामीले ती साधनहरु प्रयोग गर्न सकेका भने छैनौं । तर पनि श्रोत, साधन र जनशक्तीले भ्याएसम्म उपयोग गर्दै प्रचारप्रसारमा जोड दिंदै आएका छौं । फाउण्डेशनले जवजका विविध आयामहरु, जननेता मदनका योगदान, राजनीतिक, आर्थिक तथा साँस्कृतिक अवस्था र संस्था र संस्था आवद्ध संयन्त्रहरुका गतिविधिहरु जनसमक्ष लैजाने उद्देश्यले हरेक वर्ष असार १४ गते आजको दिशावोध नामक मदन स्मारिका प्रकाशन गर्दै आएको छ । फाउडेशनले २०६७ सालमा संचालन गरेको युवाका आँखामा मदन भण्डारी विषयक निवन्ध प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने युवाका निवन्धहरुलाई पुस्ताकाकारमा निवन्धहरुको सँगालो प्रकाशित गरिएको छ । बिभिन्न कार्यक्रमहरु संचालन गर्ने सन्दर्भमा तुल, ब्यानर आदि राख्ने तथा हाते पर्चा, प्लेकार्ड, क्यालेन्डर,

मदनकुमार भण्डारी' विषयक विचार गोष्ठी, प्रतिनिधि सभा विघटन भएको अवस्थमा देशमा उत्पन्न संकटपूर्ण स्थितिको बारेमा २०५९।६।१८ गते 'संकटपूर्ण राष्ट्रिय राजनीति र प्रजातान्त्रिक निकास' विषयक अन्तर संवाद कार्यक्रम, २०५९।१२।२ गते 'शान्ति र अग्रगतिका लागि सार्थक वार्ता आजको आवश्यकता' विषयक विचार गोष्ठी, जननेता मदनकुमार भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा २०६०।३।१५ गते 'कमरेड मदनकुमार भण्डारी र प्रजातान्त्रिकरणको सवाल' विषयक कार्यशाला गोष्ठी, २०६०।७।२४ गते संविधान दिवसको उपलक्ष्यमा 'समस्या समाधानमा संविधानको प्रभावकारी र संवैधानिक विकल्पहरु' विषयक गोष्ठी, मानव अधिकार दिवसका अवसरमा २०६०।८।२३ गते 'वर्तमान परिस्थिति र मानव अधिकार' विषयक गोष्ठी, जननेता ५३ औं जन्मजयन्तीको अवसरमा २०६१।३।१४ गते 'राजनीतिक संगठनमा प्रजातान्त्रिककरण र सामाजिक परिवर्तनमा यसको भूमिका' विषयक गोष्ठी, जननेता मदनको ५४ औं जन्मजयन्तीको अवसरमा २०६२ आषाढ १५ गते संयुक्त जनआन्दोलनको सवालबारे विचार गोष्ठी, २०६२ साल कार्तिक २२ गते संविधान दिवसको सन्दर्भमा विचार गोष्ठी, २०६३ साल आषाढ १५ गते ५५ औं मदन जन्नजयन्तीका अवसरमा राष्ट्रिय सभा गृहमा विचार गोष्ठी, जननेता मदनको ५६ औं जन्मजयन्तीका अवसरमा विभिन्न कार्यक्रम र विचार गोष्ठी, २०६६ फागुन २२ गते बृहद विशेषज्ञसहीतको समूहद्वारा भक्तपुरमा स्वास्थ्य शिविर संचालन, २०६७ जेठ ८ गते भक्तपुरमा रक्तदान कायक्रम, २०६७ साल असार १४ गते ५९ औं मदन जयन्तीको अवसरमा जन आन्दोलन, संविधान निर्माण र मदन भण्डारी विषयक विचार गोष्ठी, २०६७ जेठ १३ गते तेश्रो गणतन्त्र दिवसको उपलक्ष्यमा शान्ति र संविधान निर्माणको कामना गर्दै माइतिघर मण्डलामा दीप प्रज्वलन कार्यक्रम, २०६७ मंसिर १७ देखि पौष १७ सम्म १ महिने ११ इभेन्टमा राष्ट्रिय र उपत्यका स्तरीय खेलकूद कार्यक्रम संचालन, २०६६ साल फागुन २४ देखि चैत्र १ गते सम्म पाँचथर जिल्लामा पूर्वाञ्चल स्तरीय महिला फुटवल प्रतियोगिता आयोजना गरियो जसमा दाजीलिङ्ग र सिक्किमको समेत सहभागिता, २०६६ साल फागुण ४ गते संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ्गको प्रमुख आतिथ्यता तथा मदन भण्डारी फाउण्डेशनका संरक्षक क. के.पी. शर्मा ओलीको विशेष आतिथ्यतामा साग खेलकुदका पदक विजेताहरूलाई सम्मानित गर्ने कार्यक्रम, २०६७ जेठ ५ गते स्पोर्टस् एकेडेमीका संरक्षक के.पी. ओलीको प्रमुख आतिथ्यता बुटवलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई सम्मान कार्यक्रम सम्पन्न, २०६७ जेठ ३ गते थानकोट किसिपिडीमा उपत्यकाव्यापी खुला आमन्त्रण बुदोकाइडो कराँते प्रतियोगिता, २०६७ जेठ २२ गते काभ्रेको बनेपामा विविध खेलसँग आवद्ध खेलाडी, प्रशिक्षकहरूसँग वर्तमान खेलकूदको अवस्था र चुनौतिबारे वृहत अन्तरक्रिया कार्यक्रम, २०६७ सालको भित्ते तथा पकेट क्यालेण्डर प्रकाशन, २०६७ वैशाख १ गते नव वर्षको उपलक्ष्यमा झापाको विर्तामोडमा शान्ति दौड प्रतियोगिता सम्पन्न भएका छन् । यसैगरी विभिन्न प्रकारका तालिमहरु पनि सम्पन्न गरिएको छ । जस्तैः कम्प्युटर, इलेक्ट्रोनिक्स सम्बन्धी तालीम र साबुन बनाउने तालिम सम्पन्न भएका छन् ।

**जननेता मदनले प्रतिपादन गर्नुभएको सिद्धान्तको कार्यान्वयन मूलतः राजनीतिक दलले मात्र गर्नसक्दछ । नेकपा (एमाले) ले जवजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गर्दै आमूल सामाजिक परिवर्तनको अभियानलाई अघि बढाइरहेकोले मदन भण्डारी फाउण्डेशन एमालेको अभियानलाई साथ तथा सहयोग गर्न प्रतिबद्ध छ । वास्तवमा यसो गर्नु नै मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्तप्रति न्याय गरेको पनि ठहर्नेछ । यसैगरी लोकतन्त्र, मानवअधिकार, सामाजिक न्याय, अग्रगतिको निम्ति प्रतिबद्ध हुँदै क्रियाशील हुने राजनीतिक दलहरुसँग यी विषयहरुमा सँगैसँगै अघि बढ्न फाउण्डेशन तत्पर हुनुपर्दछ ।**

**९. राजनीतिक दलसँगको सम्बन्ध**

जननेता मदनले प्रतिपादन गर्नुभएको सिद्धान्तको कार्यान्वयन मूलतः राजनीतिक दलले मात्र गर्नसक्दछ । नेकपा (एमाले) ले जवजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गर्दै आमूल सामाजिक परिवर्तनको अभियानलाई अघि बढाइरहेकोले मदन भण्डारी फाउण्डेशन एमालेको अभियानलाई साथ तथा सहयोग गर्न प्रतिबद्ध छ । वास्तवमा यसो गर्नु नै मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्तप्रति न्याय गरेको पनि ठहर्नेछ । यसैगरी लोकतन्त्र, मानवअधिकार,

मदनकुमार भण्डारी' विषयक विचार गोष्ठी, प्रतिनिधि सभा विघटन भएको अवस्थामा देशमा उत्पन्न संकटपूर्ण स्थितिको बारेमा २०५९।६।१८ गते 'संकटपूर्ण राष्ट्रिय राजनीति र प्रजातान्त्रिक निकास' विषयक अन्तर संवाद कार्यक्रम, २०५९।१२।२ गते 'शान्ति र अग्रगतिका लागि सार्थक वार्ता आजको आवश्यकता' विषयक विचार गोष्ठी, जननेता मदनकुमार भण्डारीको ५२ औं जन्मजयन्तीको अवसरमा २०६०।३।१५ गते 'कमरेड मदनकुमार भण्डारी र प्रजातान्त्रिकरणको सवाल' विषयक कार्यशाला गोष्ठी, २०६०।७।२४ गते संविधान दिवसको उपलक्ष्यमा 'समस्या समाधानमा संविधानको प्रभावकारी र संवैधानिक विकल्पहरु' विषयक गोष्ठी, मानव अधिकार दिवसका अवसरमा २०६०।८।२३ गते 'वर्तमान परिस्थिति र मानव अधिकार' विषयक गोष्ठी, जननेता ५३ औं जन्मजयन्तीको अवसरमा २०६१।३।१४ गते 'राजनीतिक संगठनमा प्रजातान्त्रिककरण र सामाजिक परिवर्तनमा यसको भूमिका' विषयक गोष्ठी, जननेता मदनको ५४ औं जन्मजयन्तीको अवसरमा २०६२ आषाढ १५ गते संयुक्त जनआन्दोलनको सवालबारे विचार गोष्ठी, २०६२ साल कार्तिक २२ गते संविधान दिवसको सन्दर्भमा विचार गोष्ठी, २०६३ साल आषाढ १५ गते ५५ औं मदन जन्मजयन्तीका अवसरमा राष्ट्रिय सभा गृहमा विचार गोष्ठी, जननेता मदनको ५६ औं जन्मजयन्तीका अवसरमा विभिन्न कार्यक्रम र विचार गोष्ठी, २०६६ फागुन २२ गते बृहद विशेषज्ञसहीतको समूहद्वारा भक्तपुरमा स्वास्थ्य शिविर संचालन, २०६७ जेठ ८ गते भक्तपुरमा रक्तदान कायक्रम, २०६७ साल असार १४ गते ५९ औं मदन जयन्तीको अवसरमा जन आन्दोलन, संविधान निर्माण र मदन भण्डारी विषयक विचार गोष्ठी, २०६७ जेठ १३ गते तेश्रो गणतन्त्र दिवसको उपलक्ष्यमा शान्ति र संविधान निर्माणको कामना गर्दै माइतिघर मण्डलामा दीप प्रज्वलन कार्यक्रम, २०६७ मंसिर १७ देखि पौष १७ सम्म १ महिने ११ इभेन्टमा राष्ट्रिय र उपत्यका स्तरीय खेलकूद कार्यक्रम संचालन, २०६६ साल फागुन २४ देखि चैत्र १ गते सम्म पाँचथर जिल्लामा पूर्वाञ्चल स्तरीय महिला फुटवल प्रतियोगिता आयोजना गरियो जसमा दाजीलिङ्ग र सिक्किमको समेत सहभागिता, २०६६ साल फागुण ४ गते संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ्गको प्रमुख आतिथ्यता तथा मदन भण्डारी फाउण्डेशनका संरक्षक क. के.पी. शर्मा ओलीको विशेष आतिथ्यतामा साग खेलकुदका पदक विजेताहरूलाई सम्मानित गर्ने कार्यक्रम, २०६७ जेठ ५ गते स्पोर्टस् एकेडेमीका संरक्षक के.पी. ओलीको प्रमुख आतिथ्यता बुटवलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई सम्मान कार्यक्रम सम्पन्न, २०६७ जेठ ३ गते थानकोट किसिपिडीमा उपत्यकाव्यापी खुला आमन्त्रण बुदोकाइडो कराँते प्रतियोगिता, २०६७ जेठ २२ गते काभ्रेको बनेपामा विविध खेलसँग आवद्ध खेलाडी, प्रशिक्षकहरूसँग वर्तमान खेलकूदको अवस्था र चुनौतिबारे वृहत अन्तरक्रिया कार्यक्रम, २०६७ सालको भित्ते तथा पकेट क्यालेण्डर प्रकाशन, २०६७ वैशाख १ गते नव वर्षको उपलक्ष्यमा झापाको विर्तामोडमा शान्ति दौड प्रतियोगिता सम्पन्न भएका छन् । यसैगरी विभिन्न प्रकारका तालिमहरु पनि सम्पन्न गरिएको छ । जस्तैः कम्प्युटर, इलेक्ट्रोनिक्स सम्बन्धी तालीम र साबुन बनाउने तालिम सम्पन्न भएका छन् ।

**जननेता मदनले प्रतिपादन गर्नुभएको सिद्धान्तको कार्यान्वयन मूलतः राजनीतिक दलले मात्र गर्नसक्दछ । नेकपा (एमाले) ले जवजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गर्दै आमूल सामाजिक परिवर्तनको अभियानलाई अघि बढाइरहेकोले मदन भण्डारी फाउण्डेशन एमालेको अभियानलाई साथ तथा सहयोग गर्न प्रतिबद्ध छ । वास्तवमा यसो गर्नु नै मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्तप्रति न्याय गरेको पनि ठहर्नेछ । यसैगरी लोकतन्त्र, मानवअधिकार, सामाजिक न्याय, अग्रगतिको निम्ति प्रतिबद्ध हुँदै क्रियाशील हुने राजनीतिक दलहरुसँग यी विषयहरुमा सँगैसँगै अघि बढ्न फाउण्डेशन तत्पर हुनुपर्दछ ।**

**९. राजनीतिक दलसँगको सम्बन्ध**

जननेता मदनले प्रतिपादन गर्नुभएको सिद्धान्तको कार्यान्वयन मूलतः राजनीतिक दलले मात्र गर्नसक्दछ । नेकपा (एमाले) ले जवजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गर्दै आमूल सामाजिक परिवर्तनको अभियानलाई अघि बढाइरहेकोले मदन भण्डारी फाउण्डेशन एमालेको अभियानलाई साथ तथा सहयोग गर्न प्रतिबद्ध छ । वास्तवमा यसो गर्नु नै मदन भण्डारी र उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्तप्रति न्याय गरेको पनि ठहर्नेछ । यसैगरी लोकतन्त्र, मानवअधिकार,

सामाजिक न्याय, अग्रगतिको निम्ति प्रतिबद्ध हुँदै क्रियाशील हुने राजनीतिक दलहरुसँग यी विषयहरुमा सँगैसँगै अघि बढ्न फाउण्डेशन तत्पर हुनुपर्दछ ।

**१०. विभिन्न संघसंस्थाहरु र सरकारसँगको सम्बन्ध**

फाउण्डेशन र यसले लिएका नीति र क्रियाकलापहरुप्रति नैतिक तथा भौतिक सहयोग तथा समर्थन गर्ने संघसंस्थाहरुप्रति हातेमालो गर्दै फाउण्डेशन अघि बढ्न तयार छ । यस प्रकारका संघ संस्थाहरु स्वदेशी तथा विदेशी दुवै किसिमका हुन सक्दछन् । यसैगरी देशभित्र र देशबाहिरका सरकारी निकायहरुसँग सहकार्य गर्न फाउण्डेशन तयार हुनुपर्दछ ।

**११. समिक्षा संक्षेप**

जननेताका नाउँमा स्थापित यो संस्थाले विगत एक दशक बढीमा आफूलाई स्थापित गर्न भरमग्दुर कोशिस गरेको छ । राजनैतिक, वैचारिक र रचनात्मक क्रियाकलापहरुलाई सँगै लैजानुपर्ने मान्यताकासाथ अघि बढेको यो फाउण्डेशनका गतिविधिहरुमा देशका सम्माननीय राष्ट्रप्रति, प्रधानमन्त्री, मन्त्रीहरु, माननीय सांसदहरु, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, नीजामती, जंगी, प्रहरीतर्फका उच्च ओहदाका व्यक्तित्वहरु, बुद्धिजीवी, प्राध्यापक, चिकित्सक, इन्जिनियर, समाजसेवी, साहित्यकार, सर्वसाधारण सबै तह र तप्काका व्यक्तिहरुले साथ तथा सहयोग प्रदान गर्दै आउनु भएको छ । यसप्रति फाउण्डेशन आभारी छ । हामीले सक्रियता जति बढाउनु पर्ने हो त्यति बढाउन सकेको भए सहयोग, समर्थन, साथलाई अझ बढी विस्तार र सुदृढ पार्न सक्नेथियौं भन्ने कुरामा हामी विश्वस्त छौं । फाउण्डेशन र आबद्ध संयन्त्रले एक्लै र अन्य संघ संस्थासँगको हातेमालोमा राष्ट्रिय स्तरका कार्यक्रमहरुसमेत सम्पादन गर्न सफलता हासिल गरेको छ । आज देशभित्र मात्र होइन देशबाहिर कतिपय मुलुकहरुमा समेत फाउण्डेशनका संयन्त्र र सम्पर्क सुत्रहरु गाँसिएका छन् । मुलुकका प्रायः सबै अंचल र बहुसंख्यक जिल्लामा फाउण्डेशन र यसका संयन्त्रहरुको उपस्थिति भएको छ भन्दा अतिशयोक्ति हुँदैन ।


> **मदन भण्डारी फाउण्डेशनको आवश्यकता र औचित्य अनन्तकालसम्म पनि छ भन्ने कुरामा दुईमत हुन सक्दैन । यस फाउण्डेशनले आम न्यायप्रेमी जनसमुदायहरुको माया र साथ सहयोग पनि पाइरहेकै छ । एक मानवतावादी सिद्धान्तकार जननेताको नाममा स्थापित यो संस्थालाई समृद्ध र सुदृढ पार्न नसक्दा जसको नाममा स्थापित हो उहाप्रति नै अनादर र अपमान हुने महसुस पनि फाउण्डेशन परिवारलाई भएको छ ।**

उपलब्धीका साथै हामीले चुनौतिहरुको पनि सामना गरेका छौ । फाउण्डेशन स्थापना भएका सबै जिल्लामा संस्थाले लिएका नीति तथा योजनामा आधारित कार्यक्रमहरु संचालन गर्न नसक्नु, सबै जिल्लामा फाउण्डेशनलाई स्थापित गर्न नसक्नु, फाउण्डेशन स्थापना भएका स्थानमा कार्यालयलाई व्यवस्थित गर्न नसक्नु, आर्थिकरुपले फाउण्डेशनलााई मजबूत पार्न न–सक्नु जस्ता चुनौतिहरु फाउण्डेशनका हुन् । मदनले सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक आदि विषयमा लेख्नुभएका र बोल्नुभएका कुराहरु प्रकाशन हुनुपर्ने माग चौतर्फी छ तर पनि हामीले त्यसलाई कार्यरुपमा उतार्न सकिरहेका छैनौं । यसैगरी मदनद्वारा प्रतिपादित सिद्धान्त जवजको सान्दर्भिकता दिनप्रतिदिन पुष्टि हुँदैछ र यसउपरका विविधखाले आक्रमण पनि तीब्र बन्दैछन् । यस्तो बेलामा जवजलाई रक्षा र समृद्धिको निम्ति हामीले गहिरोसँग सोचिकन ठोस योजना बनाउनुपर्नेमा त्यसो गर्न नसकिरहेको महशुस भएको छ ।

**१२. निष्कर्ष**

मदन भण्डारी फाउण्डेशनको आवश्यकता र औचित्य अनन्तकालसम्म पनि छ भन्ने कुरामा दुईमत हुन सक्दैन । यस फाउण्डेशनले आम न्यायप्रेमी जनसमुदायहरुको माया र साथ सहयोग पनि पाइरहेकै छ । एक मानवतावादी सिद्धान्तकार जननेताको नाममा स्थापित यो संस्थालाई समृद्ध र सुदृढ पार्न नसक्दा जसको नाममा स्थापित हो उहाँप्रति नै अनादर र अपमान हुने महशुस पनि फाउण्डेशन परिवारलाई भएको छ । यसलाई माया ममता जनाउनेहरुबाट पनि यसबारेमा घच्घच्याउने काम बारबार भैरहेको छ । यसपक्षलाई समेत हामीले मध्यनजर राखेका छौं । देशभर जवजका ब्याख्याताहरु निर्माण गरीकन मदन भण्डारीको विचारलाई यथासक्य चाँडो सफलिभूत पार्न सक्दो कोशिस गर्नुछ भन्नेमा फाउण्डेशन प्रतिबद्ध छ । त्यसैले सबै मिलौं र मदन भण्डारी फाउण्डेशनलाई सुदृढ सामाजिक संस्थाको रुपमा स्थापित गरौं । मदनका योगदानहरुलाई सम्मान गरौं र आमूल सामाजिक परिवर्तनको महाअभियानमा अझ सशक्त रुपमा जुटौं । अनिमात्र स्वाधिन र सवल राष्ट्र निर्माण गर्ने हाम्रो उद्देश्य पुरा हुनेछ ।

*(लेखक मदन भण्डारी फाउन्डेशनका अध्यक्ष र नेकपा (एमाले)का उपाध्यक्ष हुनुहुन्छ ।)*



# 'सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त हुनुपर्छ'

*(प्रस्तुत आलेख जननेता कमरेड मदन भण्डारीको जीवनको अन्तिम सम्बोधनको अविकल शब्दाङ्कन हो, जुन सम्बोधन उहाँले नेकपा (एमाले) कास्कीको जिल्ला अधिवेशनको बन्दसत्रमा गर्नुभएको थियो। यो सम्बोधन सकेर चितवन महिला भेलामा प्रमुख अतिथिका रूपमा सहभागी हुन आउँदा ढासढुङ्गामा उहाँका सहयोद्धा कमरेड जीवराज आश्रितसँगै रहस्यमय ढङ्गले हत्या भयो। रहस्यको त्यो पर्दा १९ वर्षपछि पनि अझै उघ्रेको छैन। यो आलेख हामीले 'नयाँ कदम' पत्रिकाबाट साभार गरेका हौं- सम्पादक मण्डल)*

**दिमागलाई मुक्त गरौं**

म केही राजनीतिक सवालहरूमा, केही निश्चित विषयहरूमा यहाँहरूसमक्ष दुई-चार कुरा राख्नेछु। पहिलो कुरा के हो भने हामीले एउटा परम्परागत ढङ्गको या परम्परावादी किसिमको कुनै पनि विषयप्रतिको बुझाइबाट दिमागलाई मुक्त गर्नुपर्छ भन्ने म एउटा आह्वान या एउटा आफ्नो राय तपाईंहरूसमक्ष राख्न चाहन्छु। यदि दिमागलाई मुक्त नगर्ने हो भने र कुनै पुराना आग्रहहरू, चाहे त्यो सफल भइसकेको कुनै मुलुकका क्रान्तिकारी अनुभवका आग्रह नै किन नहोऊन्, या कुनै शास्त्रीय रचनामा उल्लेख गरेका, शास्त्रीय तर्कहरू वा शास्त्रीय अनुभवहरूकै आग्रहहरू नै किन नहोऊन्, तिनीहरूमाथि यदि तिनीहरूमा जबर्जस्त चिप्किएर या तिनमा टाँसिएर बस्ने हो भने भने निश्चित हो, हामी नयाँ कुराहरूलाई या आफूलाई जरुरत पर्ने कुराहरूलाई ठीक ढङ्गले लिन र ग्रहण गर्न सक्तैनौं।

त्यसो हुँदाखेरी वास्तवमा मार्क्सवाद-लेनिनवाद भनेको के हो ? मार्क्सवाद लेनिनवादको परिचय दिनका निम्ति यो एउटा सार्वभौमिक र एउटा शाश्वत सिद्धान्त भएको हुनाले यसका अनेक कोणमा अनेकौं परिचय हुनसक्छन्। तर, मैले ठानेको जरुरतको मुख्य कुरा के हो भने मार्क्सवाद-लेनिनवाद भनेको उत्पादक शक्ति श्रमजीवी जनताको

मुक्तिको सिद्धान्त हो र स्वाभाविक रूपले त्यसमा आधारित भएर मानव जाति, राष्ट्रहरूको उन्नति र समृद्धिको सिद्धान्त हो। मार्क्सवादको वर्गीय पक्षधरता छ र मार्क्सवादको व्यावहारिकता छ। मार्क्सवाद-लेनिनवादको छोड्न नहुने, त्यसको आधारभूत (Basic) पक्ष भनेको उत्पादक शक्ति, श्रमजीवी जनताको मुक्तिका निम्ति त्यसले मार्गदर्शन गरोस् र त्यो मार्गदर्शनबाट हामी आफ्नो ठाउँको उत्पादक शक्तिलाई, आफ्नो ठाउँका श्रमजीवी, मिहेनती जनतालाई र ती मिहेनती जनतालाई मुक्त गरेर तिनको समृद्धि वा कल्याण, उन्नति र प्रगतिको ग्यारेन्टी गर्दै मानवजातिको, नेपालका जनताको र नेपाल राष्ट्रको उन्नति, समृद्धिको ग्यारेन्टी गर्न सकियोस्। यसो गर्न सकेको खण्डमा मात्रै मार्क्सवादले हामीलाई बाटो देखाउन सक्छ र मार्क्सवाद साँचो अर्थमा एउटा मार्गदर्शक बन्नसक्छ र लोकप्रिय हुनसक्छ।



मैले यो पनि सम्झेर भन्न खोजेको हुँ कि सिद्धान्तका निम्ति जीवन कि जीवनका निम्ति सिद्धान्त ? कहिलेकाहीं मार्क्सवादप्रतिको घनघोर प्रेम, आग्रह र त्यसका वैज्ञानिक सच्चाइहरूप्रतिको हाम्रो पूर्ण समर्पणले गर्दा सिद्धान्तप्रति, सिद्धान्तका निम्ति जीवन भन्नेजस्ता सोंच र तर्कहरू पनि आउन सक्छन्। तर, यो गलत कुरा हो। सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त हुनुपर्छ। र, हामी यो बुझ्छौं कि जीवन गतिशील छ। नयाँ-नयाँ समस्याहरू पैदा भइरहेका छन्, नयाँनयाँ ढङ्गका कुराहरू भइरहेका छन् र हिजो असफल भएको, हिजो ठक्कर खाएको ठाउँमा मान्छे जोगिएर चल्न चाहन्छ। अर्थात् आजसम्मको मानवजातिको सङ्घर्षका क्रममा, वर्गसङ्घर्षको क्रममा, दुई विपरीत वर्गहरूले जुनढङ्गले आपसमा टकराहट गर्दै गएका छन् र त्यसभित्र क्षणिक होस् वा सदासदाका निम्ति होस्, क्षणिक रूपमा पनि विजय-पराजयहरू भएका छन् र केही निश्चित वर्गहरू सदासदाका निम्ति या केही निश्चित प्रवृत्तिहरू सदासदाका निम्ति उनीहरू बिलोप पनि भएका छन्। अर्थात् पुरानो समाजमा चाहे त्यो आदिम या दास या अन्यअन्य भन्ने हो, त्यस्ता केही पुराना चिजहरू विलोप पनि भएका छन्। त्यसबाट शिक्षा लिइएको छ र जुन वर्गहरूको बीचमा, पुँजीपति वर्ग र सर्वहारा वर्गको बीचको लडाईं, जो टुंगिएको छैन, यो लडाईंमा पुँजीपति वर्गले कति मोर्चाहरूमा हार्‍यो र सर्वहारा वर्गले केही मोर्चाहरूमा जित्यो। तर, सर्वहारा वर्गले पनि केही मोर्चाहरूमा हारेको छ र पुँजीपति वर्गले जितेको छ अर्थात् यो युग पुँजीपति वर्ग र सर्वहारा वर्गको बीचको लडाईं, पुँजीवाद, साम्राज्यवाद र समाजवादबीचको लडाईंका रूपमा जुन चलिरहेको छ, ती अनुभवहरूबाट उनीहरूले पनि सिकेका छन्। त्यसो हुनाले हिजो ठक्कर खाएका ठाउँहरूबाट शिक्षा लिंदै जोगिएर नयाँ ढङ्गले चल्ने पुँजीपति वर्गले पनि कोसिस गर्छ, पुँजीवादपन्थीहरूले पनि कोसिस गर्छन्। मेरो तात्पर्य यो थियो कि जीवन अघि बढिरहन्छ। ती चीजहरूबाट अनुभव लिंदै, शिक्षा लिंदै हिजोकै जस्तो गरी, हिजो जुन ठाउँमा ठक्कर खाइयो, जुन ठाउँमा आफूले हार भोग्नुपर्‍यो, ती चीजहरूलाई फेरि हुबहू नक्कल गरेर उस्तै ढङ्गले शत्रुहरू आउँदैनन्, नयाँ ढङ्गले आउँछन्। त्यसो हुनाले मेरो मतलब थियो- जीवन गतिशील हुन्छ र जीवन गतिशील हुनेबित्तिकै स्वाभाविकरूपले सिद्धान्तले पनि गतिशील हुनुपर्छ। त्यसो हुनाले सिद्धान्तले जीवनलाई पछ्याउनुपर्छ र जीवनलाई बाटो पनि देखाउनुपर्छ।

मैले मार्क्सवाद-लेनिनवाद भनेको के हो भन्ने विषय उठाउँदै सिद्धान्तले जीवनको सेवा गर्नुपर्छ र जीवनलाई मार्गदर्शन गर्नुपर्छ भन्ने कुरा राख्न चाहेको हुँ र यो कुरालाई आत्मसात् गर्न र यसलाई धेरै समृद्ध बनाउन र आफ्नो ठाउँका निम्ति मार्गदर्शक बनाउनका निम्ति मेरो विचारमा दिमागलाई मुक्त बनाउन सक्नैपर्छ। कुनै आग्रहहरूबाट मुक्त गरेर मात्रै हामी चिजलाई यथार्थ ढङ्गले नाङ्गो आँखाले, त्यो जस्तो छ, त्यस्तै हेर्नसक्छौं।

**रुसी या चिनियाँ प्रयोग मात्रै मार्क्सवाद होइन**

त्यसो हुनाले यो, अहिले हाम्रो सन्दर्भमा नेकपा (एमाले)को सन्दर्भमा, नेपालको कम्युनिस्ट आन्दोलनको

सन्दर्भमा, निश्चय पनि यस्ता भ्रान्तिहरू, यस्ता भ्रमहरू फिजाइँदै छन् कि नेकपा (एमाले)ले अब मार्क्सवाद-लेनिनवाद छाड्यो, नेकपा (एमाले) क्रान्तिकारी रहेन, यस ढङ्गले फैलाइएका हजार झूठहरू सुन्दासुन्दा हाम्रा कार्यकर्ताहरू, हाम्रा धेरै सहयोगी/शुभेच्छुकहरू र समर्थकहरूलाई यो लागेको हुनसक्छ कि अहो वास्तवमा हामीले अलिकति क्रान्तिको बाटो त छाड्यौं कि क्यारे ! त्यस्तो कुरा प्रतिनिधिहरूमध्ये कति कमरेडहरूलाई नै पनि लागेको हुनसक्छ । मनमा रहेका अन्योलहरू मनभित्रै गुम्साइरहँदा त्यसले रोग दबाएजस्तो हुन्छ र फाइदा गर्दैन । त्यसबारेमा हामीले आमनेसामनेमा राखेर छलफल गर्नुपर्छ । यहाँहरूले अथवा यहाँहरूसँग छलफल गर्ने कुनै त्यस्तो अवसर यसपटक मिल्नसक्ने लक्षण छैन । तर, पनि म अनुमान गर्छु धेरै ठाउँमा देखिएको आधारमा कि यहाँहरूभित्र पनि कसैकसैलाई यो पार्टीले अलिकति, वास्तवमा क्रान्ति त छोडेको हो कि, मार्क्सवाद-लेनिनवाद त छोडेको हो कि क्या हो भन्ने किसिमको भ्रम र अन्योल हुनसक्छ । त्यस किसिमको स्थिति होला भन्ने आधारमा मैले यो प्रसङ्ग उक्काएको हुँ कि हाम्रो देशको विशिष्टता के हो ? र, हामी अहिले आफ्नो ठाउँमा, हामी आफ्ना लक्ष्यहरूलाई अर्थात् क्रान्ति सम्पन्न गर्ने, समाजमा आमूल परिवर्तन गर्ने लक्ष्यहरूलाई हासिल गर्नका निम्ति हामी कसरी सक्छौं ? अहिले मार्क्सवादजस्तो मैले केही आधारभूत (Basic) कुराहरू अहिले उल्लेख गरौं कि मार्क्सवाद भनेको उत्पादक शक्ति, श्रमजीवी जनताको मुक्तिको सिद्धान्त र त्यसमा आधारित भएर जनताको उन्नति, समृद्धि, कल्याण गर्ने, राष्ट्रको उन्नति समृद्धि गर्ने सिद्धान्त हो र हुनुपर्छ भन्ने कुरा मैले उल्लेख गरें । यो एउटा आधारभूत कुरा भएको हुनाले यसमा त्यस्तो धेरै विवाद नहोला । तर, पनि विवाद छ भने के कुरामा विवाद हुनसक्छ, केमा त्यस्तो किसिमको चाहिँ एउटा भ्रम वा अन्योल हुनसक्छ ?

रणनीति वा कार्यनीतिका सवालमा त्यो कुरा हुनसक्छ । रुसमा जुनढङ्गले लेनिनले जस्तो रणनीतिको सिफारिस गर्नुभयो, उहाँले जुनढङ्गले रणनीति बनाउनुभयो वा माओ त्सेतुङले चीनमा र चीनको कम्युनिस्ट पार्टीले चीनमा जस्तो ढङ्गले गऱ्यो, हामी अहिले नेपालमा त्यस्तो गरिरहेका छैनौं । यसकारणले हामी मार्क्सवाद-लेनिनवादबाट अलग भयौं, यसकारणले हाम्रो पार्टीले गल्ती गरिरहेको छ भन्ने यो कोणबाट लाग्नसक्छ । मैले त्यस्तो लामो दार्शनिक चर्चा गर्नु बाञ्छनीय छैन । तर, मान्छे भनेको चिनियाँजस्तो मात्रै हुन्छ भन्ने त्यस्तो हुँदैन, मान्छे भनेको रसियनजस्तो मात्रै हुन्छ भन्ने पनि छैन । अर्थात्, मान्छेका केही सार्वभौमिक लक्षणहरू, जो हरेक मान्छेमा हुन्छन् र यहाँसम्म कि त्यत्रा राष्ट्रहरूकै बीचमा वा नश्लबीचमा हुने अन्तर होइन, त्यो एउटै राष्ट्र र अझ एउटै बाबुआमाका छोराछोरीहरूमा पनि स्वाभाविकरूपले एउटा व्यक्ति र अर्को व्यक्तिका बीचमा चिन्न सकिने भेद र भिन्नताहरू हुन्छन्, विशिष्टताहरू हुन्छन् । जेठो खास किसिमको छ वा जेठी खास किसिमकी छे या माइलो खास किसिमको छ भन्नाले प्रत्येक सन्तानहरूमा एउटा खास किसिमको विशिष्टता छ, जसले गर्दा यो फलानै हो भनेर चिनिन्छ । त्यसो हुनाले मैले विशिष्टताको कुरा भन्न खोजेको हुँ ।

> **हरेक विशिष्टताभित्र सार्वभौमिक पक्षहरू पनि हुन्छन्, जो शाश्वत गुणहरू हुन् । तर, ती शाश्वत गुणहरूका बाबजुद त्यो विशिष्ट ढङ्गले अभिव्यक्त हुन्छ र यहाँसम्म कि सार्वभौमिक कुरा पनि विशिष्ठमै बास गरेको हुन्छ । त्यो कुनै हावामा झुण्डिएको र निराकार चिज हुँदैन- यदि सार्वभौमिक सत्य हो भने ।**

हरेक विशिष्टताभित्र सार्वभौमिक पक्षहरू पनि हुन्छन्, जो शाश्वत गुणहरू हुन् । तर, ती शाश्वत गुणहरूका बाबजुद त्यो विशिष्ट ढङ्गले अभिव्यक्त हुन्छ र यहाँसम्म कि सार्वभौमिक कुरा पनि विशिष्ठमै बास गरेको हुन्छ । त्यो कुनै हावामा झुण्डिएको र निराकार चिज हुँदैन- यदि सार्वभौमिक सत्य हो भने । त्यसो हुनाले मैले यो भन्न खोजेको थिएँ कि मार्क्सवाद भनेको चिनियाँ प्रयोग मात्रै मार्क्सवाद अथवा रसियन प्रयोग मात्रै मार्क्सवाद भनेर मार्क्सवादको त्यस्तो परिभाषा गर्न सकिदैन, जसमा मार्क्सवाद कैद होस् । अनि मैले दिमागलाई मुक्त गर्नुपर्छ भन्दाखेरी चिनियाँ प्रयोगजस्तो भयो, त्यहीमात्रै मार्क्सवाद, रुसमा जस्तो प्रयोग भयो, त्यही मात्रै मार्क्सवाद भन्ने हो भने एकातिर मार्क्सवादलाई साँघुरो बनाउन पुगिन्छ र हाम्रो दिमाग पनि मुक्त हुन सक्दैन । र, नेपालको सन्दर्भमा हामीले मार्क्सवादलाई कसरी प्रयोग गर्ने हो भन्नेबारेमा हामी कुनै ऊर्जा थप्न सक्तैनौं, नयाँ ढङ्गले काम गर्न सक्तैनौं । र, यो नारा निरर्थक सावित हुन्छ- 'जडसूत्रवाद र बिसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं !' यो कुरा केवल देखाउने एउटा दाँतजस्तो, मतलब हात्तीको दाँतजस्तो हुन्छ ।

त्यसो हुनाले मैले यो कार्यनीतिहरूका सन्दर्भमा या रणनीतिका सन्दर्भमा सङ्घर्षका रूप र तरीकाहरूको सन्दर्भमा हाम्रो आफ्नो स्थिति, हाम्रो आफ्नो आधार, हाम्रा आफ्ना अनुभवहरू र यहाँको वर्गसङ्घर्षको अवस्था,

वर्गहरूका बीचको अन्तरसम्बन्ध, राजनीतिक शक्तिहरूका बीचको अन्तरम्बन्ध र विरोधको अवस्था के छ, त्यो कसरी अभिव्यक्त भइरहेको छ र कसो गर्दा त्यसलाई खास अगाडि बढाउन सकिन्छ र कसो गर्दाखेरि वास्तवमा त्यसमा गतिरोध आउँछ, त्यो चीजलाई ठीक ढङ्गले विश्लेषण गरेर नै हामीले आफ्ना कार्यनीतिहरू, कार्यविधिहरू तय गर्नुपर्छ। त्यसो गर्दा मात्रै हामी आफ्नो आन्दोलनलाई अघि बढाउनसक्छौं।

**मुक्तिको महाकाव्यका रचयिता जनता हुन्**

म एउटै कुरा भन्न चाहन्छु- सङ्घर्षका रूप र तरिकाहरूको सन्दर्भमा र हाम्रा सोचहरूको सम्बन्धमा पनि। कहिलेकाहीं मनमा यस्तो एउटा भ्रान्ति पलाइरहेको हुन्छ, या भ्रान्ति बसिरहेको हुन्छ कि म जनतालाई मुक्ति दिलाउने काममा लागेको छु। हामी जनतालाई मुक्ति दिलाइदिन्छौं, हाम्रो पार्टी जनताको मुक्तिदाता हो। मलाई लाग्छ- यो अतिरञ्जना हो। हामी मुक्तिदाता होइनौं। हामी बन्धनकर्ता पनि होइनौं र मुक्तिदाता पनि होइनौं। बन्धनकर्ता अरुहरू छन्, जो जनताका शत्रु हुन् र मुक्तिदाता या मुक्तिकर्ता भनेका स्वयम् जनता हुन्। यसबारेमा पनि धेरै ठाउँको सङ्घर्षका अनुभवको सन्दर्भमा चर्चा परिचर्चा भइसकेको छ। तर, कहिलेकाहीं कार्यकर्ताहरूलाई, कहिलेकाहीं नेताहरूलाई वा सदस्यहरूलाई, क्रान्तिको पक्षमा उभिएर नेतृत्वको भूमिका पूरा गरिरहेकाहरूका मनमनमा यो भ्रान्ति पलाउन सक्छ, घमण्ड बढिरहेको हुनसक्छ कि म मुक्ति दिने काम गरिरहेको छु, म मुक्तिदाता हुँ। यो भ्रान्तिबाट मुक्त हुनैपर्छ कि हामी मुक्तिदाता होइनौं। मुक्ति प्राप्तकर्ता, सङ्घर्ष गरेर मुक्ति हासिल गर्ने स्वयम् जनता हुन्। अर्थात् इतिहासका निर्माता जनता हुन्- यो बृहत, प्रचलित र बहुत पुरानो उक्ति हो। इतिहासको निर्माण स्वयम् जनताले आफैं गर्छन् भन्ने कुरा हो। त यो क्रान्तिको इतिहासको निर्माण, मुक्तिको इतिहासको निर्माण पनि जनताले आफैं गर्ने हुन्। तर, त्यसभित्र, त्यो मुक्तिको महाकाव्य या मुक्तिको एउटा ठूलो महत्वपूर्ण कुराको निर्माण गर्ने जनताहरूलाई त्यो मुक्तिको काममा उतार्ने, प्रेरणा प्रदान गर्ने, उनीहरूलाई प्रशिक्षित गर्ने, उनीहरूलाई सङ्गठित गर्ने, उनीहरू सँगसँगै लागेर त्यसलाई नेतृत्व प्रदान गर्ने, त्यसभित्र अगुवाको भूमिका खेल्ने- त्यो काम राजनीतिक पार्टीको हो।



**ब्यालेट कि बुलेट ?**

मैले यहाँनेर यो कुरा जोड दिएर भन्न खोजेको हुँ कि हाम्रा यस्ता आग्रहहरू छन्- यो चुनाव नलडेको भएदेखि त, यसढङ्गले खुला भएर काम नगरेको भएदेखि त, यस किसिमको एउटा देखिने किसिमको कुरा नगरेको भएदेखि त क्रान्ति अलि दन्दनाएर हुन्थ्यो कि! चिङकाङशानको जस्तो बाटो हिँडेको भए क्रान्ति दन्दनाएर हुन्थ्यो कि! अथवा रुसको क्रान्तिमा भएको शहरी विद्रोहजस्तो कुनै विद्रोहहरू सङ्गठित गर्नसकेको भए त्यसले चाहिँ हुन्थ्यो कि ? यो संसदीय बाटो, यो पतनको बाटो, यो संशोधनवादको बाटो, यो दक्षिणपन्थ भनेर दुर्गन्धित भइरहेको बाटोमा हाम्रो पार्टी लागेको हुनाले यसले कुनै मुक्तिका निम्ति नेतृत्व र मार्गदर्शन गर्नसक्लाजस्तो छैन भनेर पनि मान्छेहरूको मन अलिकति भरङ्ग भएको छ। हैन कमरेडहरू! अर्को कुनै बाटो छ, जो यसबेला हिँड्न सकिन्छ ? त्यो बाटो वा त्यो नीति वा त्यो तरिका पार्टीले अपनाउनुपर्छ, जुन नीति र तरिका अपनाउँदा खेरी आफ्नो ठाउँमा बसिरहेका मान्छेहरू, पेसा व्यवसायमा लागिरहेका मान्छेहरू, घरभित्र भइरहेका मान्छेहरू आफ्नो मुक्तिका निम्ति, आफ्नो लक्ष्य हासिल गर्नका निम्ति आँगनमा निस्कियून्, सडकमा निस्कियून्। जनता सडकमा ननिस्किउञ्ज्यालसम्म कुनै त्यस्तो महापुरुष, कुनै त्यस्तो दाता या दानी छैन, जसले जनतालाई मुक्तिको दान देओस्। त्यो त जनताले आफै लिने कुरा हो र आजसम्म यो जाहेरै छ- सुतेर दुनियाँमा कोही मुक्त भएको छैन। त्यो उठेर मात्रै प्राप्त हुनसक्छ। उठाउनु हुन्छ कसरी ? त्यसरी उठाउनुपर्छ- जसरी तपाईंको कार्यक्षेत्रका जनता उठ्नेछन्। र, जब बन्दुकको र ब्यालेटको प्रश्न आउँछ,

तपाईंले त्यसबेला बुलेट बोक्नुपर्छ, जुनबेला बुलेट नबोकीकन तपाईं जनतालाई उठाउनै सक्नुहुन्न । त्यसबेला तपाईंले बुलेट बोक्नुपर्छ, जुनबेला बुलेट नबोकीकन मान्छे बाहिरै निस्कँदैनन् । अनि जब तपाईंले बुलेट बोक्नुभयो, जब तपाईंले बन्दुक बोक्नुभयो, बन्दुक बोक्दाखेरी मात्रै मान्छे बाहिर निस्किनसक्ने स्थिति हुन्छ भने त्यसबेला तपाईंले त्यही कुरा गर्नुपर्छ । तर, तपाईंले आफ्नो रहरले वा चिङकाङशानको कुरा देखेर वा अर्को कुनै ठाउँको कुरा देखेर या नक्सलवाडीको कुरा देखेर या अर्को कुनै कुरा देखेर, अन्त कतैको सिको गरेर त्यस आधारमा निर्णायक रूपमा त यही पो गर्नुपर्ने रहेछ भनेर तपाईंले त्यो गर्नु भयो । तर, तपाईंको वरिपरि भएका जनता भने त्यसलाई बुझ्न नसकेर वा त्यस ठाउँमा पुग्न नसकेर उनीहरू फर्केर गए भने त्यसले कुनै क्रान्ति गर्दैन, त्यसले कुनै मुक्ति हासिल गर्दैन र त्यसले कुनै मुक्तिसङ्ग्रामलाई अगाडि लैजाँदैन ।



त्यसो हुनाले सङ्घर्षका रूप र तरिकाहरूमा, चाहे त्यो अत्यन्त प्रारम्भिक समस्या हल गर्नका निम्ति गरिएको न्यूनतम् प्रयत्न नै किन नहोस् वा ठूलो महाअभियान सञ्चालन गर्नका निम्ति अगाडि बढाइएको कुरा नै किन नहोस्, त्यसभित्र हाम्रो यो कार्यनीति वा यो तरिका ठीक हो कि होइन भनेर जाँच्ने कुराको सायद यो नै त्यसको ज्यादा महत्वपूर्ण आधार हुनुपर्छ । र, अहिले जसरी हामीले कुनै विकल्प छ ? यसको अहिले कुनै विकल्प छैन । जब कुनै विकल्प छैन भने यो कुराप्रति यस्तो केन्द्रित भएर लाग्नुपर्छ कि यसबाट जति लाभ लिन सकिने हो, पूरै डुबुल्की मारेर लाभ लिन सकियोस् । अर्थात् बेमनले कुनै कामहरू गर्ने हो भने त्यो काम नगर्नु बराबर हो । त्यतिमात्र होइन, काममा हानी हुन्छ । मेरो साम्नेमा गिलास छ । यो सिसाको गिलास उठाउनका निम्ति म बन्दुक उठाउने र ठूलठूला चाहिँ भारीहरू बोकेर हिँड्ने, त्यत्रो क्रान्तिकारी अदम्य साहस भएको, त्यस्तो एउटा चाहिँ मनस्थिति भएको मान्छेले यस्तो गिलास उठाउने कुरा मेरा निम्ति कुनै ठूलो कुरा होइन । तर जब अहिले मेरो जिम्मा यो गिलास उठाउने कुरा छ, मैले यो बहुत हल्का चिज हो भनेर हल्का ढङ्गले समाउने हो भने गिलास मेरो हातबाट छुट्छ र त्यो फुटेर चकनाचुर हुन्छ । अर्थात्, मेरो अयोग्यता जाहेर हुन्छ । अहिले गरिने न्यूनतम खालका कामहरूका निम्ति, जो पार्टीले आफ्ना कार्यनीतिमा सिफारिश गरेको छ, ती चिजहरू बहुत हलुकैसँग, बहुत हल्कै ढङ्गले गर्न सकिने कामका रूपमा हामी सबै ठान्छौं । तर, त्यसलाई नै हामीले ठीक ढङ्गले सम्पन्न गर्दैनौं भने यो वाहियात कुरा हो कि तपाईंले भोलि गम्भीर कामचाहिँ गर्न सक्नुहुनेछ । भोलिका ती जटील कामहरूलाई तपाईंले ठीक ढङ्गले गर्न सक्नुहुनेछ भनी ठान्नु नै वाहियात कुरा हो । त्यसो हुनाले मैले अहिले पार्टीको राष्ट्रिय महाधिवेशनले कार्यनीतिसम्बन्धी जे कुराहरू तय गरेको छ, त्यसको अहिले कुनै विकल्प छैन । अनि त्यसमा जति दत्तचित्त भएर लाग्नुपर्ने हो, दत्तचित्त भएर लागी विश्वास आर्जित गर्ने र त्यस्तो विश्वास सङ्गठित गर्नुपर्ने काम गरिनु जरुरी छ र त्यसढङ्गले लाग्न जरुरी छ भन्ने कुरा मैले कमरेडहरू समक्ष यो छलफल चलिरहेको बेला राख्न खोजेको हुँ ।

**सङ्गठनसम्बन्धी हाम्रा केही नयाँ सोंचहरू**

१९०३ मा लेनिनले मेन्सेभिकहरूसँग, मार्तोभहरूसँग छलफल गरिरहेका बेला पार्टी सदस्यले कुनै न कुनै पार्टी कमिटीमा सङ्गठित हुनैपर्छ भन्ने ढङ्गले उहाँले उल्लेख गर्नुभएको थियो । हामीले हिजोसम्म त्यही किसिमको अवधारणा, त्यही किसिमको सोचलाई कार्यान्वयन गर्दै आएका थियौं र केहीकेही कठिनाइहरू थिए । तर यसपटक हामीले के गऱ्यौं भने पार्टी कमिटीमा या पार्टी कमिटीले खटाएको त्यस्तो सङ्गठनमा कुनै न कुनै सङ्गठित सदस्यले कुनै न कुनै सङ्गठनमा सङ्गठित हुनैपर्छ । यसको तात्पर्य यो थियो कि जसलाई जन सङ्गठनहरूको जिम्मा दिइन्छ, उसले त्यहीं केन्द्रित भएर काम गर्नुपर्छ र उसको मूल्याङ्कन त्यहींबाट हुन्छ । उसले राम्ररी काम गऱ्यो अथवा नराम्रो काम गऱ्यो, त्यो चीजको मूल्याङ्कन त्यहींबाट हुन्छ र अब अहिले यस आधारमा पनि, जस्तो यो रिपोर्टमा उल्लेख गरिएको छ, एकजना मान्छे मात्रै पठाएर हुँदैन । कतिजना पठाउनुपर्छ ? त्यो त्यहींको कमिटीले मूल्याङ्कन गर्ने कुरा हो । कुन सङ्गठनको कति काम फैलिएको छ, कुन सङ्घको कति काम फैलिएको छ, कति

कमिटीहरू छन्, त्यसका समस्याहरू कस्ता छन्, आन्दोलन के छ, त्यो स्थितिको मूल्याङ्कन गरेर कतिजना पठाउनुपर्ने हो अथवा त्यहाँभित्र कसरी काम गर्नुपर्ने हो, त्यहाँभित्र एक होइन एकभन्दा बढी साथीहरूलाई पठाइए पनि पार्टी कमिटीको दायित्वचाहिँ के हो ? उसले कसरी त्यो संयोजकको भूमिका खेल्नसक्छ ? किसान समुदायहरू सङ्घर्षमा उत्रिए, मजदूरहरूले पत्तै पाएका छैनन् कि ? विद्यार्थीले त्यसमा चासो राख्नुपर्ने ठाँवै छैन कि ? वा अन्य जनसङ्गठनहरूको त्यसप्रति योगदान कसरी गर्ने हो भन्ने बारेमा कुनै विश्वासै छैन कि ? अर्थात् संयोजनको भूमिका, तिनीहरूको ठीक ढङ्गले ओरेन्टेसनमा लाग्ने, ठेल्ने, त्यस्तो ठेलावको भूमिका खेल्ने र सङ्घर्षमा उतार्ने जुन पार्टीको दायित्व हो, त्यो कसरी पूरा गर्ने ? यो चीजमा छलफल हुनुपर्छ र आफ्नो ठाउँको ठोस स्थितिमा त्यो तय हुनुपर्छ ।



मैले त यो मात्रै यहाँ भनेको थिएँ कि पार्टीको गत महाधिवेशनले पार्टी सदस्यलाई पार्टी कमिटीमा र पार्टीले खटाएको अर्को कुनै ठाउँमा उसले सङ्गठित भएर काम गर्नसक्छ भन्ने कुरा गरेको छ । र, यो अलिकति हामीले आफ्नो ठाउँअनुरूप गरेको एउटा भिन्नताको कुरा हो । हाम्रा पार्टी सदस्यहरू जहाँ जेसुकै गरे पनि उनीहरूको कुनै खोजखबर लिइरहनु पर्दैन, उनीहरू म पार्टीको पक्षमा छु भनिदिए मात्रै पुग्छ भन्ने हाम्रो मान्यता होइन । उनीहरू निश्चित रूपले एउटा कमिटीको, एउटा कार्यक्षेत्रको निगरानीमा रहनुपर्छ र पूर्णरूपले उनीहरूको हिसाबकिताब पार्टीलाई थाहा भइरहनुपर्छ । तर, त्यसो गर्नका निम्ति यान्त्रिक रूपले पार्टी कमिटीमै मात्र रहनुपर्ने भन्ने ठानेर अनि यो जनसङ्गठनहरूमा लगाइएका मान्छेहरूले पनि यो मेरो कामको मुख्य मोर्चा होइन, मेरो त यो पार्टी कमिटी हो भनेर काम अस्तव्यस्त गराउने जुन कुरा छ, यो कुराको अन्त्य हुनुपर्छ अथवा आफ्ना कमजोरीहरूलाई ढाकछोप गर्ने जुन आधार मिलेको छ, त्यसलाई हटाउनुपर्छ ।

उदाहरणका लागि भन्नुहुन्छ भने जस्तो यहाँ नमिल्ला तर मैले उदाहरणका रूपमा एउटा विषयलाई मात्र राख्न खोजेको हुँ । अखिल नेपाल महिला सङ्घको कोही केन्द्रको साथी हुनुहुन्छ अथवा अखिल नेपाल किसान सङ्घको कोही केन्द्रको साथी हुनुहुन्छ र उहाँको जिम्मा चाहिँ गण्डकी अञ्चलभरि घुम्नेछ । गण्डकी अञ्चलभरिको सम्बन्धित सङ्गठनको काम गर्ने जिम्मा छ । उहाँलाई यहाँ पोखराको इलाका कमिटीमा राखिएको छ । पार्टी सदस्य कुनै न कुनै पार्टी कमिटीमा बस्नैपर्ने हुनाले मानिलिनुस्, उहाँलाई कहाँ राख्नेभन्दा पोखराको इलाका कमिटीमा राखिएको छ । पोखराको इलाका कमिटीमा भएपछि त्यसको पन्ध्र/पन्ध्र दिनमा बैठक बस्छ अथवा सात/सात दिनमा बैठक गर्नुपर्छ । त्यो बैठकमा आउनुका साथै त्यो कमिटीको सदस्यले एउटा टोलको जिम्मा लिनुपर्छ । अथवा यो नगरभित्रको जुन काम हो, उसले त्यो जिम्मा लिएर पूरा गर्नुपर्छ । त्यो जिम्मा लिने र त्यस ढङ्गले कार्यसम्पादन गर्ने हो भने उसले यो गण्डकी अञ्चलको, माथिदेखि तलसम्मका सबै ठाउँमा कार्यक्रमहरू बनाएर जाने हो भने स्वाभाविक हो । उसले यो इलाका कमिटीको बैठकमा ऊ नियमितरूपले उपस्थित हुन सक्तैन । उसले मेरो मूल्याङ्कन हुने ठाउँ त यही हो भनेर ऊ पोखरामै धसिएको धसियै गर्छ, कहिल्यै लमजुङ पुग्दैन, केन्द्रीय कमिटीको सदस्य छ, कहिल्यै गोरखा पुग्दैन, कहिल्यै तनहुँ पुग्दैन, कहिल्यै स्याङ्जा पुग्दैन र कहिल्यै कास्कीका अन्य गाउँहरूमा जाँदैन अनि ऊचाहिँ यो अनेमसङ्घको, अनेकिसङ्घको वा अर्को कुनै सङ्गठनको केन्द्रीय सदस्य छ, केन्द्रीय कमिटीको बैठकमा जाँदाखेरी उसले के रिपोर्ट लिएर जान्छ, ऊ यहाँको स्थिति तथ्य के लिएर जान्छ ? पार्टीले रिपोर्ट पठाइदियो भने लिएर जाला, होइन भने त्यहाँ त उसले केही कुरा लैजान सक्तैन, उसले फर्केर भन्छ- पार्टीले मद्दतै गरेन, पार्टीले कुनै मतलबै राखेको छैन, सहयोग गरेको छैन । अनेमसङ्घलाई सहयोगै गऱ्या छैन, खोइ त सचिवले मलाई बताएको ? अर्थात् एउटा टुल्सजस्तो भएर, एउटा औजारजस्तो मात्रै

भएर काम गर्ने, साँच्चै नेताजस्तो भएर काम नगर्ने किसिमको जुन 'प्रवृत्ति' छ, त्यसलाई तोड्न सकियोस् र हरेक सदस्यले जहाँ जिम्मा लिन्छ, उसले एउटा जिम्मा ( धेरै पनि दिन सकिन्छ, जरुरत पर्दाखेरी तर त्यो धेरैमध्ये पनि एउटा तोक्नुपर्छ) जसबाट उसको मूल्याङ्कन होस्। तिम्रो प्रगति या तिम्रो अधोगति, तिम्रो प्रमोशन या तिम्रो डिमोसन, ठीक वा बेठीक कुराको मूल्याङ्कन हुने क्षेत्र हो यो- यस ढङ्गले एक ठाउँमा जिम्मेवारी तोक्नुपर्छ। यसरी जिम्मा दिइसकेपछि त्यस्ता सदस्य, कार्यकर्ता र नेताको मूल्याङ्कन त्यहींबाटै हुनुपर्छ। हो, यो सोंचलाई दिमागमा राखेर, यो सोचलाई मनस्थितिमा राखेर पार्टी महाधिवेशनका दस्तावेजहरूमा ती कुराहरू आएका छन् कि पार्टी सदस्य पार्टी कमिटीमा या पार्टीले खटाएको कुनै सङ्गठनमा सङ्गठित हुनैपर्छ। यसरी सङ्गठनहरू बलिया होलान् भन्ने हाम्रो मनशाय हो। दोहोरो तानातान नहुँदाखेरी र जसले जहाँ काम गर्छ, उसको मूल्याङ्कनको त्यसैलाई बनाउँदाखेरी उसले ज्यादा केन्द्रित भएर काम गर्नसक्ला भन्ने मनसायले हामीले यस्तो व्यवस्था गरेका हौं।

**परिवर्तित परिस्थितिमा कुशल सङ्गठक कसरी बन्ने ?**


अहिले मैले भन्न खोजेको कुरा के हो भने परिस्थिति परिवर्तित भइसकेपछि हाम्रा सङ्गठकहरू साँचो अर्थमा जनताको आन्दोलनका सङ्गठक कसरी बन्ने हो ? यो एउटा प्रश्न छ। हिजो भूमिगत अवधिमा, ३० वर्षको प्रतिबन्धित कालमा हाम्रा सङ्गठकहरूले धेरै काम गर्ने त क्षेत्रै थिएनन्। र, हामी यो मात्रै भन्नसक्थ्यौं कि त्यसबेला राजनीतिक कुरा प्रतिबन्धित भएको हुनाले हामी घरमा गएर टोलमा गएर, मान्छे जम्मा गरेर राजनीतिक कुरा गर्थ्यौं। अब दिनभरि लुकेर एउटा सेल्टरमा बस्नु पर्दाखेरी हामीले यहाँका आमा, दिदीहरूसँग, साना नानीहरूसँग अथवा बाहरूसँग अनि मेलापातबाट फर्किसकेपछि दाजु भाउजुहरू सबैसँग कुरा गर्दा हामीले राजनीतिक कुरा गर्थ्यौं- यो पञ्चायती तानाशाहीले, निरङ्कुश राजतन्त्रले, सामन्तवाद र साम्राज्यवादले मुलुक सखाप पाऱ्यो। यसलाई उल्ट्याउनुपर्छ, यसलाई उल्ट्याएपछि नयाँ जनवाद आउँछ, त्यो नयाँ जनवाद भनेको अत्यन्त आनन्दै आनन्दको हुन्छ, इत्यादि-इत्यादि। त्यसरी हाम्रो हिजो लामो समयसम्म बित्यो र मैले उल्लेख गर्न चाहेको कुरा के हो भने त्यो लामो समय बिताएपछि त्यो एउटा संस्कार बस्यो र सङ्गठक हुनुको के औचित्य हो र सङ्गठकले के गर्नुपर्छ भन्ने किसिमको एउटा मिसाल बस्यो। तर, परिस्थिति तीन वर्ष अगाडि फेरियो। निर्दलीयता गयो र बहुदलीयता अहिले आएको छ। निरङ्कुश राजतन्त्रलाई पनि अलिकति एक खालको सीमाबन्धन गरिएको छ र वैधानिक राजतन्त्रको नाममा त्यो रहेको छ। अर्थात् यसले अरु धेरै कुरामा केही परिवर्तन गरेको छैन तर त्यसले बाहिर राजनीति गर्न पाइने अवस्था सिर्जना गरेको छ।

जब राजनीति गर्न पाईंदैछ, यही हामी हजारौं मान्छेलाई बोलाएर हाम्रो पार्टीको राजनीति यदि जनताले सुन्न मन पराउँछन् भने चारघण्टा व्याख्या गरे पनि हुन्छ। जब यस्तो स्थिति छ भने अहिले पनि हाम्रा सङ्गठकहरूले हामीले काम गर्दाखेरी हामीसँग त्यस्तो मात्रै छ- केबल एउटा राजनीति जो मान्छेले फुर्सद निकालेर तपाईंसँग सुन्न बस्दाखेरी, तपाईंले आफ्नो राजनीति बताउने स्थितिबाट मात्र जाने हो भने सङ्गठकको भूमिका पूरा हुनसक्तैन। अर्थात् ऊ योग्यतम् सङ्गठक बन्न सक्तैन। मैले यस सन्दर्भमा अरुजस्तो चिनियाँहरूको पनि अनुभव र उनीहरूका पनि केही लिखतका कुराहरूलाई हेर्दाखेरी के लागेको छ भने हाम्रा सङ्गठकहरूमा एकखालको आवश्यक प्राविधिक ज्ञान पनि हुनुपर्छ। अर्थात् प्राविधिक ज्ञान भन्नाले 'तपाईं' कुन ठाउँको सङ्गठक हो ? अमूर्त एउटा निराकार कुनै हावाको सङ्गठक त हैन। तपाईं पोखराको सङ्गठक हो, तपाईं स्याङ्जाको सङ्गठक हो, तपाईं कार्कीनेटाको सङ्गठक हो अर्थात् तपाईं कुनै खास ठाउँको सङ्गठक हो, त्यहाँका जनताको तपाईं सङ्गठक हो। यदि त्यस्तो सङ्गठक हो भने त्यहाँका जनताहरू आफ्नो दैनन्दिन जीवन त्यहाँका महिलाहरू, त्यहाँका पुरुषहरू, त्यहाँका अथवा अरु कुनै बुद्धिजीवीहरू या त्यहाँका किशोरहरू कुन खालको दैनिक क्रियाकलापमा लाग्छन् र उनीहरूको त्यो दैनिक क्रियाकलापमा उनीहरूले निरन्तर सामना गर्नुपर्ने समस्याहरू के हुन्, त्यस्ताखालका समस्याहरूप्रति अनभिज्ञ भएर त्यसको समाधान कसरी गर्ने हो, त्यो खालको कुरामा समेत अर्थात् यदि कसैले हाते तानहरू चलाउँछ भने तानहरू बिग्रदाखेरी कसरी बनाउनुपर्छ भन्नेदेखि लिएर अर्थात् जुन कुराका निम्ति त्यहाँका किसानहरूले, त्यहाँका श्रमिकहरूले अलिक धेरै कष्ट व्यहोर्नुपर्छ, त्यसका निम्ति सल्लाह सुझाव र आफूले त्यसलाई मर्मत गर्नेखालको पनि यदि त्यो सङ्गठकले त्यसलाई अगुवाई गर्नसक्यो भने उसका कुरा मान्छेले खान थाल्छन् र ऊ लोकप्रिय हुनसक्छ। चाहे त्यो पशु स्वास्थ्यसम्बन्धी भन्नुस्, चाहे कृषि प्रविधिसम्बन्धी भन्नुस् या कुनै पनि

जब राजनीति गर्न पाईंदैछ, यही हामी हजारौं मान्छेलाई बोलाएर हाम्रो पार्टीको राजनीति यदि जनताले सुन्न मन पराउँछन् भने चारघण्टा व्याख्या गरे पनि हुन्छ। जब यस्तो स्थिति छ भने अहिले पनि हाम्रा सङ्गठकहरूले हामीले काम गर्दाखेरी हामीसँग त्यस्तो मात्रै छ- केबल एउटा राजनीति जो मान्छेले फुर्सद निकालेर तपाईंसँग सुन्न बस्दाखेरी, तपाईंले आफ्नो राजनीति बताउने स्थितिबाट मात्र जाने हो भने सङ्गठकको भूमिका पूरा हुनसक्तैन।

मैले भनेको, राजनीतिक कुराका साथसाथै यदि प्राविधिक पक्षमा पनि ज्ञान नहुने हो भने त्यो हिजोजस्तै केबल बेलुका घरमा कामबाट फर्केर आएका मान्छेहरूलाई भेला गरेर मात्रै राजनीति दिनु अब कुनै नौलो र गौरवको कुरा मानिदैन- अहिलेको यो स्थितिमा । अनि यस्तो अवस्थामा हाम्रा सङ्गठकहरू जोकर फाल्तुजस्तो हुन थाल्छन् ।

अर्थात् मेरो तात्पर्य के हो भने सङ्गठकले हिजो, प्रतिबन्धित कालमा जुनढङ्गको जीवनशैली र जसरी काम गर्‍यो, त्यस्तो मात्रै ढङ्गले अहिले चल्दैन । अर्थात् कार्यक्षेत्रहरूको, कामको फाँटको विभाजनमा पनि त्यत्तिकै यो बैठकमा यतातिर दियो, फेरि अर्को बैठकमा अर्कोतिर गरिदियो भन्ने किसिमको यो एउटा लहरमा यताउता गर्ने होइन, उसले त्यो ठाउँमा अलिकति गहिरो गरी काम गर्न सकोस् भन्ने किसिमले कामको विभाजन गर्ने र त्यहाँ गएर साँचो अर्थमा एउटा सङ्गठक हुनका निम्ति, उसले त्यस्तो हुन र विकसित हुन प्रयत्न गरोस् भन्नका लागि उसलाई प्रशिक्षण दिने र त्यहाँ मान्छे त्यसरी केन्द्रित हुने, अनि सङ्गठक भनेको केबल सुन्न आउँदाखेरी, पलेंटी कसेर बसिसकेपछि राजनीति भनेको यो हो, मार्क्सवादको बिनासक्रम यसरी भयो, द्वन्द्वात्मक भौतिकवाद भनेको यस्तो सुन्दरतम् कुरा हो, नयाँ जनवाद नभईकन समाज अगाडि जाँदैन भन्नेजस्ता मात्रै कुरा गरेर साँचो अर्थमा अहिले सङ्गठकको भूमिका खेल्न सकिँदैन ।



**गम्भीरतापूर्वक निर्णय गरौं, कडाइका साथ लागू गरौं !**

अर्को कुरा म तपाईंहरूसमक्ष के राख्न चाहन्छु भने यसपटक चीनको भ्रमणमा जाँदाखेरी पार्टी स्कूललाई हेर्ने, केन्द्रीय पार्टी स्कुललाई हेर्ने र अरु केही ठाउँका नेताहरूलाई भेटिसकेपछि मलाई जबर्जस्त रूपमा एउटा कुरा मनमा लागेको छ । त्यो के हो भने यो जुन अधिवेशन भइराखेको छ, यो कुनै औपचारिकता पूरा गर्नका निम्ति हो ? यो हरेक दुई-दुई वर्षमा या तीन वर्षमा गर्नैपर्ने हुनाले, अनि हिजो जसरी यहाँ सयौं मान्छेहरूलाई, सायद हजारौंको सङ्ख्यामा मान्छेहरूलाई जुटाएर हाम्रा कुरा सुनायौं, त्यही एउटा चमत्कार या झिलिमिली देखाउनका निम्ति हो र ? मेरो विचारमा, हामी कसैको विचारमा पनि त्यस्तो नहुनुपर्ने हो र त्यस्तो होइन नै । हो के भने, यी समस्याहरूमा साँचो अर्थमा गहिरिएर छलफल गर्न सकियोस् र यत्रो तलका आठ-नौ सय, यो जिल्लामा कति पार्टी सदस्यहरू हुनुहुन्छ, उहाँहरूको विश्वासको प्रतिनिधित्व गर्दै कमरेडहरू यहाँ प्रतिनिधि भएर आउनुभएको छ र यहाँ जुन छलफल हुँदैछ, त्यो गम्भीरताका साथ छलफल गरेर कुनै निष्कर्षहरू निकालिनुपर्‍यो । यो केबल औपचारिकता पूरा गर्नका निम्ति होइन । यहाँका वास्तविक समस्याहरूप्रति एउटा निदान निकाल्नका निम्ति यो अधिवेशन आयोजना गरिएको हो । हाम्रो योग्यता पुग्यो, हामी ज्यादा सही कुरा निष्कर्ष निकालौंला, हाम्रो योग्यता पुगेन, अलिकति गल्ती त्रुटिहरू रहलान् । त्यसका निम्ति अरु कसैलाई दोष दिएर पार पाउने कुरा हुँदैन । गल्ती त्रुटिका निष्कर्षहरू निकालियो भने पनि त्यसले हामीलाई हानी गर्छ । 'के गरिस् मङ्गले आफ्नै ढङ्गले !' भन्ने उखानजस्तै आफैंले आफ्नै बुद्धि नपुग्नाले गल्ती, भूल भएका हुन् भन्दै गल्ती गरेर पनि सिक्नुपर्‍यो ।

मैले यहाँनेर भन्न खोजेको के हो भने मिटिङ/बैठकहरू, सम्मेलन, अधिवेशनहरू, यी कार्यकारी होऊन्, महत्वपूर्ण होऊन्, अत्यधिक जरुरी भएर आयोजना गरिएका होऊन्, केबल औपचारिकता पूरा गर्नका निम्ति होइन । यसबाट मैले भन्न खोजेको कुरा के हो भन्नुहुन्छ भने जे निष्कर्ष निकालिन्छ, त्यो निष्कर्षप्रति पूरै केन्द्रित भएर लाग्नुपर्छ । बैठकले एउटा निष्कर्ष निकाल्यो, त्यो बैठकबाट बाहिर गइसकेपछि त्यो निष्कर्षलाई बिर्सेर आफ्नै पुरानै बानी चलाउन थाल्ने हो भने प्रगति हुनसक्दैन । मलाई क्षमा गर्नुहोला, मलाई मेरो हजुर आमाले कथा सुनाउनुहुन्थ्यो । त्यो के भने एकजना बुहारीले जहिले पनि डाडुपन्यु हातमा लिएर नाँच्ने गर्थिन् अरे ! त्यसपछि आज पाहुना आएका छन् है बाबु, आज धेरै टाढाबाट धेरै सम्मानित पाहुना आएका छन् । आज डाडुपन्यू लिएर ननाच्नू है ! सधैंभरि तिम्रो बानी जे छ, त्यो बेग्लै कुरा हो तर आजचाहिँ डाडुपन्यू लिएर ननाच हूँ ! त्यसबेला त बुहारीले हुन्छ भनिछन् । तर, भात पाकिसकेपछि चाहिँ उनी फेरि डाडुपन्यू हातमा लिएर 'आफ्नो बानी को छाड्छ, अर्काको बानी को लिन्छ' भनेर नाच्न हिँड्छन् अरे ! मैले भन्न के खोजेको हुँ भने यहाँ बैठकहरूमा बसेर एउटा निष्कर्ष निकाल्यो, तर निष्कर्ष निकाल्दाखेरी ठीकैढङ्गले सबैले एक भएर गहिरो

गरी निष्कर्ष निकाल्यो तर बैठकबाट बाहिर निस्किएपछि उही 'आफ्नो बानी को छाड्छ, अर्काको बानी को लिन्छ' भन्ने ढङ्गले गर्ने हो भने के मतलब भयो त्यसको ? त्यसो हुँदाखेरि बैठकहरू, सम्मेलनहरू, अधिवेशनहरू गम्भीरतापूर्वक गरियून्। त्यसमा घुँडा धसेर छलफल गरियोस्, सके एकमतले नभए बहुमतले निर्णय लिइयोस् र निर्णय गरिसकेपछि त्यसमा केन्द्रित भएर कार्यान्वयन गरियोस्। त्यसो गरियो भने मात्रै हामीले गल्ती गरेका छौं कि सही गरेका छौं, जे गरे पनि एक कदम अगाडि नै बढ्छौं। गल्ती गरेको भए पनि एक कदम अगाडि बढेर नयाँ अनुभव हासिल गर्छौं र गल्ती रहेछ भन्ने सावित हुन्छ। र, सही रहेछ भने पनि हामी एक कदम अगाडि बढ्छौं र हामीलाई केही सफलता हासिल हुन्छ।

**प्रशिक्षण र कार्यशैलीसम्बन्धी केही चिनियाँ अनुभवहरू**

चीन भ्रमणकै सन्दर्भमा यो उल्लेख गर्नुको मेरो तात्पर्य के हो भने चीनको केन्द्रीय पार्टी स्कुलमा गएर हामीले हेर्‍यौं र त्यहाँ पार्टी स्कुलका उपाध्यक्ष, केन्द्रीय पार्टी स्कुलका उपाध्यक्षसँग हाम्रो कुराकानी भयो, त्यहाँका महासचिवसँग कुराकानी भयो। र, हामी तपाईंहरूको पाठ्यपुस्तक कस्तो छ, तपाईंहरू पाठ्यसामग्रीहरू कसरी तयार गर्नुहुन्छ, अनि कसरी तपाईंहरू प्रशिक्षित गर्नुहुन्छ, इत्यादि कुराहरू सोध्दा उनीहरूले जे राखे, जस्तो अहिले उनीहरू चाहिँ पार्टीको चौधौं महाधिवेशनले जे कुरा तय गरेको छ, उनीहरूको होलसोल सम्पूर्ण कुरा त्यहीअनुरूप नै छ प्रशिक्षण। त्यसभित्र अहिले यो चिनियाँ विशेषताको समाजवाद भनेको के हो ? समाजवादी बजार अर्थतन्त्र भनेको के हो ? अनि चीनको आधुनिकीकरण, खुलापन र सुधारलाई कसरी अघि बढाउने हो ? यी यसखालका जुन कुराहरू हुन्, उनीहरू पूर्णरूपमा त्यसमै केन्द्रित छन्। केही इतिहासका कुराहरू पनि हामीले सोधीखोजी गर्‍यौं। पहिले के थियो, कस्तो थियो ? भन्दाखेरी हाम्रो यहाँ जस्तो त कहिल्यै रहेन। अहिले हामीले सोचेका थियौं र योभन्दा अगाडिअगाडि प्रशिक्षणका नाममा जस्तो हामीले क्लासहरू चलाउने गर्‍यौं। उनीहरूले त्यसखालको गरेको मैले पाइनँ। त्यो के भने, जस्तो यत्तिकै सामान्यतया द्वन्द्वात्मक भौतिकवाद भनेको के हो भन्ने कुरा एउटा दर्शनको राख्यो, त्यसबारेमा नितान्त तार्किक, नितान्त शास्त्रीय र त्यही-त्यही मात्रै कुरा गर्‍यो, मलाई लाग्छ त्यो तरिका खोटपूर्ण हुन्छ। यसबाट मैले निष्कर्ष निकाल्न खोजेको कुरा के हो भन्नुहुन्छ भने पार्टीले जे निष्कर्ष निकाल्छ, अहिले हामीले महाधिवेशनबाट जुन निष्कर्ष निकालेका छौं, हाम्रो सम्पूर्ण काम यसमै केन्द्रित गर्नुपर्छ। जुनसुकै काम गर्दाखेरी पनि त्यो निर्णयलाई कार्यान्वयन गर्ने, त्यसलाई केन्द्र बनाएर त्यसैलाई गहिराइमा लैजाने कुरा गर्नुपर्छ-ताकि गल्ती छ भने पनि समयमै चिन्न सकियोस्, सही छ भने पनि त्यसलाई समयमै उठाउन सकियोस्।

यो मलाई निकै गम्भीरतासाथ, चीनको केन्द्रीय पार्टी स्कुल र त्यसलाई सञ्चालन गर्ने उनीहरूको विधि देख्दाखेरी मलाई यो लाग्यो कि हाम्रो देशमा क्रान्ति हुने हो भने हाम्रो देशमा परिवर्तन हुने हो भने यो पार्टीको उत्थान र प्रगति हुने हो भने त्यो पाँचौं महाधिवेशनको निर्णयअनुरूप मात्रै हुन्छ-कमसेकम अहिले त हाम्रो ठहर यही छ। महाधिवेशनले गरेको ठहर, हाम्रो पार्टीको ठहर हाम्रो सम्पूर्ण पार्टीपङ्क्तिको मात्रै हुनसक्छ भन्ने हाम्रो यसबेला ठहर छ भने गल्ती हुनसक्छ-त्यो प्रयोगबाट गएर थाहा हुने कुरा हो, त्यस्तो हो भने त्यसैमा सारा कुराहरू त्यहाँ केन्द्रित गरिनुपर्छ। जनताको बहुदलीय जनवाद भनेको के हो ? हामी संसदीय सङ्घर्षमा लागेर जनताले पत्यार गरे भने सरकार बनाउँदाखेरी किन क्रान्ति, मार्क्सवाद विसङ्गत हुँदैन ? अनि हामीले सङ्घर्षका रूप, विधिहरू वा कार्यनीतिहरू जे तय गरेका छौं, तिनीहरू किन औचित्यपूर्ण छन् ? चाहे दर्शनको क्लास चलाउनोस्, चाहे राजनीतिक अर्थशास्त्रको चलाउनोस्, तपाईंको केन्द्रीय विषयवस्तु त्यो हुनुपर्छ र हरेक ठाउँबाट त्यसको पुष्टि होस्। यस ढङ्गले केन्द्रित नगर्ने हो भने र आफ्नो बानी नछाड्ने ढङ्गले सम्मेलन वा महाधिवेशनका निर्णयहरू बिर्सिएर जाने हो भने वास्तवमा हामीले कहिल्यै प्रगति गर्न सक्तैनौं। मैले एउटा यो कुरा भन्न खोजेको हुँ।

जनताको बहुदलीय जनवाद भनेको के हो ? हामी संसदीय सङ्घर्षमा लागेर जनताले पत्यार गरे भने सरकार बनाउँदाखेरी किन क्रान्ति, मार्क्सवाद विसङ्गत हुँदैन ? अनि हामीले सङ्घर्षका रूप, विधिहरू वा कार्यनीतिहरू जे तय गरेका छौं, तिनीहरू किन औचित्यपूर्ण छन् ?

यसैका साथसाथै जस्तो र जुनसुकै काममा लाग्दा पनि जुनबेला सांस्कृतिक क्रान्ति गर्दै थिए, त्यसबेला त्यसैमा उल्का गर्नेगरी चिनियाँहरू लागेका थिए र पूरै तल्लै तहदेखि लागेका थिए। हामी जब त्यो एउटा ठाउँमा गयौं, त्यस ठाउँमा त्यहाँका गाइडहरूले, त्यहाँका पार्टी सदस्यहरूले हामीलाई के बताए भने त्यो १९५८ Great Leap Forward अर्थात लामो फड्को भनेर जुन नीति लिइएको थियो, त्यो नीति पारित गर्दाखेरी केन्द्रीय कमिटीको बैठक त्यही सहरमा भएको रहेछ जहाँ हामी गएका थियौं। अनि Great Leap Forward भनेर त्यो निर्णय गरिसकेपछि माओ त्सेतुङ आफैं त्यसको एउटा जिल्लामा गएर त्यहाँका सारा फलामका

ताप्के, फलामका पन्यूडाडूहरू आदि सारा चीज चाहिँ सङ्कलन गर्नका निम्ति उहाँले आफैं अगुवाइ गरेर तिनलाई इस्पात कारखानाहरूमा ल्याएर, किनभने इस्पात धेरैभन्दा धेरै बनाउनुपर्‍यो, ठूलठूला कारखानाहरू धेरैभन्दा धेरै बनाउनुपर्‍यो, त्यसो गर्नका निम्ति अब यी पुराना, थोत्रामोत्रा भएका या मान्छेले ढिंडोसिस्नो पकाउने खालका ती फलामका ताप्केहरू, ती जम्मै सोरसार गरेर ल्याइएछन्। अर्थात् लाग्दाखेरी त्यसैमा माटो खन्ने गरी लागे र तीन वर्षपछि त्यो 'ग्रेट लिप फरवार्ड' भन्ने कुरा गलत रहेछ, यो भएन भन्ने भएपछि तुरुन्तै सच्याए। अब मानिलिनुस्, निर्णय त्यो ठीक हो भनेर निर्णय गरेर पनि केन्द्रित गरी नलागेको भए अहिलेसम्म पनि पत्तो हुँदैनथ्यो 'ग्रेट लिप फरवार्ड' ठीक हो कि होइन ? सांस्कृतिक क्रान्ति ठीक हो कि होइन ? त्यसभन्दा यता आएर उनीहरूले जे गरे, त्यो ठीक हो कि होइन ? अर्थात् कुनै चिज निर्णय गरिसकेपछि त्यसमा पूरा भेडियाधसान भएर लाग्नुपर्छ, केन्द्रित भएर लाग्नुपर्छ भन्ने चिनियाँहरूको तरिका त्यहाँ देखियो। तर, यहाँ हामीले चाहिँ निर्णय गरेर त्यसप्रति वास्ता नगर्ने खालको, त्यसलाई पालना नगर्नेखालको जुन तरिका हो, त्यो तरिकालाई तत्काल हटाउनुपर्छ र आफ्ना निर्णयहरूमाथि केन्द्रित भएर त्यसको प्रगति वा अधोगतिको, सही वा गलत कुराको जाँच गर्ने मापदण्ड त्यसैलाई बनाउनुपर्छ। त्यस आधारमा मान्छेको र कमिटीको मूल्याङ्कन गरिनुपर्छ भन्ने कुरा मैले राख्न चाहेको हुँ।


रुसको विशिष्टतामा रुसी अक्टोबर क्रान्ति भएको थियो। त्यसका शाश्वत मूल्यहरु छन्। तर, त्यसका शाश्वत मूल्यहरु मात्रै होइन, समग्रतामा त्यसलाई लिन खोज्दाखेरी अर्थात् पूरै युनिफर्मिटीमा मात्रै युनिटी गर्न खोज्दा हानी नोक्सानी भयो र पछि अरुहरुको भिन्नखालले आफ्ना बिशिष्ट बाटोहरु पहिल्याए।

**कलकत्ता सेमिनारबारे**

यी केही कुराहरू मैले तपाईहरूसमक्ष राखें। अब, यसपटक हामीले चीनको सन्दर्भमा केही कुराहरू राख्यौं। कलकत्ताको सेमिनारमा हाम्रो पार्टीले भाग लियो र त्यसबाट पनि धेरै लाभ भएको छ। १९ वटा देशबाट २१ पार्टीहरूका कूल ४२ प्रतिनिधि त्यस सेमिनारमा उपस्थित थिए। हाम्रो निम्ति यो अनुकूलता भयो, हाम्रो निम्ति यो फाइदा भयो कि हामीले त्यहाँ अनुभवहरूको आदानप्रदान गर्ने मौका पायौं। र, यो प्रसङ्ग मैले यस कारणले मात्रै यहाँ जोड्न खोजेको हुँ कि आज एकरूपता (Uniformity)मा मात्रै एकता खोज्ने, जो कम्युनिस्ट आन्दोलनमा विगतमा हुनेगर्थ्यो, मतलब पूरा एकरूपता भए मात्रै एकता गर्ने। पहिले क्रान्तिको तरिकामा त्यस्तो भयो। रुसी क्रान्ति जुन तरिकाले भयो, त्यही तरिका भएमात्रै ठीक हो भन्ने ठान्नेखालका कुराहरू भए। फलस्वरूप धेरै क्रान्तिहरूले हण्डरठक्कर खानुपर्‍यो। चीनको क्रान्तिले, कोरियाको क्रान्तिले, युगोस्लाभिया वा अन्तअन्तका क्रान्तिले हण्डरठक्कर खानुपर्‍यो। किनभने रुसको विशिष्टतामा रुसी अक्टोबर क्रान्ति भएको थियो। त्यसका शाश्वत मूल्यहरू छन्। तर, त्यसका शाश्वत मूल्यहरू मात्रै होइन, समग्रतामा त्यसलाई लिन खोज्दाखेरी अर्थात् पूरै युनिफर्मिटीमा मात्रै युनिटी गर्न खोज्दा हानी नोक्सानी भयो र पछि अरुहरूको भिन्नखालले आफ्ना बिशिष्ट बाटोहरू पहिल्याए। र, यो क्रान्तिमा मात्रै हानी नोक्सानी भएको हैन, पछि समाजवाद निर्माण गर्ने बेलाको हामी हेरौं त ! १९४८ मा युगोस्लाभियामाथि के कारणले प्रहार भयो ? गल्ती युगोस्लाभियाले गरेको हुनसक्छ, तर पनि जुन सोभियत मोडेलको समाजवाद हो, त्योभन्दा भिन्नढङ्गले राष्ट्रिय विशेषताको समाजवाद बनाउनुपर्छ भनेर टिटोले भनेका हुनाले टिटोमाथि नवसंशोधनवादी गद्दार भनेर प्रहार केन्द्रित भयो। अर्थात् त्यहाँ पनि पूरा 'युनिफर्मिटी' भएमात्रै युनिटी गर्नेखालको कुरा भयो। त्यो चिज हुँदैहुँदै गएर पूरै एकरूपतामा मात्रै एकता खोज्ने खालको चाहिँ विगतको जुन प्रवृत्ति थियो, यसपटक कलकत्ताको सेमिनारबाट कमसेकम हामी सबै उपस्थितहरू, उपस्थित पार्टीहरूको यो एउटा सामान्य तथा यस्तो समभ्रुदारी रह्यो - मार्क्सवाद लेनिनवादको प्रयोग आफ्नो ठाउँको विशिष्टताको आधारमा हुन्छ। त्यसो हुनाले बिशिष्ट ढङ्गले गरिरहेका प्रयोगहरू ती एकअर्कासँग नमिल्ने खालका हुनसक्छन्। मिलेनन् नै भने पनि तिनीहरूप्रति केन्द्रित हुँदै विरोध बहस चलाउने हैन, कुन कुरा सही हो भन्ने कुरा त्यहाँको आन्दोलनले, त्यहाँको व्यवहारले, त्यहाँको क्रान्तिकारी शक्तिले र त्यहाँका जनताले निर्धारण गर्ने कुरा हो। र, हामीले समानरूपमा मार्क्सवाद-लेनिनवादका शाश्वत सिद्धान्तहरू, समाजवादका शाश्वस्त आदर्शहरूप्रति निष्ठावान् रहँदै समानता, स्वतन्त्रता, पारस्परिक मामिलामा अहस्तक्षेपजस्ता कुराको आधारमा पारस्परिक एउटा समर्थन र ऐक्यबद्धता कायम गरेर अगाडि बढ्नुपर्छ र द्विपक्षीय ढङ्गले सम्बन्ध सुदृढ गर्दै अगाडि बढ्नुपर्छ भन्ने कुरामा आमरूपमा एकखालको सहमति या एउटा समान धारणाजस्तो पाइयो अर्थात् 'युनिफर्मिटी' मा मात्रै युनिटी होइन, विविधता (Diversity)मा पनि युनिटी, खासगरीकन एकरूपतामा मात्रै एकता खोज्ने हैन, विविधतामा पनि एकता खोज्नुपर्छ र विविधताका बाबजुद एकता गरेर जानुपर्छ भन्ने कुराहरू भए। यो एउटा सन्तोषको कुरा हो।

यसै सन्दर्भमा हामीले आफ्नो कार्यपत्रमा हाम्रो पाँचौं

महाधिवेशनको निर्णयअनुरूप जनताको बहुदलीय जनवाद अर्थात् सामन्तवाद र साम्राज्यवादलाई उन्मूलन गर्ने जुन जनताको जनवादी व्यवस्था हो, जुन जनवादी क्रान्ति हो, हामीले त्यसभित्र बहुदलीय प्रतिस्पर्धाको जुन पद्धतिलाई सामेल गरेका छौं भन्ने कुरा पनि हाम्रो कार्यपत्रमा प्रस्तुत थियो, त्यो कार्यपत्रको पक्षमाथि उहाँहरूको ध्यानाकर्षण भयो र त्यसमा दक्षिण अफ्रिकाले, ब्राजिलले, पोर्चुगलले, फ्रान्सले, अष्ट्रेलियाले त्यसमा सकारात्मक ढङ्गले निकै छलफलमा रुचि देखाए र यस्तो प्रयोग गर्नुपर्छ भन्ने कुरामा केही पुगे । अर्कोतिर क्युबा, कोरियाजस्ता ठाउँमा जहाँ अहिले कम्युनिस्ट पार्टीले सत्ता चलाइरहेको छ, अहिले त्यहाँ बहुदलीय प्रतिस्पर्धा हुनु भनेको वा त्यसो हुनु भनेको त्यस ठाउँमा प्रतिक्रान्ति नै हुन्छ भन्ने कुरा उनीहरूले राखे । र, उनीहरूको विशिष्ठतामा त्यो कुरा पनि जायज हो । त्यसो हुनाले यो जुनखालको एउटा हावा, जुन किसिमको कुरा हिजो हाम्रो महाधिवेशनका बेला या त्यसभन्दा अगाडि सबैले मिसिएर अर्थात् गैरकम्युनिस्टसमेत मिसिएर बहुदलीय प्रतिस्पर्धाको प्रणाली अपनाउनु भनेको त मार्क्सवादविसङ्गत कुरा हो भन्ने ढङ्गको जुनखाले हल्लीखल्ली भइरहेको थियो, मलाई काफी रुचि थियो । यस मामिलामा कि यो बहुदलीय पद्धतिको कुरा सामेल गरेको हुनाले नेकपा (एमाले) खत्तम भयो भन्ने प्रचारहरू चलिरहेको सन्दर्भमा अरु पार्टीहरू के भन्दारहेछन् भन्ने काफी रुचि थियो । र, अहिले मलाई सन्तोष यस मानेमा लागेको छ कि वास्तवमा बहुदलीय प्रतिस्पर्धाको प्रणाली अपनाउनु भनेको मार्क्सवादविपरीत होइन । हरेक देशको आफ्नो विशिष्ट स्थितिअनुरूप यस्ता प्रयोगहरू गर्न सकिन्छ । अहिले क्युबाले नगरोस्, अहिले कोरियाले नगरोस्, त्यो उनीहरूको कुरा हो । तर, नेपालले त्यसो गर्ने फैसला गऱ्यो, यो उसको कुरा हो । र, यस्तो गर्न सकिन्छ र गर्नुपर्छ भन्ने हामीले पनि ठानिरहेका छौं भनेर दक्षिण अफ्रिकीहरूले भने ।



दक्षिण अफ्रिका भनेको हामीले देखिरहेका छौं, सुनिरहेका छौं, जुन दक्षिण अफ्रिकाको कम्युनिस्ट पार्टी भनेको एएनसी नेल्सन मण्डेलाको फ्रन्टलाई पनि चलाउने, त्यो पार्टी हो, जसका नेता क्रिस हानीको अस्ति भर्खरै हत्या भयो । र, त्यसपछि त्यहाँ व्यापक विरोध चलिरहेको छ । उक्त हत्याका विरुद्ध सडकमा आन्दोलन भइरहेको छ । उनीहरू पनि यस्तो यो प्रणाली- बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई अपनाउनुपर्छ भन्ने कुरामा दक्षिण अफ्रिकीहरू, ब्राजिल र पोर्चुगिजहरू र फ्रान्सेलीहरू पुगेका छन् । अष्ट्रेलियाले पनि यो कुरा ठीक हो तर यसो गर्दाखेरी हाम्रा जे अन्य समस्याहरू हुन्, तिनीहरूको सैद्धान्तिकरूपमा अरु व्याख्या गर्नुपर्छ भन्ने कुरा उठाए । यस ढङ्गले यो दोस्रो कुरा अर्थात् अनुभवका विविधताहरूको साथै विभिन्न ठाउँमा भएका प्रयोगहरूप्रति सकारात्मक र सहिष्णुढङ्गले सुन्दै अगाडि बढ्नुपर्छ भन्ने कुरा कलकत्ताको सेमिनारमा भएको छ । र, मैले अघि नै भनें कि यसमा हाम्रो पार्टीलाई बेसरी लाभ भयो । संसारका सबै ठाउँमा छरिएका कुनै न कुनै पार्टीहरूसँग हरेक महादेशमा हाम्रो पार्टीको अब द्विपक्षीय सम्बन्ध हुनसक्ने भयो र अन्तर्राष्ट्रिय जनमतको समर्थन हासिल नगरीकन नेपालजस्तो धेरै दुनियाँमा 'अपरिचित'जस्तै रहेको मुलुकले क्रान्ति र प्रगतिलाई विजयसम्म पुऱ्याउन गाह्रो हुन्छ ।

**संसारका सबै ठाउँमा छरिएका कुनै न कुनै पार्टीहरूसँग हरेक महादेशमा हाम्रो पार्टीको अब द्विपक्षीय सम्बन्ध हुनसक्ने भयो र अन्तर्राष्ट्रिय जनमतको समर्थन हासिल नगरीकन नेपालजस्तो धेरै दुनियाँमा "अपरिचित"जस्तै रहेको मुलुकले क्रान्ति र प्रगतिलाई विजयसम्म पुऱ्याउन गाह्रो हुन्छ।**

**अन्त्यमा, टनकपुर ...**

अब धेरै अरु कुराहरू नगरौं । यहाँ अहिले पनि धेरै कुराहरू भइसके, मैले यहाँहरूको समय धेरै लिइसकें । एकजना प्रतिनिधिले के सोध्नुभएको छ भने विगतको संसदीय

अधिवेशनमा मुख्य बनेको विषय टनकपुरका बारेमा छलफल भइसकेपछि विगतमा थुप्रैपटक बेइमानी गर्ने काङ्ग्रेसको विश्वास गर्दै विशेष समिति बनाउनुको औचित्य के हो ? के यो समितिले त्यो राष्ट्रघाती समस्या समाधान गर्ला ? यो संसदीय समितिको बनोट प्रक्रिया र कार्य प्रणाली के हो ? साथै यसबाट पनि समस्या समाधान भएन भने कार्यक्रम के छ ? दुई तीनवटा कुरा यसभित्र गाँसेर पनि सोध्नुभएको छ।

पहिलो कुरा, जुन संयुक्त समिति गठन भएको छ, त्यसलाई सकारात्मक टुङ्गोमा पुग्न नदिनका निम्ति गिरिजाप्रसाद कोइराला कम्मर कसेर लागेका छन् भन्ने कुरा हिजै पनि मैले उल्लेख गरें। एकातिर त्यो संसद्‌बाट सर्वसम्मत (Unanimous) ढङ्गले संयुक्त समिति बनाउने सहमति पारित भयो। उक्त संयुक्त समितिलाई संसदले तीनवटा म्यान्डेट दिएको छ : एउटा त त्यो टनकपुर सन्धिको मूल्याङ्कन गर्ने, सरकारले प्रस्तुत गरेको मूल्याङ्कनपत्रको समेत अध्ययन गर्दै त्यसको स्वतन्त्रतापूर्वक मूल्याङ्कन गर्ने, दोस्रो म्याण्डेट के छ भने त्यो अधिकार क्षेत्र- कसको अधिकार क्षेत्रको कुरा हो- प्रतिनिधिसभाको कि संयुक्त सदनको भनी अधिकार क्षेत्र तोक्ने काम त्यसले निर्धारण गरोस् भन्ने रहेको छ। र, तेस्रो राष्ट्रिय हितलाई सर्वोपरी राखेर राष्ट्रिय हितका निम्ति के गरिनुपर्छ भन्ने कुरा स्वयम्‌ले अगाडि सार्ने काम गरोस्। मूलरूपले यी तीनवटा म्याण्डेट उक्त संयुक्त समितिलाई रहेको छ। र, संयुक्त समितिको कार्यविधिका बारेमा पनि संसद्‌ले फैसला गरको छ। समितिले बहुमत र अल्पमतको आधारमा हैन, सहमतिका आधारमा फैसला गर्नुपर्छ भनिएको छ। र, त्यो यस मानेमा महत्वपूर्ण छ कि संसद्‌मा त हामी अल्पमतमा छौं। अनि संसद्‌मा जुनसुकै समिति बनाउँदा पनि यदि सत्तापक्षले कृपा गरेर कुनै समितिमा बहुमत दियो भने त्यो भिन्नै कुरा हो। तर, त्यस्तो नहुने हो र एउटा संसदीय प्रणालीमा जाने हो भने हर समितिमा सत्तापक्ष बहुमतमा हुन्छ। र, संयुक्त समितिमा पनि बहुमतमा नै छ। यदि त्यहाँ पनि बहुमत र अल्पमत गरेर निर्णय हुने हो भने हामी त्यहाँ रहनुको केही औचित्य हुँदैन। उनीहरूले बहुमतले एउटा कुरा पारित गरेर ल्याउँथे। त्यसो हुनाले बहुमत र अल्पमत गर्ने हैन, सहमतिद्वारा निर्णय गरिनुपर्छ भन्ने कार्यविधिसम्बन्धी म्याण्डेट हो। र, यस म्याण्डेटको आधारमा संयुक्त समिति बनेको छ।

अहिले त्यस्तो लामो चर्चा नगरौं। यो समिति बन्ने कुरा टनकपुर सम्बन्धमा भएको हाम्रो एकखाले लडाईंको प्रयत्नको सफलता हो। र, यो यत्तिकै भएको छैन। निश्चितरूपले यो धेरै प्रयत्नहरू: कोठाभित्र र बाहिर, संसद्‌भित्र र बाहिर पनि गरिएका अनेक प्रयत्नहरूको एउटा न्यूनतम् सफल नतिजाको कुरा हो। र, गिरिजाप्रसाद कोइरालाको र सरकारी पक्षको चाहनाविपरीत यो बन्यो र बन्दाखेरी सर्वसम्मत ढङ्गले बन्यो। र, त्यसले हाम्रो हातमा अलिकति एउटा सकारात्मक या अनुकूल पक्षहरूलाई थपिदिएको छ। भलै अब त्यसले राम्ररी काम गरेन भने पनि हाम्रा निम्ति एउटा पार्लियामेन्टले, सर्वसम्मतढङ्गले, दुईवटै हाउसबाट त्यसढङ्गले पारित गरेको कुरालाई गिरिजा पक्षले लत्यायो भनेर जाँदाखेरी हाम्रो तर्क र कुरा धेरै 'रिजनेबल', धेरै औचित्यपूर्ण ठानिन सक्छ। सङ्घर्ष भनेको फेरि एकदमै एकोहोरो निरन्तर लाप्पा खेलिरहनेजस्तो कुरा मात्र होइन। सङ्घर्षका ती विभिन्न कोणहरू, विभिन्न मोर्चाहरू, विभिन्न पक्षहरू, विभिन्न ठाउँहरूबाट पनि त्यो कुरा गर्नुपर्छ र यस मानेमा उनीहरूभित्रको, शत्रु पंक्तिभित्रको, विपक्षी पंक्तिभित्रका मतभेदहरू चर्काइदिने खालका कुराहरू गर्न कार्यनीतिको एउटा अनिवार्य र मार्क्सवादी कार्यनीतिको अनिवार्य कुरा हो। यस्तै अहिले यी तमाम कुराहरू, चाहे त्यो गणेशमानले लेखेको मृत्युपत्रमा हस्ताक्षर गर्नु हो भन्ने पत्र नै किन नहोस् अथवा अहिले गिरिजालाई हटाउनुपर्छ भन्ने कुरा नै किन नहोस्, राष्ट्रिय सहमति हुनैपर्छ र दुई तिहाई बहुमतबाट पारित गर्नैपर्छ भन्ने कुरा किन नहोस्, ती चिजहरूका निम्ति जुनखाले प्रतिबद्धता हामीले गराउनसकेका छौं, नेपाली काङ्ग्रेसभित्रको पनि संसद् वा संसद्‌बाहिरको केही हिस्सामाथि- त्यो निश्चय पनि सफलताको कुरा हो। र, त्यसो गरिनु हुँदैनथ्यो, त्यसो गरेर गल्ती भयो भनेर संयुक्त जनमोर्चा नेपालका लीलामणीजी बाहिर निस्केका छन्। अहिले यसबेला उहाँहरूको धर्ना टनकपुरमा चलिराखेको होला ! अनि त्यहाँ बसेर, अहिले टनकपुरमा धर्ना बसेर गर्ने के हो ? किनभने इण्डिया, जो त्यसको अनिवार्यरूपले एउटा काउन्टरपार्ट हो। अनि तपाईं इण्डियातिर पिठ्यू फर्काएर टनकपुर समस्या हल गर्छु भन्न खोजेर त्यो हल हुनैसक्तैन। किनभने त्यो एउटा यस्तो काउन्टरपार्ट हो, जससँग तपाईंले बसेर हल गर्नैपर्छ। त्यो कुरै गर्न नहुने अनि त्यहाँ कसरी हल गर्ने र के कुरा लिएर जाने भन्ने कुरा सरकारले नै लिएर जाने कुरा हो। त्यस मामिलामा संयुक्त समितिमा बसेर कुरै गर्न नहुने हो भने कुनढङ्गले हल गर्ने,

> हाम्रो समर्थन गोप्य छैन, त्यसले राष्ट्रको हितको ग्यारेन्टी गर्दैन, त्यसले संविधानको मर्यादाको रक्षा गर्दैन, त्यो अप्रजातान्त्रिक छ भने त्यसनिम्ति हाम्रो संसद भङ्ग भए पनि होस्।

हुन्छ त ? अर्थात् हल गर्ने जिम्मेवारीको कुनै महसुस नगरीकन त्यत्तिकै त्यसलाई नकारात्मक कोणबाट मात्रै कुरा उठाउने हो भने त्यो कुनै उत्तरदायित्वपूर्ण दृष्टिकोणको कुरा हुँदैन । त्यसो हुनाले यो संयुक्त समिति बनाएर हामीले जस्तो यहाँ आशङ्का कतिपय कमरेडले गर्नुभएको छ, त्यस्तो स्थिति होइन ।

अब वास्तवमा गिरिजाप्रसाद कोइरालाबाट ठीक ढङ्गले काम भइरहेको छैन भन्ने बताउनका निम्ति, त्यस्तो प्रचारित गर्नका निम्ति या त्यस्ता प्रमाणहरू जुटाउनका निम्ति हामीले जति धेरै जस्तो यसपटक संयुक्त समिति बनाउने सवालमा संसदमै सहमति भयो । अब यदि त्यसलाई अवज्ञा (Violet) गर्दै त्यसलाई उल्लङ्घन गर्दै गिरिजाप्रसाद कोइराला चले भने, वास्तवमा उनी अनुशासित र मर्यादितढङ्गले चल्दैनन् भन्ने कुरा अरु धेरैलाई बुझाउनका निम्ति हामीलाई सजिलो हुन्छ र यदि ठीकढङ्गले चले भने त्यसले हामीलाई बेफाइदा हैन, फाइदा नै गर्छ । यदि त्यहाँ सहमति भयो भने यसमा कुनै भ्रान्ति रहनु जरुरी छैन कि हामी टनकपुरको सवालमा आफ्नो ६९ मत दिएर दुई तिहाइद्वारा पारित गर्न चाहन्छौं । हामीसँग ६९ (वन थर्ड) मत छँदैछ, त्यो हामी दिँदैनौं, त्यसो हुँदा यो कुरा अड्काउँछौं र 'हलो अड्काएर गोरु पड्काउने' खालको कुरा हामीले गर्न खोजेको होइन । यहाँ हामीले आपसमा खेल्न खोजेको कुरा हैन । यदि यसढङ्गले खेल्न खोज्ने हो भने यो भड्किन सक्छ । तर यो त राष्ट्रको समस्या हो कमरेड ! राष्ट्रको अस्तित्वको समस्या छ यहाँ, जुन ३० वर्षपछि सङ्घर्षद्वारा थोरै भए पनि जे हासिल भएको छ, त्यसलाई जोगाउनुपर्ने कुरा रहेको छ । हामीले यत्तिकै त्यसमा अनुत्तरदायीढङ्गले कुरा गरेर हुँदैन । हामी टनकपुर सन्धिमा 'सुधार' गर्न चाहन्छौं अनि त्यसमा राष्ट्रिय हितको ग्यारेन्टी गर्दै भविष्यमा गरिने हाम्रा नदीनालाहरू जलस्रोतसम्बन्धी कुरामा एउटा राम्रो नजीर कायम होस् भन्ने कुराको ग्यारेन्टी गर्दै हामी आफ्नो मत दिएर दुई तिहाईद्वारा पारित गर्न चाहन्छौं, यो केवल निरर्थक झगडा हामीले गरेको होइन । र, हाम्रा कमरेडहरूमा यो भ्रम नरहोस्- एउटा विषय छ, जे भए पनि अल्झेको छ-छ, अब यो कुन्जी, यो साँचो नदिउन्जेलसम्म त्यसको घरको दैलो खुल्दैन, दैलो नखुलेपछि बाहिरै आँगनमा बसिरहोस् र जाडो खाओस् भन्ने यस्तो खुच्चिङ गर्ने कुरा किमार्थ होइन, यस्तो भ्रान्ति कसैमा नरहोस् । औचित्यपूर्ण हुनेबित्तिकै हामी आफ्नो मत दुई हातले खसाल्छौं र हामी दुई तिहाई वा बहुमतद्वारा पारित गरेर यो समस्याको हल गर्न चाहन्छौं ।



यदि त्यसो भएन भने हाम्रो समर्थन गोप्य छैन, त्यसले राष्ट्रको हितको ग्यारेन्टी गर्दैन, त्यसले संविधानको मर्यादाको रक्षा गर्दैन, त्यो अप्रजातान्त्रिक छ भने त्यसनिम्ति हाम्रो संसद भङ्ग भए पनि होस् । हाम्रो संसदीय हैसियत टुट्छ भने पनि टुटोस्, तर राष्ट्रका निम्ति, राष्ट्रको अस्तित्व र अस्मिताका निम्ति जे छ, त्यसैलाई समर्थन गर्ने पक्षमा हामी छैनौं । एज इट इज, जे छ, त्यसलाई हुबहु समर्थन गर्ने कुरा यदि त्यो समर्थन नगर्दा हाम्रो संसीय हैसियत खुस्किन्छ भने पनि, हाम्रो यो स्थिति टुट्छ भने पनि राष्ट्रको अहितलाई देखाउने त्यो चिजको पक्षमा हामी मतदान गर्दैनौं । किनभने राजनीति भनेको दुई दिनको कुरा होइन । एक माघले जाडो जाँदैन । नेकपा (एमाले) भनेको यो चुनाव लड्नुपर्ला भनेर मात्रै खडा भएको पार्टी होइन ।

यो बन्दसत्रमा कमरेडहरूसमक्ष दुई शब्द बोल्ने मेरो जुन तीव्र मोह थियो, यो यसै मानेमा थियो, हामी मार्क्सवाद-लेनिनवादलाई कार्यान्वयन गर्नका निम्ति मुक्त दिमागले सोंच्न सकौं । सिद्धान्तलाई जीवनको सेवामा लगाउन सकौं । र, जनतालाई बढीभन्दा बढी कसरी सडकमा उतार्न सकिन्छ- मुक्तिका निम्ति हामी त्यसखाले नीतिहरू लिनसकौं । र, हामी आफ्ना निर्णयहरूमा केन्द्रित भएर तिनलाई 'फलो अप' गर्न सकौं । यस्तो भएको खण्डमा मात्रै हामीले प्रगति गर्न सक्छौं । यही आशाका साथ म आफ्ना कुराहरू यहीं टुङ्ग्याउन चाहन्छु । ❐

# देशले खेपेको वर्तमान संवैधानिक-राजनीतिक सङ्कटका सम्बन्धमा



■ झलनाथ खनाल

**वर्तमान संवैधानिक-राजनीतिक सङ्कटका सम्बन्धमा**

समयावधि बाँकी छँदै र संविधान निर्माण गर्ने ऐतिहासिक अभिभारा पूरा नहुँदै गरिएको संविधानसभाको विघटनले वर्तमान संवैधानिक-राजनीतिक सङ्कट उत्पन्न भएको हो। एकीकृत नेकपा (माओवादी) को सर्वसत्तावादी चिन्तन र द्वैध चरित्र नै संविधानसभाको अवसानको मुख्य र निर्णायक कारण हो भन्ने कुरामा नेकपा (एमाले) स्पष्ट छ। हामी यसलाई पुष्टि गर्ने निम्न आधारहरू प्रस्तुत गर्दछौं -

- बाह्रबुँदे समझदारीबाट प्रारम्भ भएको नयाँ राजनीतिक प्रक्रियाको मुख्य उद्देश्य निरङ्कुश राजतन्त्रको समाप्ति र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु, हिंसात्मक द्वन्द्वलाई अन्त्य गर्दै दिगो शान्ति कायम गर्नु, समावेशिता र सामाजिक न्यायसहितको लोकतान्त्रिक प्रणाली स्थापना गर्नु र राज्यको अग्रगामी पुनःसंरचना गर्नु थियो। यसका लागि सङ्घर्षको स्वरूप शान्तिपूर्ण जनआन्दोलन, आन्दोलनका उपलब्धिलाई संस्थागत गर्ने विधि संविधानसभा र उद्देश्य प्राप्तिको संयन्त्र राजनीतिक दलहरूबीचको सहमति र सहकार्यलाई मुख्य आधारको रूपमा स्वीकार गरिएको थियो। तर, नेकपा (माओवादी) ले शान्ति प्रक्रियालाई रणनीतिक दाउपेचका रूपमा प्रयोग गरिरहयो। जनआन्दोलनका सफलता र उपलब्धिलाई चुनौती दिँदै २०६३ साल वैशाख ११ गते 'विद्रोह'का निम्ति गरिएको आह्वान होस् या युद्धविराम आचारसंहिता उल्लङ्घनका दर्जनौं उदाहरण, संविधानसभा निर्वाचनपूर्व अन्तरिम सरकारबाट बाहिरिएको घटना होस् या दलहरू र अनमिनका आँखा छल्दै लडाकु भर्ना र हतियार जम्मा गर्ने कुरामा गरेको धोखाधडी, निर्वाचनका बेला भएका हिंसा र आतङ्क हुन् या राजतन्त्रको अन्त्यपछि 'प्रधान अन्तरविरोध बदलिएको र संसदवादी शक्तिहरू नै अग्रगमनका मुख्य बाधक भएको' निष्कर्ष, राष्ट्रपति निर्वाचन र सरकार गठनमा अभिव्यक्त निषेधकारी सोचहरू, प्रधानसेनापति प्रकरण र 'सहरी विद्रोह' का नाममा गरिएको आम हडताललगायत घटनाक्रम- शान्ति प्रक्रिया, संविधान निर्माण र राजनीतिक सहमतिप्रति माओवादीको नियत र भूमिकालाई बुझ्न पर्याप्त छन्। स्पष्ट भएको छ- संविधानसभा माओवादीका लागि सर्वसत्तावाद स्थापनाको रणनीतिक माध्यम मात्र थियो भने हाम्रा लागि त्यो माओवादीलाई रूपान्तरित गर्ने र ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने लोकतान्त्रिक विधि र प्रक्रिया थियो।
- संविधान निर्माणभन्दा पहिले नै टुङ्ग्याउनुपर्ने शान्ति प्रक्रिया माओवादीको दाउपेच र बहानाबाजीकै कारण ४ वर्ष लम्बिएको तथ्य स्पष्ट छ। शान्ति प्रक्रिया लम्ब्याएर त्यसबाट अनुचित आर्थिक लाभ लिने, विद्रोह र हिंसामा फर्कने धम्कीसहित समाजलाई सधैंभरि मनोवैज्ञानिक नियन्त्रणमा राख्ने र यस्तै त्रासको वातावरणभित्र आफ्ना अतिवादी एजेन्डासहितको संविधान जारी गर्ने माओवादी मनसाय थियो। लडाकु

र कमान्डरबीचमा अन्तरद्वन्द्व सिर्जना भएपछि, लडाकुहरूले राज्यकोषबाट प्राप्त रकमको हिसाब-किताब माग्न थालेपछि र त्यसले शिविरभित्र भयावह अवस्था जन्माउने खतरा पैदा भएपछि मात्रै गएको चैत २८ गते शिविरहरू नेपाली सेनाको जिम्मा लगाउन माओवादी नेतृत्व तयार भएको थियो। शान्ति प्रक्रियामा गरिएको यो विलम्बले संविधान निर्माणको समग्र प्रक्रियामा प्रतिकूल असर पारेको तथ्यमा हामी विशेष जोड दिन चाहन्छौँ। संविधानसभाको विघटनसँगै शान्ति प्रक्रियाका बाँकी कामसमेत अनिश्चित बन्न पुगेको स्थितिलाई हामीले गम्भीर रूपमा लिएका छौँ।

- माओवादीका अधिनायकवादी, अलोकतान्त्रिक र विसङ्गतिपूर्ण विचारहरूले लोकतान्त्रिक संविधान निर्माणमा निरन्तर बाधा अड्चन खडा गरिरहे। बहुलवादलाई अस्वीकार गर्ने, नियन्त्रित बहुदलीय व्यवस्थाको पक्षपोषण गर्ने, निर्देशित न्यायपालिका खडा गर्न चाहने, सदनमा वैधानिक प्रतिपक्षको व्यवस्थालाई अस्वीकार गर्ने, निजी सम्पत्तिसम्बन्धी नागरिक अधिकारलाई नियन्त्रण गर्न चाहने जस्ता माओवादीले राखेका अनुचित अडानहरू लोकतान्त्रिक संविधान निर्माणमा चुनौती बनेर खडा भए।
- लामो वार्ता र बहसको शृङ्खलाबाट २०६९ साल जेठ २ गते मुख्य राजनीतिक दलहरूका बीचमा संविधानका विवादित समग्र विषयमा सहमति भएको थियो। उक्त सहमतिका आधारमा अगाडि बढ्न सकेको भए निर्धारित समयमै संविधान निर्माण सम्भव थियो। तर, एकीकृत नेकपा (माओवादी) भोलिपल्टै उक्त सहमतिबाट पछि हट्यो। जातीय राज्य निर्माणसम्बन्धी आफ्ना गलत र हानीकारक एजेन्डा स्थापित गर्न उसले सडकबाट दबाब सिर्जना गर्ने, जातीय-क्षेत्रीय भावना भड्काउने र अन्य राजनीतिक दलभित्रका समस्याबाट अनुचित लाभ उठाउने गलत बाटोमा अग्रसर भयो। उक्त सहमतिमा पुग्न शासकीय स्वरूपलगायत महत्त्वपूर्ण विषयमा नेकपा (एमाले) ले प्रदर्शन गरेको लचकता स्मरणीय छ।
- मुलुकको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता, सामाजिक सद्भावको हाम्रो सुन्दर संस्कार तथा सङ्क्रमणकाललाई सफलतापूर्वक व्यवस्थापन गर्दै उपलब्धिको रक्षा गर्नुपर्ने र मुलुकलाई राजनीतिक स्थायित्व तथा समृद्धितिर अग्रसर गराउनुपर्ने आवश्यकतालाई हृदयङ्गम गर्दै हामीले बहुजातीय प्रदेश र साझा पहिचान कायम गर्दै सङ्घीय ढाँचा निर्माण गर्ने प्रस्ताव अगाडि सारेका थियौँ। तर, 'एकल जातीय पहिचान' को अनुचित हठमा उभिएको माओवादी त्यसमा सहमत भएन। पहाड र हिमालमा एकल जातीय पहिचानको आधारमा एक दर्जन प्रदेशको प्रस्ताव अगाडि सार्ने माओवादी सिङ्गो जनसङ्ख्याको



आधा हिस्सा बसोबास गर्ने तराई-मधेसमा भने बढीमा दुई प्रदेश मात्रै कायम गर्ने मान्यतामा उभियो । द्वन्द्वकालमा आफैँले खडा गरेका 'मिथिला', 'भोजपुरा' 'अवध', 'कोचिला' जस्ता पहिचानलाई समेत अस्वीकार गर्ने माओवादीको यो तरिका अवसरवादी, एकात्मक र राष्ट्रिय हितमा दीर्घकालीन घात पुऱ्याउने खालको थियो । माओवादीले यसो गरेर मधेसी मोर्चालाई रिझाउँदै यस सिद्धान्तहीन र सत्ताकेन्द्रित गठबन्धनलाई दिगो बनाउन चाह्यो ।

**संविधानसभाको विघटन प्रधानमन्त्रीले ताजा जनादेशका लागि संसद् विघटन गर्न पाउने विशेषाधिकार जस्तो विषय होइन। संविधानसभा बाह्रबुँदे सहमतिबाट सुरु भएको र सहमतिको जगमा खडा भएको नेपालको लोकतान्त्रीकरण र शान्ति प्रक्रियाको विशेष संयन्त्र थियो।**

- जेठ २ को सहमतिबाट माओवादी पछि हटेपछि संविधानसभाबाट सबै विषयहरू सहमतिका आधारमा टुङ्ग्याउने र जेठ १४ भित्र संविधान जारी गर्ने सम्भावना समाप्त भयो । यस स्थितिमा संविधानसभालाई असफल हुन नदिन, प्राप्त उपलब्धि गुम्न नदिन र मुलुकलाई राजनीतिक तथा संवैधानिक सङ्कटमा पर्नबाट जोगाउन हामीले विभिन्न विकल्प अगाडि सार्‍यौँ । सहमति भएका सबै विषयहरू टुङ्ग्याएर संविधान जारी गर्ने र सङ्घीय एकाइहरूको नामाङ्कन, सीमाङ्कन र नक्साङ्कनको जिम्मा रूपान्तरित व्यवस्थापिका-संसद्लाई दिने नयाँ प्रस्ताव प्रस्तुत गर्‍यौँ । मुलुकको सङ्कल्प मात्रै होइन, संवैधानिक प्रबन्धका रूपमा समेत प्रत्याभूत भइसकेको सङ्घीयताका टुङ्गिन बाँकी केही प्राविधिक प्रश्नको निरूपण गर्ने जिम्मा व्यवस्थापिका-संसद्लाई दिएर संविधान जारी गर्ने जस्तो लोकतान्त्रिक, सुरक्षित र सही विकल्पलाई पनि माओवादीले अस्वीकार गर्‍यो । त्यस्तो स्थितिमा सरकारबाट प्रस्तुत विधेयकमै टेकेर अन्तरिम संविधान संशोधन गर्ने, नयाँ निर्वाचनको ढोका खोल्ने र व्यवस्थापिका-संसद्लाई निरन्तरता दिँदै सुरक्षित अवतरणको विकल्प अगाडि सारियो । तर, संसद्को उपस्थितिलाई आफ्नो सत्तास्वार्थको बाधक देख्ने माओवादी-मधेसी मोर्चा त्यस विकल्पमा पनि सहमत भएन । यहाँसम्म कि सङ्कटकाल लगाएर भए पनि संविधानसभाको रक्षा गर्न दिइएको सुझावलाई समेत उनीहरूले लत्याए । अन्त्यमा, अन्य दलका नेताहरू र आफ्नै पार्टीका असहमत पक्षलाई समेत थाहै नदिई, मन्त्रिपरिषद्का सदस्यहरूको विरोधलाई समेत बेवास्ता गर्दै माओवादी नेतृत्व र प्रधानमन्त्री बाबुराम भट्टराईले संविधानसभालाई विघटन गर्दै मुलुकलाई गम्भीर सङ्कटमा धकेलिदिए ।
- यो घटना कुनै आकस्मिक र बाध्यात्मक थिएन । यो माओवादी सर्वसत्तावादको शृङ्खलाबद्ध योजनाको एउटा कडी थियो । यसमार्फत माओवादीले हिंसाद्वारा पूरा गर्न नसकेका, सरकारको नेतृत्व गर्दा लागू गर्न नसकिएका र कथित सहरी विद्रोहको अभ्यासद्वारा हासिल गर्न नसकेका आफ्ना एजेन्डा स्थापित गर्न चाहेको छ । यो कदम निर्वाचनद्वारा अर्को संविधानसभा गठन गर्न र त्यसमार्फत संविधान निर्माण गर्न होइन, राजनीतिक रिक्ततामा स्वेच्छाचारी र सर्वसत्तावादी शासन सञ्चालन गर्ने र अन्ततः सत्ताकब्जा गर्ने दूराशयले प्रेरित छ ।
- संविधानसभाको विघटन प्रधानमन्त्रीले ताजा जनादेशका लागि संसद् विघटन गर्न पाउने विशेषाधिकार जस्तो विषय होइन । संविधानसभा बाह्रबुँदे सहमतिबाट सुरु भएको र सहमतिको जगमा खडा भएको नेपालको लोकतान्त्रीकरण र शान्ति प्रक्रियाको विशेष संयन्त्र थियो । संविधानसभा सफल हुन नसकेको अवस्थामा यसको विकल्प खोज्ने दायित्व पनि संविधानसभा स्वयम् र राजनीतिक दलहरूको हो । सर्वोच्च अदालतको फैसलाको सार पनि यही हो । तर, प्रधानमन्त्रीको स्वेच्छाचारी निर्णयले संविधानसभालाई मात्रै विघटन गरेको छैन, सात वर्ष अगाडिदेखि सुरु भएको सहमतिको राजनीतिमाथि समेत गम्भीर आघात गरेको छ ।

**राजनीतिक-संवैधानिक निकासका सम्बन्धमा**

- संविधानसभाको अवसान र जनप्रतिनिधि संस्थाको अभावमा मुलुक एकैसाथ संवैधानिक र राजनीतिक सङ्कटमा फस्न पुगेको छ । मुलुक लामो समयसम्म जनप्रतिनिधिविहीन रहन सक्दैन र एउटा लोकतान्त्रिक पार्टीको हैसियतले नेकपा (एमाले) ले निर्वाचनबाट पन्छिने प्रश्नै उठ्दैन । तर, असंवैधानिक र गैरकानुनी ढङ्गबाट गरिएको निर्वाचन घोषणालाई नसच्याई र राष्ट्रिय सहमतिका आधारमा सङ्कटग्रस्त राजनीतिलाई

सही बाटोमा नल्याई मुलुक निर्वाचनको प्रक्रियामा सहभागी हुनै सक्तैन। नेपालको अन्तरिम संविधानले अर्को संविधानसभा निर्वाचनको कल्पना नै नगरेको र निर्वाचनसम्बन्धी कानुनमा समेत अर्को निर्वाचनको व्यवस्था नभएको स्थितिमा हाम्रो पार्टीले संविधानसभा विघटन गर्ने र नयाँ निर्वाचनको मिति घोषणा गर्ने प्रधानमन्त्रीको कदमलाई असंवैधानिक, षड्यन्त्रपूर्ण र स्वेच्छाचारी ठहर गरेको छ।

**संविधान निर्माणको अवरुद्ध प्रक्रिया कसरी आरम्भ हुन्छ र अहिलेसम्म संविधानसभाले गरेका काम, निकालेका निष्कर्ष र तयार गरेका पूर्वाधारहरूको संरक्षण कसरी हुन्छ भन्ने प्रश्न गम्भीर चुनौतीका रूपमा खडा भएको छ। संविधानसभाबाट संविधान निर्माण उत्तम लोकतान्त्रिक विधि थियो, तर माओवादी रणनीतिक दाउपेचमा परेर यो विफल भएको छ।**

- यस्तो स्थितिमा सबैभन्दा पहिले माओवादीको स्वेच्छाचारिता र सर्वसत्तावादलाई परास्त नगरी सङ्कट समाधानको प्रारम्भिक पाइला पनि चाल्न सकिन्न। सङ्कट समाधानको प्रस्थानबिन्दु राजनीतिक सहमति हो। माओवादीमाथि सशक्त दबाब सिर्जना नगरी, सर्वसत्तावाद कायम गर्ने योजना सफल हुन सक्दैन र वर्तमान शक्ति सन्तुलनलाई इन्कार गर्न सम्भव छैन भन्ने उसलाई महसुस नगराइकन मुठभेड र ध्रुवीकरणको दिशामा उन्मुख राष्ट्रिय राजनीति सहमतिको बाटोमा फर्किन सक्दैन। माओवादीका निम्ति शान्ति प्रक्रिया र संविधान निर्माण प्रतिबद्धताको विषय होइन। विगतमा पनि ऊ राज्यमाथि शस्त्रबलद्वारा विजय सम्भव छैन भन्ने बोध भएपछि, कथित सहरी विद्रोहबाट सत्ता परिवर्तन सम्भव छैन भन्ने अनुभूति भएपछि र लडाकु र शिविरलाई लामो समयसम्म कायमै राखेर अगाडि बढ्न सकिँदैन भन्ने महसुस भएपछि मात्रै सहमतिमा फर्किएको थियो। त्यसैले यतिबेला सङ्कटको निकासको पहिलो कदम नै माओवादी सर्वसत्तावादको पराजय हो।
- यसका लागि मुलुकका सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूबीच राष्ट्रिय एकता र सहमतिका आधारमा संयुक्त राष्ट्रिय सरकार यसको प्रस्थानबिन्दु हो। त्यसपछि मात्र मुलुकका अगाडि देखिएका सम्पूर्ण संवैधानिक र राजनीतिक समस्या समाधानको आधार तयार हुनेछ। सहमतिका आधारमा बन्ने यस्तो सरकारले मात्रै जनप्रतिनिधिविहीन अवस्थाका कारण सिर्जित कतिपय संवैधानिक र कानुनी प्रश्नको समाधान खोज्न, दैनिक शासन प्रशासनलाई व्यवस्थित गर्न, आसन्न सार्वजनिक र राष्ट्रिय सुरक्षा चुनौतीको सामना गर्न सक्नेछ। सहमतिको साथ संविधान निर्माणको प्रक्रियालाई अघि बढाउनका लागि उपयुक्त संवैधानिक र राजनीतिक विकल्प खोज्न समेत सहमतिको संयुक्त सरकार अपरिहार्य छ। जनआन्दोलनको सफलता पछिका दिनहरूमा उत्पन्न संवैधानिक र कानुनी समस्या समाधानका उपायहरू पनि प्रमुख दलहरूबीचको सहमतिका आधारमै खोजिएको थियो। व्यवस्थापिका-संसद्को अभावमा यस्तो राजनीतिक सहमतिको खाँचो अझ टड्कारो बन्न पुगेको छ।
- नेकपा (एमाले) ले सम्बद्ध सबै पक्षलाई यस दिशामा अगाडि बढ्न आग्रह गरेको छ। साथै, संविधानको संरक्षक र पालनकर्ताको हैसियतमा यस विषम परिस्थितिमा मुलुकलाई मुठभेडतर्फ जान नदिई संवैधानिकताको बाटोमा ल्याउनका लागि संविधानसम्मत् पहलकदमी र अग्रसरता लिन सम्माननीय राष्ट्रपति महोदयलाई समेत ध्यानाकर्षण गरेको छ।
- संविधान निर्माणको अवरुद्ध प्रक्रिया कसरी आरम्भ हुन्छ र अहिलेसम्म संविधानसभाले गरेका काम, निकालेका निष्कर्ष र तयार गरेका पूर्वाधारहरूको संरक्षण कसरी हुन्छ भन्ने प्रश्न गम्भीर चुनौतीका रूपमा खडा भएको छ। संविधानसभाबाट संविधान निर्माण उत्तम लोकतान्त्रिक विधि थियो, तर माओवादी रणनीतिक दाउपेचमा परेर यो विफल भएको छ। जे कारणले संविधानसभालाई असफल बनाइयो, ती कारणहरूको खोजी नगरी र तिनको समाधान नखोजी संविधानसभाको अर्को निर्वाचन गर्नु समय, साधन-स्रोत र मुलुकको मूल्यवान अवसर व्यर्थ खेरा फाल्नु मात्रै हो। राष्ट्रिय राजनीति गम्भीर ध्रुवीकरणको दिशातिर उन्मुख भइरहेको र सिङ्गो समाज नै विभाजित मनस्थितिमा रहेका बेला कटुता, विद्वेष र निषेधको जगमा स्थापना हुने संविधानसभाबाट संविधान निर्माण झनै चुनौतीपूर्ण र असम्भवप्रायः हुन सक्छ। यी चुनौतीलाई समेत ध्यानमा राख्दै संविधान निर्माणका उपयुक्त लोकतान्त्रिक, जनपक्षीय

र सुरक्षित विधिका बारेमा गम्भीर बहस अगाडि सारिनुपर्छ । कुनै पनि बहानामा संविधानसभाले विगतमा गरेका निर्णयको वैधतालाई चुनौती दिने र गरेका कामहरूलाई व्यर्थ साबित गर्ने कुरालाई अस्वीकार गर्नुपर्छ । संविधान निर्माणका लागि दलहरूको सहमति र सहभागिता अनिवार्य पूर्वसर्त हो भन्ने कुरालाई ध्यानमा राखिनुपर्छ ।

**लोकतान्त्रिक शक्तिहरूको सहकार्य र सर्वसत्तावादविरोधी आन्दोलन**

- संविधानसभा विघटनले जस्तो खालको संवैधानिक र राजनीतिक सङ्कट निम्त्याएको छ र यसले मुलुकलाई जस्ता सामाजिक र आर्थिक सङ्कटको भुमरीमा पारिदिएको छ, त्यसबाट लोकतान्त्रिक र अग्रगामी राजनीतिक शक्तिहरूका काँधमा गम्भीर चुनौती थपिएको छ । माओवादी सर्वसत्तावादको योजनालाई निस्तेज पार्न, मुलुकलाई दुर्घटनामा जान नदिई संवैधानिकताको बाटोमा फर्काउन तथा ऐतिहासिक जनआन्दोलन, शान्ति प्रक्रिया र लोकतान्त्रिक उपलब्धिलाई गुम्न नदिन सबै लोकतान्त्रिक, प्रगतिशील र राष्ट्रिय शक्तिहरूबीच एकता अनिवार्य भएको छ । पार्टीले लोकतान्त्रिक गणतन्त्र, शान्ति, सङ्घीयता, सामाजिक न्याय र सामाजिक सद्भाव एवम् राष्ट्रिय हितका लागि बृहत् लोकतान्त्रिक राष्ट्रिय एकता निर्माणको प्रक्रियालाई अघि बढाइरहेको छ ।
- माओवादी सत्ता कब्जाको योजना र सर्वसत्तावादविरुद्धको आन्दोलन प्रारम्भ भइसकेको छ । यसलाई आगामी दिनमा अझ सशक्त बनाउनुपर्दछ । असहयोग आन्दोलन, कूटनीतिक पहल र नैतिक दबाबको प्रक्रियाबाट मात्र सर्वसत्तावादको बाटोमा अग्रसर माओवादीलाई सही बाटोमा ल्याउन सकिँदैन । यसका लागि व्यापक जनपरिचालन गर्दै सशक्त र प्रभावकारी संयुक्त जनआन्दोलनको विकास गर्नुपर्दछ । सिङ्गो पार्टी त्यसको तयारीमा केन्द्रित भएर जुट्नु जरुरी छ ।

**आजको मुख्य वैचारिक-राजनीतिक सङ्घर्ष**

ऐतिहासिक जनआन्दोलन, शान्ति प्रक्रिया र संविधानसभाबाट प्राप्त उपलब्धिहरू आज सङ्कटमा परेका छन् र मुलुक राजनीतिक गतिरोध, अन्योल तथा दिशाहीनताको अवस्थामा फस्न पुगेको छ । अन्य कतिपय कारणहरूले सहायक भूमिका खेलेका हुन सक्छन्, तर यसका लागि माओवादीका गलत वैचारिक-राजनीतिक नीतिहरू र उनीहरूका अराजक, गैरजिम्मेवार र विध्वंशात्मक व्यवहार नै मुख्य जिम्मेवार छन् भन्ने कुरामा कुनै सन्देह छैन । चाहे हिंसाको व्यापक विस्तारमा होस् चाहे सामाजिक एकता





खल्बलिने कुरामा, चाहे अर्थतन्त्रको थप सङ्कटमा होस् चाहे सामाजिक मूल्यहरूको विघटनमा, चाहे वर्ग सङ्घर्षलाई जातीय सङ्घर्षले विस्थापित गर्ने कुरामा होस्, माओवादीले रोपेका केही गलत वैचारिक-राजनीतिक विषवृक्षले मुख्य भूमिका खेलेका छन्। साझा राष्ट्र निर्माणको प्रक्रियामा रहेको मुलुकमा 'बहुराष्ट्र' को भ्रम सिर्जना गर्ने, वर्गीय शोषण र सामन्ती उत्पीडनबाट मुक्तिका लागि छटपटाइरहेका जनताका बीचमा निश्चित जातिलाई 'शासक' र 'शोषक' तथा निश्चित जातिलाई 'शासित' र 'शोषित' का रूपमा विभाजित गर्दै सामन्ती शोषणलाई प्रकारान्तरले न्यायोचित ठहऱ्याउने र साम्राज्यवादी उत्पीडनमा पिल्सिएको मुलुकभित्र 'आन्तरिक औपनिवेशिकरण' को हानीकारक विश्लेषण अगाडि सारेर राष्ट्रिय एकता र अखण्डतालाई कमजोर पार्ने काममा माओवादीका यिनै चिन्तन र व्यवहारको मुख्य भूमिका रहेको छ।

- मूलतः उग्रवामपन्थी अतिवादबाट निर्देशित एकीकृत नेकपा (माओवादी) पछिल्लो समय गम्भीर वैचारिक विचलन, विसङ्गति र विरोधाभाषमा फस्दै गएको छ। सत्ता र सुविधाका लागि जस्तासुकै शक्तिसँग हात मिलाउन, जुनसुकै हदसम्म पर पुग्न र हदैसम्मको धूर्तता र पाखण्ड प्रदर्शन गर्न सक्ने माओवादी नेतृत्व आज अवसरवादको पर्यायवाची जस्तै भएको छ। उग्रवामपन्थी अवसरवादबाट सुरु भएको उसको यात्रा दक्षिणपन्थी अवसरवादको दलदलमा फस्ने सम्भावना टड्कारो बन्दै गएको छ। सत्तास्वार्थका लागि गरिएको मधेसी मोर्चासँगको गठबन्धन, सत्ता टिकाउनका लागि गरिएको वैदेशिक शक्ति केन्द्रसँगको चलखेल, उनीहरूलाई रिझाउन गरिएका विभिन्न निर्णयहरू, पूर्व दरबारिया तथा शङ्कास्पद पृष्ठभूमिका व्यक्ति/शक्तिसँगको हिमचिम, नेतृत्वमा बढ्दै गएको विलासिता र नेताविशेषको महत्त्वाकाङ्क्षा पूर्तिका लागि उसले हुर्काउँदै गरेको उग्र जातिवाद/क्षेत्रीयतावादले माओवादी उग्रवामपन्थको पतनलाई राम्रैसँग सङ्केत गरिरहेका छन्। आज ऊ राजनीतिक रिक्तताभित्र सर्वसत्तावादी शासन सञ्चालन गर्ने, विदेशी शक्तिकेन्द्र तथा अवसरवादी मधेसी नेताहरूसँग गठबन्धन गर्दै सत्ता टिकाइराख्ने र उग्र जातिवादको आगोमा आफ्नो भोट ब्याङ्क विस्तार गर्ने आत्मघाती बाटोमा उद्यत छ। यसकै बलमा ऊ आफ्नो पार्टी विभाजन, कार्यकर्ता पलायन, जनताको मोहभङ्ग तथा पतनको क्षतिपूर्ति गर्न खोजिरहेको छ। उसका यी अवसरवादी, सर्वसत्तावादी, उग्र जातिवादी र भ्रष्ट नीति तथा आचरणहरूको भण्डाफोर आजको मुख्य वैचारिक राजनीतिक प्रश्न बन्न पुगेको छ।
- मुलुकमा बढ्दै गएको जातीय/क्षेत्रीय सङ्कीर्णता, अतिवाद,

विखण्डनकारी गतिविधि र जातीय विद्वेष हाम्रो अग्रगतिका लागि चुनौतीका रूपमा देखा परेका छन् । प्रत्यक्ष रूपमा र विभिन्न पात्र र पक्षहरूको आवरणमा देखा पर्ने यी प्रवृत्तिका विरुद्ध सशक्त वैचारिक-राजनीतिक सङ्घर्ष गर्दै यसलाई पराजित गर्नु आवश्यक छ ।

- संविधानसभाको विघटन, संविधान निर्माणमा उत्पन्न अन्योल र माओवादी सर्वसत्तावादका कारण बढ्न थालेको राजनीतिक ध्रुवीकरणका बीचमा प्रतिगामी पुनरुत्थानवादी शक्तिहरू हौसिन थालेका छन् । उनीहरू गणतन्त्रको वैधतामाथि समेत प्रश्न उठाउने धृष्टता गर्दै छन् र राजतन्त्रको पुनःस्थापनाको सपना देख्न थालेका छन् । माओवादी सर्वसत्तावादका विरुद्ध सङ्घर्ष केन्द्रित गरिरहेका बेला प्रतिगामी शक्तिहरूका शक्ति सञ्चयका गतिविधिविरुद्ध उच्च सतर्कता राख्न र त्यसलाई सफल हुन नदिन आवश्यक पहल गरिनुपर्छ ।

## विगतको वस्तुनिष्ठ समीक्षा र कमजोरीमा आमूल सुधार

जनताको बहुदलीय जनवाद जस्तो वैज्ञानिक सिद्धान्तको मार्गदर्शन, जनताको आशा भरोसा, समर्थन र व्यापक जनआधार, आन्दोलन र अग्निपरीक्षामा खारिएका कार्यकर्ताहरूको व्यापक सञ्जाल एवम् तुलनात्मक रूपमा राम्रो अन्तर्राष्ट्रिय छवि र समर्थन हुँदाहुँदै पनि नेकपा (एमाले) ले जनअपेक्षाअनुरूप काम गर्न र सामाजिक रूपान्तरणको अभियानलाई तीव्रता दिन नसकेको यथार्थ हो । मुलुक गम्भीर राजनीतिक सङ्कटमा धकेलिएको र यसको सामना गर्न पार्टीको नयाँ भूमिकाको खोजी भइरहेको परिप्रेक्ष्यमा हामीले इतिहासको निर्मम समीक्षा गर्न र आफ्ना कमजोरीहरूलाई बिनामोलाहिजा हटाउनु आवश्यक छ । प्रतिद्वन्द्वी शक्तिको कमजोरीले हामीलाई स्वतः सही सावित गर्दैनन्, त्यो हामी स्वयम्को भूमिकामाथि आधारित हुने कुरा हो । एउटा उपयुक्त संयन्त्र निर्माण गरेर र एउटा विशेष मञ्चबाट हामीले मूलतः देहायका प्रश्नको जवाफ खोज्नेछौँ -

- जनताको बहुदलीय जनवादजस्तो सही मार्गदर्शक सिद्धान्त भएको हाम्रो पार्टी सामाजिक परिवर्तनको भूमिकामा किन प्रभावकारी हुन सकेन र बढी सत्ताकेन्द्रित भयो ? यसले कतै पार्टीको क्रान्तिकारी छविलाई कमजोर गरेर उग्रवामपन्थी र उग्र दक्षिणपन्थी शक्तिहरूलाई खेल्ने ठाउँ त दिएन ?
- माओवादी उग्रवामपन्थ र राजाका सम्भाव्य कदमलाई समयमै पूर्वानुमान गर्न र त्यसको समुचित प्रतिरोध गर्न हामी किन चुक्यौं ?
- शान्ति प्रक्रियामा हाम्रो भूमिका किन स्वतन्त्र, निर्णायक र नेतृत्वदायी जस्तो देखिन सकेन ? शान्ति प्रक्रियाको पहल हाम्रै पार्टीले गरेको भए पनि त्यसको श्रेय किन हामीलाई प्राप्त हुन सकेन ? एउटा कित्ताको नेता काङ्ग्रेस र अर्काको माओवादी भनेर प्रचारित भइरहँदा हामीले आफ्नो स्वतन्त्र भूमिकालाई किन अपेक्षित रूपमा स्थापित गर्न सकेनौँ ?
- संविधानसभा निर्वाचनमा हामीले खानु परेको गम्भीर धक्काका कारण के थिए ? यसबाट हामीले के शिक्षा लिएका छौँ ?
- समृद्ध सङ्गठनात्मक अनुभव र तदनुरूपको वैधानिक व्यवस्था हुँदाहुँदै पार्टी र संसदीय दललाई हामीलाई किन संस्थागत र प्रभावकारी रूपमा सञ्चालन गर्न सकेनौँ ? संविधान निर्माणमा हाम्रो भूमिका किन अपेक्षित मात्रामा प्रभावकारी र नेतृत्वदायी हुन सकेन ? किन हाम्रा निर्णयहरूमा अस्थिरता र अन्योल देखा परे ? किन राज्य पुनःसंरचना, शासकीय स्वरूप जस्ता मुख्य प्रश्नमा हाम्रै सभासद्हरू विभाजित भए ?
- संविधानसभा निर्वाचनपछि दुई-दुईपटक सरकारको नेतृत्व गर्ने अवसर पाएर पनि पार्टीले किन अपेक्षित सकारात्मक छाप छाड्न सकेन ? किन प्रत्येकचोटि सरकारमा जाने टिम र बाहिर बस्ने टिममा अन्तरविरोध रहिरह्यो ? माओवादी 'सहरी विद्रोह'को अभ्यासमा रहिरहेका बेला आफ्नै प्रधानमन्त्रीको राजीनामा माग्ने जस्ता गम्भीर घटनाबाट के पाठ सिक्ने ? संसदीय दलमा पटक-पटक भएका हस्ताक्षर प्रकरणका कारण के हुन् ?
- पार्टीको लोकतान्त्रीकरणको अर्थ समूहगत निर्वाचन, जसरी पनि जित्ने उद्देश्य र संसदीय व्यवस्थामा जस्तो जित्नेले सबैथोक लिने मात्रै हो ? लोकतन्त्रको यो अभ्याससँग पार्टीको क्रान्तिकारीकरणको लक्ष्य कसरी संयोजित हुन्छ ? झन्डै तीन वर्ष पार्टी गुटबन्दीले ग्रस्त भएर भूमिका कमजोर भएको कुराको शिक्षा के हो ? यस्ता कमजोरी नदोहोरिने कुराको प्रत्याभूति के हो ?
- किन पार्टीमा वर्गीय दृष्टिकोण कमजोर हुँदै गयो र गैरवर्गीय दृष्टिकोण हुर्किंदै गयो ?
- परिवर्तित सन्दर्भमा पार्टीको पहिचान, भूमिका, छवि र यसको भविष्यप्रतिको विश्वास जगाउने विधि के हो ?

*(नेकपा (एमाले)का अध्यक्ष कमरेड झलनाथ खनालले २०६९ असार ४ र ५ गते काठमाडौँमा आयोजित राष्ट्रिय कार्यकर्ता भेलामा प्रस्तुत एवम् पारित राजनीतिक प्रस्तावको सम्पादित अंश)*

# नि:शस्त्र नभएसम्म लोकतान्त्रिक हुन सकिन्न



■ माधवकुमार नेपाल

अहिले मुलुकको ध्यान नेकपा (एमाले)तर्फ तानिएको छ। हामीले तीनमहिने अभियानका क्रममा देशव्यापी रुपमा जुन जनपरिचालन गऱ्यौं र राजधानीमा राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकका बेला जुन विशाल जनताको उपस्थिति देख्यौं, त्यसबाट नेकपा (एमाले)लाई मुलुकको पहिलो शक्ति बनाउने संकल्पलाई हामी साकार पार्न गइरहेका छौं भन्ने सन्देश प्रवाहित भएको छ। यस बेलामा हामीले सङ्कल्प गर्नुपर्छ- नेकपा (एमाले)लाई एकताबद्ध बनाएर अघि बढाउने छौं, बलियो बनाउने छौं, सङ्गठनात्मक रूपमा सुदृढ गर्ने छौं, अझै विशाल र जनआधारित पार्टीका रूपमा विकास र विस्तार गर्नेछौं र यो विजय यात्रा लगातार अगाडि बढ्ने छ। आगामी चुनावसम्म यो अभियान अझै अगाडि बढाएर लानुपर्छ।

अहिलेसम्म एउटा चुनावमा जितेवापत माओवादीले जुन दम्भ गर्दै आएको छ, त्यसलाई चकनाचुर गर्नका लागि पनि हामी अघि बढ्नुपर्छ। हामीले पनि ०५१ सालको चुनावमा पहिलो पार्टी बन्ने मौका पाएका थियौं। नेपाली काङ्ग्रेस पनि पटक-पटक पहिलो पार्टी बनेको थियो। तर, पहिलो पटक माओवादीले पहिलो नम्बर पार्टी बन्ने मौका पाएपछि प्रत्येक ठाउँमा उसले दम्भपूर्ण भाषा प्रयोग गर्न सुरु गऱ्यो। 'यो देशको सबैभन्दा ठूलो पार्टीको ठूलो नेता भएको हैसियतले' भन्ने भाषण लगातार सुनिरहनुपरिरहेको छ। लचकता हुनुपर्नेमा दम्भपूर्ण अभिव्यक्ति र अक्कडो स्वभाव हामीले पाएका छौं। देश हाँक्ने पार्टीले दम्भ देखाएर हुँदैन, अक्कडोपन देखाएर हुँदैन। उसले अधिकतम लचकता देखाउनुपर्दछ, विनम्रता र फराकिलो छातीका साथ सबैलाई समेटेर अघि बढ्नुपर्छ।

नेकपा (एमाले) देशको प्रमुख पार्टी, जनताको बहुदलीय जनवादको मान्यतामा लोकतान्त्रिक ढङ्गबाट अगाडि बढ्ने र आमूल परिवर्तनको सङ्कल्प बोकेको हुनाले यस पार्टीले लोकतन्त्र र परिवर्तनको बाटोमा सबैलाई साथमा लिएर अगाडि बढ्नुपर्छ। त्यसैले पनि हामीले जङ्गलमा बसेको माओवादीलाई राजधानी काठमाडौंमा ल्यायौं। राजधानीमा मात्र होइन, जुनसुकै हिसाबले धाँधली गरेर चुनाव जिते पनि, सेना र हतियारसहित मैदानमा उत्रिएर चुनाव प्रभावित पारेर ठूलो पार्टी भएको भए पनि हामीले उनीहरूलाई 'ल भैगो' भनेर सरकार बनाउने मौका पनि दियौं। दुई-दुईपटक माओवादीले सरकार बनाउने र चलाउने मौका पायो। तर, हामीले देखेका छौं- यसबाट हामी मात्र होइन, सिङ्गो देश निराश भएको छ। माओवादीले दोहोरो चरित्र देखाएकाले जनता निराश भएका छन्। उसले दुईमुखे कुरा गर्ने गरेको छ। विश्वसनीयता राख्दैन। उसका नेताहरू एउटा कुरा बोल्छन्, अर्कै काम गर्छन्। कुरा गर्छन् सर्वहारा वर्गको, व्यवहार गर्छन् बुर्जुवा वर्गको। कुरा गर्छन् देशभक्तिको, काम गर्छन् देशद्रोहीको। परिवर्तनका कुरा गरे पनि त्यसलाई सुस्त बनाउने र त्यसमा अवरोध खडा गर्ने काम माओवादीले गर्छ। परिवर्तनका संवाहकहरूले सङ्क्रमणकाल लम्ब्याउँदैनन्। हामीले ०६४ सालको चुनावपश्चात ०६७ जेठ १४ सम्म संविधान घोषणा गरिसक्ने कबुल गरेका थियौं। तर, दुई वर्ष होइन, चारवर्ष पुग्न थालेको छ। अझै पनि जेठ १४ मा संविधान बन्छ/बन्दैन,

हामी कोही पनि विश्वस्त हुन सकेका छैनौं ।

पहिला पनि माओवादीका नेताले सरकारमा रहेका बेला 'म प्रधानमन्त्री हुँ कि विद्रोही नेता हुँ, ठम्याउन सकेको छैन' भन्थे । प्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि ५० औं हजार मानिसको रगतको खोलो बग्न सक्ने धम्की दिनुभएको छ । उहाँले युद्धको धम्की कसलाई दिनुभएको हो ? कसलाई तर्साउन खोज्नुभएको हो ? के नेकपा (एमाले) ले धम्कीबाट तर्सिएर उहाँले जे भन्नुभएको छ, त्यो खुरुक्क मान्छ ? मान्दैन । सेनामा घुसपैठ गर्ने उहाँहरूको योजनालाई के सफल हुन दिन्छ ? दिँदैन । उहाँहरूलाई चाहिएको छ, जर्नेल-कर्नेल, दोस्रो पद चाहिएको छ । नेपाली सेना एउटा व्यावसायिक सेना हो, तटस्थ सेना हो, आम नेपाली जनताको साझा सेना हो । यो सेनामा कुनै पार्टीविशेषको मान्छेलाई प्रतिनिधित्वको माग गरिन्छ भने त्यहाँ पनि राजनीति प्रवेश गराउन खोजेको ठानिन्छ । सेना राजनीतिमा प्रवेश गर्ने बित्तिकै के परिणाम हुन्छ भने कुरा हेर्न हामीले टाढा जानुपर्ने छैन । हाम्रा नजिकका मुलुकहरू नै यसका उदाहरण छन् । म्यानमार, बङ्गलादेश, पाकिस्तानदेखि अफ्रिकासम्मका मुलुकहरु पनि हामीले देखेका छौं । त्यसैले सेनालाई राजनीतिमा प्रवेश गर्न दिनुहुँदैन, टाढा राख्नुपर्छ । तर, उहाँहरूले सेनालाई विवादमा मुछ्न खोज्नुभएको छ, राजनीतिमा मुछ्न खोज्नुभएको छ । त्यस्तो तरिकाले लोकतन्त्र सुदृढ हुन सक्दैन । हामी लोकतन्त्रलाई बलियो जगमा उभ्याउन चाहन्छौं । नेपालको लोकतन्त्रको बलियो जग भनेको नेपाली जनताको विश्वास हो, समर्थन हो । जनताको समर्थन भएको लोकतन्त्र मात्रै बलियो हुन सक्दछ । लोकतान्त्रिक मूल्य र मान्यता अवलम्बन गरेको परिपाटीले मात्रै लोकतन्त्रलाई सुदृढ गर्न सक्छ ।

हामीले भनेका छौं- लोकतन्त्रको आधार जनता भएकाले सेना साथमा राख्ने, हतियार बोक्ने अनि सेना, सैन्य सङ्गठनभित्र प्रवेश गर्ने र त्यसलाई मुठीमा ल्याउन खोज्ने चाहना परित्याग गर्नुपर्छ । हामीले माओवादीलाई भनेका छौं- तपाईंहरू निशस्त्र हुनुस्, सैन्यवादी चिन्तन परित्याग गर्नुस्, नागरिक पार्टीमा रूपान्तरित हुनुस्, नेकपा (एमाले) जस्तै विचार, सङ्गठन र जनमुखी काम गर्ने प्रतिस्पर्धामा आउनुस् । धाक, त्रास र धम्की होइन, जनताको मन र विश्वास जित्ने राजनीति अवलम्बन गर्नुस् । तपाईंहरूका विद्रोहबाट कोही तर्सिनेवाला छैन । तपाईंहरूको विद्रोहका धम्कीलाई हामीले पहिले पनि सामना गरेका हौं । माओवादीका नेताहरू पहिले-पहिले यो धर्तीभन्दा दुई फिट माथिबाट हिँड्ने गर्दथे । विद्रोहको मात्रै भाषा बोल्थे । अरू सबैलाई तुच्छ ठान्ने प्रवृत्ति उनीहरूमा थियो । देश ठप्प पार्न सक्छौं भन्ने उनीहरूमा दम्भ थियो । काठमाडौंलाई नाकाबन्दी गर्ने उनीहरूको धम्की थियो । र, ती सबै धम्कीहरू हामीले सामना गरेका छौं र स्वयम् माओवादी पार्टीले स्वीकार गरेको छ, नेताहरूले भनेका छन्- 'हामीले विद्रोह गर्न खोजेका हौं । सत्ताकब्जा गर्ने चाहना राखेकै हौं । प्रयास पनि गरेकै हौं । तर, सम्भव भएन । हामी असफल भयौं ।' जब स्वयम्ले स्वीकार गरिसकेपछि फेरि त्यही भाषा प्रयोग गर्नुहुँदैन ।

देशभरिमा भौतिक संरचनाको निर्माणमा पनि बाटोघाटोदेखि यातायातका सबै क्षेत्रहरूमा विकासका सम्भावना अगाडि बढाउनुपर्छ । कृषि क्षेत्रको विकासका विशाल सम्भावनालाई साकार पार्नुपर्छ । उद्योगधन्दा कलकारखानादेखि लिएर अनेक क्षेत्रहरूमा हात हाल्नुपर्छ । नेपाली जनशक्तिलाई योग्य बनाउनुपर्छ । तर, अझै हामी विध्वंशका कुरा गरिरहेका छौं, बेमेलका कुरामा लागिरहेका छौं र धाकधम्कीको भाषा प्रयोग गर्न छोडिरहेका छैनौं ।

सङ्क्रमणकाललाई छिटो टुङ्ग्याएर शान्ति र संविधानको कामलाई छिटो टुङ्गो लगाएर आर्थिक विकासको दिशामा अगाडि बढ्नुपर्छ । नेपालमा विकासको विशाल सम्भावना छ । यो सम्भावनालाई हामीले साकार पार्नका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने खाँचो छ । नेपालमा पर्यटन विकासको त्यत्तिकै अपार सम्भावना छ । जलविद्युत्को विकास गर्ने विशाल सम्भावना छ । हामीले जलविद्युत् राम्ररी उत्पादन गर्न सक्यौं भने नेपाल सरकारले उठाउने राजस्व मात्रै पनि १८ खर्ब रुपियाँ हुने रहेछ । तर, हामी विद्युत् परियोजनाहरू विकास गर्ने कुरामा होइन, बन्न थालेका विद्युत् परियोजनाहरू पनि भत्काउन र समस्या खडा गर्नमा लाग्ने गरेका छौं । भएका उद्योगधन्दाहरू पनि बन्द गर्न र भत्काउनमा लाग्ने गरेका छौं । त्यसैले केही सङ्कल्प गर्नैपर्ने हुन्छ । अब हामीले देशलाई आर्थिक विकासमा लानुछ भने सबैलाई रोजगारी दिने ढङ्गबाट, सबै क्षेत्रको विकास गर्ने बाटोमा अगाडि बढ्नुपर्छ ।

देशभरिमा भौतिक संरचनाको निर्माणमा पनि बाटोघाटोदेखि यातायातका सबै क्षेत्रहरूमा विकासका सम्भावना अगाडि बढाउनुपर्छ । कृषि क्षेत्रको विकासका विशाल सम्भावनालाई साकार पार्नुपर्छ । उद्योगधन्दा कलकारखानादेखि लिएर अनेक क्षेत्रहरूमा हात हाल्नुपर्छ । नेपाली जनशक्तिलाई योग्य बनाउनुपर्छ । तर, अझै हामी

विध्वंशका कुरा गरिरहेका छौं, बेमेलका कुरामा लागिरहेका छौं र धाकधम्कीको भाषा प्रयोग गर्न छोडिरहेका छैनौं।

माओवादीलाई मेरो आग्रह छ- गम्भीर बन्नुस्। किनभने, शान्ति प्रक्रियाको चाबी अरू कसैको हातमा छैन। ६ सय १ सभासद्लाई दोष दिने होइन, जम्मै पार्टी उस्तै हुन् भनेर जनतालाई सन्देश दिने पनि होइन। हामीले अधिकतम कोसिस गरेका छौं। माओवादीलाई सही कुरा महसुस गराउनका लागि हामीले नै जङ्गलबाट यहाँ ल्याएका छौं भने हामी धकेलेर जङ्गल पुऱ्याउन चाहँदैनौं। हामी चाहन्छौं- माओवादीहरू रूपान्तरित होऊन्, माओवादीमा सुधार होस्। तर, सुधार हुन सकिरहेको छैन। अत्यन्तै ढिलो छ, पीडादायी छ, त्यो सुधार। धेरै समय बितिरहेको छ। जनतामा निराशा बढिरहेको छ। त्यसैले माओवादी नेतृत्वले समयमै जनताको भावनालाई बुझ्नुपर्छ। शान्ति प्रक्रियाको मूल पक्ष भनेको सेना समायोजन हो, शिविरको सवाल हो। शिविर खाली नभएसम्म, माओवादीहरू निःशस्त्र नभएसम्म र शिविरमा राखिएका हतियारहरू नेपाल सरकारलाई नबुझाएसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त गर्न सक्दैन। र, शान्ति प्रक्रियाले पूर्णता प्राप्त गरेन भने संविधान बनाउने कुराको पनि केही अर्थ हुँदैन। बन्दुकको छायाँ र त्रासमा बनेको संविधानले जनतालाई लोकतन्त्र दिन सक्दैन। त्यसैले हामीले भनिरहेका छौं- संविधानसभाबाट संविधान निर्माणको पूर्वसर्त भनेको शान्ति प्रक्रिया सहज रूपमा अघि बढ्नु हो। र, शान्ति प्रक्रियालाई पूर्णताको दिशामा अघि बढाएर लानु हो।


अर्कातिर संविधान निर्माणको सवाल छ। त्यसले धेरै समय लिने म देखिरहेको छैन। अहिले संविधान निर्माणमा मुख्यगरी चार वटा विषय- शासकीय स्वरूप, सङ्घीयता, न्यायप्रणाली र निर्वाचन प्रणालीमा कुरा मिल्न बाँकी छ। यी विषयमा हामीले कैयौं पटक छलफल पनि गरेका छौं। यी चार वटा विषयमध्ये अलि जटिल सङ्घीयता हो। शासकीय स्वरूपमा पनि हामी सहमतिमा जुटौंला भन्ने लाग्दछ। निर्वाचन प्रणालीका बारेमा पनि गाह्रो छैन। न्याय प्रणालीका बारेमा पनि त्यति गाह्रो छैन। सङ्घीय संरचनाकै बारेमा पनि हामीले जनताको र आन्दोलनको भावनालाई ध्यानमा राखेर उपयुक्त विधि अवलम्बन गर्ने हो भने छोटो समयमा टुङ्गोमा पुऱ्याउन सक्छौं। त्यसैले संविधान निर्माणका निम्ति धेरै समय लाग्ने अवस्था छैन। समय शान्ति प्रक्रिया र सेना समायोजनको कुरामा मात्रै लाग्नेछ। त्यसैले हामीले भनिरहेका छौं- सेना समायोजनको काम अगाडि बढाउनुस्। शान्ति प्रक्रियाको काम अघि बढाउनुस्। खोसिएको सम्पत्ति फिर्ता गर्नुस्। वाईसीएलले कब्जा गरेका सरकारी र निजी भवनहरू खाली गरिदिनुस्। अर्धसैनिक संरचना अन्त्य गर्नुस्। अनि हामीले भनेका छौं- बेपत्ता परिवारका बारेमा छानबिन गर्ने समिति र सत्य तथा मेलमिलाप आयोग गठन गर्ने कुराहरू अगाडि बढाऔं। त्यो काम भएमा शान्ति प्रक्रियाका कामहरू सम्पन्न हुन सक्नेछन्। अनि हामी संविधान निर्माणको प्रक्रियामा सहज ढङ्गबाट छलफल गरेर टुङ्गोमा पुऱ्याउने काममा लाग्न सक्छौं।

यो मुलुकमा रहेका समस्याहरूलाई समाधान गर्नका लागि देशमा रहेका चारवटा शक्तिहरूले अझै गम्भीर जिम्मेवारीबोध गर्नुपर्छ। नेकपा (एमाले) आफ्नो तर्फबाट गम्भीर छ। जिम्मेवार भएर अघि बढिरहेको छ। माओवादीले त्यस्तै गम्भीर र जिम्मेवार बन्नु जरुरी छ।

यो मुलुकमा रहेका समस्याहरूलाई समाधान गर्नका लागि देशमा रहेका चारवटा शक्तिहरूले अझै गम्भीर जिम्मेवारीबोध गर्नुपर्छ। नेकपा (एमाले) आफ्नो तर्फबाट गम्भीर छ। जिम्मेवार भएर अघि बढिरहेको छ। माओवादीले त्यस्तै गम्भीर र जिम्मेवार बन्नु जरुरी छ। नेपाली काङ्ग्रेसले पनि त्यही ढङ्गले भूमिका खेल्नुपर्छ। र, मधेसवादी दलहरूले पनि देश र आम नेपाली जनताको हितलाई ध्यानमा राखेर मधेसी हुनुभन्दा पहिले नेपाली हुँ भन्ने भावनाका आधारमा चल्नुपर्छ। पहिले आफूलाई नेपाली नठान्ने हो भने पहिले नेपालीको व्यवहार पाउन पनि गाह्रो हुन्छ। नेपाली ठानेपछि नेपालीको व्यवहार सबैले पाउने हो। नेपालमा जन्मिएको नेपालका जुनसुकै भूभागमा रहेको व्यक्ति सबैभन्दा पहिले नेपाली हो। यो नेपालीपन भएको भावना हामी सबैमा हुनुपर्छ। नेपाली भएकोमा गौरवबोध गर्नुपर्छ। पहिले नेपाली अनि मात्र अर्थोक। यो अर्थोकलाई पहिलो ठान्ने र नेपाली हुने कुरालाई दोस्रो ठान्ने यो प्रवृत्ति अत्यन्तै चिन्ताजनक छ। हामीकहाँ यो गलत प्रवृत्ति हुर्किन थालेको छ। पहिले आफूलाई नेपाली नठान्ने, कुनै जातजातिको ठान्ने ! यो प्रवृत्तिलाई हामीले प्रोत्साहित गर्नुहुँदैन। नेपालीपनको यो भावनाले देशभक्तिको भावना बढाउँछ। देशभक्तिको मालाले हामी सबैलाई एकताबद्ध बनाउँछ। र, हामी प्रेम र सद्भावका साथ मिलेर यो देशलाई अघि बढाउन सक्छौं।

*(लेखक नेकपा (एमाले)का वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री हुनुहुन्छ।)*

# समानता चाहिन्छ विद्वेष र विभाजन होइन



■ केपी शर्मा ओली

अहिले हरेक क्षेत्रमा र हरेक समुदायमा जन-चेतनाको स्तर बृद्धि भएको छ । यसरी, जनतामा आफ्नो अधिकारका लागि जुन चेतनाको बृद्धि भएको छ, त्यसको प्रशंसा गर्नुपर्दछ । समाजको आमूल परिवर्तनको निम्ति यो अपरिहार्य कुरा नै हो । यस चेतना प्राप्तिको क्रममा देखिएको र त्यस अल्पताको प्रयोगमा देखिएको काँचोपनबाट केही मानिसहरु खिन्न र त्रसित देखिन्छन्, तर यसबाट आत्तिनुपर्ने र डराउनुपर्ने केही छैन । अझ परिवर्तनको अगुवाई गर्ने राजनीतिक शक्तिले त यस किसिमको चेतना अभिबृद्धिको प्रक्रियाबाट खुशी नै हुनुपर्दछ । नेकपा (एमाले) यसप्रकारको जनचेतनाबाट अत्यन्त हर्षित भएको छ । ज्ञानप्राप्ति एकैचोटी पूर्ण र परिपक्व स्तरमै हुन्छ भन्न सकिन्न । यो क्रमशः पूर्णता र परिपक्वतातिर अघि जाने हो । मूलधारका राजनीतिक दल र त्यसमा पनि नेकपा (एमाले) जस्तो क्रान्तिकारी सिद्धान्त लिएको पार्टीको दीर्घ प्रयास र सकारात्मक भूमिकाको योगदानले नै नेपाली समाजमा आजको आधुनिक र लोकतान्त्रिक चेतना आएको हो ।

वास्तवमा, हाम्रो मुलुकमा सबैभन्दा पहिले सबै प्रकारका असमानता र विभेदको विरोध गर्ने र समतामूलक समाजको स्थापना हुनुपर्छ भन्ने कम्युनिस्ट पार्टी नै हो । वर्गीय, जातीय, भाषिक, धार्मिक, साँस्कृतिक, लैङ्गिक, क्षेत्रीय आदि सबै किसिमका भेदभावहरू विरूद्ध र न्याय तथा समानताको पक्षमा आवाज उठाउने र सङ्घर्ष गर्ने कम्युनिस्ट पार्टी नै हो । वर्णाश्रम व्यवस्था तथा अशोभनीय, अन्यायपूर्ण र लज्जाजनक छुवाछूत प्रथा एवं गलत सामाजिक प्रचलनका विरूद्ध लड्दा हामी आफैंले पनि व्यक्तिगत रुपमा समेत सामाजिक प्रताडना झेल्नुपरेको छ । जनतालाई सचेत र सङ्गठित गराउने, न्याय र समानताका चाहनाहरूलाई प्रकट र संगठित गर्ने, विभिन्नखाले असमानता र भेदभाव हटाउने सम्बन्धमा र ती आन्दोलनहरुलाई राष्ट्रिय रूपमा उठाउने र अग्रगामी सामाजिक परिवर्तन गराउने सन्दर्भमा कम्युनिस्ट पार्टीले सर्वाधिक महत्वपूर्ण कामहरु गरेको छ । कम्युनिष्ट पार्टीले जुन उद्देश्यका साथ यस क्षेत्रमा कामको थालनी गऱ्यो र उक्त कामलाई अगाडि बढायो यत्तिकै सजगता, जागरण र सङ्घर्षहरूले सन्तोष हुने अवस्था नभए पनि सन्तुष्टिको दिशा भने लिएको छ ।

नेपालको भौगोलिक विविधता असाधारण र अद्वितीय छ । यस विविधताले वनस्पतीय, जैविक र सामाजिक विविधता जस्ता कुराहरुमा पनि नेपाललाई समृद्ध बनाएको छ । विश्वकै सर्वोच्च शिखर सगरमाथादेखि केचनाकवलसम्मको होचो भू-भागको विविधताले नेपाली जनतामा तदनुसार नै अनेक प्रकारका विविधता र विशेषताहरु दिएको छ । ती सबै हाम्रा गौरव र सम्पत्ति हुन् । कम अक्सिजन भएको उच्च हिमाली क्षेत्रका जनता

गर्भैदेखि पातलो अक्सिजनामा सास फेर्ने बानी र त्यही उकाली ओरालीमा अभ्यस्त हुनाले त्यहाँका बासिन्दा र खासगरी सेर्पाहरु पर्वतारोहणमा अगाडि हुन्छन् । चीसो सहने र गर्मी सहने हाम्रा क्षमताहरुको भिन्नता हामी बसोबास गरेका भूगोल र ती भूगोलका हावा-पानीले निर्माण गरेका भिन्नताहरुले बनाएका हुन् । हाम्रा भेषभूसा र अरु भिन्नताहरु पनि त्यसरी नै निर्माण भएका हुन् ।

नेपाल सम्पूर्ण नेपालीको देश हो । हामी यहाँ जस्तो राजनीतिक प्रणाली ल्याउँछौं, त्यो कसका लागि ल्याउँछौं ? कसैको रहर पुरा गर्न हो वा कसैको बौद्धिक अभ्यासलाई सफल बनाउन ? अथवा कसैका आग्रहलाई पूरा गर्ने र कसैका एकाधिकार–विशेषाधिकारलाई कायम राख्न राजनीतिक प्रणाली ल्याउँछौं त ? राज्यको पुनःसंरचना, शासकीय स्वरुपको प्रश्न वा देशको मूल कानून संविधानदेखि लिएर अन्य कानून, रीतिथिति कस्तो बनाउँछौं ? हामी राजनीतिक तथा आर्थिक प्रणाली, सामाजिक प्रबन्ध, साँस्कृतिक नीतिहरू कस्ता बनाउँछौं ? कसका लागि र कसले बसाउने ? अवश्य नै हामीले नेपाली जनताका लागि बसाउने हो । हरेक नेपाली जनताका लागि बनाउने हो । जबसम्म एउटा नेपाली दुःखित हुन्छ तबसम्म नेपाल सुखी भयो भन्न सकिँदैन । एउटा मात्र नेपालीलाई पनि जब अधिकारबाट बञ्चित र अन्याय गर्छौं भने नेपाल र नेपाली अधिकार सम्पन्न छैन भन्ने सोच्नुपर्छ । सानोभन्दा सानो वा एउटा ठाउँमात्रै पनि पछाडि पर्‍यो भने नेपाल पछाडि परेको भन्नुपर्छ । किनभने त्यहाँ नेपाली जनता पछाडि परेका परेकै हुन्छन् । हामीले गर्ने नेपाल र नेपालीका लागि हो । हामी नेपाली आफैले गर्ने हो ।

हाम्रो विकास आम नेपाली जनताका लागि हो र केहीका लागि मात्रै कदापी होइन । शासकहरू शक्तिमा हुने व्यवस्था, एउटा समुदाय, वर्ग, जाति, भाषा, धर्म, क्षेत्र विशेष अगाडि बढ्ने व्यवस्था हुनुहुँदैन । हामीले संघर्ष गरेर कुनै व्यक्ति वा समुदाय विशेषको हालीमुहाली ल्याउन खोजेको होइन । विशेषाधिकार हुने व्यवस्था हामीले ल्याउन खोजेको होइन । हामीले त्यो ल्याउनुपर्दैनथ्यो, त्यो त पहिल्यै थियो नि । राणा शासन, राजतन्त्रात्मक प्रणाली, पञ्चायती तानाशाही र त्यसभन्दा अगाडिका सामन्ती व्यवस्थाहरूमा त्यस्तै त थियो नि । त्यतिमात्र होइन त्यसभन्दा अगाडिको दासयुगमा पनि त्यस्तै विभेद र अन्याय अत्याचार थियो र अझ बढी नै थियो । हिजो अन्यायपूर्ण भनेर जसका विरूद्ध हामी सचेत हुन चाहिरहेका छौं, जुन व्यवस्थालाई समाप्त पार्न चाहिरहेका छौं, अन्यायी, अनुपयुक्तहरूलाई समाप्त पारेर नयाँ व्यवस्था ल्याउने कुरामा सम्पूर्ण नेपाली जनता लाग्नुपर्छ । धर्म, संस्कृति, भाषा-भाषी, क्षेत्र, वर्ण र समुदाय सबैलाई समान अधिकार र अवसर प्रदान गर्ने व्यवस्था हामीले स्थापित गर्नु पर्दछ ।

**अहिले संसारका राजनीतिक प्रणालीहरूमध्ये दुईवटा प्रणाली प्रमुख रूपमा प्रतिस्पर्धामा रहेका छन् । तिनका ऐतिहासिक कारणहरू पनि रहेका छन् । जब दासयुग पार गर्दै समाज अगाडि बढ्यो आम रूपमा दुनियाँभरि नै सामन्ती राजतन्त्रात्मक प्रणालीहरू आए । ती सामन्ती प्रणालीहरूले जनतालाई रैती बनाए । एउटा सामन्ती घरानामा अधिकार थुपारेर जनतालाई भने अधिकारबाट बञ्चित गर्ने परिपाटीहरू लादियो ।**

वास्तवमा, विकास गर्नु मात्र पर्याप्त हुँदैन । बरू उपलब्धिको प्रतिफल कसले प्राप्त गर्‍यो ? प्रतिफल प्राप्त गर्ने तहसम्म जनता पुग्न पाउने कि नपाउने ? सक्ने कि नसक्ने ? विश्वविद्यालय होला तर त्यहाँ जनताले छोराछोरी पढाउन सक्छन् कि सक्दैनन् ? समान अधिकार सैद्धान्तिक रूपमा होलान् तर व्यवहारिक रूपमा ती समान अधिकारसम्म पुग्ने र तिनको प्रयोगको अवस्थासम्म पुग्ने अवस्था छ कि छैन ? सबैलाई खान–लाउन पाउने, आवास बनाएर बस्न पाउने, स्वास्थ्य उपचार गर्न पाउने, छोराछोरी पढाउने अधिकार होलान् तर त्यो व्यवहारमा हासिल हुन्छ कि हुँदैन त्यो चाहिँ महत्वपूर्ण कुरा हो । यदि शिक्षालय पठाउने अवस्था बनाउन सकिँदैन वा दिइँदैन भने, स्वास्थ्य उपचार गर्ने अवस्था दिइँदैन भने, घर बनाउने अवस्था दिइँदैन भने, खानेलाउने अवस्था दिइँदैन भने, तिमीलाई अधिकार छ भनेर तोकिदिनु झुठो, बेइमानी र ठग कुरा हो । यस्ता ठग कुराले समाज वा जनताको जीवनमा यथार्थ परिवर्तन आउँदैन । जुन हामीले चाहेको होइन । हामीले चाहेको भनेको जनताको यथार्थ जीवनमा परिवर्तन ल्याउनु हो । जनताको जीवनस्तर उकास्नु र जीवनलाई सहज र खुशी बनाउनु पनि हो ।

अहिले संसारका राजनीतिक प्रणालीहरूमध्ये दुईवटा प्रणाली प्रमुख रूपमा प्रतिस्पर्धामा रहेका छन् । तिनका ऐतिहासिक कारणहरू पनि रहेका छन् । जब दासयुग पार गर्दै समाज अगाडि बढ्यो आम रूपमा दुनियाँभरि नै सामन्ती राजतन्त्रात्मक प्रणालीहरू आए । ती सामन्ती प्रणालीहरूले जनतालाई रैती बनाए । एउटा सामन्ती घरानामा अधिकार थुपारेर जनतालाई भने अधिकारबाट बञ्चित गर्ने परिपाटीहरू लादियो । त्यसका निम्ति विभिन्न ठाउँहरूमा विभिन्न विधिहरू अपनाएर केही समाजलाई

वर्णाश्रम व्यवस्थामा ढालेर थितीका नाममा चरम विभेद, अपमानजनक र अमानवीय स्थितिको सिर्जना गरेर शासकलाई दीर्घजीवी बनाउने कोशिस गरियो। केहीले अरू प्रकारका प्रबन्धहरू गरे। कसैले धार्मिक, जातीय, भाषिक, क्षेत्रीय भेदलगायतका अनेक भेद र भिन्नताहरूमा जनतालाई ढाँटेर आफ्नो शासन सुदृढ गर्ने कुरा गरेर सामन्ती शासन प्रणाली अगाडि बढाए। सामन्ती प्रणाली जाति विशेषको प्रणाली होइन। सामन्तवाद एउटा जाति विशेषले भूगोल विशेषमा मात्र अपनाएको प्रणाली होइन। मंगोलियामा पनि सामन्ती प्रणाली थियो। त्यहाँ बाहुन थिएनन्। क्षेत्री पनि थिएनन्। चीनमा पनि क्षेत्री बाहुन थिएनन्। अरबमा पनि पण्डित छैनन्। दक्षिण अफ्रिकामा पनि क्षेत्री, बाहुन, पण्डित भएर त्यहाँ सामन्ती प्रणाली भएको होइन। सामन्ती प्रणाली एउटा विकासक्रमको स्तरमा, ज-जसले जहाँ-जहाँ शक्ति आर्जन गर्न सके त्यहाँ–त्यहाँ सामन्त वर्गको शासनको रुपमा स्थापना भए।

नेपाल र भारत जस्ता देशहरूमा खासगरी आर्य मूलका क्षेत्री र बाहुनहरू अगाडि बढे। अरू भू–भागमा फेरि यही कुरा भएन। हामीले विश्वव्यापी रूपमा यी प्रचलनलाई एउटा जाति विशेष या समुदाय विशेषमा जोडेर हेऱ्यौं भने त्यो साँचो होइन। तर, जे होस्, त्यो व्यवस्था जे सुकै होस् त्यो सामन्ती व्यवस्था, अन्यायमा आधारित र अनुपयुक्त व्यवस्था थियो। बिस्तारै जन्मसिद्ध श्रेष्ठताका नाउँमा अवैज्ञानिक, निराधार र तर्कले पुष्टि गर्न नसक्ने अन्धविश्वास, अशिक्षा र पाखण्डी सिद्धान्तहरूमा आधारित व्यवस्था लादियो। पारिवारिक शासन, पैत्रृक पारिवारिक उत्तराधिकारको प्रणालीजस्ता कुराहरूको व्यवस्था गरियो। विकासक्रममा जब व्यापारिक र औद्योगिकरणले फड्को मार्‍यो, सामान्तवाद धरमराउने अवस्था बन्यो, सामन्तवादले समाजको अग्रगतिलाई रोक्न सक्ने अवस्था रहेन। सामन्तवादभित्रबाट व्यापारिक र औद्योगिक विकास हुन थाल्यो, त्यसपछि मात्रै पूँजीवाद जन्मियो र त्यो वर्गले आफू पनि सम्पन्न भएपछि उसले त्यो सम्पन्नता र त्यसले निर्माण गरेको शक्तिको आडमा शासन र अधिकारमा आफ्नो पनि हिस्सा खोज्यो। यसरी सम्पन्न वर्गले शासनमा आफ्नो हिस्सा खोजेको हुनाले स्वाभाविक रूपमा जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा आधारित वंशानुगत राजतन्त्रात्मक प्रणालीलाई चुनौति दिँदै राजनीतिक स्वतन्त्रताको पक्षपोषण गर्न थाल्यो। पूँजीपति वर्गलाई खानेको समस्या थिएन। भात, रोटी-ढिंडो कहाँबाट खाऊँ भन्ने समस्या थिएन। त्यो सम्पन्न वर्ग थियो। त्यो वर्गले वा भनौं पूँजीपति वर्गले शासनमा सामन्ती र जमिन्दार वर्गले सम्पन्नताको आधारमा शासन सञ्चालन गर्छ भने हामी पनि सम्पन्न छौं र हाम्रो पनि शासनमा सहभागिता हुनुपर्छ भनेर राजनीतिक स्वतन्त्रताको र प्रतिस्पर्धाको कुरा अगाडि बढायो। यसरी सामन्तवाद र पूँजीवादको लडाईं भयो। सामन्तवादभन्दा बढी प्रगतिशील भएको हुनाले आम जनता र श्रमिक वर्गले पूँजीवादी राजनीतिक स्वतन्त्रताको पक्षलाई समर्थन गरे। पूँजीवादी आन्दोलनमा यसकारण सर्वहारा–श्रमजीवी वर्गको पनि हिस्सा रह्यो। जुनसुकै जाति, भाषा, धर्म, संस्कृतिको समुदाय र जुनसुकै भेकको भए पनि सामन्तवादभन्दा बढी प्रगतिशील भएको हुनाले उनीहरु आन्दोलनमा लागे। उदारखालको पूँजीवादी, प्रतिस्पर्धात्मक कुराहरूले ठाउँ पाए जसलाई हामीले पूँजीवादी लोकतन्त्र भन्ने गरेका हौं। त्यो पूँजीवादी राजनीतिक प्रणाली एउटा सशक्त र नयाँ प्रणालीको रूपमा विजय हासिल गर्दै दुनियाँमा स्थापित भयो।

**नेपाल र भारत जस्ता देशहरूमा खासगरी आर्य मूलका क्षेत्री र बाहुनहरू अगाडि बढे। अरू भू–भागमा फेरि यही कुरा भएन। हामीले विश्वव्यापी रूपमा यी प्रचलनलाई एउटा जाति विशेष या समुदाय विशेषमा जोडेर हेऱ्यौं भने त्यो साँचो होइन। तर, जे होस्, त्यो व्यवस्था जे सुकै होस् त्यो सामन्ती व्यवस्था, अन्यायमा आधारित र अनुपयुक्त व्यवस्था थियो।**

आजको दुनियाँमा केही सय वर्षदेखि छिपिँदै आएको र आज पनि सशक्त प्रणालीको रूपमा रहेको भनेको राजनीतिक स्वतन्त्रता सहितको व्यवस्था हो। समयक्रममा पूँजीवादी वर्गले नेतृत्व गरे पनि आम श्रमजीवी वर्ग जो त्यस आन्दोलनमा सहयोगीका रूपमा थिए, त्यसलाई सहयोग गर्न मजबूत शक्तिको रूपमा सहभागी थिए, तिनका समस्या ज्यूँकात्यूँ रहे। खाने, लाउने, बस्ने, शिक्षा, स्वास्थ्यलगायतका आधारभूत समस्याहरू पूरा भएनन्। त्यसकारण पूँजीवादको राजनीतिक स्वतन्त्रतासहितको लोकतान्त्रिक भनिने प्रणालीले सिङ्गो समाजको प्रगति र समस्या समाधानको व्यापकतालाई समेट्न सकेन। त्यसले गर्दा श्रमजीवी, श्रमिक र उत्पीडित वर्गको जीवनस्तर माथि उठ्न सकेन। खान, लाउन नपाउने वर्ग वा समाजमा सबैभन्दा ठूलो हिस्सामा रहेको प्रताडित वर्ग लोकतन्त्रभित्र पनि जस्ताकोतस्तै रह्यो।

आधारभूत आवश्यकताकै परिपूर्ति हुँदैन भने त्यस स्वतन्त्रताको के काम ! खान पाएको छैन भने राजनीतिक स्वतन्त्रता के गर्ने ? लाउन, बस्न, शिक्षा आर्जन गर्न पाएको छैन, स्वास्थ्य उपचार गर्न पाएको छैन, गरिवी चरम छ तर

रोजगारी छैन, अन्यायमा परे पनि न्याय छैन भने त्यस्तो ठाउँमा कानुनको दृष्टिमा सबै समान छन् भनिदिएर के गर्ने ? एउटा ठूलो महलमा बस्छ तर अर्काको सम्पत्ति छैन । कमाएर बस्न पाइन्छ भनिदिएको छ, पूँजीपति बराबर सम्पत्ति एउटा मजदुरले कहाँबाट बनाउने ? यी सबै उपयुक्त कुरा होइनन् । त्यसकारण पूँजीवादमा राजनीतिक अधिकार र प्रतिस्पर्धाको प्रणाली तुलनात्मक रूपमा ठीक भए पनि आमजनताका समस्या सम्बोधन गर्न उपयुक्त भएन । तसर्थ, सर्वहारा-श्रमजीवी वर्गको विचार, तिनीहरूलाई असमानताबाट मुक्त गर्ने विचार, राष्ट्रहरूलाई थिचोमिचो र उपनिवेशबाट मुक्त गर्ने विचार, कमैया, दास, जहाँ–जहाँ जो जो अन्याय र अत्याचारमा परेका छन्, तिनीहरुलाई मुक्ति र उन्मुक्त रूपमा सामाजिक समृद्धिको जीवन दिने बिचार आयो । जसलाई हामी कम्युनिस्ट विचार वा आन्दोलन भन्छौं ।

पूँजीवादले आफ्नो समयमा आफ्नो खालका केही प्रगतिमूलक कुरा गऱ्यो । जन्मसिद्ध श्रेष्ठताका आधारमा शासक हुने पाखण्डी सिद्धान्तलाई स्थापित गर्न सामन्तवादले खोजेको थियो तर त्यसलाई झट्कारेर पूँजीवादले प्रतिस्पर्धाको प्रणाली ल्यायो । त्यसले अन्धविश्वास भन्दा तर्क गऱ्यो । तर त्यसले आमजनताको समस्या समाधान गर्न नसकेको हुनाले, त्यसका लागि, गरीबहरूका लागि न्याय र समानताको सिद्धान्त ल्याउनुपर्ने भयो । आज केही मान्छेहरू कुरै नबुझी कहींकहीं धक्का पायो, कतैका प्रयोगहरू अनुपयुक्त वा गलत भए भनेर कम्युनिस्ट सिद्धान्तविरूद्ध नै आक्रमण गर्न खोज्छन् । कम्युनिस्टहरूका विरोधीहरूलाई भन्न चाहन्छु- मेरो विरोधीले मैसँग लड्यो भने मलाई पराजित गर्न पनि सक्छ । तर मेरो विरोध गर्ने नाममा कम्युनिस्ट आन्दोलनको विरोध गऱ्यो भने त्यो समाप्त हुन्छ । मसँग रिस उठेर मार्क्सवादसँग सिङ जोड्न जान्छ भने के मार्क्सवादसँग सिङ जोडेर पार लाग्ला त बिचराको ? अहिलेसम्मका सम्पूर्ण वैज्ञानिक खोज अनुसन्धानहरूले मार्क्सवादी दर्शनको खण्डनका निम्ति तर्क फेला पारेनन् बरु त्यसलाई पुष्टि नै गरे । मार्क्सवादसँग ती पराजित भए । विज्ञानसम्मत, आधुनिक र सामाजिक मूल्यहरूमा आधारित मार्क्सवादको समाज रूपान्तरण र व्यवस्थापनको सिद्धान्तसँगै सिङ जोडाउनेहरु पराजित भएका छन् । अर्थात् त्यस्ताको सिङ फुक्लिने मात्रै होइन, ठूटो पनि रहँदैन ।

वास्तवमा कम्युनिस्ट आन्दोलन कतिपय असफलता, गलत प्रयोग, गलत बुझाइका कारणले कतिपय ठाउँमा असफल भएको होला । तर त्यत्तिकै भरमा मार्क्सवादी दर्शनको सहीपना र समतामूलक र समृद्ध समाज निर्माणको मार्क्सवादी सिद्धान्तको उद्देश्य गलत हुनै सक्तैन । भन्न खोजेको के हो भने कम्युनिस्ट आन्दोलन एउटा सही र सशक्त विचार बोकेको शक्ति हो । त्यसैले यो अर्को एउटा नयाँ र प्रभावकारी धार र विकल्पका रूपमा अगाडि आएको छ । अहिलेका दुनियाँका सामाजिक आन्दोलनका मुख्य धारहरू यिनै हुन् । यीनका छेउछाउमा अरू पनि केही प्रवृत्तिहरु देखापर्ने गरेका छन् । उल्का जब कुद्छ त्यसका झिल्काहरू छेउछाउ र पछिपछि कुद्छन् । कहिले कहिले एकदम निष्पट अँध्यारो छ भने एउटा कोठाको बत्ती बाल्नुस्, अर्को कोठामा अलि अलि उज्यालो आउँछ । त्यहाँ बत्ती बलेको हुँदैन तर अर्को कोठाको प्रकाश भित्रिइरहेको हुन्छ । यस्तै, कम्युनिस्ट र लोकतान्त्रिक आन्दोलन भनेका उज्यालोले छेउछाउमा केही उज्याला कुरा देखिन्छन् । कोही परावर्तक भएर त कोही सोझै उज्यालो भएर गएका हुन्छन् । तर अरू जति आन्दोलन छन् दुईवटा आन्दोलनका सहउत्पादनहरू हुन् । कतिपय यसभित्र रहेका विकृत, गलत बुझाइ र प्रयोगका मान्यताहरू पनि रहेका छन् । तर यति व्यापक, व्यवस्थित र सही मार्क्सवादी धाराको प्रयोग भइसकेपछि पनि अनेकौं कारणहरुले गर्दा कतिपय विगतका व्यवस्थाहरूले थोपरेका अभिसाप र विकृतिहरू अझै पूर्ण रुपमा समाप्त भैसकेका छैनन् । बरु समाप्त हुने क्रममा अनेक विकृत छटा देखाएर दुःख दिइरहेका छन् ।

**म ४६ वर्षदेखि कम्युनिस्ट आन्दोलनमा लागेर कार्यकर्ताका रूपमा काम गरिरहेको छु । विगत ४३–४४ वर्षदेखि पूर्णकालीन कार्यकर्ताको रूपमा काम गरिरहेको छु । तर आज म लोकतान्त्रिक जनजाति महासंघको कार्यक्रममा छु । यो जनजाति महासंघ किन चाहियो ? मार्क्सवाद पर्याप्त छ । छैन भन्ने होइन ।**

म ४६ वर्षदेखि कम्युनिस्ट आन्दोलनमा लागेर कार्यकर्ताका रूपमा काम गरिरहेको छु । विगत ४३–४४ वर्षदेखि पूर्णकालीन कार्यकर्ताको रूपमा काम गरिरहेको छु । तर आज म लोकतान्त्रिक जनजाति महासंघको कार्यक्रममा छु । यो जनजाति महासंघ किन चाहियो ? मार्क्सवाद पर्याप्त छ । छैन भन्ने होइन । तर पनि कतिपय हाम्रा विगतका प्रणाली र व्यवस्थाहरूले थोपरेका अभिसाप र अनुपयुक्त व्यवस्थाहरूलाई हटाउन बाँकी रहेका र तिनका छापहरूका कारणले गर्दा मार्क्सवादी आन्दोलनमात्रै भनेर त पुगेन जुनसुकै मनसायले भए पनि आज दुनियाँमा फेरि एउटा अर्को आन्दोलनको रूपमा पहिचानको आन्दोलन आएको छ, ल्याइएको छ । आज यो मुद्दा उठ्नु पछाडिका

कारणहरुलाई सम्वोधन गरेर हामीले यसको समाधान दिनु जरुरी छ ।

पूँजीवादी लोकतान्त्रिक राजनीतिसँग, समाजवादी प्रगतिशील राजनीतिसँगै अर्को एउटा पहिचानको राजनीति आएको छ । यसलाई हामीले कम्युनिस्ट आन्दोलनका विरूद्ध बुझ्नु हुँदैन । यहाँ कतिपयले कम्युनिस्ट आन्दोलनका विरूद्ध प्रयोग गर्न खोज्छन् र खोजिरहेका छन् । केही मात्रामा प्रयोग पनि गर्लान् तर सम्पूर्णरुपमा त्यसरी प्रयोग गर्ने प्रयास गर्नु दुःस्साहस मात्रै हो । सबैभन्दा पहिले न्याय र समानताको कुरा गर्न कम्युनिस्ट पार्टीले सिकाएको हो । त्यति भन्न सिकाएपछि गाली गर्छन् । तर हामी सन्तोष के गर्छौं भने त्यति भन्न त सिकायौं नि ! अब हिँड्न जानेपछि त हिँड्छ । अलिकति बाटो ठीक भएन, हिंडाई ठीक भएन, रोकियो भने ठेस लागेर लडेपछि थाहा पाउँछ । तर हामी हिंडाई मिल्यो कि मिलेनभन्दा पनि हिँड्न सिकाइयो भन्ने कुरामा खुशी मान्छौं । उफ्रियो भने उ आफैं लड्छ ।

नेकपा (एमाले) बहुदल आएकै छ र निर्वाचन आयोगमा दर्ता गर्न पाइहालिन्छ भनेर दर्ता भएको होइन । उम्मेद्वार पठाइदिएर समानुपातिकमा केही भोट आइहाल्यो भने सभासद् भइपोहालिन्छ भनेर खोलिएको पार्टी पनि होइन । जतिबेला नेपाली समाज अन्धकारमा थियो, जतिबेला असमानता र विभेदमात्रै होइन, जहाँनियाँ राणा शासनको जाँतोमुनी नेपाल थियो त्यस्तो बेलामा ती सबै अनुचित कुराहरुलाई उक्काएर, मिल्काएर, समानतायुक्त एवम् न्यायपूर्ण समाज बनाउँछौं र हरेक जनताको अनुहारमा मुस्कान ल्याउँछौं, सुखी जनताको देश बनाउँछौं भनेर स्थापना भएको पार्टी हो । बलिदान र योगदानले परिस्थितिमा ल्याएको फेरबदलबाट कतिपय साथीहरु अहिले हाम्रा माननीयहरू परिस्थिति बन्दा मन्त्री बन्नुपर्छ, मन्त्रीको कार्यभार सम्हाल्नुपर्छ । नभएकाहरूलाई पनि भएकाहरू देख्दा हुनमन लाग्नु स्वाभाविक हो । तर, अहिले जो साथीहरू यहाँ हुनुहुन्छ, सायद राजनीतिमा लाग्दा मन्त्री हुँला भनेर होइन, यो देश बनाउँला भनेर लाग्नुभएको हो । परे ज्यान दिन्छु तर देश बनाउँछु भनेर लाग्नुभएको छ । जसरी पनि जोगिएर र चलाखिले पद प्राप्त गर्छु भनेर लाग्नुभएको होइन । त्यसैले यो पार्टी अन्धकार युगमा झुलो चकमक पारेर आगोको झिल्का निकाल्ने बेलामा जन्मिएको पार्टी हो । आज मानिसले जुन उज्यालो दन्दनाएको देखेका छन्, यस पार्टीको धेरै रगत, निर्वासन, भूमिगत र धेरैले मुद्दा मामिला खेपेर, धेरैका सिउँदा पुछिएर र काख रित्तो पारेर र बलिदानपछि अहिलेको राप, ताप र अहिलेको उज्यालो ज्योती, सम्भावना र अहिलेको उपलब्धि देख्न पाएका छन् ।

**पूँजीवादी लोकतान्त्रिक राजनीतिसँग, समाजवादी प्रगतिशील राजनीतिसँगै अर्को एउटा पहिचानको राजनीति आएको छ । यसलाई हामीले कम्युनिस्ट आन्दोलनका विरूद्ध बुझ्नु हुँदैन । यहाँ कतिपयले कम्युनिस्ट आन्दोलनका विरूद्ध प्रयोग गर्न खोज्छन् र खोजिरहेका छन् । केही मात्रामा प्रयोग पनि गर्लान् तर सम्पूर्णरुपमा त्यसरी प्रयोग गर्ने प्रयास गर्नु दुःस्साहस मात्रै हो । सबैभन्दा पहिले न्याय र समानताको कुरा गर्न कम्युनिस्ट पार्टीले सिकाएको हो ।**

अहिले संविधान निर्माणको प्रश्नमा राज्यको पुर्नसंरचना र संघीयताको विषयमा तातो बहस चलिरहेको छ । धेरैले यसमा एमालेको भूमिकाको बारेमा चिन्ता गर्नुभएको मैंले देखेको छु । म अहिले ५ कि ६ वा १४ कि १५ वटा संघ भन्ने कुरामा बहस गर्न चाहन्न । मेरो निम्ति यस वहसमा संख्याको कुराले त्यति अर्थ राख्दैन । मलाई देशको हितको निम्ति र जनताको अधिकार र सुविधाको निम्ति औचित्यपूर्ण संख्या जति भए पनि मञ्जुर छ । नेपाली जनतालाई जतिवटा चाहिन्छ तेतिवटा बनाउनु पर्छ । तर, आधार के हुनुपर्छ ? म कुनै आग्रह बिना नै भन्छु– हाम्रो राज्य पुनःसंरचनाको आधार के हो ? पहिलो कुरा प्रादेशिक आधार कि जातीय आधार ? माओवादीले प्रादेशिक होइन जातीय र त्यो पनि छुट्टिन पाउने आत्मनिर्णयको अधिकार सहितको स्वायत्त शासनबाट एकलजातीय संघको वकालत गरेको छ र अरु संघीयता पक्षधरहरुले भौगोलिक प्रदेशका आधारमा संघको कुरा गरिरहेका छन् । छलफल गरौं । अहिले हामीले जेसुकै भने पनि, जतिसुकै वटा संख्या भने पनि, हाम्रा कतिपय विज्ञहरूले सिंहदरबारमा बसेर प्रायोजित रुपमा जताजता कोर्नुभयो, त्यही नै उपयुक्त छ कि त्यो भन्दा बढी पनि उपयुक्त हुनसक्छ त्यो भने बुझ्नु पर्छ । म कुनै आग्रहमा छैन । किनभने यो देश नेपाली जनताको हो । यो देशको सरकार, शासन नेपाली जनताको शासन हो, नेपाली जनताले चलाउने शासन हो । जसो गर्दा नेपाली जनता शासनमा पहुँच राख्न सक्छ, शासन प्राप्त गर्न सक्छ, चलाउन सक्छ र सबैभन्दा प्रभावकारी ढङ्गले शासन व्यवस्था हाँक्न सक्छ, केन्द्रदेखि स्थानीय तहसम्म सबै ढङ्गले पहुँच र यथोचित सहभागिता हुन सक्दछ, त्यसैगरी राज्यको पुर्नसंरचना हुनसक्छ र हुनुपर्दछ ।

यदि हामीले एउटा 'सेन्टीमेन्टल' कुरा गर्‍यौं र भोट खसाल्न जान नसक्ने ठाउँमा बुथ राख्यौं भने के हुन्छ ? यस्तो ठाउँमा बुथ राख्नुपर्छ, जहाँ उसलाई भोट खसाल्न अनुकूलता हुन्छ । मतदान केन्द्र कहाँ राख्ने भनेर किन

लडाईं गर्ने ? मतदाताले जहाँ भोट खसाल्न सक्छ सकेसम्म त्यहीँ राख्ने । जनतालाई अधिकार सम्पन्न कसरी बनाउन सकिन्छ त्यसै गर्ने । राज्यको पुनःसंरचना पनि त्यसै अनुसार गर्नुपर्छ । धेरै मानिसले स्थानीय साधनस्रोतमाथि आधारित भएर पुनःसंरचना गर्नुपर्छ भनेर भन्छन् । त्यसो पनि होइन । स्थानीय–राष्ट्रिय साधन स्रोत, सम्पत्ति, सम्पदा र उपलब्धिहरूमाथि जनताको पहुँच, पकड र नियन्त्रण हुनुपर्दछ । स्थानीयभित्र नपरेका चाहिँ कसका हुने ? तमाम नेपाली जनताका हुन्छन् । नेपाली जनताको भनेको सामूहिक स्वामित्वको भावना हो । राष्ट्रिय भावना हो ।

म सार्वभौमसत्ता सम्पन्न नेपाली हुँ । एक्लै मैले सार्वभौमसत्ताको कुरा गर्न सक्छु । म नेपालको सरकार बनाउन, परिवर्तन गर्न, भोट जिताउन, हराउन सक्ने मान्छे हुँ । यसर्थ, सार्वभौमसत्ता सम्पन्न भन्ने कुरा सामूहिक भावनाको कुरा हो । समूहमा सबैसँग मिल्दा अधिकार सम्पन्न छु, एक्लै हुँदा कानूनभित्र बस्नुपर्छ । सबै नेपाली जनता हुँदा संविधान फेर्छु, एक्लै हुँदा संविधान मान्छु, सबै हुँदा कानून बनाउँछु, परिवर्तन गर्छु । यदि व्यक्तिगत तवरबाट जाने हो भने मैले मान्छु मात्रै । सगरमाथा मेरो केही पनि गर्न सक्दिन, कोशी मेरो, कुनै ठाउँको पूल मेरो तर मैले केही पनि गर्न सक्दिन । मैले सुरक्षा र संरक्षण गर्न सक्छु तर अनुचित ढङ्गले होइन, कानूनभित्र रहेर गर्न सक्छु । हिमाल मेरो हो, टाढैबाट हेर्छु, मुस्कुराउँछु । म हिमाल चढ्न सक्तिनँ तर त्यो मलाई माया लाग्छ, प्यारो लाग्छ । म त्यहाँ फोहोर नहोस् भन्ने चाहन्छु, दुनियाँ त्यो हेर्न आओस् भन्ने चाहन्छु । तलबाट हेर्नेले डाँडाको डिलमा बसेर हेर्छ, त्यहाँबाट नसक्नेले माउन्टेन फ्लाइटबाट नजिकै गएर हेरून्, चढ्नेहरू शिखरमै जाउन्, २१, २२ पटक चढून्, सकिएन भने फोटो हेर्ने, नक्शा हेर्ने हो । तर मेरो सगरमाथाको टुप्पोमा पुग्नेलाई जति माया लागेको हुन्छ, हामी फोटो हेर्नेलाई पनि त्यत्तिकै माया लागेको हुन्छ । हाम्रो सगरमाथा भनेर वर डाँडाबाट हेर्नेलाई पनि उत्तिकै माया लागेको हुन्छ ।

**कहीँ पनि कुनै जाति, भाषाका नाममा भेदभाव र थिचोमिचो हुनुहुँदैन । सबै जाति, भाषा, धर्म, संस्कृति हरेकले उत्थान गर्न पाउनुपर्दछ । उत्थानको अवसर हुनुपर्छ । त्यसका लागि सहयोग पुऱ्याउने व्यवस्था राज्यले गर्नुपर्दछ । सबैको उत्थानको सन्दर्भमा हाम्रा प्रयासहरू राष्ट्रिय अभियानको उत्थानसँग जोड्नुपर्दछ ।**

यसर्थ प्राकृतिक श्रोत तथा सम्पदा र राष्ट्रिय सम्पत्तिमा सबैको सामूहिक भावना र स्वामित्वको अनुभूति हुने कुरा हो । हाम्रो स्थानीय र राष्ट्रिय साधन तथा स्रोतहरू कत्ति दिनको बाटोभन्दा पर, वस्तीभन्दा टाढाको भएपनि सामूहिक सम्पत्ति हो । हाम्रा हिमालहरू कसले भोगचलन गर्ने ? ती हाम्रा सामूहिक सम्पत्ति हुन् । हाम्रा उपलब्धिहरू, वैज्ञानिक खोज र अनुसन्धान आदिबाट प्राप्त उपलब्धिहरु पनि हाम्रा साझा सम्पत्ति हुन् । यदि राज्य, सरकार वा कुनै हिसाबले नेपालले कुनै कुरामा कुनै रूपमा स्वामित्व, 'प्याटेन्ट' वा रोयल्टी पायो भने त्यो पनि हामी सबैको साझा हो । हाम्रो आकाशलगायत सबै सामूहिक सम्पत्ति हुन् । यिनीहरूमा नेपाली जनताहरूको सामूहिक अधिकारको स्थापना हुनुपर्छ । हाम्रो अधिकार हामीले अधिकतम् रूपमा कसरी प्रयोग गर्न सक्छौं ? हाम्रो शासन, सरोकार र हकदावीको कुरा हरेक नेपालीले कसरी प्रयोग गर्न सक्छ ? हामी नेपाली नागरिकले राज्यबाट पाउने केही कुराहरू हुन्छन्, हामीले पालना गर्नुपर्ने केही कर्तव्यहरू हुन्छन् र सँगसँगै राज्यबाट पाउने सुरक्षाका कुराहरू पनि हुन्छन् । त्यो प्राप्त गर्नुपर्दछ । सुरक्षा कसरी प्राप्त गर्न सकिन्छ त्यसै आधारमा सुरक्षाका लागि प्रहरी चौकी स्थापना हुनुपर्छ । न्याय पाउनका लागि अदालतको व्यवस्था कसरी गर्छौं ? तिनीहरूको पुनःसंरचना कसरी हुन्छ ? नागरिकको पहुँचलाई ध्यानमा राखी यस्ता कुराको व्यवस्थापन गर्नुपर्दछ । अधिकारहरूको सुरक्षा, सम्मानको सुरक्षा र नागरिकले राज्यबाट पाउने हक, अधिकार र सुविधाको सुरक्षा र तिनीहरू कसरी प्राप्त गर्न सक्छौं ? कसरी उपयोग गर्न सक्छौं र कसरी त्यहाँसम्म पुग्न सक्छौं त्यसका आधारमा राज्यको पुनःसंरचना हुनुपर्दछ ।

कहीँ पनि कुनै जाति, भाषाका नाममा भेदभाव र थिचोमिचो हुनुहुँदैन । सबै जाति, भाषा, धर्म, संस्कृति हरेकले उत्थान गर्न पाउनुपर्दछ । उत्थानको अवसर हुनुपर्छ । त्यसका लागि सहयोग पुऱ्याउने व्यवस्था राज्यले गर्नुपर्दछ । सबैको उत्थानको सन्दर्भमा हाम्रा प्रयासहरू राष्ट्रिय अभियानको उत्थानसँग जोड्नुपर्दछ । साम्प्रदायिक विद्वेष हुनुहुँदैन । हामीले तराई र पहाड, पूर्व र पश्चिम, एउटा वा अर्को क्षेत्रको विकासको कुरा गरिरहँदा होस् वा राई, गुरूङ र मगर अथवा चेपाङ र राउटे अनि थारू र अर्का केही जातिको उत्थान गरिरहँदा उत्थानको तँछाडमँछाडमा क्षेत्रीय वा साम्प्रदायिक संकीर्णता वा विद्वेषमा जाँदैनौं भन्नुपर्छ । बरु साम्प्रदायिक सद्भावमा लैजान्छौं भन्न सक्नु पर्दछ । हरेकले उत्थान गर्न पाउनुपर्छ । हरेकले अधिकार पाउनुपर्दछ । राष्ट्रको समग्र विकासमा यी कुराहरुलाई जोड्नुपर्दछ । समतामूलक राष्ट्रिय समाज निर्माणमा जोड्नुपर्छ । यसको अर्थ राष्ट्रिय एकतालाई अझ खँदिलो र

बलियो बनाउनु पर्दछ ।

हामी विलीनीकरणमा जान सक्दैनौं । हामी कतै समाहितमा जान सक्दैनौं । हामी विभाजित हुन सक्दैनौं । राष्ट्र टुक्राउन पाउनुपर्छ भनेर कतिपय मान्छेहरू अत्यन्त गैरजिम्मेवारपूर्ण ढङ्गले बोल्ने गरेका छन् । कुनै राष्ट्रले आफ्नो मुलुक टुक्राउन सक्ने कुरा सोच्न पनि सक्दैन । नेपाल अलिक कलिलै राष्ट्र हो । अरू यसभन्दा कलिला राष्ट्रहरू पनि होलान् । आप्रवासीहरूबाट बनेका राष्ट्रहरू पनि होलान् । भर्खरै नवनिर्मित राष्ट्रहरू पनि होलान् । अलिकति कच्चापन भए पनि नेपाल एउटा राष्ट्र राज्य हो । यो होइन भनेर, थिचोमिचो गरेर, भाग खायो भनेर, यो बनेकै थिएन गयो भनेर नेपाल राष्ट्रको अस्तित्व अस्वीकार गर्ने आपराधिक योजना अन्तर्गत पनि यहाँ काम भैरहेको देखिन्छ । राजा भएको कारणले पृथ्वीनारायण शाहलाई गाली गर्ने र नेपालको एकीकरणलाई औपनिवेशिकरण भन्दै अस्वीकार गर्ने सम्मका प्रयासहरु भैरहेका छन् । यो सुँगौली सन्धीभन्दा अगाडिको समयमा हामी छैनौं । राष्ट्र होइन भनेर घुमाउरो पाराले चुनौती दिने र यो कतै टुक्र्याउन, विलयन गराउन, यो राष्ट्रै नबनेको हैसियतमा बन्नेक्रममा भएको कुरा र त्यस अवस्थामा त्यसो हुनु असहज हुनु होइन भन्ने जुन प्रभाव दिन खोजिँदैछ त्यो जानेर हो कि नजानेर हो तर त्यस्तो ठीक होइन । यस्ता कच्चापनहरू पनि विद्यमान छन् । यसले राष्ट्रको रूपमा अझै आफूलाई थिग्रयाउनुपर्छ, खँदिलो बनाउनुपर्दछ । अब हाम्रा हिमाल र पहाडहरू कलिला छन् तर ती हिमाल नै हुन् । हाम्रा हिमालहरूमा छिटो पहिरो जान्छ के ती पहाडै होइनन् त ? हाम्रो समाज राष्ट्र पनि कलिलो होला । तर पनि यो एउटा राष्ट्र हो । यसलाई टुटाउने-फुटाउने खालका कुरा गर्नुहुँदैन । हिजो सामन्तवादले जुन असमानता र विभेद गऱ्यो, त्यसले मान्छेको मनमा नकारात्मक प्रभाव परेको छ, त्यसलाई दुरूपयोग गरीकन नेपाललाई राष्ट्र नमान्ने, राष्ट्रको हैसियत बनेको नमान्ने र त्यसलाई राष्ट्र बन्ने बिग्रिने सिलसिलाभित्र रहेको, बनिनसकेको, जता जे पनि हुनसक्ने भनेर अस्तित्वमा नै प्रहार गर्ने खालका कुराहरू हुन सक्दैनन् । अहिले यस्ता थुप्रै व्याख्याहरू भइरहेका छन् । यी तर्कसंगत र कामलाग्दा छैनन् । बरु ज्यादै हानिकारक र देश बिरुद्धका कुरा हुन् ।

नेपाल विभिन्न जात–जातिका जनता र हिमाल, पहाड, तराई विभिन्न प्रकारले ढाकेको अनेकौं विविधताले भरिएको मुलुक हो । तर, एउटा कुरा के हो भने हामी सबै नेपाली समान हकअधिकारका भागीदार छौं । कोही बसाईं सराई गरेर आएको होला, कोही दुईसय वर्षअगाडि आयो, पचास, सय वर्षअगाडि आयो, बसाईं सऱ्यो, नेपालमा बस्यो, अन्त उसको कुनै भू–भाग छैन, कुनै देश ठाउँ छैन, क्षेत्र छैन भने के अनि ऊ दोस्रो दर्जाको नागरिक हुनसक्छ र ? निश्चय नै कोही पनि दोस्रो दर्जाको नागरिक हुन सक्दैन । हरेकको बराबर हैसियत छ । कोही बसाईं सरेको होला । बसाईं सरेर आएका आप्रवासीहरु मिलेर बनेका समाज पनि संसारमा छन् । शक्तिशाली अमेरिका एउटा त्यस्तै देश हो । त्यहाँ साम्प्रदायिक कुरा गर्न पनि पाइँदैन । मुख्य रुपमा यूरोप र बाँकी संसारभरीबाट आएका आप्रवासीहरु मिलेर बनेको राष्ट्र अमेरिकामा सबै मिलेर बसेका छन् र त्यहाँ राज्यले समानताको ग्यारेन्टी गर्छ, आ–आफ्ना कुराहरूको संरक्षण र अवलम्बन सबै गर्न पाइन्छ । तर, साम्प्रदायिक कुरा गर्न पाइँदैन । आज हामी एक्काइसौं शताब्दीमा छौं, भूमण्डलीकरणको जमानामा छौं ।

**हामी विलीनीकरणमा जान सक्दैनौं । हामी कतै समाहितमा जान सक्दैनौं । हामी विभाजित हुन सक्दैनौं । राष्ट्र टुक्राउन पाउनुपर्छ भनेर कतिपय मान्छेहरू अत्यन्त गैरजिम्मेवारपूर्ण ढङ्गले बोल्ने गरेका छन् । कुनै राष्ट्रले आफ्नो मुलुक टुक्राउन सक्ने कुरा सोच्न पनि सक्दैन । नेपाल अलिक कलिलै राष्ट्र हो ।**

हामीले हाम्रो समाजलाई विभेदमुक्त बनाउनुपर्छ । कसैलाई अपमानजनक ढङ्गले होच्याउने खालका र असमानताका व्यवहार वा चिन्तन देखाउने कुरालाई निषेध गर्नुपर्छ । त्यस्तो हुन नदिने समाज हामीले निर्माण गर्न खोजेको हो । बिल्कुलै समानतामूलक समाज जहाँ सबै सम्मानित छन्, कसैले पनि होच्याउन पर्दैन र पाउँदैन, त्यस्तो समाज हामीले बनाउन चाहेका हौं । तेरा अधिकार कम भनेर कसैले कसैलाई भन्न सक्दैन । तेरो पुस्तौनी यही पेसा नै अपनाउनुपर्छ, फलानो ठाउँमा तिमीहरूको बसोबास थियो, त्यहीं बस्नुपर्छ भन्ने खालका कुरा हुनसक्दैनन् । हामी समेत सदस्य रहेको संयुक्त राष्ट्र संघले सबै अधिकारको उत्तिकै उपयोग गर्न पाइन्छ भनेको छ र यो हाम्रो सहमति र विश्वासको व्यवस्था हो । यो खालको परिपाटीको साथ हामी पूर्णरुपमा समानतायुक्त समाजमा जान चाहन्छौं । हामीले सबै जाति, भाषा, धर्म, संस्कृतिका जनताको उत्थान, समान अधिकार र समान अवसरयुक्त समाज स्थापना गर्न चाहेका छौं । पहिचानको राजनीति र आन्दोलन सदाबहार रहन्छ भन्ने कुरा होइन । अहिले पहिचानको कुरा आउनुको कारण हिजो सामन्तवादले अत्यन्तै अनुचित, अनुपयुक्त भेदभाव गऱ्यो, असमान व्यवहार गऱ्यो, पछाडि पाऱ्यो, थिच्यो, दबायो भनेर मात्रै आएको हो । केही स्वार्थी तत्वहरुले त्यस विरोध र आक्रोशलाई

दुरुपयोग गर्ने प्रयास गरेका छन् । धमीलो पानीमा माछा मार्न खोज्ने छट्टु तत्वहरुसँग हामीले सतर्क हुनुपर्दछ ।

समाजमा छुवाछुतजस्ता विभेदयुक्त कुरा गरेको पाइन्छ । घरभित्र मुसा पस्न हुने, घरभित्र कुकुर- बिराला पाल्न हुने, घरभित्र लामखुट्टे पस्दा नछोइने, भान्सामा भनभनी झिङ्गा घुम्न हुने, झिङ्गाले भातको भाँडो र पस्किएको खाना छुन हुने तर मान्छेचाहिँ दलानबाट भित्र पस्न नहुने ! त्यस खालको अपमान जुन थियो, त्यसले पीडाबोध भएको छ । मान्छेका मनमनमा घाउ छन् । त्यसैले यो पहिचानको राजनीतिलाई एकहदसम्म स्वीकार्नु, एक अवधिसम्म यस घाउलाई पुर्नु, त्यो अविश्वास हटाउन/मेटाउनसम्म जान जरूरी छ । यो सम्बोधन कसरी गर्ने भन्ने कुरा मसिनो गरी जान अहिले मसँग समय छैन । मैंले खाली यहाँ सैद्धान्तिक अवधारणा मात्रै प्रस्तुत गरेको हुँ । हामी मुख्य रूपमा समतामूलक समाज चाहन्छौं । त्यो समाज निर्माण गर्नका लागि हामी अगाडि जान्छौं । देशको सार्वभौमसत्ता, राष्ट्रिय एकता र भौगोलिक अखण्डता कायम राख्ने कुरामा सम्झौता गर्न नसकिने अडान हाम्रो हो । नेपालबाट गरिबी र पछौटेपनजस्ता कुराहरू हटाएर वैज्ञानिक, आधुनिक र सामाजिक सिद्धान्तमार्फत् अर्थात् एमालेको कुरा गर्दा जनताको बहुदलीय जनवाद (जवज) को नीति र कार्यक्रमअनुसार अगाडि बढ्न चाहन्छौं । जो समतामूलक, सामाजिक परिवर्तन, रूपान्तरण र व्यवस्थापनका सिद्धान्तमा आधारित छ । हामी त्यो गर्न चाहन्छौं । जाति–जाति र भाषा–भाषीबीचको लडाईं होइन, सबैको उन्नतिका लागि स्वस्थ्य प्रतिस्पर्धा चाहन्छौं ।

**एउटा कुरा के हो भने मेरो शरीरमा आफ्नै टाउको छ र त्यस टाउकोमा आफ्नै मस्तिष्क छ त्यसकारण कहिले–कहिले अरूले भनेको थपक्क मान्ने कुरा नहुनसक्छ । अरूले भनेको त गाडीले मान्छ । ड्राइभरले जे-जे भन्यो, गाडीले खुरूखुरू मान्छ । किन भनेर गाडीले सोध्दैन । तर आफ्नो एकमात्र टाउको आफ्नो भागमा परेको छ, त्यसभित्र अलिकति गिदी आफ्ना भागमा परेपछि बिचार गरेर कुरा गर्नुपर्‍यो ।**

एउटा कुरा के हो भने मेरो शरीरमा आफ्नै टाउको छ र त्यस टाउकोमा आफ्नै मस्तिष्क छ त्यसकारण कहिले–कहिले अरूले भनेको थपक्क मान्ने कुरा नहुनसक्छ । अरूले भनेको त गाडीले मान्छ । ड्राइभरले जे–जे भन्यो, गाडीले खुरूखुरू मान्छ । किन भनेर गाडीले सोध्दैन । तर आफ्नो एकमात्र टाउको आफ्नो भागमा परेको छ, त्यसभित्र अलिकति गिदी आफ्ना भागमा परेपछि बिचार गरेर कुरा गर्नुपर्‍यो । कहिलेकाहीं साथीहरूसँग कुरा नमिले पनि सहने चाहिँ गर्नुपर्ने जस्तो लाग्छ । सिर्जनात्मक ढङ्गले अगाडि बढौं । यो हाम्रो देश हो, हामीले बनाऔं । अरूले बनाइदिने होइन । शान्तिपूर्ण, न्यायपूर्ण, न्याय र समानतामा आधारित सामाजिक प्रणाली भएको लोकतान्त्रिक राजनीतिक प्रणाली, राष्ट्रिय एकतामा आधारित सुदृढ राष्ट्र, स्वाभिमानी राष्ट्र, स्वतन्त्र राष्ट्र र समृद्ध राष्ट्र बनाऔं ! सबै जनतालाई अधिकारसम्म पुऱ्याउने अवस्थाको सिर्जना गरौं ।

हिजो पछाडि पारिएका, दबाइएका जाति, भाषा, धर्म र संस्कृतिहरूलाई अघिल्लो पंक्तिमा ल्याउने कुरा सही हो । त्यस कुराको अगुवाई हिजोदेखि हामी नै गरिरहेका छौं । समानतामा ल्याउने भनेको अगाडि-पछाडिको लस्करमा हिँड्ने होइन, समान भएर अगाडि बढ्ने हो । त्यो खालको समाज हामी निर्माण गर्न चाहन्छौं । तर त्यसमा हामीले बडो सचेतनता अपनाउनुपर्छ । हाम्रो राष्ट्रको भौगोलिक अवस्था, हाम्रो राष्ट्रप्रति हुनसक्ने बाङ्गा–टेडा दृष्टिकोण र योजनाहरूलाई समेत ध्यानमा राखेर, हाम्रा न्याय र समानताका योजनालाई साकार पार्नेगरी सशक्त, जिम्मेवार, सन्तुलित र सुदृढ आन्दोलनमा जान जरूरी छ । मलाई विश्वास छ– लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ यी प्रश्नहरूमा समग्र नेपाल र नेपालीको व्यापक हित गर्नेगरी अगाडि बढ्नेछ । यस सङ्घले जस्तो अरू कुनै पनि सङ्घले सन्तुलित, वैज्ञानिक, आधुनिक, सामाजिक दृष्टिकोण र हाम्रो राष्ट्रका विशेष अवस्थाअनुसारको राष्ट्रिय दृष्टिकोण अरूले बनाउन सक्दैनन् किनभने यो संघ एमाले निकट र जनताको बहुदलीय जनवाद (जवज) निर्देशित छ । त्यसैले अपेक्षा गरिन्छ यो संघ जसरी अरुले नेतृत्व गर्न सक्दैनन् । अवस्यनै सफलतापूर्वक लोकतान्त्रिक जनजाति महासंघले यसको नेतृत्व लिनेछ । यो आदिवासी जनजातिहरूको सत्रौं आदिवासी जनजाती दिवसको सन्दर्भमा विविध कार्यक्रमहरूका साथ जुन चाडको रूपमा मनाइएको छ, यसलाई म प्रशंसा गर्छु । यसलाई म समर्थन गर्छु । व्यक्तिगत तवरमा समेत मेरो शुभकामना र ऐक्यबद्धता छ । म तपाईंहरूकै साथमा छु । मेरो बल र बुताले भ्याएसम्म के–के गर्नुपर्छ, तयार छु । धन्यवाद ।

*(यो सामग्री नेकपा (एमाले)का स्थायी समिति सदस्य एवं पूर्व उपप्रधानमन्त्रीद्वारा लोकतान्त्रिक आदिवासी जनजाती महासंघद्वारा सत्रौं आदिवासी जनजाति दिवसका सन्दर्भमा आयोजित कार्यक्रममा प्रस्तुत गर्नुभएको विचारमा आधारित रहेर तयार पारिएको हो र अहिले पनि ती विचार सामयिक हुने ठानी यहाँ प्रकाशित गरिएको छ-सम्पादक मण्डल)*

# दक्षिण एशिया, नेपाल र जातीय समस्या



नेपालमा राज्यसत्ताको उदय हुनुभन्दा धेरै अगाडिदेखि अनेक जातीय समुदायका मानिस मेलमिलापसहित यहाँ बस्दै आएका थिए। सुर्खेत, बर्दिया, नवलपरासी, मुस्ताङ, काठमाण्डौं, मोरङ्ग आदि अनेक ठाउँमा भेटिएका हजारौं लाखौं वर्ष पुराना मानविय उपकरणहरू त्यसका प्रमाणहरू हुन्। दक्षिण एशियामा बैदिक आर्यहरूको प्रवेशभन्दा धेरै अघिदेखि विविध जातिको समिश्रणबाट द्रविणजातिको विकास भएको थियो।

■ मोदनाथ प्रश्रित

जातीय विविधता र यसबीच परस्परको सम्बन्धको दृष्टिले विश्वका अरू भागभन्दा दक्षिण एशियाको स्थिति नितान्त भिन्नखालको छ। त्यसमा पनि नेपालको जातीय अवस्था र तिनको अन्तरसम्बन्ध एकदमै फरक चरित्रको छ। यसका पछाडि ऐतिहासिक, भौगोलिक, प्राकृतिक, भौतिक, साँस्कृतिक, धार्मिक आदि अनेक कारण रहेका छन्।

नेपालमा राज्यसत्ताको उदय हुनुभन्दा धेरै अगाडिदेखि अनेक जातीय समुदायका मानिस मेलमिलापसहित यहाँ बस्दै आएका थिए। सुर्खेत, बर्दिया, नवलपरासी, मुस्ताङ, काठमाण्डौं, मोरङ्ग आदि अनेक ठाउँमा भेटिएका हजारौं लाखौं वर्ष पुराना मानविय उपकरणहरू त्यसका प्रमाणहरू हुन्। दक्षिण एशियामा बैदिक आर्यहरूको प्रवेशभन्दा धेरै अघिदेखि विविध जातिको समिश्रणबाट द्रविणजातिको विकास भएको थियो। त्यसबेला रैथाने र नयाँ आउने जातिहरूका बीचमा मेलमिलाप र समन्वय स्थापित गर्ने शिवसंस्कृतिको विकास भइरहेको थियो। त्यस्तो सामन्जस्य नभएको भए यहाँ निरन्तर मानवसमाजको विकासका प्रतिक उपकरणहरू भेटिने थिएनन्। मोहनजोदाडो र हडप्पाजस्ता व्यवस्थित नगर सभ्यताको कसरी विकास हुनसक्थ्यो र ?

नेपाल चार हजार वर्षअगाडिदेखि गणतन्त्रात्मक राज्यको विकास हुन थालेका प्रमाण प्रकाशमा आउदै छन्। त्यसयता राज्य स्थापना सन्दर्भमा महत्वाकाङ्क्षी नायकहरूका बीचमा जति युद्ध चलेपनि अनेक जातिजनजातिहरूको मेलमिलाप र सहचार्य बढ्दै आएको छ। यतिलामो अवधिमा अनेकौं जातीय समुदायले विकास गर्दै ल्याएको घनिष्ठ सद्भाव एवम् साँस्कृतिक र राष्ट्रिय एकताको विकास प्रक्रियातिर २१ औं शताब्दिका राजनीतिक नेताहरूको गम्भीर र प्रर्याप्त ध्यान गएको देखिँदैन। यसबेला जातीय र राष्ट्रिय एकताका संस्कारहरूलाई झन प्रबल बनाउदै जानुपर्नेमा एकअर्कालाई परस्पर भिन्न देखाउने र छुट्याउने प्रवृत्ति देखिनु अत्यन्त दुःखद र खतरनाक कुरा हो।

नेपाल राष्ट्रको आधुनिक गणतन्त्र युगतिर सङ्क्रमणको यस ऐतिहासिक विशिष्ठ परिस्थितिमा विश्वका अन्य भू–भाग र राष्ट्रहरूको तुलनामा दक्षिण एशिया र नेपालका के–के फरक विशेषताहरू छन् भन्ने विषयमा सबको गम्भीर ध्यान जानु आवश्यक छ। म

नेपालका सम्पूर्ण राजनीतिक नेता, बुद्धिजीवी, बिद्धान, चिन्तक र अन्वेशकहरूको ध्यान निम्नलिखित विषयहरूतिर गम्भीर रूपले केन्द्रीत होस् र राष्ट्र सहज रूपले उज्यालो युगतिर अधिबढ्न सकोस् भन्ने हार्दिक अपिल गर्दछु ।

१) युरोप, उत्तरपूर्वी एशिया, अफ्रिका र अष्ट्रेलियामा मानवजातिको उद्‌गमकालका मूल प्रजातिहरूका एक–एक शाखा प्रशाखाहरूको अत्यधिक बहुलता छ । युरोपमा आर्य, पूर्वी एशियामा मङ्गोल, अफ्रिका र अष्ट्रेलियामा निग्रो (आष्ट्रिक) प्रजातिका मानिसहरू अहिले पनि ७० देखि ८० प्रतिशतको हाराहारीमा छन् । एउटै मूलका हाँगाबिगा हुनाले उनीहरूमा आंशिक संस्कृतिक भिन्नता भए पनि दक्षिण एशियाको जस्तो बहुरूपी अवस्था छैन ।

२) दक्षिण एशिया पूर्वी गोलार्द्धका चारै महादेशका अनेक जातीय समुदायहरूको सङ्गम थलो हो । पहिले जल र थल यातायातका विशेष साधन थिएनन् । त्यसबेला युरोप, अफ्रिका, दक्षिण पूर्वी एशिया, अष्ट्रेलियाका मानिसहरू एकअर्को महादेशतिर जाँदा पार गर्नुपर्ने लामालामा बाटाहरू अधिकांश रूपमा दक्षिण एशियाको बीचबाट गुज्रन्थे । किनभने युरोपबाट पूर्वी एशियातिर जान–आउन हिमाली पर्वत श्रेणीभन्दा माथिको बाटो अनेक कारणले दुर्गम थियो । त्यसरी नै अफ्रिका र अष्ट्रेलियाबीचको सागर तर्ने साधन थिएन । चारैतिरका मानिस जब दक्षिण एशिया आइपुग्थे, उनीहरूलाई चारै महादेशतिर जान नजिक र सजिलो पर्थ्यो । चारै महादेशको यस मध्यभागले आगन्तुकहरूलाई यतै बस्न पनि आकर्षित गर्दथ्यो ।

> दक्षिण एशियाको पश्चिमतिर अर्ध–मरुभूमि र पूर्ण–मरुभूमि भएका क्षेत्रहरू इरानदेखि अरब हुँदै उत्तरी अफ्रिकासम्म फैलिएका छन् । यसको उत्तरतिर सबभन्दा अग्लो हिमाली श्रृङ्खला छ । त्यसउत्ता विश्वको छानो भनिने विशाल तिब्बती पहाड छ । त्यहाँ अन्न र हरिया वनहरूको कमीले सघन जनसंख्या बस्न सम्भव छैन ।

३) दक्षिण एशियाको पश्चिमतिर अर्ध–मरुभूमि र पूर्ण–मरुभूमि भएका क्षेत्रहरू इरानदेखि अरब हुँदै उत्तरी अफ्रिकासम्म फैलिएका छन् । यसको उत्तरतिर सबभन्दा अग्लो हिमाली श्रृङ्खला छ । त्यसउत्ता विश्वको छानो भनिने विशाल तिब्वती पहाड छ । त्यहाँ अन्न र हरिया वनहरूको कमीले सघन जनसंख्या बस्न सम्भव छैन । त्यसभन्दा उता मङ्गोलियाको मरुभूमि छ । यिनै कारणले त्यताबाट दक्षिणतिर आउनेहरूका लागि हराभरा दक्षिण एशियाले अत्याधिक मन लोभ्याउनु स्वभाविकै हो । अष्ट्रेलियाको एक–तिहाई भाग पनि मरूभूमिको भएकाले त्यहाँका मानिस पनि दक्षिण पूर्वी एशिया र दक्षिण एशिया आएपछि फर्कन चाहदैनथे । शिरमा विशाल हिमश्रृङ्खला, त्यहाँबाट दक्षिण बग्ने असंख्या नदिनालाहरू, हरिया पर्वत श्रृङ्खला, तराई एवं गङ्गा र ब्रह्मपुत्र नदीका उर्बर मैदानी भागहरूमा आइपुगेपछि घुमन्ते जातिहरू फेरी अप्ठ्यारा स्थलहरूतिर किन फर्कन्थ्ये ?

४) युरोप र रूसका उत्तरी भाग ज्यादै चिसा, बारम्बार वरफले ढाकिने हुनाले कृषि युग त्यहाँको निम्ति बिकट नै थियो । वर्षको प्रायः एकखेती मात्र उब्जने हुनाले त्यहाँ श्रम, दासप्रथा ज्यादै चर्को थियो । तिनीहरूका निम्ति पनि उर्बर र न्यानो ठाउँ प्रिय हुनाले आर्य समुदायका बथान पनि यतातिर आइरहन्थे । तीनैमध्ये बैद्धिक आर्यहरूको समूह पनि थियो । दक्षिण एशियामा फैलिएर हजारौं वर्ष बस्दा गोरा आर्यहरू कालो वर्णमा रूपान्तरित हुँदै जान्थे । यादवलगायतका आर्य मूलका जनगणहरूले आफ्नो प्राचिन पुर्खौली चिनारी चुच्चे नाक, भित्रपसेका आँखा, नरम रौं र शिरको बनावटद्वारा प्रस्तुत गरिरहेका छन् ।

५) यसरी धेरैतिरका मानिस ज्यादै गर्मी र जाडा प्रदेशहरूबाट एशियाका समशीतोष्ण भागतिर बसाई सरेर स्थायी बसोबास गर्दै आएपछि कर्कट रेखको दायाँ–बायाँ कृषि सभ्यताको विकास हुँदै गयो । समयक्रममा विश्वचर्चित सबै धर्मको जन्म पनि एशियाकै विभिन्न क्षेत्रहरूबाट हुँदै गयो । नेपाल र भारतमा शैव बैद्धिक (हिन्दु) र बौद्ध धर्म, इरानमा फारसी धर्म, इजरायलमा यहुदी (हिब्रो), चिनमा कम्फुसियस र ताओ धर्म, भारत (बिहार) मा जैन धर्म, फिलिस्टिनमा इसाई धर्म, अरबमा इस्लाम धर्म, भारत (पन्जाव) मा सिख धर्म जन्मदै गए । स्पष्ट छ– चार महादेशको मिलनस्थान दक्षिण एशियामा सबभन्दा धेरै धर्म जन्मिए । कृषि र बाणिज्य युगको निम्ति महत्वपूर्ण भूमि भएकाले दक्षिण एशिया विश्वको सबभन्दा सघन बहुजातीय क्षेत्र र प्राचिन विश्वसभ्यताको केन्द्रसमेत बन्यो ।

६) एशियाका विभिन्न धर्ममध्ये चिनजस्ता एकजाति

प्रधान समाज र कर्म उर्बर अरबजस्ता पश्चिमी क्षेत्रमा जन्मेका धर्मले जातीय विभेद धेरै जन्माएनन् । तर, चारै महादेशका अनेक जाति, जनजाति भरिएका भारत र नेपालमा जन्मिएको हिन्दु धर्मले बहुजातीय समाजलाई वर्ण व्यवस्था (जातपात र छुवाछूत प्रथा) मा विभाजित गर्दै गयो । धर्महरूको इतिहासमा श्रम र शिल्पको वर्गिकरणको रूपमा स्थापित भएको भएपनि हिन्दु धर्मले समाजलाई ज्यादै बिसमतायुक्त बनाउने नकारात्मक भूमिका खेल्यो ।

७) बैद्धिक धर्म सिन्धु नदीदेखि अयोध्या, काशी हुँदै मिथिल्ला क्षेत्रमा आउदासम्म यसमा जातपातको भेदभाव देखापरेको थिएन । तर, दक्षिण एशियामा जति–जति सघन बहुजातीय समाज बन्दै/बढ्दै गयो, बैद्धिक (हिन्दु) धर्मभित्र जातपातको भेदभाव पनि फैलिँदै गयो । दक्षिण एशियाका निम्ति त्यो विभाजन ज्यादै अभिशापपूर्ण बन्दै गयो । त्यसले एउटै समाजमा ब्रह्माण क्षेत्रीदेखि अछूत भनिने समुदायको समेत बिस्तार गर्दै गयो ।

दक्षिण एशियामा मानवीय चरण कलङ्कको रूपमा यो वर्ण व्यवस्था (जातपात र छुवाछूत) कृषिमा आधारित सामान्तवादी युगसँग अत्यन्त क्रूर र जातीय विभेदकारी रूपमा रह्यो । औद्योगिक विकास र आधुनिक शिक्षाको विस्तारसँगै यसमा क्रमशः शिथिलता आउदै गएको छ । अहिले शिक्षित नयाँ पुस्तामा अन्तरजातीय विवाहको क्रम बढ्न थालेको छ । जातीय विभेद, वर्णव्यवस्था र छुवाछुत प्रथाविरूद्ध जनजागरण बढ्दै गएको छ ।

हिन्दु वर्णव्यवस्थाको सबभन्दा नराम्रो पक्ष के रह्यो भने यसले जातपातको भेदभाव मानवको सोच नभइ इश्वरीय सृष्टिकै क्रमदेखि चल्दै आएको हो भन्ने तर्क दिदै ब्राम्हणोस्य मुखमासित मन्त्र फलाक्दै रहे गुरू पुरोहितहरूले । अशिक्षा र अन्धविश्वासयुक्त मध्ययुगसम्म त्यो विश्वास समाजमा कट्टर रूपमा रह्यो । आधुनिक शिक्षा र औद्योगिक क्रान्तिले सबै जातजातीलाई एकै ठाउँमा घुलमिल गराउदै ल्याउन थालेपछि भेदभाव घट्दैछ र समयक्रममा समाप्त हुनेछ ।

नेपालमा अहिले शिक्षा क्षेत्रको विस्तार हुदै गएको छ । विज्ञान शिक्षा पनि क्रमशः अगाडि बढ्दैछ । यसबेला नेपाल क्रान्तिका तीन चरण पार गरी लोकतान्त्रिक गणतन्त्र युगमा आइपुगेको छ । यस्तोबेला जातीय भेदभाव र वर्णव्यवस्थाको संकीर्णता क्रमशः घटदै जानुपर्ने हो । तर लामो विगतमा वर्णव्यवस्थाद्धारा खानपानमा भेदभांव र उचनिचका साथै छुवाछुतको व्यवहार समेत हजारौं वर्ष कायम रहेको कारणले अहिलेसम्म पनि हेपिनेहरूमा तिव्र आक्रोस बाँकी नै छ ।

वर्ण व्यवस्थाले हिन्दु धर्मभित्रका जातपातको बीचमा मात्र भेदभाव गरेको होइन । यसले हिन्दु धर्मदेखि बाहिरका जाति र अरू धर्म मान्नेहरूमाथि पनि भेदभावको व्यवहार गर्दै आयो । मङ्गोल र आष्ट्रिक मूलका मानिसहरूलाई मात्र होइन, हिन्दु धर्मबाहिरका विशुद्ध आर्य मुलका युरोप र पश्चिम एशियावासी गौरांगहरूलाई पनि ब्राह्मण क्षेत्रीयहरूले आफूभन्दा तल्लो जात या स्तरको रूपमा हेर्दै आए । त्यतिमात्र हैन, सुरूमा उनीहरूले जैन र बौद धर्म मान्नेहरूलाई पनि ईश्वर नमान्ने नास्तिक भनेर विरोध गर्दै आए । उनीहरूको सङ्किर्णताले यहाँसम्म भन्यो- 'यवन (पहिलेको युनानी र पछिको अरबी या ईस्लाम धर्मीले प्रयोग गर्ने भाषा) नबोल्नु, जैन मन्दिरमा नजानु' आदि ।

यस्ता कुरा विश्वव्यापी मानव समुदायको परस्पर चिनाजानी र साहचार्य हुन नसकेको प्राचिन र मध्ययुगीन संकीर्ण विचारका परिणाम हुन् । यता संकिर्णता र रूढिबादी विचार हिन्दु धर्ममा मात्र हैन, यहुदी, इसाई, इस्लाम आदि विभिन्न धर्ममा पनि थिए र छन् । धार्मिक द्वैषकै कारणले शतान्दियौसम्म यहुदीहरू विना राष्ट्रका भएर विश्वभरि छरिन बाध्य भए । अहिले पनि मध्य पूर्वका यहुदी र मुसलमानहरूको तिव्र द्वन्द हामी देखिरहेछौं । ईसाइहरूको क्याथोलिक र प्रोटेस्टेन्टहरूका द्वन्द्व र मारकाट विख्यात छन् । ईस्लामभित्र सिया र सुन्नीहरूका चरम द्वन्द्व र हत्याका समाचार हामी सुनिरहेका छौं ।

सबभन्दा शान्तिपूर्ण मानिने बौद्ध धर्मभित्र पनि स्थवीर यान, महायान र बज्रयानका चिन्तन, आस्था र आचरणमा कति ठूलो अन्तर देखिन्छ । यी सबै कुरा मध्ययुगसम्मको जातीय, धार्मिक र बैदेशिक सङ्कीर्णताका उपज हुन् । हामी अनेकौं जाती जनजाति समन्वित हुदै गएर ठूल्ठूला राष्ट्रका रूपमा परिणत भइरहेको युगमा छौं । त्यति मात्र होइन, विकसित युरोपेली राष्ट्रहरू मिलेर एउटै युरोपेली संघ बनाइरहेको नवीन लोकतान्त्रिक युगमा छौं । हामी विश्वका सम्पूर्ण राष्ट्र मिलेर बनेको

दक्षिण एशियामा मानवीय चरण कलङ्कको रूपमा यो वर्ण व्यवस्था (जातपात र छुवाछूत) कृषिमा आधारित सामान्तवादी युगसँग अत्यन्त क्रूर र जातीय विभेदकारी रूपमा रह्यो। औद्योगिक विकास र आधुनिक शिक्षाको विस्तारसँगै यसमा क्रमशः शिथिलता आउदै गएको छ।

संयुक्त राष्ट्र संघमा सूर्यचन्द्र अंकित झण्डा फहराएर सगरमाथा, लुम्विनी, जनकपुर आदिको सिङ्गो नेपाली राष्ट्रिय भावना प्रतिबिम्बित भएको युगमा छौं ।

अर्कातिर हामी एक अर्ब र डेढ अर्ब जनसङ्ख्या बोकेका, विकासको क्षेत्रमा सिङ्गै विश्वसित प्रतिस्पर्धा गर्न लागेका भारत र चीनजस्ता दुई ठूला राष्ट्रको बीचमा छौं । हामीले दक्षिण एशियाका देशहरू मिलेर सार्क संगठन बनाइसकेका छौं । त्यसमा चीनलाई पनि सामेल गर्नुपर्छ भन्ने भावना बढिरहेको छ । विश्वका विकसित मुलुक अन्टार्कटिका द्वीपमा बस्ती बसाउने मात्र हैन, चन्द्रमा र अन्य ग्रहमा समेत बस्ती बसाउने सोचसहित योजनामा लागिरहेछन् । अनन्त अन्तरिक्षमा अनेक सम्भावना खोज्न सयौं उपग्रहहरू उडिरहेका छन् । यस्तो अन्तरराष्ट्रिय र अन्तरग्रहीय युगमा हाम्रो देशमा भने एकदमै अचम्मको उल्टो स्थिति देखा पर्दैछ । आफूलाई विश्व सर्वहारा वर्गको एकताका संवाहक मान्ने र भविष्यमा विश्वको एउटै राज्य हुनुपर्छ भन्ने मार्क्स र माओका कथित शिष्यहरू नेपालमा भने आफैले जनजाती ( कविला) भन्दै आएका विभिन्न जातीका गणराज्य स्थापना गर्ने कर्नाल फुक्दै नेबार, मगर, गुरूङ, थारू, लिम्बु, राई आदिका राज्य घोषणा गर्दै आफै सहभागी भएको संविधान सभालाई ठूलो चुनौति दिदैछन् ।

नेपालका सम्पूर्ण जातजाति र विभिन्न क्षेत्रका जनताले युगौंदेखि विकास गर्दै ल्याएका भाषा, संस्कृति, शील्प, कला, वेद, उपनिषद, दर्शन पुराण, तन्त्रशास्त्र, आर्युविद, योग, मुन्धुम आदि आदि सम्पूर्ण गौरवशाली कुरा सबै नेपालीका साझा सम्पति हुन्। तिनको संरक्षण, विकास, परिस्कार गर्नैपर्छ।


विभिन्न जातिका नेपालीहरूले अहिले आ-आफ्नो छुट्टै राज्य पाइन्छ भनेर व्यर्थैमा फुर्किने बेला हो कि, पहाड-मधेस छुट्टयाउनुपर्छ भनेर नेपाल आमाको छाती चिर्नेबेला हो कि, सम्पूर्ण नेपाली जनता एकजुट भएर नेपालका सम्पूर्ण विशेषताहरूलाई पूरै उपयोग गरी छिटो भन्दा छिटो राष्ट्रलाई विकासको सगरमाथातिर उकाल्न अधिकतम प्रयत्न गर्नुपर्ने समय हो ? संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रलाई एक्काइसौ शताव्दीमा कविला युग र क्षेत्रीय भावनातिर फर्किन भड्काएर नेपाली जनता जुधाइ आफ्नो अस्तित्वको सर्वनाश गर्ने दुर्बुद्धि कसले दियो ?

माथि गरिएको ऐतिहासिक निरीक्षणले स्पष्ट पार्छ, दक्षिण एशिया र विशेष गरी नेपाल यति धेरै जातजातीको सघन मिश्रण र समन्वयबाट बनेका छन्, जसलाई कसैले छुट्याउनै सक्दैन । यदि यसलाई केस्रा-केस्रा छुट्टयाउन थाले नेवारभित्र तीन दर्जन जात, गुरूङमा बीस जात, राईमा पच्चीस भाषाभाषी, थारूमा कठरिया, दँगौरिया, राना आदि ब्राम्हणमा पूर्णिया, कुमाई, मैथिल भूमिहार आदि दर्जनौ समूह भेटिनेछन् । यी सबलाई विभाजित गर्न खोज्नु आफ्नै शरिरका अङ्गहरूलाई काटेर अलग-अलग पारी लौ स्वतन्त्र रूपले काम गर भन्ने निर्देशन दिनुजस्तै हो । नेपालमा अहिले हरेक जातजातिले आफूलाई आदिवासी जनजाति भनी घोषित गर्दै मान्यताको माग गर्ने होड नै चलेको छ । आश्चर्य छ, त्यस होडमा आफूलाई मङ्गोल (मङ्गोलिया) मूलका भन्ने गुरूङ र लिम्बुहरू, तीन दर्जन जाती मिलेर नेपालको आर्थिक, व्यापारिक क्षेत्र समाल्दै आएका नेवारहरू, अनेकौं जात थर मिसिएर बनेका बाहुन–क्षेत्रीहरू पनि पछि परेनन् । यो सङ्किर्णता बढाएर सबलाई छिन्न–भिन्न पार्ने श्रेय प्रचण्ड र बाबुरामलाई इतिहासले अर्पित गर्नेछ । यी दुई नेतालाई धाप दिनेहरूमा नेपाली सँस्कृति ध्वस्त पार्न चाहने पश्चिमी मिसनरीहरू, नेपाललाई रणभूमि बनाएर तिब्बतमा दलाई लामाको राज्य स्थापना गरी चीन फुटाउन खोज्नेहरू, अङ्ग्रेजी शासनकालदेखिको उपनिवेशी हैकम फेरि भारतका हातमा पार्न चाहनेहरूको प्रत्यक्ष र परोक्ष प्रयत्न रहेको कुरामा कुनै शङ्का छैन । यो कुरा बुझ्न नसक्ने नेताहरू महाकवि देवकोटको शब्दमा 'यो नबुझ्ने लिडर भेडा' नै हुन् । पूर्वजको वीरताले सुम्पेको बनिबनाउ राष्ट्र छिया-छिया पारी अन्त्यहिन गृहयुद्ध चलिरहने स्पष्ट लक्षण प्रकट हुँदासम्म पनि गाँजाको नशामा लठ्ठिएजस्तै जातीय राज्यका नक्सा कोर्ने नेता नामधारी महाहुस्सुहरू इतिहासको अनन्तकालसम्म कलंकित नामबाट कुख्यात भइरहनेछन् ।

नेपालका सम्पूर्ण जातजाति र विभिन्न क्षेत्रका जनताले युगौंदेखि विकास गर्दै ल्याएका भाषा, संस्कृति, शील्प, कला, वेद, उपनिषद, दर्शन पुराण, तन्त्रशास्त्र, आर्युवेद, योग, मुन्धुम आदि आदि सम्पूर्ण गौरवशाली कुरा सबै नेपालीका साझा सम्पति हुन्। तिनको संरक्षण, विकास, परिस्कार गर्नैपर्छ। नेपालजस्तो सर्वाधिक, विविधतापूर्ण देशलाई सबको बुद्धि भिडाएर प्रत्येक क्षेत्रमा युगानुरुप प्रगति गर्दै गए यो सिङ्गो मुलुक विश्वकै सबभन्दा सुन्दर, आकर्षक, समृद्ध र सम्पन्न देश बन्न सक्नेछ। फुट र विभाजनका सम्पूर्ण घातक रोगबाट मुक्त आत्मियतापूर्ण राष्ट्र बनाउन त्यसै अनुरूपको संविधान निर्माणमा एकजुट होऔं।

*(लेखक बरिष्ठ प्रगतिशील साहित्यकार हुनुहुन्छ ।)*

# जबजको प्रकाशमा समाज र पार्टीको लोकतान्त्रीकरण



■ प्रदीप ज्ञवाली

१. राष्ट्रिय राजनीतिमा पार्टीहरूको लोकतान्त्रीकरणको मुद्दा वहसमा छ । केही बर्ष अगाडि राजाले प्रजातन्त्र खोसेपछि यसका कारणहरूको खोजी गर्ने क्रममा पार्टीको लोकतान्त्रीकरणको मुद्दाले राष्ट्रिय एजेण्डाको रूप लिएको हो । संसदमा झण्डै तीन चौथाइ वहुमत हुँदाहुँदै पनि राजाको निरङ्कुशतन्त्रसँग प्रतिरोध गर्न नसकी पार्टीहरू रक्षात्मक अवस्थामा धकेलिनुको एउटा महत्वपूर्ण कारण उनीहरूमा लोकतन्त्रको अभाव थियो, जसले नेतृत्वलाई कार्यकर्ताबाट, पार्टीलाई जनताबाट र प्रणालीलाई नागरिकबाट अलग्याउँदै लग्यो । पुरानो प्रजातन्त्रलाई फर्काउने होइन, अब नयाँ अन्तर्वस्तु सहितको पूर्ण लोकतन्त्र स्थापना गर्नु पर्छ भन्ने आन्दोलनको मागसँगै त्यस्तो आन्दोलनको नेतृत्व गर्न पार्टीहरू स्वयं पनि लोकतान्त्रिक हुनु पर्छ भन्ने आवाज विस्तारै सशक्त बन्दै जाने सन्दर्भमा नै पार्टीको लोकतान्त्रिकरणको बिषयले व्यापकता पायो । ऐतिहासिक जनआन्दोलनको सफलतासँगै यो वहस अझ सघन, व्यापक र तीव्र बनिरहेको छ । नेकपा (एमाले)को आठौं राष्ट्रिय महाधिवेशनसँगै पार्टीको लोकतान्त्रिकरणको मुद्दा प्रायः सबै जसो पार्टीमा औपचारिक रूपमै एजेण्डा बन्न पुगेको छ ।

२. जुन पार्टीको आन्तरिक जीवनमा लोकतन्त्र छैन, उसले समाजमा लोकतन्त्र प्राप्तिको आन्दोलनको अगुवाइ पनि गर्न सक्दैन । लोकतन्त्र कुनै 'शो- केश' मा सजाउने शृङ्गार सामग्री होइन । लोकतन्त्र शासन प्रणालीको एउटा विधिमात्र नभएर समाजका समग्र अङ्गहरूको सञ्चालनको निश्चित पद्धति पनि हो । यो एउटा संस्कार र जीवनदर्शन पनि हो । त्यसैले पार्टीको आन्तरिक लोकतान्त्रीकरण सम्बन्धित पार्टीको आन्तरिक जीवनसँग मात्रै सम्बन्ध राख्ने विषय नभएर कस्तो समाज, कस्तो राज्यसंरचना र कस्तो प्रणाली स्थापना गर्ने भन्ने सबालसँग पनि अविभाज्यरूपमा गाँसिएको सबाल हो । लोकतन्त्रका मुख्य आधारस्तम्भको रूपमा रहेका पार्टीहरूको लोकतान्त्रीकरणबिना समाजको लोकतान्त्रीकरणको विषय कल्पना बाहिरको हुन्छ । लोकतन्त्रको अभावमा पार्टीले समाज रूपान्तरणका सिद्धान्त तथा नीतिहरूको सही ढङ्गले अन्वेषण, संश्लेषण र सङ्केन्द्रण गर्न सक्दैन र आफूभित्र अन्तरनिहित समग्र क्षमताको सही पहिचान, सदुपयोग र कार्यान्वयन गर्न सक्दैन । आन्तरिक जीवनमा लोकतन्त्रको अभावले पार्टीलाई भित्रैदेखि खोक्रो र सामर्थ्यहीन बनाउँछ । त्यो भन्दा बढी, उसँग आम जनतालाई लोकतन्त्रको लागि आन्दोलित हुन अपिल गर्ने नैतिक धरातल पनि बाँकी रहँदैन । त्यसैले लोकतान्त्रिक आन्दोलन र पार्टीहरूको लोकतान्त्रिकरण एक अर्कामा अविभाज्य ढङ्गले अन्तरसम्बन्धित छन् ।

**पार्टीको लोकतान्त्रीकरणका कार्यसूची**

३. पार्टीका उद्देश्य र लक्ष्य स्वयं लोकतान्त्रिक हुने कुराको प्रत्याभूति, नीति निर्णयहरूमा आम पार्टी सदस्य र संभव हदसम्म जनताको भावनाको प्रतिनिधित्वको सुनिश्चितता, पार्टीमा आधारभूत तहदेखि नै सङ्गठन परिचालन, नेतृत्व निर्माण र हस्तान्तरणमा लोकतान्त्रिक पद्धतिको अवलम्वन, पार्टीभित्र फरकमत या अल्पमतको सुरक्षा एवं उनीहरूको भावनाको सुनुवाइ, पार्टीभित्रका वैचारिक/राजनीतिक/साङ्गठनिक द्वन्द्वहरूको

व्यवस्थापन, कार्यकर्ताहरूको मूल्याङ्कन, दण्ड तथा पुरस्कारको पारदर्शी र निष्पक्ष व्यवस्था, पार्टीको आम जनतासँगको सम्वाद, पार्टीको सङ्गठनात्मक संरचनामा समावेशी र राष्ट्रिय चरित्रको प्रतिनिधित्व आदि विषय लोकतान्त्रीकरणका प्रमुख विषय हुन् ।

४. नेपालमा पार्टीहरूको विधिवत् गठन र सञ्चालनको इतिहास भण्डै साठी वर्षको हुन लागेको भए पनि यसमध्येको भण्डै दुई तिहाई अवधि उनीहरूले प्रतिवन्धित या निषेधित अवस्थामा काम गर्नु पऱ्यो । यसबीचमा पार्टीहरूले आफूलाई संस्थागत हिसाबले सुदृढ गर्न र आन्तरिक जीवनमा लोकतान्त्रीकरण गर्न पर्याप्त समय र अवसर पाएका छैनन् । लोकतान्त्रीकरणको वहस सञ्चालन गरिरहेको बेला यो तथ्यलाई वेवास्ता गरेर निरपेक्षरूपमा लोकतान्त्रीकरण र संस्थागत विकासको चर्चा गर्न सकिँदैन । तर अवसर प्राप्त हुँदा पनि पार्टी लोकतान्त्रीकरणको सबालमा गंभीर ध्यान नदिएको पक्ष भने क्षम्य हुन सक्दैन ।

५. पार्टीको लोकतान्त्रिकरणको सबैभन्दा महत्वपूर्ण विषय स्वयं पार्टीका लक्ष्य र उद्देश्यहरू लोकतान्त्रिक होउन् भन्ने कुराको सुनिश्चितता हो । पूरै लोकतान्त्रिक पद्धतिबाट, सम्बन्धित सङ्गठनका सदस्यहरूको व्यापक सहमतिबाट नै बनेको भए पनि समाजमा अधिनायकवादी, एकदलीय या निरङ्कुश प्रणाली स्थापना गर्ने लक्ष्य राखिन्छ भने त्यसलाई पार्टीको लोकतान्त्रिकीकरण भन्न सकिँदैन । विचार या दर्शनका आफ्ना तर्क हुन सक्छन्, तर अमुक पार्टीको शासनमा जनताले आलोचनाको स्वतन्त्रता पाउँछन् कि पाउँदैनन् ? त्यसले गल्ती गर्दा जनताले दण्डित गर्न पाउँछन् कि पाउँदैनन् ? त्यहाँ छनौटको स्वतन्त्रता हुन्छ कि हुँदैन ? त्यहाँ जनताको भूमिका सर्वोपरि र विधिको शासनको प्रत्याभूति हुन्छ कि हुँदैन ? यस्ता प्रश्नहरूबाट अलग गरेर पार्टीको लोकतान्त्रिकरणको विषयलाई पूर्णता दिन सकिँदैन ।

६. नीति निर्माण र निर्णय प्रकृयामा सकेसम्म जनताको र कम्तीमा पनि आम पार्टी पङ्क्तिका भावनाहरूको प्रतिनिधित्व, त्यो प्रकृयामा उनीहरूको प्रत्यक्ष/परोक्ष सङ्लग्नता र उनीहरूको स्वामीत्वको विषय पार्टीको लोकतान्त्रिकरणको महत्वपूर्ण पक्ष हो । लोकतन्त्रमा सार्वभौमसत्ता सम्बन्धित मुलुकका नागरिकमा अन्तरनिहित हुन्छ र उनीहरूले आवधिक निर्वाचनमार्फत गठन गरिने प्रतिनिधि निकाय मार्फत् त्यसको व्यवहारिक प्रयोग गर्छन् । त्यसरी नै पार्टीको सार्वभौमिकता त्यसका सदस्यहरूमा निहित हुने र महाधिवेशनमार्फत् नीति र नेतृत्व निर्माणमा उनीहरूको निर्णायक भूमिका हुने कुराको प्रत्याभूति लोकतान्त्रिकरणको महत्वपूर्ण कार्यसूची हो । संविधानले नै पार्टीहरूलाई निश्चित् अवधिभित्र महाधिवेशनद्वारा नेतृत्वको निर्वाचन गर्नैपर्ने वाध्यात्मक व्यवस्था गरेको हुनाले त्यो समयसीमाभित्र महाधिवेशन या राष्ट्रिय सम्मेलन गर्नु सबै पार्टीका लागि अनिवार्य छ । तर पार्टीका सर्वोच्च निकाय महाधिवेशनहरू नीति निर्माण र नेतृत्व चयनमा साँच्चै अधिकारसम्पन्न छन् त भन्ने प्रश्न भने विचारणीय छ । महाधिवेशनमा नीतिगत वहसलाई प्राविधिक कारणहरू देखाउँदै नियन्त्रित गर्ने, कार्यकर्ताहरूका भावना र सुझावहरूलाई प्राविधिक कारण या रकमी तर्कहरू तेर्स्याएर वेवास्ता गर्ने र नीति निर्माण तथा निर्णय गर्ने काम नेतृत्वको एउटा सानो समूहमा सीमित गर्ने कामले पार्टीको लोकतान्त्रीकरण कमजोर हुने, निर्णय अपरिपक्व हुने र तिनीप्रति आम कार्यकर्ता या जनताहरू निरपेक्ष रहने स्थिति निर्माण हुने स्थिति बन्न जान्छ ।

> नीति निर्माण र निर्णय प्रकृयामा सकेसम्म जनताको र कम्तीमा पनि आम पार्टी पङ्क्तिका भावनाहरुको प्रतिनिधित्व, त्यो प्रकृयामा उनीहरुको प्रत्यक्ष/परोक्ष सङ्लग्नता र उनीहरुको स्वामीत्वको विषय पार्टीको लोकतान्त्रिकरणको महत्वपूर्ण पक्ष हो।

७. पार्टीको लोकतान्त्रीकरणमा पार्टी जीवनमा विधि र विधानको पालनाको प्रश्न अत्यन्त महत्वपूर्ण हुन्छ । तर कतिपय पार्टीमा विधानको आफूखुशी व्याख्या गर्ने, दोहोरो मापदण्ड अपनाउने, आफ्नो आलोचना हुने या विकल्प खोजिने अवस्था देखा पर्दा भरसक विधानले व्यवस्था गरेका मञ्चहरूको आयोजना पनि नगर्ने, पार्टीलाई विधिका आधारमा होइन, आदेशका भरमा चलाउने, नेतृत्व निर्माण र हस्तान्तरणमा प्रजातान्त्रिक आचरण र पारदर्शिता होइन, गुटबन्दी, जालझेल र तिक्डमहरूको सहारा लिने, पार्टी पङ्क्ति सृजनशील, विश्लेषण क्षमताले युक्त र आलोचनात्मक चेतले सज्जित होइन, आदेशपालक र अन्धसमर्थक होस् भन्ने ढङ्गले स्कुलिङ गर्ने आदि समस्याहरू देखा पर्ने गरेका छन् । सङ्गठन सञ्चालनका वैज्ञानिक विधिको तर्जुमा र तिनीहरूको कडाइकासाथ पालना नहुने स्थिति देखा पर्दा पार्टीको आन्तरिक जीवन नराम्रोसँग खलबलिने गरेको छ । आफू नेतृत्वमा कायम रहन या आफ्ना मान्छेहरूलाई नेतृत्वमा पुऱ्याउन विधानको अपव्याख्या हुने गुनासो आमरूपमा सुन्ने गरिन्छ । पार्टीलाई आन्तरिक रूपले लोकतान्त्रिक र गतिशील

बनाउने हो भने विधिको पालनालाई अनिवार्य पूर्वशर्त बनाइनु आवश्यक देखिन्छ ।

८. नेतृत्व निर्माण र हस्तान्तरण पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अत्यन्त महत्वपूर्ण विषय हो । इतिहासको निर्माण र सञ्चालनमा जनताको सामूहिक भूमिका नै निर्णायक हुने भएतापनि आन्दोलन, क्रान्ति या निर्माणको काममा नेताहरूको महत्वपूर्ण भूमिका हुने कुरा स्वतःसिद्ध छ । तर जतिसुकै क्षमतावान भए पनि नेतृत्वका निश्चित सीमाहरू हुन्छन् । ती सीमाहरूको क्षतिपूर्तिको लागि एकातिर सामूहिक नेतृत्वको अभ्यास जरुरत हुन्छ भने अर्कोतिर निश्चित् समयावधिपछि नेतृत्व परिवर्तन र नयाँ व्यक्तिलाई सहज हस्तान्तरणको विधि बसाल्नु पर्छ । जतिसुकै क्षमतावान भए पनि निश्चित् समयावधिपछि नेताको योग्यता, उसको लोकप्रियता र नयाँ चुनौतिहरूलाई बुझ्ने र सामना गर्ने उसको सामर्थ्य उस्तै रहिरहनु संभव हुँदैन । हरेक नयाँ पुस्ताले पुरानो पुस्तालाई प्रतिस्थापित गर्दै जानु प्रकृतिको स्वाभाविक नियम हो । तर हाम्रो जस्तो सामन्ती उत्पादन पद्धति र चिन्तनधारा प्रभावी रहेको ठाउँमा प्रकृतिको यो सहज नियमलाई स्वीकार्न पनि सहज छैन । नेता विशेषले आफूलाई जनताको या आफ्नो पङ्क्तिको सामूहिक शक्तिको केन्द्रिकृत अभिव्यक्ति र उनीहरूको प्रतिनिधि ठान्ने भन्दा पनि आफूलाई विशिष्ट, आलोचनाभन्दा माथि, विशेषाधिकार सम्पन्न र अतिमानव ठानेको देखिन्छ । अर्कोतिर आफ्ना सहकर्मीहरूसँग सहकार्य गर्दै, उनीहरूका योग्यतालाई पनि निर्णय र व्यवहारमा एकीकृत गर्दै जाने सोचका विपरीत हरेक समकक्षीलाई प्रतिद्वन्द्वी ठान्ने,उनीहरूलाई सकभर अगाडि आउन र स्थापित हुन नदिने, जीवनभर पदमा टिकीरहन चाहने, व्यवहारमा चरम असफलता व्यहोरिसक्दा पनि र आन्दोलनले गंभीर धक्का खाइसक्दा पनि नैतिक दायित्व लिन तयार नहुने स्थिति देखा पर्छन् । पद र नेतृत्व एउटै विषय होइनन् । क्षमतावानले मुख्य पद नओगटेर पनि समाजमा प्रभाव पार्न सक्छन्, एक दुई कार्यकालमै आफ्नो सम्पूर्ण क्षमता पोखेर मुलुक र आन्दोलनलाई अग्रगति दिन सक्छन् । तर क्षमताविहीनहरू तीसौं वर्ष मुख्य पदमा बसेर पनि कुनै योगदान दिन सक्दैनन् । असल नेतृत्वको एउटा मुख्य गुण यथासक्य छिटो आफ्नो विकल्प खडा गर्न सक्नु र आफ्नो अनुपस्थितिमा पनि संस्था र आन्दोलनको निरन्तरताको प्रत्एच याभूति गर्न सक्नु हो । तर नेपालमा नेतृत्व निर्माण र हस्तान्तरण, वैकल्पिक नेतृत्वको निर्माण आदि सबालमा गंभीर समस्याहरू देखा पर्ने गरेका छन् । इतिहासका परीक्षाहरूमा बारम्बार असफल प्रमाणित नेतृत्व पनि प्राविधिक तालमेलकासाथ पदमा टिकिरहने, क्षमता र उर्जावानहरूले अवसर नपाउने र नेतृत्व आफ्ना वरिपरि अयोग्यहरूको झुण्ड साथमा राखेर सुरक्षित हुने आम समस्या देखा पर्ने गरेको छ । फलतः नेतृत्व परिवर्तन गर्न चाहने पक्षले पार्टी नै विभाजन गर्ने या अनेकौं दाउपेचहरू गर्नु पर्ने अवस्था सृजना हुने गरेको छ ।

९. पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अर्को पक्ष पार्टीभित्र फरक मत या असहमतिलाई कस्तो स्थान दिइन्छ, अल्पमतको सुरक्षा कसरी गरिन्छ र पार्टीभित्रका द्वन्द्वको व्यवस्थापन कसरी गरिन्छ भन्ने विषय हो । कुनै पनि जीवित र लोकतान्त्रिक पार्टीमा बहस र विवाद उत्पन्न हुनु, असहमति या विरोध प्रकट हुनु या अल्पमत/बहुमत देखा पर्नु स्वाभाविक कुरा हो । पार्टीले ती द्वन्द्वहरूको व्यवस्थापन कसरी गर्छ भन्ने कुराले पार्टी आन्तरिक रूपमा कति लोकतान्त्रिक छ भन्ने कुरा मापन गर्छ । रोजा लक्जेम्बर्ग भन्छिन् - 'नेतृत्वमा हुनेहरू या त्यससँग सहमत हुनेहरूको लागि मात्र लोकतन्त्र कुनै पनि अर्थमा लोकतन्त्र होइन । लोकतन्त्र भएको त त्यतिबेला मात्रै पुष्टि गर्न सकिन्छ, जतिबेला असहमतहरूको लागि पनि, अल्पमतमा रहेकाहरूको लागि पनि, नेतृत्वका आलोचकहरूका लागि पनि स्वतन्त्रता उपलब्ध हुन्छ ।' यो सबालमा हाम्रा पार्टीहरूमा गंभीर समस्या विद्यमान छन् । प्रायः सबैजसो पार्टीहरूमा अल्पमत पक्षले हमेशा असुरक्षित महसुस गर्नु पर्ने, नेतृत्वका आलोचकहरू या असहमति राख्नेहरूप्रति जहिले पनि भेदभावपूर्ण व्यवहार हुने, पार्टीका प्रकाशन र मञ्चहरू, पार्टीका निकाय र अभियानहरूमा उनीहरूले कुनै हिस्सेदारी या जिम्मा नपाउने, उनीहरूका विरुद्ध हरबखत 'संस्थापना' बाट पार्टी विरोधीको रूपमा बद्नाम या कुप्रचार भइरहने, परिस्थितिले उनीहरूका मान्यताहरूको सत्यापन गरिसक्दा पनि उनीहरूको पुनर्स्थापना नहुने आदि समस्याहरू बारम्बार देखा पर्ने गरेका छन् । साह्रै पेलानमा पर्दै गएपछि उनीहरू या त पलायन हुन वाध्य हुन्छन् या पार्टी विभाजन गर्न । गएको दुई दशकयता नेपालका प्रायः सबैजसो पार्टीहरू विभाजित हुनुका पछाडि आन्तरिक जीवनमा प्रजातन्त्रको अभाव

पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अर्को पक्ष पार्टीभित्र फरक मत या असहमतिलाई कस्तो स्थान दिइन्छ, अल्पमतको सुरक्षा कसरी गरिन्छ र पार्टीभित्रका द्वन्द्वको व्यवस्थापन कसरी गरिन्छ भन्ने विषय हो ।

र पार्टीको आन्तरिक द्वन्द्व व्यवस्थापनमा देखा परेका कमजोरीहरूले महत्वपूर्ण भूमिका खेलेका छन् ।

१०. पार्टीको लोकतान्त्रिकरणसँग सम्बन्धित अर्को विषय कार्यकर्ताहरूको मूल्याङ्कन र तदनुरूपको दण्ड/पुरस्कारको व्यवस्था पनि हो । पार्टीको राजनीतिक कार्यदिशा तय भइसकेपछि त्यसको सफलताकोलागि निर्णायक विषय कार्यकर्ता विन्यास र परिचालन हो । तर पार्टी कार्यकर्ताहरूको सही अभिलेख र मूल्याङ्कन नहुने, नेतृत्वको व्यक्तिगत चाकडी नगर्ने या त्यसप्रति निजी वफादारिता नदेखाउने कतिपय क्षमतावान, त्यागी र आन्दोलनमा ठूलो लगानी भएका कार्यकर्ताहरू सधैभरि पछि परिरहने, तर नेतृत्वको वरिपरि घुम्ने गणेशहरू जहिल्यै पुरस्कृत हुने स्थिति आमरूपमा विद्यमान छ । स्वाभीमानी राजनीतिक कार्यकर्ताहरू कसैको गुलामी गर्दैनन्, किनभने उनीहरू राजनीतिमा लागेकै समाजबाट सबैखाले दासता र गुलामीलाई समाप्त पार्नकोलागि हो । तर उनीहरूको यो स्वाभिमान कतिपय सन्दर्भमा नेतृत्वलाई हजम हुँदैन । अक्षम नेताहरू आफूलाई थाँक्रो र कार्यकर्तालाई लहरा बनाउन चाहन्छन् । अक्षम कार्यकर्तामा पनि नेतृत्वको दौराको फेरो समाएर अगाडि बढ्ने सजिलो बाटो रोज्ने प्रवृत्ति पाइन्छ । त्यस्तो ठाउँमा स्वाभिमानी कार्यकर्ता पङ्क्ति आमरूपमा खोटा सिक्काबाट असली सिक्का विस्थापित भएझैं हुने गर्छन् । लोकतन्त्रको लागि आफ्नो सम्पूर्ण जीवन समर्पित गर्ने कतिपय योद्धाहरू ठेला घच्याटेर, गोबर सोहोरेर या चियाका गिलास पखालेर जीवन बिताउन वाध्य हुनु यही मूल्याङ्कन पद्धतिको अभाव र पार्टीको आन्तरिक जीवनमा लोकतन्त्रको खडेरीले सृजना गरेका समस्या हुन् ।

११. पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अर्को समस्या आम जनता र पार्टीको संवादको समस्या हो, जनताका भावना, आलोचना या प्रतिकृयाले पार्टीमा ठाउँ पाउने समस्या हो । संसदीय व्यवस्थामा पार्टीहरूपतिको जनताको भावना आवधिक रूपमा हुने निर्वाचनमार्फत् अभिव्यक्त हुने गर्छ । तर निर्वाचन प्रणालीमा अन्तरनिहित खोटहरूको कारण एकातिर निर्वाचनमा जनताको भावनाको सही र सम्पूर्ण प्रतिनिधित्व हुन पाउँदैन भने अर्कोतिर त्यति लामो अन्तरालमा जनताका बदलिएका भावनाहरूको प्रतिविम्व पार्टी जीवनमा पर्नै पाउँदैन । यसले जनता र पार्टीबीचको दूरी बढाउने काम गर्छ । यसैसँग जोडिएको अर्को प्रश्न पार्टीका नेता या नीतिहरू खालि पार्टी पङ्क्तिबाटमात्र अनुमोदित भए पुग्छ कि तिनीहरूको कुनै न कुनै सम्बन्ध आमजनतासँग पनि हुन्छ भन्ने हो । विगतमा हामीले आम जनताबाट अस्वीकृत भएका नेताहरू पनि पार्टीभित्रको प्राविधिक जोड घटाउका आधारमा पदमा कायम रहेको देखेका छौं । यो कतिसम्म उपयुक्त कुरा हो ? यो विषयमा वहस अगाडि बढाइनु आवश्यक छ । जनताले कुनै नेताको नेतृत्व या उसका मान्यताहरूलाई अस्वीकार गरिसके, उसको नेतृत्वमा निर्वाचन या आन्दोलनमा पार्टीले गंभीर पराजय व्यहोर्नु परिसक्यो, तर पनि प्राविधिक जोड घटाउका आधारमा ऊ पदमा रहिरहने र पार्टीका तिनै नीतिहरूले निरन्तरता पाउने कुरा लोकतन्त्रसम्मत हुन्छ कि हुँदैन ? पार्टीको लोकतान्त्रिकरणको कुरा गरिरहँदा यो पक्षलाई पनि हामीले संवोधन गर्नु पर्छ ।

१२. पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अर्को पक्ष स्वयं पार्टीहरूको आन्तरिक संरचना समावेशी हुनु तथा तिनीहरूको नेतृत्वमा समाजको वहुलतावादी चरित्रको प्रतिविम्वन हुनु हो । नेपाल वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, बहुधार्मिक, भौगोलिक विविधताले युक्त, वहुवर्गीय र लैङ्गिक विविधताले युक्त मुलुक हो । तर समाजको यो वहुलवादी चरित्र राज्य संरचनामा प्रतिविम्वित हुन सकेको छैन । लैङ्गिक दृष्टिले यो राज्यसंरचना पितृसत्तात्मक छ भने जातीय हिसाबले खस जातीय । धार्मिक हिसाबले यो हिन्दुवादी छ भने भाषिक हिसाबले पनि प्रायः एउटै भाषाको प्रभुत्व छ । आमरूपमा पहाडी जातीय संस्कृतिले अन्य संस्कृतिलाई च्यापिको छ भने भौगोलिक हिसाबले यो काठमाडौं केन्द्रित छ । पूर्ण लोकतन्त्रको लडाइँमा यो विभेदकारी राज्य संरचनाको परिवर्तन र यसको लोकतान्त्रिक पुनर्संरचना अनिवार्य हुन जान्छ । पार्टीहरूले यसलाई नीतिगत हिसाबले आत्मसात पनि गरेका छन् । तर उनीहरूको आन्तरिक पार्टी संरचनामा भने यो समावेशी चरित्र प्रतिविम्वित भएको छैन । उनीहरूको नेतृत्वमा महिला, जनजाति, दलित, मुस्लिम, र सीमान्तीकृत समुदायको उपस्थिति ज्यादै न्यून छ । संरचनाको हिसाबले हेर्दा आफूलाई निश्चित् भूगोल या समुदायको प्रतिनिधि भनेर घोषणा गर्ने पार्टीहरूको मात्र होइन, आफूलाई प्रजातान्त्रिक या क्रान्तिकारी दाबी गर्ने कतिपय पार्टीहरूको संरचना पनि

पार्टीको लोकतान्त्रीकरणसँग सम्बन्धित अर्को पक्ष स्वयं पार्टीहरूको आन्तरिक संरचना समावेशी हुनु तथा तिनीहरूको नेतृत्वमा समाजको वहुलतावादी चरित्रको प्रतिविम्वन हुनु हो । नेपाल वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक, भौगोलिक विविधताले युक्त, वहुवर्गीय र लैङ्गिक विविधतालेयुक्त मुलुक हो।

पर्याप्त मात्रामा राष्ट्रिय बन्न सकेको छैन । पार्टीहरू जनताबाट अलगिदै जानु या अलोकप्रिय हुँदै जानु र जातीय/ सांस्कृतिक/ धार्मिक/लैङ्गिक/सामुदायिक सबालहरूमा पार्टीहरूलाई विस्थापित गर्दै विभिन्न गैर राजनीतिक संस्थाहरू अगाडि आउनुको एउटा कारण यो पनि हो ।

> जवजले क्रान्तिपछिको जनवादी या समाजवादी सत्तामा कम्युनिष्ट पार्टीको सर्वोच्चता हुनै पर्ने, "जनवादी" या "सर्वहारा" अधिनायकत्वको नाममा एकदलीयताको पक्षपोषण गर्ने र कम्युनिष्ट पार्टीले अनिर्वाचित सत्ता चलाउने परम्परासँग निर्णायक सम्बन्ध विच्छेद गरेको छ ।

१३. पार्टीको लोकतान्त्रिकरणको अर्को महत्वपूर्ण पक्ष पार्टीमा सामूहिक नेतृत्व, उपयुक्त कार्यविभाजन, अधिकार र जिम्मेवारीको समुचित बाँडफाँड र नियन्त्रण र सन्तुलनको प्रणाली स्थापना हो । विगतमा कतिपय पार्टीमा सर्वाधिकार पार्टी सभापति, अध्यक्ष या महासचिवजस्ता एउटा पदाधिकारीमा निहित रहने, पार्टी उनको तजबिजमा चल्ने, पार्टीका निर्णयहरू संस्थागत नहुने र अरु क्षमतावान सदस्यहरूको भूमिका निर्देशनको पालना या निर्णयको अनुमोदनमा सीमित हुने गरेको स्थिति पनि रहने गरेको छ । यसले पार्टीको समग्र क्षमताको सदुपयोग नहुने मात्र होइन, पार्टी अमुक नेता विशेषको व्यक्तिगत संस्था जस्तो भयो भन्ने आलोचना पनि उठ्ने गरेको छ । पार्टीको लोकतान्त्रिकरणको विषयमा वहस गरिरहँदा पार्टीमा सामूहिक नेतृत्व, समुचित कार्यविभाजन र संस्थागत निर्णय प्रणाली तथा नियन्त्रण र सन्तुलनको प्रणाली स्थापना गर्ने कुरालाई कार्यसूची बनाइनु पर्छ ।

**जनताको वहुदलीय जनवाद र पार्टीको लोकतान्त्रिकरण**

१४. कम्युनिष्ट आन्दोलनको परम्परामा जनताको वहुदलीय जनवादले केही नयाँ, आधारभूत र विशिष्ट मान्यताको विकास गरेको छ । यसले आन्दोलनको क्षेत्रमा, राज्यसत्ताको क्षेत्रमा र पार्टीको आन्तरिक जीवनमा प्रजातान्त्रिकरणको मान्यताको पक्षपोषण गर्छ । जनताको वहुदलीय जनवाद कम्युनिष्ट आन्दोलनमा प्रजातान्त्रिकरणको धारको प्रतिनिधि हो । मार्क्सवाद स्वतन्त्रता, मानव मूल्य र लोकतान्त्रिकरणको उदात्त सिद्धान्त हो । 'व्यक्तिको स्वतन्त्रता नै समूहको स्वतन्त्रताको अनिवार्य पूर्व शर्त हुने' विभेदरहित समाजको निर्माण कम्युनिष्ट घोषणापत्रको लक्ष्य थियो । तर प्रयोगका क्रममा मार्क्सवादका कतिपय लोकतान्त्रिक मूल्यहरू अवमूल्यन या उपेक्षा गरिए र विकृतिलाई नै मार्क्सवाद ठान्ने भ्रम विकास भयो । जनताको वहुदलीय जनवादले ओझेलमा पारिएका ती मूल्यहरूलाई पुनर्जीवित गर्ने प्रयत्न गरेको छ । यो मार्क्सवादका लोकतान्त्रिक मूल्यहरूको 'रेनासाँ' हो ।

१५. क्रान्तिलाई हिंसाको पर्यायवाचीको रूपमा बुझ्ने, जनताको सङ्गठित चेतनाभन्दा माथि बन्दुकलाई राख्ने र सीमित 'शूरवीरहरू' को शौर्यका बलमा क्रान्ति सम्पन्न गर्ने कम्युनिष्ट आन्दोलनको परम्परावादी मान्यताबाट यसले आफूलाई निर्णायक ढङ्गले अलग गरेको छ । जनतालाई परिवर्तनका एकमात्र संवाहक ठान्ने र उनीहरूको सचेत, सङ्गठित र सकृय आन्दोलनको बलमा समाजलाई शान्तिपूर्ण ढङ्गले रूपान्तरण गर्न सकिने यसको मान्यता आन्दोलनको प्रजातान्त्रिकरणको सन्दर्भमा निकै महत्वपूर्ण विषय हो । इतिहासको खास सन्दर्भमा हिंसात्मक आन्दोलन एउटा बाध्यता रहेको हुनसक्छ या कतिपय बेला यसको भूमिका सकारात्मक रहेको हुन सक्छ । तर सैद्धान्तिक रूपमै हिंसा क्रान्तिको अनिवार्य या एकमात्र साधन बन्न सक्दैन । प्रजातान्त्रिक संरचनाहरूको बढ्दो उपस्थिति, बदलिएको विश्व सन्दर्भ र जनताको उन्नत चेतनाको बलमा यतिबेला समाजको शान्तिपूर्ण रूपान्तरण संभव छ भन्ने जवजवादी मान्यताको सहीपना बारम्बार पुष्टि भएको छ ।

१५. जवजले क्रान्तिपछिको जनवादी या समाजवादी सत्तामा कम्युनिष्ट पार्टीको सर्वोच्चता हुनै पर्ने, 'जनवादी' या 'सर्वहारा' अधिनायकत्वको नाममा एकदलीयताको पक्षपोषण गर्ने र कम्युनिष्ट पार्टीले अनिर्वाचित सत्ता चलाउने परम्परासँग निर्णायक सम्बन्ध विच्छेद गरेको छ । 'लाइक माइन्डेड' हरूको बीचमा मात्र हुने वहुदलीय सहयोगको व्यवस्था पनि सारमा अर्थहीन हुन्छ । समाजवादी व्यवस्थामा वहुदलीय प्रतिष्पर्धा चारित्रिक विशेषताको रूपमा रहनेछ, वहुलवादी विशेषतालाई सम्मान गरिने छ, कम्युनिष्ट पार्टीले कुनै पनि अर्थमा अनिर्वाचित सत्ता चलाउने छैन र गल्ती गर्दा जनतालाई यसलाई पनि दण्डित गर्ने अधिकार हुन्छ भन्ने यसको अविचलित मान्यता राज्यसत्ताको प्रजातान्त्रिकरणसम्बन्धी महत्वपूर्ण मान्यता हुन् ।

१६. जनताको सङ्गठित बलमा यस्तो शान्तिपूर्ण क्रान्ति सम्पन्न गर्न र क्रान्तिपछिको सत्तालाई लोकतान्त्रिक ढङ्गले सञ्चालन गर्न स्वयं कम्युनिष्ट पार्टीको आन्तरिक जीवन लोकतान्त्रिक हुनु अनिवार्य पूर्वशर्त हुन्छ । हिंसात्मक क्रान्तिको अगुवाइ गर्न र अधिनायकवादी सत्ता सञ्चालन गर्न उपयुक्त हुने गरी बनाइएका पार्टीका

ढाँचाले यो मिशन पूरा गर्न सक्दैनन् । त्यसको लागि पार्टीका नीति निर्माणमा आम कार्यकर्ता र जनताको समेत सहभागिताको सुनिश्चितता, जनताबाट पार्टीको अनुमोदन तथा कार्यकर्ताबाट नेतृत्वको अनुमोदनको अनिवार्य व्यवस्था तथा पार्टीभित्र सृजनात्मकता, तर्क र आलोचनात्मक चेतको प्रत्याभूति आवश्यक हुन्छ । पार्टीको लोकतान्त्रिकरणको जनताको वहुदलीय जनवादी मान्यता माथि उल्लेख गरिएका क्रान्तिका सिद्धान्तसँग अविभाज्य ढङ्गले जोडिएका छन् । जनताको वहुदलीय जनवादले समग्र पार्टी जीवनमा लोकतान्त्रीकरणको अवधारणा अघि सारेको छ । यसले सिङ्गो पार्टीलाई जनताको निगरानी र मूल्याङ्कनको कसीमा जाँच्ने, पार्टीका नेता कार्यकर्ताहरुलाई दन्त्यकथाका अलौकिक पात्र जस्तो बनाउने होइन व्यापक प्रतिष्पर्धा र इमान्दारिताको परीक्षामा जाँच गर्ने र पार्टीको आन्तरिक जीवनमा वास्तविक प्रजातान्त्रिकरण गर्ने मान्यता अघि सारेको छ । कम्युनिष्ट आन्दोलनका कतिपय सन्दर्भमा पार्टीमा नोकरशाहीतन्त्र विकसित भएको र त्यसले पार्टीको सृजनात्मक क्षमता, कार्यकर्ताहरुको आलोचनात्मक चेत तथा स्वाभीमानलाई समाप्त पार्दै पार्टीलाई निष्प्राण अन्धभक्तहरूको जमात बनाएको तथा यसको प्रतिकृयामा पार्टीभित्र गुटबन्दी,अराजकता, विद्रोह र विभाजनको दुखद शृङ्खला प्रारम्भ भएको अनुभवलाई समेत ध्यानमा राखेर आन्तरिक पार्टी प्रजातन्त्रलाई जनताको वहुदलीय जनवादले यति उच्च महत्व दिएको हो ।

जनताको बहुदलीय जनवादले पार्टी जीवनको लोकतान्त्रिकरणको सम्बन्धमा अगाडि सारेका युगीन महत्वका बिषयलाई कार्यान्वयन गर्ने सन्दर्भमा भने हामीले अपेक्षित सफलता पाउन सकेनौं । नीति निर्माणमा केन्द्रित र त्यसको लागि अभूतपूर्व प्रजातान्त्रिक अभ्यास गरेको पाँचौं राष्ट्रिय महाधिवेशनमा हामीले पार्टीको आन्तरिक जीवनको लोकतान्त्रिकरणमा पर्याप्त वहस गर्न भ्याएनौं ।

## आठौं महाधिवेशन र पार्टीको लोकतान्त्रिकरण

१७. जनताको बहुदलीय जनवादले पार्टी जीवनको लोकतान्त्रिकरणको सम्बन्धमा अगाडि सारेका युगीन महत्वका बिषयलाई कार्यान्वियन गर्ने सन्दर्भमा भने हामीले अपेक्षित सफलता पाउन सकेनौं । नीति निर्माणमा केन्द्रित र त्यसको लागि अभूतपूर्व प्रजातान्त्रिक अभ्यास गरेको पाँचौं राष्ट्रिय महाधिवेशनमा हामीले पार्टीको आन्तरिक जीवनको लोकतान्त्रिकरणमा पर्याप्त वहस गर्न भ्याएनौं । छैटौं महाधिवेशन त्यसको लागि उपयुक्त मञ्च थियो, तर पार्टीभित्र उत्पन्न अन्तरविरोध र त्यसलाई समाधान गर्ने वैज्ञानिक कार्यशैलीको अभावमा महाधिवेशन पार्टी विभाजनको दुःखद अध्यायमा गएर टुङ्गियो । सातौं महाधिवेशनमा यो विषयले विधिवत प्रवेश पाए पनि आग्रहवस यसलाई पञ्छ्याउने काम भयो । पार्टीको आन्तरिक जीवनको प्रजातान्त्रीकरण प्रकृया विस्तारै कमजोर हुँदै गयो । कतिपय महत्वपूर्ण विषयहरुलाई प्राविधिक वहुमतको आधारमा निर्णय गर्ने, पार्टीभित्र असहमति र आलोचनाका स्वरहरुलाई कमजोर र हतोत्साहित पार्ने, क्षमता र इमान्दारीलाई होइन व्यक्तिगत वफादारिता र भक्तिभावलाई मूल्याङ्कन, जिम्मेवारी र पदोन्नतिको आधार बनाउने, पार्टीभित्र सामूहिक नेतृत्वको प्रणालीलाई वेवास्तागर्ने, दण्ड र पुरस्कारमा दोहोरो मापदण्ड अवलम्वन गर्ने जस्ता कमजोरी देखापरे । वैचारिक प्रश्नहरुको वैचारिक समाधान खोज्नेभन्दा पनि प्राविधिक समाधान खोज्ने क्रम बढ्दै गयो । यस्तै कारणले गर्दा पार्टीमा गुटबन्दी, अस्वस्थता र अराजकता बढ्दै जाने, पार्टीलाई निश्चित् विचार र विधिले कमाण्ड गर्न नसक्ने र अन्त्यमा पार्टी विभाजित हुने दुःखद स्थितिसमेत सृजना भयो.। चार वर्षपछि भएको. एकीकरणले पार्टी विभाजन रोक्न सकिने रहेछ भन्ने पुष्टि गर्‍यो, तर समयमै यसमा गंभीर ध्यान दिने र यो क्षतिबाट पार्टीलाई जोगाउने काम हुन सकेन । विभाजनको वस्तुनिष्ट समीक्षा आजसम्म पनि भएको छैन भने पछाडि पनि धेरै प्रसङ्गहरुमा असहमति र वैचारिक विवादहरुको कानूनी या प्राविधिक समाधान खोज्ने प्रवृत्तिले गर्दा विगतमा पार्टी गंभीर सङ्कटमा पर्नु परेको छ । पार्टीमा आन्तरिक प्रजातन्त्र, स्वस्थ्य प्रतिष्पर्धा र जीवन्त छलफल होइन, नोकरशाही जडता, औपचारिक जनवाद र संस्थागत गुटबन्दीका समस्याहरु कायम रहनु, कार्यकर्ताहरुको भावना, आलोचना र सुझावलाई पार्टीको नीति निर्माणमा महत्वपूर्ण आधार बनाउने भन्दा पनि नेतृत्वलाई मन नपर्ने सुझावहरुलाई उपेक्षागर्ने, प्राविधिक तर्कद्वारा त्यसलाई अग्राह्य बनाउने, आलोचनाहरुलाई सकभर निरुत्साहित गर्ने प्रवृत्ति झाँगिदै जानु जस्ता कारणहरूले पार्टीलाई कमजोर बनाउन भूमिका खेले । संविधानसभा निर्वाचनमा पार्टीको गंभीर पराजयका पछाडि यस्ता

पक्षको पनि भूमिका छ ।

१८. यिनै अनुभवले पार्टीको लोकतान्त्रिकरण पार्टीको अनिवार्य आवश्यकता, प्राथमिकता र पुनर्जीवनको निम्ति अनिवार्य पूर्व शर्त बनेको कुरामा आम सहमति निर्माण भयो । नेकपा (एमाले)ले आठौं महाधिवेशनमा पार्टी जीवनको लोकतान्त्रिकरणका जुन मान्यताहरूलाई संस्थागत र स्वीकृत गऱ्यो, लोकतान्त्रिक आन्दोलनमा यिनीहरू महत्वपूर्ण कोशेढुङ्गा बनेको छन् । पार्टी सदस्यहरूमा पार्टीको सार्वभौमसत्ता अन्तरनिहित रहेको तथ्यको पुनर्पुष्टि गर्दै महाधिवेशनलाई नीति निर्माण र नेतृत्व चयनको वास्तविक थलो बनाउने, पार्टी नेतृत्वको चयन पूर्ण लोकतान्त्रिक विधिद्वारा गर्ने, पार्टीमा सृजनात्मकता, तर्क र वहसलाई प्रोत्साहन गर्ने, फरक मतलाई वहसको विधिवत मञ्च प्रदान गर्ने, सामूहिक नेतृत्व, पार्टीमा कार्यकर्ताहरूको नियन्त्रण र निगरानीको भूमिकाको प्रत्याभूति, मुख्य पदाधिकारीहरूको कार्यकालको निर्धारण, नीति निर्माणमा जनताको समेत सहभागिताको सुनिश्चितता जस्ता विषयहरू नेकपा (एमाले)का निम्ति मात्रै सान्दर्भिक छैनन्, यसले नेपालका लोकतान्त्रिक पार्टीहरूकै निम्ति महत्वपूर्ण अर्थ राख्छन् ।

**प्रभावहरू**

१९. महाधिवेशनमा नेतृत्व निर्माणको निम्ति भएको उच्च लोकतान्त्रिक अभ्यास, यसको निम्ति भएको सौहार्द्रपूर्ण निर्वाचन धेरैको निम्ति आश्चर्यको विषय भएको छ । त्यसमाथि, पार्टी नेतृत्वलाई समावेशी बनाउन अवलम्वन गरिएको विधिले नेकपा (एमाले) लाई लोकतान्त्रिक आन्दोलनको 'च्याम्पियन' बनाउन ठूलो भूमिका खेलेको छ । अब एमाले राष्ट्रिय राजनीतिमा नीतिको हिसाबले, विधिको हिसाबले र संरचनाको हिसाबले सर्वाधिक लोकतान्त्रिक पार्टी बन्न पुगेको छ ।

२०. लोकतन्त्रमा पार्टीहरूका निर्णय या भूमिकाको प्रभाव सम्बन्धित पार्टीको आन्तरिक जीवनमा मात्र सीमित रहँदैन । त्यसले सिङ्गो मुलुकलाई सकारात्मक या नकारात्मक हिसाबले प्रभाव पार्छ । उनीहरूको कृयाकलापले लोकतन्त्रको अस्तित्व र भविष्यलाई समेत निर्धारित गर्छ । एमालेको आठौं महाधिवेशन र त्यसले लोकतान्त्रिकरणका क्षेत्रमा स्थापित गरेका मानकहरू अब निषेध नै गर्न नसकिने गरी स्थापित भएका छन् । यसबीच, नेपाली काङ्ग्रेसले बाह्रौं महाधिवेशनमार्फत् सामूहिक नेतृत्वमा रूपान्तरित हुने गरी विधानको तर्जुमा सुरु गरेको छ भने एकीकृत माओवादीमा समेत पार्टीको लोकतान्त्रिकरणकले औपचारिक प्रवेश पाएको छ । जसरी जनताको वहुदलीय जनवादले माओवादीलाई आफ्ना हिंसात्मक कार्यदिशा, अधिनायकवादी मान्यता र अलोकतान्त्रिक चरित्रमाथि पुनर्विचार गर्दै 'एक्काइसौं शताब्दीको जनवाद' को ठाउँमा ल्याउन दबाबकारी भूमिका खेल्यो, जसरी यसले नवउदारवादलाई लोकतन्त्रको एकमात्र मोडल ठान्ने काङ्ग्रेसलाई सामाजिक न्यायसहितको लोकतन्त्रमा आउन दबाब सृजना गऱ्यो, एमालेको पार्टी जीवनको लोकतान्त्रिकरणको अवधारणा र अभ्यासले अन्य पार्टीहरूलाई पनि यस दिशामा अघि बढ्न दबाब सिर्जना गरेको छ ।

२१. तर पार्टीको लोकतान्त्रिकरण आफैमा साध्य होइन, यो समाज रूपान्तरणको निम्ति प्रभावकारी साधन मात्रै हो । पार्टीलाई समाजको क्रान्तिकारी रूपान्तरण गर्न सक्ने गरी सबल, सक्षम र गतिशील बनाउन सघायो भने मात्रै यसको उपादेयता र सान्दर्भिकता पुष्टि हुन्छ । अन्यथा, पार्टी लोकतान्त्रिक त होला, तर त्यो क्रान्तिकारी हुने छैन । क्रान्तिकारी रूपान्तरणको अगुवाइ गर्न सकेन भने पार्टीको लोकतान्त्रिकरण नेतृत्वको अहं तुष्टि या कार्यकर्ताहरूको असन्तुष्टि व्यवस्थापनको साधनमा सीमित हुन पुग्नेछ । लोकतान्त्रिक र शान्तिपूर्ण विधिद्वारा समाज रूपान्तरण गर्न सघाउने अर्थमा मात्रै पार्टीको लोकतान्त्रिकरणको महत्वलाई मापन गरिनु पर्छ ।

२२. माओवादीको उग्रवामपन्थी अराजकतावादसँग वैचारिक सङ्घर्ष गर्दै लोकतान्त्रिक रूपान्तरण गर्न र काङ्ग्रेसको यथास्थितिवादसँग राजनीतिक सङ्घर्ष गर्दै उसलाई अग्रगामी दिशामा अगाडि बढाउन नेकपा (एमाले)को नेतृत्वदायी भूमिका अपरिहार्य छ । राष्ट्रिय राजनीतिलाई ध्रुवीकरण र निषेधको दिशामा जानबाट रोक्न प्रभावकारी हस्तक्षेप गर्दै सहमतिको दिशामा अगाडि बढाउन एमालेको सन्तुलित भूमिकाको अनिवार्य खाँचो छ । समयले यसको काँधमा जुन गुरुत्तर अभिभारा राखिदिएको छ, यो पूरा गर्न सक्नुमै यसको अर्थवत्ता रहन्छ । तर महाधिवेशनबाट प्राप्त उर्जा, यसको अन्तरनिहित सन्देश र लोकतान्त्रिकरणबाट प्राप्त व्यापक धरातललाई पार्टीले यसबीचमा समुचित सदुपयोग गर्न सकेन भन्ने आलोचना जसरी उठिरहेको छ । यसप्रति पार्टी गंभीर बन्नैपर्छ र यौटा लोकतान्त्रिक क्रान्तिकारी पार्टीको रूपमा यसले आफूलाई नयाँ चुनौती सामना गर्न सक्ने गरी गतिशील, सशक्त र सबल बनाउनै पर्छ ।

*(लेखक नेकपा (एमाले) केन्द्रीय प्रचार विभाग प्रमुख एवं पोलिटब्युरो सदस्य हुनुहुन्छ ।*

# संविधानसभा विघटनका कारण र परिणाम



■ छविलाल विश्वकर्मा

हाम्रो देशको राष्ट्रिय राजनीतिक इतिहासलाई गहिरिएर नियाल्ने हो भने यतिबेला हामी अत्यन्त गम्भिरतम् जटिल मोडबाट गुज्रिन पुगेका छौं । नेपालका राजनीतिक दलहरू दिगो शान्ति, लोकतन्त्र र आर्थिक सामाजिक रूपान्तरणका निम्ति जनताले वर्षौंदेखि साँचेको सपनालाई साकार पार्ने अवसरका सामु उभिएका छन् । ती सपनालाई सार्थक नपारी दलहरूको औचित्य पुष्टि हुन सक्दैन ।

तत्कालिन राज्य सत्ताका अनेकौं कष्टकर दमन र यातना झेल्दै सहादतको हद सम्मका त्याग र वलिदान गरेका जनताको शक्तिले निर्वाह गरेको निर्णायक भूमिकाका कारण ०६२/०६३ को संयुक्त जनआन्दोलन सफल भएको थियो । सोही जनआन्दोलनको सफलताका कारण निरंकुश सामन्ती राजतन्त्रको अन्त्य भयो र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । यिनै उपलब्धिलाई संस्थागत गर्ने उदेश्यले नयाँ संविधान निर्माण गर्ने प्रयोजनका निम्ति संविधानसभाको निर्वाचन समेत सम्पन्न भयो ।

**माओवादी चालबाजी**

तत्कालिन अवस्थामा सात राजनीतिक दल र माओवादी विद्रोहीवीच सम्पन्न १२ बुँदे समझदारी बृहत शान्ति सम्झौता र त्यस यता भएका विभिन्न विषयसंग सम्बन्धित सहमति एवं सम्झौताको कार्यान्वयनको अवस्था के कस्तो रह्यो ? संविधानसभाकै निर्वाचन कसरी कुन अवस्थामा गरियो ? यस्ता कतिपय विषयबारे समय क्रममा इतिहासले मूल्याङ्कन गर्ने नै छ । जे सुकै भए पनि संविधानसभाको निर्वाचनको परिणाम सवैले स्वीकार गरेका छन् । अन्तरिम संविधानको व्यवस्था अनुसार संविधानसभाले तोकिएको दुई वर्षभित्रमा नयाँ संविधान निर्माण गर्न सकेन । त्यसपछि पनि समय थप्दै कामलाई अघि बढाउने क्रममा चार वर्षको अवधिभित्र पनि संविधान नै जारी नगरी संविधानसभाको अवसान भएको छ । अन्तिम समयसम्म नेकपा एमाले लगायतका पार्टीले नयां संविधान जारी गर्ने जनताको सपना साकार पार्न हरसंभव प्रयत्न गरे । तर, एनेकपा माओवादीले अनेकौं जालझेल र षडयन्त्रको तानावाना बुन्यो । सरकारको नेतृत्वमा टिकिरहने तुच्छ राजनीतिक अभिष्टका निम्ति नेपाली जनताको सपनालाई भताभुङ्ग गर्ने काम भएको छ । देशलाई संवैधानिक र राजनीतिक संकटको भूमरीमा पारेको छ । सँगसँगै जनतामा अनेकौं भ्रम छरेर आफ्ना नालायकी, जनता र राष्ट्रविरोधी कामको ढाकछोप गर्न अरूमाथि दोष थोपर्ने असफल प्रयास समेत भइरहेको छ ।

जनताले ६० वर्षदेखि आफ्नो संविधान आफै बनाउने अधिकारका निम्ति संघर्ष गरेका थिए । यस दौरान अनेकौं उतारचढावको सामना गर्दै यहासम्मको यात्रा तय गर्नु पर्ने अवस्था आयो । तथापि यो यात्रा सहज ढंगले तय भएको थिएन, यसका लागि जनताको धैरै ठूलो योगदान रहेको छ ।

संविधान नभएको हुनाले जनताले नयाँ संविधानको माग गरेका थिएनन् । भएको संविधानले उत्पीडित वर्ग, क्षेत्र लगायत विभिन्न असमावेशी आवाजलाई यथोचित सम्बोधन गर्न नसकेको हुँदा नयाँ संविधानमार्फत आफ्नो अपनत्व स्थापित गर्न चाहेका थिए । संविधानसभा नेपाली जनताका निम्ति यूगीन अवसर थियो । संयूक्त जनआन्दोलनको माध्यमबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने एउटा मूल आधार पनि थियो, संविधानसभा । यसैगरी धर्मनिरपेक्षता, गणतन्त्र, लोकतन्त्र, समावेशीता, संघीयता लगायतका उपलब्धीहरूलाई जोगाउने र विकास गर्ने काम परिवर्तनका संवाहक राजनीतिक दलहरूकै कार्यभार थियो ।

संविधान निर्माण प्रक्रियाको पछिल्लो वेलामा सहमति हुन बाँकी रहेका थौरै विषयहरू मात्र थिए । ती विषयहरूमा शासकीय स्वरूप, निर्वाचन प्रणाली, नागरिकताको सवाल, न्याय प्रणाली र संघीयता मूख्य थिए । राज्यको पुनर्संरचनाको माध्यमबाट संघीयतालाई आकार दिने विषयका अतिरिक्त अरू विषयमा दलहरूवीच सहमति भै सकेको हो । भलै आफ्नो चरित्रअनुसार माओवादी जेठ २ गतेको सहमतिबाट पछि हट्यो । संघीयताको संदर्भमा अतिरंजना हुने हिसावले विषयवस्तुहरू छ्यालव्याल भए । आ-आफ्नै हिसावले यी विषयलाई उपयोग गर्न माओवादी-कथित मधेशी मोर्चा गठबन्धन नाङ्गो रूपमा लागि परे । एकल जातीय पहिचान र जातीय राज्यका कुरा आए । यी कतिपय विषयमा राजनीतिक दलभन्दा

बाहिर गएर मोर्चाबन्दी गर्ने प्रयास पनि भए। यी सवाल राष्ट्रिय अन्तराष्ट्रिय चासोका विषय बने। यस निम्ति दवावका हस्ताक्षर अभियान पनि चलाइए। अन्ततः यिनै दवावका क्रियाकलापलाई प्रचण्ड-बाबुरामले संविधानसभा अवसान गर्ने हतियारका रूपमा रूपमा प्रयोग गरे। संविधानसभाको अवसान भएको भोलिपल्टै प्रचण्डले दुई तिहाई बहुमत नभएकाले आफुले जनसंविधान ल्याउन नसकेको भन्दै अबको निर्वाचनमा बहुमत दिन समेत सार्वजनिक अपिल गरे। उनले नयाँ संविधान बन्न नदिएको दोष एमाले-काँग्रेस लगायतका पार्टीलाई थोपर्ने चेष्टा गरे। एमाले-काँग्रेसकै जनजाती मधेशी पृष्ठभूमिका केही अगुवाले माओवादीकै स्वरलहरीमा मिसिदै आफ्नै पार्टीलाई दोषी देख्ने दृष्टिभ्रम पाल्न पुगे। यतिवेला भ्रमका ती बादल जनताको नजरबाट हटिसकेका छन्।

त्यसमा पनि विशेषगरी संख्याका हिसावले संविधानसभामा सवैभन्दा ठूलो दलका रूपमा रहेको एनेकपा माओवादीको खास भूमिका अपेक्षित थियो। किनकि संविधानसभामा जनताको जनादेश जारी शान्ति प्रकृयालाई टुङ्गोमा पुर्‍याउने र नयाँ संविधान जारी गर्ने प्रयोजनका निमित्त थियो। र यो कामका लागि जनताको ठूलो जनादेश माओवादीलाई प्राप्त भएको हो। जनताको जनादेश अनुसार ती काम माओवादीले पुरा गर्न सक्यो कि सकेन ? आफ्ना सहकर्मी दलहरूसंग विश्वास कायम गर्न सक्यो कि सकेन ? अहिले आम जनतामा सवैकुरा प्रष्ट भइसकेको छ। सत्य के हो भने संविधानसभा निर्वाचनमा व्यक्त जनादेशप्रति माओवादीले न्याय गर्न सकेन। सम्मान र मर्यादा कायम गर्न सकेन। परिवर्तनका सहकर्मी दलहरूको विश्वासलाई जोगाउन पनि सकेन। समग्रमा हेर्दा माओवादी संविधानसभाको निर्वाचनमार्फत प्राप्त जनादेश पुरा गर्ने कामप्रति पूर्णरूपमा असफल भइसकेको छ। देश र जनताको नेतृत्व गर्न पूर्णतः असफल भई सकेको कुरा प्रष्टै छ। यस अवस्थामा परिवर्तनले ल्याएका यी तमाम उपलब्धीलाई संस्थागत गर्ने, तिनको संरक्षण गर्ने र अघि बढाउने जिम्मेवारी नेकपा एमालेको काँधमा आएको छ। देश र जनताप्रतिको यो जिम्मेवारीपूर्ण भूमिकाबाट नेकपा एमाले पछि हट्न सक्तैन। यस निम्ति परिवर्तनका संवाहक अन्यशक्तिहरूवीचको आपसी विश्वास र सहमतिका आधारमा मुलुकलाई निकास दिन अघि बढ्न जरूरी छ।

यतिवेला दलित, उत्पीडित वर्ग, समुदाय र क्षेत्रका जनतालाई नयाँ संविधान उपलब्ध नहुँदा सवैभन्दा बढी अन्याय भएको छ। किनकि, आफ्ना प्रतिनिधिमार्फत आफ्ना हक अधिकार जे जति सम्बोधन हुन सकेका थिए ति मात्रै पनि याँ सविधानमा समेटिन सकेएको भए एक हद सम्मको सकरात्मक उपलब्धी हुन सक्दथ्यो। तर पनि संविधान निर्माणको प्रकृया अन्तर्गत अघि सरेका विषयले निकास पाउन सकेनन्।

**हाम्रो जिम्मेवारी**

सोभियत संघ जतिबेला विघटनको संघारमा थियो। तमाम समस्याको कारण बुझ्न तत्कालिन सत्ताप्रमुख गोर्वाचोवले एउटा सर्भेक्षण गराए। सर्वेक्षणको परिणामले के देखायो भने जनताको असन्तुष्टी र समस्याका मूल कारण जाति, भाषा, धर्म, क्षेत्र र संस्कृतिसंग सम्बन्धित थिए। जनताको भावनासंग जोडिएका यस खालका संवेदनशील विषयलाई ठीक ढंगले बुझ्न र सम्बोधन गर्न नसक्दा दुनियाँमा ठूल्ठूला संहार भएका छन्। हल्का ढंगले आफ्ना तुच्छ राजनीतिक अभिष्ट पुरा गर्न राजनीतिक दलहरू लाग्नाले स्थिति नियन्त्रण बाहिर गएको तपाई हामी आफ्नै आँखाले देखेका छौं। विशेषतः कम्युनिष्ट आन्दोलनले अघि सारेको वर्गीय मुक्तिको झण्डालाई शिखरमा फहराउनका निम्ति जाति, भाषा, क्षेत्रसंग सम्बन्धित उत्पीडित समुदायका मुद्दालाई वलियो राजनीतिक नेतृत्व प्रदान गर्नु जरूरी हुन्छ। ती मुद्दालाई सस्नेह नियन्त्रित तवरले परिचालित गर्नु आवश्यक छ। नेपालको सन्दर्भमा जननेता मदन भण्डारीले प्रतिपादन गर्नु भएको नेपाली क्रान्तीको कार्यक्रम जनताको बहुदलीय जनवादले यस सम्बन्धमा यथोचित ध्यान दृष्टि पुर्‍याएको छ। नेकपा एमालेले मार्ग निर्देशक सिद्धान्तको रूपमा अघि अबलम्बन गरेको यो नविन विचारले नेपाली जनताको भावनालाई समेटेको छ। नेपालको भूराजनीतिक अवस्थामा यहाँको विविधतायुक्त सामाजिक परिवेशलाई समेत हेक्का राखेर नै राष्ट्रिय एकता, भौगोलिक अखण्डता, स्वाधिनता र सामाजिक सद्भावमा जोड दिएको छ जबजले।


सारमा सबै तह र तप्काका जनताको आन्तरिक एकताले नै राष्ट्रिय एकता सवल हुन्छ भन्ने कुरामा ध्यान पुर्‍याउनु पर्ने हुन्छ। जनताको परिवर्तनको आकांक्षा सामाजिक जीवनका प्रत्येक पाटामा झल्किन सक्दा नै त्यसको सार्थकता रहने हो। त्यसै कारण जननेता मदन भण्डारीले भन्नुभयो "जीवनको रंग हरियो हुन्छ, सिद्धान्तको रंग खैरो हुन्छ।" अझ अगाडी बढेर उहाँले जोड दिनुभयो "जीवन सिद्धान्तका लागि होईन, सिद्धान्त जीवनका लागि हुनुपर्छ।"

जननेता भण्डारीका यी शास्वत दुरदृष्टि आज पनि हाम्रो साथमा छन्। तिनलाई बुझ्न, आत्मसात गर्न र व्यवहारमा उतार्न हामीले कति सक्यौं त्यो हाम्रो क्षमता र योग्यतामा भर पर्ने कुरा हो। तर राष्ट्र यो अफठ्यारो क्षणबाट गुज्रेको स्थितिमा आज पनि जवजको माध्यमबाट जननेता मदनले हामीलाई मार्गनिर्देशन गरिरहनु भएको छ। हाम्रो काम जबजको मार्गदर्शन अनुसार जनताको साथमा अघि बढ्ने मात्र हो, जीत हाम्रै हो ।

*(लेखक नेकपा (एमाले) पोलिटब्युरो सदस्य हुनुहुन्छ।)*

# जनताको बहुदलीय जनवाद

## नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोग



■ बेदुराम भुसाल

नेपालमा मार्क्सवादको प्रयोग गर्ने दृष्टिकोण आजभन्दा करीब ६५ वर्ष अगाडिदेखि शुरु भएको देखिन्छ । शुरुमा भारतका विभिन्न भागमा अध्ययनरत नेपाली युवाहरूले "मार्क्सवादी अध्ययन दल" नै बनाएर मार्क्सवादको अध्ययन गरेको र त्यसलाई नेपालमा कसरी लागू गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्ने गरेको पाईन्छ । ... मा मनमोहन अधिकारी भारत मै कम्युनिष्ट पार्टीको सदस्य बनेर नेपाल आई विराटनगरका मजदूरहरूलाई संगठित गर्ने र मार्क्सवादको प्रशिक्षण दिने गरेको पाइन्छ । वि.सं. २००५ मा पुष्पलालले मार्क्स र एंगेल्सद्वारा लिखित कम्युनिष्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गरी त्यसको भूमिकामा "नेपाल तबैमात्र पूर्ण रूपले आजाद (स्वतन्त्र) हुनसक्छ जब यो कम्युनिष्ट घोषणापत्र नेपालमा कार्यरूपमा परिणत हुनेछ"[1] भन्ने लेखेर नेपालमा मार्क्सवादको प्रयोग गर्नुपर्नेमा जोड दिएको पाइन्छ । त्सको लगत्तै पछि २००६ सालको बैशाख १० मा पुष्पलालकै नेतृत्वमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा "द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको मद्दतबाट मात्र क्रान्तिकारीहरूले सही रणनीतिको प्रतिपादन गर्न र त्यसलाई मार्क्स, एंगेल्स, लेनिन, स्तालिनको अजेय झण्डामूनि विजयसम्म बढाउन सक्नेछन्"[2] ... र "नेपाल कम्युनिष्ट पार्टी, मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा अघि बढेको पार्टीले क्रान्तिको आँधीवेहरीमा जनताको साथ दिनेछ"[3] भन्दै मार्क्सवादको मार्गदर्शनमा हिंड्ने र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणका आधारमा रणनीति बनाएर अगाडि बढ्ने प्रतिज्ञा गरेको पाइन्छ । यसरी नेपालमा मार्क्सवादको प्रयोग गर्ने कार्य प्रारम्भ भएर अगाडि बढ्न थालेको देखिन्छ ।

नेपालमा मार्क्सवादको प्रयोग गर्ने शक्तिका रूपमा प्रकट भएको नेपाली कम्युनिष्ट आन्दोलन प्रारम्भिक अवस्थादेखि नै वैचारिक वहस, विवाद र मतभेदहरूका साथ अगाडि बढेको देखिन्छ । २००९ सालमा पार्टीका संस्थापक महासचिव पुष्पलाललाई उक्त महासचिव पदबाट हटाउने कार्य र २०१० सालमा भएको पार्टीको प्रथम महाधिवेशनमा भएको कार्यक्रम सम्बन्धी मतभेद, त्यसैगरी दोश्रो सम्मेलन तथा दोश्रो र तेश्रो महाधिवेशनमा भएका कार्यक्रम र कार्यनीति सम्बन्धी मतभेद तथा त्यसपछि पार्टीमा आएको विभाजन आदि कार्यकलापबाट त्यही पुष्टि हुन्छ । अनेकौं पटकका फुट, विभाजन, पुनर्गठन, एकीकरण, फेरि फूट, फेरि एकीकरण आदि हुँदै अगाडि बढेको नेपाली कम्युनिष्ट आन्दोलन पछिल्लो अवधिमा आएर वैचारिक सैद्धान्तिक हिसाबले मूलतः दुई धारमा विभाजित छ । एउटा धारले "माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादका रूपमा ग्रहण नगरी कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्तैन"[4] भन्दै मार्क्सवादको प्रयोग चीनमा जसरी भएको थियो, नेपालमा पनि त्यसरी नै गर्ने कुरामा जोड दिएको पाइन्छ । अर्को धारले "मार्क्सवाद कोरा सिद्धान्त होइन । यसले व्यवहारलाई ठोस् रूपमा मार्गदर्शन गर्न सक्नुपर्छ । व्यवहार निरन्तर गतिशील भैरहने विषय हो । व्यवहारको गति र विकासका प्रत्यक अवस्थामा सिद्धान्तले त्यसलाई मार्गदर्शन गरिरहनु पर्दछ । त्यसको निम्ति आवश्यकता अनुरूप सिद्धान्त पनि गतिशील, विकासशील हुन सक्नुपर्दछ ।[5] विभिन्न मुलुकमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुर्नपरिभाषा गर्नु जरुरी छ, जसले मानव जातिको स्वाधिनता,

मुक्ति र प्रगतिका निम्ति सामाजिक शोषण समाप्तिको निम्ति, उत्पादक शक्तिको विकासका निम्ति मार्क्सवादको अर्को विकल्प छैन भन्ने कुरा पुष्टि गरोस् र यसको शाश्वत् जीवनको प्रत्याभूति गरोस्"[६] भन्ने तर्क गर्दै "मार्क्सवाद लेनिनवादका आधारभूत प्रस्थापनाहरूमाथि अविरल निष्ठाका साथ लागिरहने र वैज्ञानिक सामाजवादको पक्षमा दृढतापूर्वक उभिने"[७] प्रतिवद्धताका साथ नेपालको विशिष्ट परिस्थितिमा "मार्क्सवादको सिर्जनात्मक प्रयोग" गर्ने कार्यक्रम र सिद्धान्तको रूपमा 'जनताको बहुदलीय जनवाद' भन्ने मान्यता अगाडि सारेको छ। यो मान्यता मदनकुमार भण्डारीको अगुवाइमा अगाडि सारिएको हो।

मार्क्सवादको प्रयोग चीन लगायतका अन्य मुलुकहरूमा जसरी भयो, नेपालमा पनि ठिक त्यसरी नै गर्नु पर्दछ भन्ने विचारमा आफ्नो पन खासै केही छैन, बरु विदेशमा भएको प्रयोगको नक्कल भन्न सकिने आवस्था छ। नेपालको विशिष्ट अवस्थामा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्न चाहने विचारले चाहि एकातर्फ मार्क्सवादका भूलभूत मान्यताहरूमा दृढ अडान राख्ने र अर्कोतर्फ आफ्नो सिर्जनशीलता पनि सामेल गर्ने प्रयास गरेको पाइन्छ। त्यसैले नेपालमा मार्क्सवादको प्रयोगका सन्दर्भमा यही पछिल्लो धारले अगाडि सारेका दार्शनिक अडान र सिर्जनशील विचारको बारेमा केही चर्चा गर्नु उपयुक्त हुनेछ।

**मार्गदर्शक सिद्धान्तः मार्क्सवाद-लेनिनवाद**

जनताको बहुदलीय जनवादले मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा अङ्गीकार गरेको छ। नेकपा (एमाले) द्वारा २०४९ माघ १४-२० मा आयोजित नेकपाको पाँचौं महाधिवेशनबाट पारित 'नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद'मा स्पष्टताका साथ भनिएको छ, -"नेपालको क्रान्ति र निर्माणलाई बाटो देखाउने मार्क्सवाद-लेनिनवाद हो। नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको वैज्ञानिक विचार प्रणालीलाई मार्गदर्शक सिद्धान्त मान्दछ। वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारा वर्गको मात्र होइन किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधिनताको मार्गदर्शक सिद्धान्त पनि हो। आज मार्क्सवाद-लेनिनवाद वाहेक सामन्ती शोषणबाट किसानलाई मुक्त पार्ने साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै वैज्ञानिक विचार प्रणाली छैन। नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक मार्गदर्शनमा सो क्रान्ति र निर्माणको अभियान अघि बढाउन दृढ छ।"[८] सोही महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा "मार्क्सवाद-लेनिनवादका आधारभूत प्रस्थापनाहरूमाथि अविरल निष्ठाका साथ लागिरहने, वैज्ञानिक समाजवादको पक्षमा दृढतापूर्वक उभिने"[९] भनेर स्पष्टसँग भनिएको छ। त्यसैगरी सोही महाधिवेशनबाट पारित विधानको प्रस्तावनामा "यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो" भनेर किटान गरिएको छ। त्यसलाई निरन्तरता दिँदै छैटौं र सातौं महाधिवेशनबाट पारित विधानका प्रस्तावनामा पनि 'पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो' भनेरै तोकिएको छ। आठौं महाधिवेशनबाट पारित विधानको प्रस्तावनामा जबजलाई समेत थप गरेर 'पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो' भनिएको छ। यसरी नेकपा (एमाले) र उसले नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रमको रूपमा अगाडि सारेको जनताको बहुदलीय जनवादले मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त एवम् दर्शनका रूपमा दृढतापूर्वक अङ्गाल्दै आएको स्पष्ट छ।

**द्वन्द्वको नियम सार्वभौम**

जबजले द्वन्द्वको नियम सार्वभौम नियम हो र यो प्रकृति, जीवन, समाज र चिन्तनका हरेक क्षेत्रमा लागु हुन्छ भन्ने मान्यता राखेको छ। यस सम्बन्धमा नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ - "मार्क्सवादको दृष्टिकोण र दर्शन द्वन्द्वात्मक भौतिकवाद हो। प्रत्येक वस्तु घटना वा विचारमा द्वन्द्वात्मक अन्तरसम्बन्धहरू रहेको कुरा मार्क्सवादले स्वीकार गर्छ। एउटा जनताकै जनवादी व्यवस्थामा पनि अर्थतन्त्र, संस्कृति र समाजभित्र अनिवार्य रूपमा द्वन्द्व हुन्छ। ... द्वन्द्व सार्वभौम नियम नै हो।"[१०]

**अन्तर्वस्तु र सारको प्रधानता, रूपमा बहुलता**

जबजको द्रोस्रो महत्व पूर्ण दार्शनिक मान्यता हो अन्तर्वस्तु एवम् सारको प्रधानता हुन्छ र वस्तु एवम् घटनाका रूपमा बहुलता हुन्छ भन्ने मान्यता। सारको प्रधानता सम्वन्धमा मदन भण्डारी लेख्छन् - "हरेक वस्तुको रूप पक्ष र सारपक्ष हुन्छ। राजनितिक सत्ताको पनि रूप र सारपक्ष हुन्छन्। सत्ताको सारपक्ष राज्ययन्त्रसँग सम्वन्धित कुरा हो भने त्यसको रूप शासनतन्त्रसँग सम्वन्धित कुरा हो। कुनै पनि राजनीतिक सत्ताले कुन-कुन वर्गको हित साधन गर्छ र कुन वर्गमाथि अधिनायकत्व लागुगर्छ भन्ने कुरा सत्ताको सारतत्त्वसँग सम्वन्धित बिषय हुन्छ। राज्ययन्त्रमा बिद्यमान समाजमा रहेको जनताका वर्ग वा वर्गस्तरहरू कसको के हैसियत हो र राज्यले कुन वर्गप्रति कस्तो नीति अपनाउँछ भन्ने कुरामा ब्याख्या गरिन्छ।

त्यसकारण यो राज्यको सारतत्वसँग सम्वन्धित बिषय हो । तर शासनतन्त्र भने सरकारको गठन कसरी गर्ने तथा दैनिक शासन प्रशासन संचालन कसरी गर्ने ? भन्ने बिषयसँग सम्वन्धित हुन्छ । त्यसकारण यो राज्यको रूप पक्षसँग सम्वन्धित बिषय हो । ...बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली कुनै निश्चित एक खालको सारतत्त्व भएको राज्यसत्ताको रूप मात्र होइन । अनेक सारतत्त्व भएका राज्यहरूको स्वरूप बन्न सक्छ । यसबेला दुनियाँमा बहुदलीय शासन प्रणाली अन्तरगत अनेक खालको राज्यहरूले काम गरिरहेका छन् । अर्धसामन्ती, अर्ध उपनिवेशी राज्यहरू पनि बहुदलीय प्रणाली अपनाइरहेका छन् । पूँजीवादी राज्यहरूले पनि त्यो प्रणाली अपनाउदै आएकाछन् । समाजवादी राज्यहरूले पनि प्रारम्भिक अवस्थामा त्यो प्रणाली अपनाउन सक्छन् भन्ने निष्कर्ष निकालिदै छ । हामीहरू नयाँ जनवादी राज्यले पनि बहुदलीय प्रतिस्पर्धाको शासन प्रणाली अपनाउन सक्छ भन्ने निष्कर्ष लिएर आफ्नो राजनितिक कार्यक्रम निर्धारण गरी अघिबढिरहेका छौं । त्यसकारण केवल रूप पक्षलाई मात्र हेरेर कुनैपनि राज्यसत्ताको वर्ग चरित्र टुङ्गो लाउन सकिन्न ।" त्यसैगरी अन्तरवस्तुको प्रधानताको सम्बन्धमा भनिएको छ -"जनवाद वा प्रजातन्त्रको पहिचान त्यसको वर्गीय अन्तर्वस्तुबाट हुन्छ । वर्गीय अन्तर्वस्तुलाई वेवास्ता गरेर उल्लेख गरिने जनवाद एउटा खोक्रो शव्दावली मात्र हुनेछ । औपचारिकता निम्ति कथित शव्द मात्र हुनेछ । जनताको आर्थिक अधिकार बिनाको जनवाद भन्नाले जनताले उपयोग गर्ने जनवाद हुँदैन ।"[११] मदन भण्डारीको यो मान्यता द्वन्द्वात्मक भौतिकवादको कुनै पनि वस्तु वा घटनाको वाहिरी आवरण वा अकृति होईन अन्तर्वस्तु प्रधान हुन्छ, भन्ने मान्यता अनुरूप छ ।

**क्रान्ति एक वस्तुगत प्रकृया**

जबजले क्रान्ति मनोगत प्रक्रिया नभई एक वस्तुगत प्रकृया हो भन्ने मान्यता अगाडि सारेको छ । क्रान्ति के हो, यसलाई कसरी बुझ्ने र कसरी संचालन गर्ने भन्ने सवाल ज्यादै नै महत्वको दार्शनिक सवाल हो । यस सम्वन्धमा मदन भण्डारी लेख्छन् -"मार्क्सवादी दर्शनको आधारमा क्रान्ति एउटा अनिर्वाय वस्तुगत प्रकृया हो । मनोगत आग्रहले मात्र क्रान्ति हुनसक्दैन । वस्तुगत बिकासका नियमहरू अनुकुल त्यसै दिशामा मनोगत शक्तिको प्रयास पनि केन्द्रित भयो भने क्रान्ति चाडो गर्न सकिन्छ, त्यसो नभए त्यसमा विलम्व हुनसक्छ । ....बिद्यमान समाजको गर्भभित्र नै नयाँ समाजका तत्त्वहरूको उदय र बिकास नभै क्रान्ति हुन सक्दैन । क्रान्तिले पुरानो समाजको आधारलाई तोड्छ र नयाँ समाजको संरचनालाई सुदृढ बनाउंछ । ... आम रूपमा जनताको इच्छा अनुरूप एव्म वस्तुगत परिस्थितिको बिकासको परिपक्व अवस्थामा नयाँ समाजको जन्म हुन्छ । ... जनताको चेतना र निर्णायक पहलकदमीबाट नै क्रान्ति सम्पन्न हुन्छ ।"[१२] यसरी क्रान्तिलाई अनिवार्य वस्तुगत प्रकृया ठान्ने र त्यसमा जनताको भूमिका निर्णायक हुन्छ भनेर मान्ने जबजको मान्यता द्वन्द्वावादको क्रान्ति सम्वन्धी मूल मान्यता अनुरूप एवम् कार्ल मार्क्सको निष्कर्ष अनुरूप छ ।

कार्ल मार्क्सको भनाई छ - "जुन सामान्य निष्कर्षमा म पुगें र जुन निष्कर्ष तत्पश्चातका मेरा अनुसन्धानहरूमा मार्गदर्शक सूत्र बन्यो, त्यसलाई संक्षिप्तमा निम्नानुसार सूत्रिकृत गर्न सकिन्छ : बिकासको एउटा निश्चित चरणमा पुगेपछि समाजका भौतिक उत्पादक शक्तिहरू तत्काल विद्यमान उत्पादन सम्वन्धहरू, जसलाई कानूनी भाषामा सम्पति सम्वन्ध भन्न सकिन्छ र जस अर्न्तगत रहेर उनीहरूले त्यस वेलासम्म काम गर्दै आएकासंग टकराउन थाल्दछन् । ती सम्वन्धहरू उत्पादक शक्तिको बिकासका निम्ति अनुरूपताको अवस्थाबाट बाधकको रूपमा फेरिन्छन् । तव क्रान्तिको युग शुरु हुन्छ । आर्थिक आधारमा परिवर्तन आउनुको साथै सिङ्गो विशाल माथिल्लो संरचनामा पनि धेरथोर तिब्रताकासाथ परिवर्तन हुन पुग्दछ ।"[१३] मार्क्सवादी भाषामा क्रान्ति यही हो । जबजले क्रान्ति सम्वन्धि यही मान्यतालाई अङ्गीकार गरेको प्रष्ट पार्दै मदन भण्डारी लेख्छन् -"उत्पादक शक्ति र उत्पादन सम्वन्ध वीचको अन्तर्बिरोधबाट क्रान्तिको जन्म हुन्छ र क्रान्तिले उत्पादक शक्तिको बिकासको स्तर अनुरूपको प्रगतिशील उत्पादन सम्वन्ध कायम गर्छ । सामान्यतया क्रान्ति सम्वन्धी मार्क्सवादको आम अवधारणा यही हो ।"[१४]

**परिवर्तन मात्रा र गुणमा**

परिवर्तन एकैचोटी हुने नभएर पहिले मात्रा-मात्रामा र मात्रात्मक परिवर्तनको एउटा निश्चित प्रकृया वा सीमा पुरा गरेपछि चाहि गुणात्मक रूपमा नै हुने गर्दछ भन्ने मान्यता जबजको अर्को एउटा महत्वपूर्ण दार्शनिक मान्यता हो । यस सम्वन्धमा जनताको बहुदलीय जनवादमा लेखिएकोछ - "क्रान्तिकारी राजनीतिक कार्यदिशाको नेतृत्वमा सुधार वा परिवर्तन साना वा ठुला, परोक्ष वा प्रत्यक्ष, संसदीय वा असंसदीय सवै कुराको संचालन गर्नु पर्दछ ।[१५] शान्तिपूर्ण संघर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा

प्रगतिशील ढंगले अधिकत्‌म सुधार गर्नेसम्म मात्र हो र यो पनि जनसत्ताको स्थापना गर्ने आन्दोलनमा महत्वपूर्ण कुरा र उपलब्धी नै हो । ... प्रतिकृयावादी सत्तालाई अन्त्य गरी जनसत्ताको स्थापना गर्नु हाम्रो क्रान्तिकारी राजनीति र संघर्षको हमेशा केन्द्रीय कार्य रहेको छ र रहनु पर्छ ।"[१५] त्यसैगरी नेकपा (एमाले(को पाँचौ महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ - "आमूल परिवर्तन गर्ने कुरा निर्णायक, महत्वपूर्ण र प्राथमिक हो, यो हाम्रो सम्पूर्ण कामको निर्देशकतत्त्व हो ।"[१६] यस सम्बन्धमा मदन भण्डारी लेख्छन् - "बिद्यमान समाजको गर्भभित्र नै नयाँ समाजका तत्त्वहरूको उदय र बिकास नभै क्रान्ति हुन सक्दैन ।[१७] वस्तुगत बिकासको प्रकृयामा नवोदित कुराले पुरानोलाई बिस्थापित नगरी वलात निषेध गर्नु द्वन्द्ववादको सार्वभौम नियम बिपरित हुन्छ ।"[१८] मदन भण्डारीका यी भनाईहरू कार्लमार्क्सको "कुनै पनि समाज व्यवस्था तबसम्म नष्ट हुँदैन, जबसम्म त्यसमा स्थान पाइरहेका तमाम उत्पादक शक्तिहरू विकसित भइसकेका हुँदैनन् अझ उन्नत उत्पादन सम्बन्धहरू तबसम्म प्रकट हुँदैनन् जबसम्म तिनीहरूको अस्तित्वका भौतिक आधारहरू पुरानै समाजको गर्भमा परिपक्व भैसकेका हुँदैनन्"[१९] भन्ने निष्कर्षमा आधारित छन् ।

**संरचना मार्फत आधारमा परिवर्तन**

जबजले समाजमा आमूल परिवर्तन हुनु अर्थात् क्रान्ति सम्पन्न हुनुभन्दा पूर्व "शान्तिपूर्ण संघर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा प्रगतिशील ढंगले अधिकतम सुधार गर्ने"[२०] कार्यलाई "जनसत्ता स्थापना गर्ने आन्दोलनमा महत्वपूर्ण कुरा र उपलब्धी"[२१] हुने मान्यता राखेको छ । "आमूल परिवर्तन गर्ने क्रान्तिद्वारा जनसत्ताको स्थापना बाहेक तत्कालिक कार्यनीतिको हिसाबले आम निर्वाचनमा बहुमत ल्याई वामपन्थी सरकार बनाएर त्यसलाई प्रगतिशील ढंगले संचालन गर्दै आम जनतालाई क्रान्तिको निम्ति गोलबन्द गर्नु राजनीतिक कार्यनीतिका हिसाबले सबभन्दा महत्वपूर्ण तत्त्व हो"[२२] भन्दै निर्वाचनको माध्यमबाट क्रान्तिकारी शक्तिको सरकार बनाएर अर्थात् माथिल्लो संरचनामा नियन्त्रण कायम गरेर त्यस मार्फत समाजको आधारमा परिवर्तन गर्ने मान्यता अगाडि सारेको छ । त्यसैगरी "माथिल्लो ढाँचामा रहेको पार्टी हस्तक्षपले ठोस रूपमा ... वर्ग संघर्ष र क्रान्तिकारी आन्दोलनलाई सघाउनुपर्छ । जुन मात्रामा माथि हस्तक्षेप हुन्छ त्यसै मात्रामा त्यसले तलको आमूलगामी संघर्षलाई सहयोग पुऱ्याउन सक्छ । अर्कोतिर आधारभुत जनताको तलको संघर्ष बलियो रहेको खण्डमा मात्र एउटा क्रान्तिकारी पार्टीले माथिल्लो ढाँचामा पनि आफ्नो हस्तक्षेप र पकडलाई बलियो बनाउन सक्छ । यसरी हाम्रो पार्टी संसदीय संघर्ष र वर्ग संघर्षलाई साथसाथै चलाउने स्थितिमा छ । सरकार बनाएर वा सरकारमा सम्लग्न रहेर त्यसलाई समेत प्रयोग गर्दै आमूल परिवर्तनको शक्ति संचय र आन्दोलन विस्तार गर्ने कार्यनीति लिनुपर्ने अवस्थामा रहेको छ ।"[२३] भन्दै संरचनामा नियन्त्रण गरेर आधार परिवर्तनका निम्ति पहल गर्ने मान्यता अगाडि सारिएको छ । क्रान्तिपूर्व क्रान्तिकारी शक्तिको सरकार निर्माण गर्ने र त्यसलाई क्रान्तिको औजारका रूपमा प्रयोग गरी क्रान्ति सम्पन्न गर्ने दिशामा अगाडि बढ्न सकिन्छ भन्ने यो मान्यता ऐतिहासिक भौतिकवादको संरचनाले पनि आधारमा सक्रिय प्रभाव पार्दछ भन्ने मान्यता अनुरूप छ । यस सम्बन्धमा फ्रेडरिख एंगेल्सको भनाई छ - "राजनीति, कानून, दर्शन, साहित्य, कला आदि क्षेत्रको विकास आर्थिक क्षेत्रको विकासमा निर्भर गर्दछ । तर यी सबले पनि एक आपसमा र आर्थिक आधारमा समेत असर पार्दछन् । आर्थिक स्थिति मात्रै कारण हो र सक्रिय रहन्छ, बाँकी सबै निष्क्रिय हुन्छन् भन्ने होइन ।[२४] इतिहासको भौतिकवादी धारणा अनुसार इतिहासमा अन्तिम निर्णायक तत्त्व वास्तविक जीवनको उत्पादन र पुनः उत्पादन हो । यसभन्दा बढी न मार्क्सले न त मैले नै कहिल्यै भनेका छौं । अतः यदि कसैले हाम्रो यस भनाईलाई बंगाएर केवल आर्थिक तत्त्व मात्रै निर्णायक हो भन्ने अर्थ लगाउँछ भने त्यो अर्थहिन, अमूर्त र तात्पर्यरहित शब्दावली मात्रै हुनेछ । आर्थिक परिस्थिति आधार हो तर संरचनामा रहेका वर्ग संघर्षका राजनीतिक रूपहरू र त्यसका परिणाम, सफल युद्धपछि विजयी वर्गद्वारा संस्थापित गरिने संविधानहरू न्यायिक संरचनाहरू र यी वास्तविक संघर्षमा सहभागी हुनेहरूको मस्तिष्कमा पर्ने प्रभाव, राजनीतिक, न्यायिक, दार्शनिक सिद्धान्तहरू, धार्मिक दृष्टिकोणहरू र तिनीहरूबाट थप विकास हुने जडसूत्रीय पद्धतिहरूले समेत ऐतिहासिक संघर्षका प्रकृयाहरूमा प्रभाव पार्दछन् र धेरै घटनामा त तिनको रूप निर्धारणमा यिनीहरूको निर्णायक भूमिका रहेको देखिन्छ । यी सबै तत्त्वहरूबीच अन्तरक्रिया चल्दछ ।"[२५]

**निर्णायक शक्ति श्रमजीवी जनता**

जनताको बहुदलिय जनवादले श्रमजीवी जनतालाई निर्णायक शक्तिका रूपमा स्वीकारेको छ र सबै कुराको अन्तिम फैसला श्रमजीवी जनताबाट हुन्छ र हुनुपर्दछ भन्ने

मान्यता अगाडि सारेको छ । यस सम्बनधमा मदन भण्डारी लेख्छन् । "राज्यव्यवस्था वा शासन प्रणाली दुवै क्षेत्रमा निर्णायक तत्त्व जनता हुन् । जनताको चेतना र पहलकदमीबाट नै क्रान्ति सम्पन्न हुन्छ भन्ने त्यसको रक्षा पनि जनताकै पहलकदमी चेतना र सक्रियताबाट मात्र सम्भव हुन्छ । त्यसकारण कम्युनिष्ट पार्टीले बल प्रयोग गरेर होइन जनताको बीचमा राजनीतिक संगठनात्मक काम गरेर नै जुनसुकै समस्याहरूलाई पनि हल गर्ने विधि अपनाउनु पर्दछ ।"[२६] त्यसैगरी नेकपा (एमाले)को पाँचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ - "जनवादमा वास्तविक रूपमा जनता राजनीतिको निर्णायक तत्त्व बन्दछन् र बन्नुपर्दछ । जनता नै वास्तवमा देशको मालिक बन्छन् र बन्नुपर्छ । राजनीतिक रूपमा जनवादको आधारभूत तत्त्व यही नै हो । जनताले राजनीतिमा कसरी भाग लिन्छन् । राजनीति र राजकीय व्यवस्थामा नियन्त्रणकारी निर्णायक भूमिका कसरी खेल्न सक्छन् भन्ने तरिकाको सवालमा विविधता हुनसक्छ । ... हामीहरू वास्तविक जनवादको पक्षमा छौं । जनतालाई राजनीति र राजकीय व्यवस्थाको निर्णायक शक्ति र देशको एक मात्र वास्तविक मालिक बनाउने पक्षमा छौं ।"[२७]

### सिद्धान्तको वर्ग पक्षधता र गतिशीलता

जनताको बहुदलीय जनवादले हरेक दर्शन, सिद्धान्त विचार र चिन्तनमा वर्ग पक्षधरता हुन्छ र तिनीहरू सबै गतिशील हुन्छन् भन्ने मान्यता अगाडि सारेको छ । वर्गीय समाजमा सिर्जना र विकास भएका दर्शन, सिद्धान्त, विचार आदिले उक्त समाजको कुनै न कुनै वर्गको हित प्रतिनिधित्व एवम् पक्षपोषण गर्ने मात्र होइन, कि कुनै न कुनै वर्गको दृष्टिकोणका रूपमा काम गर्ने समेत गर्दछन् । त्यसैले वर्गीय समाजको कुनैपनि विचार, सिद्धान्त वा दर्शन वर्गहितभन्दा माथि उठेको वर्गोपरि वा वर्ग निरपेक्ष चरित्रको हुनै सक्तैन । बेलायतका एकजना प्रसिद्ध मार्क्सवादी दर्शनशास्त्री मोरिस कन्फोर्थका अनुसार "वर्गीयतालाई नअंगाल्ने वा वर्ग संघर्षको सम्बन्धमा पक्षधर नभै निष्पक्ष रहने कुनै पनि दर्शन हुँदैन । हामीले जतिसुकै खोजेपनि निष्पक्ष, गैरपक्षधर र गैर वर्गीय दर्शन पाउन सक्तैनौं"[२८] जबजले द्वन्द्ववादी दर्शनको यस मान्यतालाई आत्मसात गरेको छ र सिद्धान्तको पनि वर्ग स्वरूप एवम् वर्ग पक्षधरता हुन्छ र हरेक सिद्धान्त गतिशील हुन्छ भन्ने मान्यता अंगालेको छ । यस सम्बन्धमा मदन भण्डारी लेख्छन् - "मार्क्सवाद सर्वहारा श्रमजीवी उत्पादक शक्तिको मुक्ति र समृद्धिको सिद्धान्त हो । बेला र ठाउँको भिन्नताले मार्क्सवादलाई लागु गर्ने नीति एवम् तरिकामा भिन्नता हुन सक्छ तर जहाँसुकै र जहिले पनि एवम् जुनसुकै परिस्थिति भएपनि मार्क्सवादको वर्ग स्वरूप फेरिन सक्तैन । त्यसकारण नयाँ व्याख्या सही छ कि छैन भन्ने जाँच्ने कसी केवल त्यसको वर्ग स्वरूप वर्ग दृष्टिकोण सही छ कि छैन भन्ने नै हो र हुनुपर्दछ ।"[२९] त्यसैगरी सिद्धान्तको गतिशीलताको सम्बन्धमा पनि मदन भण्डारी लेख्छन् - "मार्क्सवाद कोरा सिद्धान्त होइन । यसले व्यवहारलाई ठोस रूपमा मार्गदर्शन गर्न सक्नुपर्छ । व्यवहार निरन्तर गतिशील भैरहने विषय हो । व्यवहारको गति र विकासका प्रत्येक अवस्थामा सिद्धान्तले त्यसलाई मार्गदर्शन गरिरहनु पर्छ । त्यसको निम्ति आवश्यकता अनुरूप सिद्धान्त पनि गतिशील हुन सक्नु पर्छ । मार्क्सवादी सिद्धान्त कुनै जडसुत्र होइन । ठोस परिस्थितिको ठोस विश्लेषण गर्नु नै मार्क्सवादको आत्मा हो भनेर भनिरहेको बेला लेनिन मार्क्सवादको यही रचनात्मक तथा गतिशील सिद्धान्तको व्याख्या गरिरहनु भएको थियो ।"[३०] जबजको यो मान्यता मार्क्सवादी मान्यता अनुरूप छ । किनभने ऐंगेल्सका अनुसार "मार्क्सका लागि विज्ञान ऐतिहासिक रूपले एक गतिशील, क्रान्तिकारी शक्ति" थियो ।[३१]

### राज्य र राजनीतिको वर्ग पक्षधरता

जनताको बहुदलीय जनवादले राज्य र राजनीतिको आम चरित्र वर्गीय हुन्छ भन्ने मार्क्सवादी अवधारणा अंगालेको छ । मार्क्सवादी दृष्टिकोणमा राज्यको उदय नै वर्गीय आधारमा भएको हो । राज्यसत्ता जुन वर्गको हातमा हुन्छ त्यसकै हितमा यसको प्रयोग हुने गर्दछ र यसले विरोधी वर्गमाथि नियन्त्रण र दमन समेत गर्ने गर्दछ । त्यसैले राज्यको चरित्र गैर वर्गीय, सर्व वर्गीय वा वर्गोपरी हुन्छ भन्ने कुरा बिल्कुलै गलत कुरा हो । त्यस्तो हुनै सक्तैन । वर्गविहीन समाजमा राज्यसत्ताको अस्तित्व नै थिएन । आदिम सामुदायिक समाजका विभिन्न समुदायहरू बीच पशुधन र चरनक्षेत्र लगायतका सम्पत्ति एवं विभिन्न खाले श्रोत साधनहरूको नियन्त्रण एवम् उपभोगका निम्ति चलेका भीषण संघर्षहरूमा विजयी बन्नका निम्ति र विजयी बनिसकेपछि पराजित तथा विरोधी पक्षमाथि नियन्त्रण र दमन गर्ने क्रममा जुन शक्तिको निर्माण गरियो, त्यही शक्ति नै राज्य शक्ति वा राज्यसत्ता हो । राज्यसत्ता सदैव वर्ग पक्षधर रहदै आएको छ र यसले सत्ताधारी वर्गको हितमा काम गर्दै आएको छ । राजनीति राज्यसत्ता हातमा लिने र त्यसलाई राज्य र राजनीतिको वर्गीय चरित्र हुन्छ भन्ने सम्बन्धमा मदन भण्डारी लेख्छन् - "राज्य वर्गीय शासनको उपकरण हो । एउटा वर्गले अर्को वर्गलाई अधिनमा

राख्ने साधन हो । एक वर्गको रूपमा राज्यको उत्पत्ति भयो र एक वर्गकै रूपमा राज्यको अन्त्य पनि हुनेछ । तर बीचमा अनेक वर्गको संयुक्त राज्य पनि बन्न सक्छ ।[३२] त्यसैगरी यस सम्बन्धमा नेकपा (एमाले)को पाँचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ - "राजनीति वर्गीय दृष्टिकोण र वर्गीय स्वार्थको केन्द्रीय अभिव्यक्ति हो र राज्य एउटा वर्गले अर्को वर्गलाई वा केही वर्गले केही वर्गलाई नियन्त्रणमा राख्ने साधन हो । ... समाजमा वर्गहरू रहेसम्म विद्यमान वर्गहरूको भिन्नाभिन्नै राजनीति हुनु स्वभाविक हो । त्यसकारण वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीति हुन्छन् ।"[३३]

**उत्पादक शक्तिको मुक्तिमा जोड**

संसारका सबै दर्शन, सिद्धान्त र विचारले समाजको कुनै न कुनै वर्ग एवम् शक्तिको पक्षपोषण गर्ने गरेका छन् । जनताको बहुदलीय जनवादले नेपाली समाजको श्रमजीवी वर्ग र यहाँको उत्पादक शक्तिको पक्षमा आफूलाई उभ्याएको छ । यस सम्बन्धमा मदन भण्डारी लेख्छन् -"मार्क्सवाद सर्वहारा श्रमजीवी उत्पादक शक्तिको मुक्ति र समृद्धिको सिद्धान्त हो । मार्क्सवादले हरेक समाजमा हरेक बेला उत्पादक शक्तिको पक्षपोषण गरिरहेको हुन्छ । मार्क्सवादको कहिल्यै पनि यस्तो व्याख्या हुन सक्तैन कि त्यस व्याख्याले सामन्त र पूँजीपतिलाई खुशी तुल्यायोस् तथा उत्पादक शक्ति बरु एकदलीय एकाधिकारवादले सर्वहारा वर्गको दीर्घकालिन हित गर्न नसकेको अनुभव प्राप्त भइरहेको छ ।[३४]

समाजको प्रधान पक्ष आर्थिक उत्पादन प्रणाली हो । उत्पादन प्रणालीभित्र उत्पादक शक्ति र उत्पादन सम्वन्धहरू रहेका हुन्छन् । ती दुईका बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ, उत्पादक शक्ति तीव्र गतिमा परिवर्तनशील हुन्छ भने उत्पादन सम्बन्धहरू अपेक्षाकृत रूपमा स्थिर रहन्छन् । त्यसैले तिनीहरूका बीचमा अन्तर्विरोध पैदा हुन्छ र द्वन्द्व चलिरहन्छ । त्यस द्वन्द्वले उत्पादक शक्तिको विकासमा गति प्रदान गर्दछ । उत्पादक शक्तिको विकास नभैकन उत्पादन प्रणालीमा विकास हुँदैन । उत्पादन प्रणालीमा विकास नभैकन समाजको विकास हुँदैन । त्यसैले समाजको विकासका निम्ति उत्पादक शक्तिको विकास हुनु पर्दछ । उत्पादक शक्तिको विकासका निम्ति पुराना उत्पादन सम्बन्धहरूलाई तोडेर नयाँ उत्पादन सम्बन्धहरू कायम गरिनु पर्दछ । उत्पादक शक्तिको विकासमा बाधक बनेका पुराना उत्पादन सम्बन्धहरूलाई तोडेर फाल्ने र उत्पादक शक्तिको विकासका निम्ति सहयोगी बन्ने खालका नयाँ उत्पादन सम्बन्धहरूको स्थापना गर्ने कार्य नै उत्पादक शक्तिको मुक्ति हो । यही मुक्तिमा मार्क्सवादले जोड दिएको छ र जनताको बहुदलीय जनवादले पनि जोड दिएको छ ।

**वर्ग संघर्ष प्रधान, संघर्षका रूप सापेक्ष**

जनताको बहुदलीय जनवादले क्रान्तिको बाटो र वर्ग संघर्षका सम्बन्धमा निम्न प्रकारका स्पष्ट मान्यताहरू अगाडि सारेको छ -"क्रान्ति सम्पन्न गर्नको निम्ति बाटोको हिसाबले वर्ग समन्वय होइन, वर्ग सम्झौता होइन वर्ग संघर्ष नै मूल र आधारभूत कुरा हो । तर त्यसको कुन रूप अपनाउने भन्ने कुरा परिस्थितिमा भरपर्ने विषय हो । ... मार्क्सवादले संगठन र संघर्षको कुनै एउटा मात्र रूपलाई क्रान्तिकारी संघर्षको एकमात्र र अन्तिम रूप मान्दैन । क्रान्तिकारीहरूले संघर्षका सबैखाले रूप र तरिकाहरूलाई कुशलतापूर्वक संचालन गर्न सक्ने क्षमता विकास गर्न ध्यान दिनुपर्छ । ... लक्ष्य अनिवार्य र निर्णायक तत्त्व हो, बाटो त्यसलाई सकेसम्म छिटो र सुगम ढंगले प्राप्त गर्ने साधन हो । त्यसकारण लक्ष्य प्रमुख हो र साधन गौण । जुन साधनबाट लक्ष्यमा पुग्न सकिन्छ, त्यसलाई क्रान्तिकारी रूपले दृढतापूर्वक प्रयोग गर्नुपर्छ । ... क्रान्तिको बाटो वस्तुगत परिस्थितिको उपज हो । मनोगत रूपमा कुनै पनि ढाँचा खडा गरेर आग्रह जाहेर गर्दैमा बाटोको समस्या हल हुँदैन । ... चलिरहेको संघर्षमा क्रान्तिकारी शक्तिले प्राप्त गर्ने विजय र वरिष्ठताले नै संघर्षलाई निर्णायक दिशा र मोड दिन सक्छ ।[३५] ... संघर्ष दुई विपरित पक्षहरू बीचको टक्कर हो, प्रतिस्पर्धा हो । संघर्षको कुन रूप प्रमुख र निर्णायक हुन्छ, त्यो कुनै शास्त्रीय रचनाबाट वा विशिष्ट नेताको कल्पनाबाट तय हुने विषय होइन । त्यो त जनताको बीचबाट, वर्ग संघर्षबाट, दुई विपरित तत्त्व बीचको संघर्षबाट तय हुने कुरा हो ।[३६] ... संघर्षका वैधानिक र अवैधानिक, कानूनी र गैर कानूनी, हिंसात्मक र शान्तिपूर्ण, गुप्त वा खुला र संसदीय वा गैर संसदीय अनेक रूप हुन्छन् । सिद्धान्ततः कुनैपनि रूप स्वयम्मा ग्राह्य वा त्याज्य हुँदैन । परिस्थितिले आन्दोलन वा संघर्षका जुन-जुन रूप र तरिकाहरू आवश्यक र सम्भव बनाउँछ, तिनै रूप र तरिकाहरू अपनाउनु उचित हुन्छ । ... हामी वर्गीय समाजमा वर्ग समन्वयबाट सामाजिक विसंगति मेटाउन सकिने कुरामा विश्वास गर्दैनौं । वर्ग संघर्षबाट सामाजिक समस्याहरूको समाधान हुन सक्ने कुरामा दृढ विश्वास राख्छौं ।"[३७] उपर्युक्त मान्यताहरू ऐतिहासिक भौतिकवादका "वर्गीय समाजमा वर्ग संघर्ष नै परिवर्तनको संवाहक हो" भन्ने नियम र 'चेतनाको निर्धारण वस्तुगत परिस्थितिले गर्दछ' भन्ने मान्यता अनुरूप छन् ।

समाजमा तीन किसिमका संघर्ष चलिरहेका हुन्छन् ।

ती हुन १) उत्पादन संघर्ष, २) वैज्ञानिक प्रयोग एवम् अनुसन्धानका क्रममा हुने संघर्ष र ३) वर्ग संघर्ष। उत्पादन संघर्ष भनेको मानवीय जीवन निर्वाहका निम्ति आवश्यक पर्ने वस्तु उत्पादनको क्रममा हुने संघर्ष हो। मानिसले प्राकृतिक श्रोत साधनहरूको उपयोग गरेर अथवा प्रकृतिको दोहन गरेर नै त्यस निम्ति आवश्यक साधन वा वस्तुहरूको उत्पादन गर्ने भएकाले त्यस क्रममा उसले प्रकृतिसँग ठूलो संघर्ष गर्नुपर्ने हुन्छ। यही संघर्ष उत्पादन संघर्ष हो। यो संघर्ष मानव समाजको जन्मकालदेखि नै चलिआएको छ। वास्तवमा यही संघर्षको परिणाम हो मानव समाज। यो उत्पादन संघर्ष चलेन भने मानव समाजको अस्तित्व नै समाप्त हुन्छ। अर्कोतर्फ मानिसले नयाँ-नयाँ कुराहरूको खोज, अनुसन्धान र प्रयोग गर्ने कार्य पनि निरन्तर रूपमा गरिरहन्छ, खासगरी वस्तु उत्पादन कार्यलाई कमभन्दा कम परिश्रम गरेर बढीभन्दा बढी उपलब्धीमूलक कसरी बनाउन सकिन्छ भन्नेमा मानिस सदैव तल्लिन रहन्छ र त्यस क्रममा उसले अनेकन प्रकारका खोज अनुसन्धान र प्रयोग गर्ने काम गरिरहन्छ। त्यस किसिमको खोज, अुनसन्धान र प्रयोगको दौरान उसले प्रकृतिका शक्तिहरूसँग मात्रै होइन समाजका परम्परागत एवम् पुरातनवादी शक्तिहरूसँग समेत संघर्ष गर्नुपर्ने हुन्छ। त्यही संघर्षलाई वैज्ञानिक प्रयोगका निम्तिको संघर्ष भनिन्छ। वर्ग संघर्ष समाजका विभिन्न वर्गहरू बीच प्राप्ति र रक्षाका निम्ति चल्ने संघर्ष हो। समाजमा वर्गहरूको उदय हुनुभन्दा पहिले यो संघर्षको अस्तित्व थिएन। त्यसबेला उत्पादन संघर्ष नै समाजका समस्या समाधान गर्ने मुख्य माध्यम थियो। तर समाजमा वर्गहरूको उदय भैसेपछि भने वर्ग संघर्ष नै प्रमुख बन्न गयो र वर्ग संघर्षमा जसको नियन्त्रण हुन्छ, उसैले उत्पादन संघर्ष र वैज्ञानिक प्रयोगका प्रतिफलहरूमाथि समेत नियन्त्रण जमाउन थाल्यो। उसले ती उपलब्धिहरूलाई वर्गीय हितमा र विरोधी वर्गको नियन्त्रण गर्ने कार्यमा प्रयोग गर्न थाल्यो। त्यसले गर्दा वर्ग संघर्षमा नियन्त्रण नजमाइकन वा त्यसमा विजयी नबनिकन अन्य संघर्षमा प्रभाव जमानउ र तिनका उपलब्धिहरूले समाजको परिवर्तनका निम्ति सदुपयोग गर्न नसकिने भयो। त्यसैले वर्गीय समाजमा वर्ग संघर्ष नै परिवर्तनको मूल माध्यम बन्न गयो। ऐतिहासिक भौतिकवादले अगाडि सारेको संघर्ष सम्बन्धी उपर्युक्त मान्यतालाई जनताको बहुलदीय जनवादले दृढतापूर्वक आत्मसात गरेको छ र वर्गीय समाजमा वर्ग संघर्ष नै मूल कुरा हो भनेर किटान गरेको छ।

**अधिनायकत्व होईन राज्यसत्ता**

मार्क्सवादी साहित्यमा राज्य या राज्यसत्ता र त्यसको नेतृत्व गर्ने कार्यलाई अधिनायकत्व भन्ने गरेको पाइन्छ। राज्यसत्ता समाजको एउटा वर्गले अर्को वर्गलाई वा केही वर्गले अन्य केही वर्गलाई दमन तथा नियन्त्रण गर्ने साधन भएकाले, यो वर्गीय अधिनायकत्व हो भन्ने मान्यता रहेको पाइन्छ। जबजले यस मान्यतालाई केही फरक ढंगले अर्थात् सिर्जनात्मक रूपमा लागु गर्ने मान्यता अगाडि सारेको छ। नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादमा भनिएको छ - "जनताको जनवादी अधिनायकत्व भनेको जनताको जनवादी राज्यसत्ता हो। अधिनायकत्व राज्यसत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शब्द हो। अर्थात् अधिनायकत्व भनेको राज्य हो। मार्क्सवादी दृष्टिकोण अनुसार राज्य भनेको वर्गीय हुन्छ, पूँजीवाद पन्थीहरूको वर्गविहीन वा वर्गभन्दा माथि राज्य भन्ने कुरा झुठ कुरा हो। राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो। तर जनताको राज्यको काम केवले नियन्त्रण र दमन गर्ने मात्र होइन, आम जनताको नेतृत्व गर्दै जनताको निम्ति कल्याणकारी काम पनि गर्नु हो। त्यसले जनवाद विरोधी प्रतिगामी तत्त्वहरूलाई मात्र दमन र नियन्त्रण गर्छ। व्यापक जनतालाई जनवादी अधिकार प्रदान गर्छ। त्यसकारण हामीले अधिनायकत्व शब्दको सट्टा आम रूपमा राज्यसत्ता भन्ने शब्द प्रयोग गरेका छौं। यसको तात्पर्य पहिलो कुरा मुठ्ठीभर प्रतिगामीहरू माथि अधिनायकत्व भएको, ९५ प्रतिशत जनताको निम्ति जनवाद दिने राज्यसत्ता भएको र दोश्रो राज्यसत्ताको काम केवल अधिनायकत्व मात्र नभएर जनता र राष्ट्रको निम्ति कल्याणकारी काम नै प्रमुख भएको हुनाले पनि राज्य सत्ताको एउटा मात्र पक्षलाई अभिव्यक्त गर्ने 'अधिनायकत्व' शब्द ... अर्थात् 'जनताको जनवादी अधिनायकत्व' भन्नु भन्दा 'जनताको जनवादी राज्यसत्ता' भन्ने प्रयोग गरेका छौं। यो सही र उपयुक्त संयोजन हो।"[३८] त्यसैगरी नेतृत्वको सम्बन्धमा भनिएको छ - "सैद्धान्तिक, वर्गीय र रणनीतिक रूपमा सर्वहारा नेतृत्वको अनिवार्यता बारे उल्लेख गर्दा कार्यनीतिक रूपमा अरुसँग नेतृत्वको निम्ति गम्भीर प्रतिस्पर्धा गर्नुपर्ने र पहलकदमी लिनुपर्ने आवश्यकताप्रति वेवास्ता गरेर ढुक्क हुने प्रवृत्ति देखिएको छ। हामी यो प्रवृत्तिलाई हटाउन र तीव्र प्रतिस्पर्धा र शसक्त पहलकदमीमा जोड दिन चाहन्छौं। त्यसरी नै क्रान्तिपछिको निर्माणकालमा पनि पार्टीले पहलकदमी र प्रतिस्पर्धाबाट नै नेतृत्व हातमा लिनुपर्छ। कम्युनिष्ट पार्टीको नेतृत्व अर्थात् मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टीको नेतृत्वमा मात्र जनताको जनवादी

व्यवस्थाको सुदृढीकरण र समाजवादमा संक्रमण गर्ने काम सम्पन्न गर्न सकिन्छ । तर यसमा पनि प्रतिस्पर्धा र पहल नलिएर संविधानमा उल्लेख गर्दै राज्यको बल प्रयोग गरेर नेतृत्व गर्ने तरिका उपयुक्त हुँदैन । त्यसकारण सर्वहारा श्रमजीवी वर्गको मार्क्सवादी लेनिनवादी पार्टीको नेतृत्व अनिवार्य छ । तर यो संघर्ष, सेवा, महलकदमी र प्रतिस्पर्धाबाट मात्र हातमा लिन सकिन्छ । सैद्धान्तिक उल्लेख वा संवैधानिक उल्लेख तथा राजकीय बल प्रयोगबाट होइन भन्ने कुरामा हामीले जोड दिएका छौं ।"[३९]

**पूरानोका गुण नयाँमा**

द्वन्द्वात्मक भौतिकवादको निषेधको निषेध हुने नियमले निषेध हुँदा पुरानो वस्तु वा घटनाको सम्पूर्ण पक्ष समाप्त भएर शून्यबाट नयाँको सिर्जना हुने नभई पुरानोभित्रको वेकम्मा (Osolete) तत्त्व वा पक्षको मात्र बिस्थापन हुन्छ र सकारात्मक एवम् जीवनसील तत्त्व वा पक्षहरूको संरक्षणका साथै बिकासको नयाँ एवम् उन्नत अवस्थामा रूपान्तरण हुन्छ भन्ने मान्दछ । यस सम्बन्धमा मार्क्स र लेनिनका भनाइहरू मननयोग्य छन् । मार्क्सले गोथा कार्यक्रममा लास्सालले अगाडि सारेका मान्यताहरूको खण्डन गर्ने क्रममा "कम्युनिष्ट समाजको पहिलो चरणमा पूँजीवादी समाजका कैयन प्रवृत्तिहरू बाँकी रहनु अपरिहार्य हुन्छ ।[४०] हामी यहाँ त्यस्तो कम्युनिष्ट समाजको चर्चा गर्दैछौं जुन आरुनै जगतमा विकसित भएको नभएर त्यसको विपरित भर्खरै मात्र पूजीवादी समाजबाट उत्पन्न भएको हो र त्यसैकारणले गर्दा आर्थिक, नैतिक एवम् बौद्धिक सबै क्षत्रमा यो जुन पुरानो समाजको गर्भबाट निस्किएको हो, त्यसको छापबाट मुक्त हुन सकेको हुँदैन ।"[४१] आदि भनेको पाइन्छ भने लेनिनले आरुनो 'राज्य र क्रान्ति' नामक प्रसिद्ध रचनामा पूँजीवाद र साम्यवाद बीच एउटा संक्रमणकालिन चरणको रूपमा रहने सामाजवादी समाजको चर्चा गर्दै "यो त्यही समाज हो, जुन भर्खरै मात्र पूजीवादको गर्भबाट निस्किएर धरतीमा आएको छ, जसमा पुरानो समाजका जन्म चिन्हहरूको छाप लागेको हुन्छ, त्यसैलांई मार्क्सले कम्युनिष्ट समाजको पहिलो वा निम्नतम चरण भन्नु भएको छ ।[४२] ... साम्यवादी समाजको प्रथम अवस्थामा, जसलाई सामान्यत: समाजवाद भनिन्छ, पुँजीवादी अधिकारको पूर्ण रूपमा होइन, आंशिक रूपमा मात्रै, त्यो पनि त्यसबेलासम्म पुरा भैसकेको आर्थिक क्रान्तिको अनुपातमा उत्पादनका साधनहरूको सम्बन्धमा मात्र निर्मूल गरिन्छ ।"[४३] आदि भनेको पाइन्छ ।

निषेधको निषेध सबन्धी माथि चर्चा गरिएका मार्क्सवादी मान्यताको आधारमा जनताको बहुदलीय जनवादले "बहुदलीय प्रतिस्पर्धाको प्रणाली पूँजीवादपन्थीहरूको निजी सम्पत्ती हो र समाजवादी प्रणाली भनेको या त एकदलीय या बहुदलीय भएपनि त्यो केवल सहयोगात्मक प्रणाली मात्र हो भन्ने दुनियाँलाई भान पऱ्यो । यस खालको विचार प्रवृत्ति तथा चिन्तन एउटा गम्भीर गल्तीको द्योतक थियो [४४]... बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली कुनै निश्चित एक खालको सारतत्त्व भएको राज्य सत्ताको रूप मात्र होइन, अनेक सारतत्त्व भएका राज्यहरूको स्वरूप बन्न सक्दछ"[४५] भन्दै "सामन्तवाद, साम्राज्यवादको उन्मूलनपछि कायम गरिने व्यवस्थामा पनि संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानून अनुसारको शासन, मानव अधिकारको रक्षा[४६]... शक्ति पृथकीकरणको सिद्धान्त"[४७] लगायतका बिशेषताहरू समेत रहनेछन् भन्ने मान्यता अगाडि सारेको छ । यी बिशेषताहरू वस्तवमा पूँजीवादी समाजमा बिकास भएका बिशेषता हुन् तापनि यिनीहरू नयाँ खाले जनवादी समाज र समाजवादी समाजको चरणमा समेत रहन सक्छन् भन्ने मान्यता जबजले लिएको हो । तर पूरानो सारतत्त्वसाथ भने यीनीहरू नयाँ समाजमा रहन सक्ने छैनन्, नयाँ सारतत्त्वकासाथ यीनीहरू रहने छन्, पूँजीवादी समाजमा उपर्युक्त मान्यताहरू पूँजिपति वर्गको हितमा प्रयोग गरिन्छन् भने नयाँ जनवादी समाज र समाजवादी समाजमा यीनीहरूको प्रयोग सर्वहारा श्रमजीवी वर्गको हितमा गरिन्छ । वैज्ञानिक समाजवादको बिकास हुँदै गएपछि जब समाजका वर्गहरू लोप हुन थाल्छन् र राज्य पनि क्रमश: विलोप हुने प्रकृयामा प्रवेश गर्दछ, त्यसपछि भने उपर्युक्त मान्यताहरूको उपयोगीता र सान्दर्भिकता हराएर जानथाल्छ र तीनीहरू स्वयम् क्रमश: लोप भएर जान्छन् । त्यस्तो स्थिति सिर्जना नहुदासम्म भने क्रान्तिकारीहरूले श्रमजीवी जनताको हीतमा तिनको उपयोग गर्नु पर्दछ । जबजले अगाडि सारेको यो मान्यता अस्तित्वको पूरानो रूपका सकारात्मक गुण या पक्षहरू नयाँ सारतत्त्वकासाथ अस्तित्वको नयाँ रूपमा पनि रहन्छन् भन्ने मार्क्सवादी मान्यता अनुरूप छ ।

**बहुलवादी खुला समाज**

जनताको बहुदलीय जनवादले "प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रको निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्छ । यो स्वाभाविक र प्रकृतिसंगत कुरा हो । त्यसकठो उल्टो केवल शासक वर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइन र विरोधमा

मुख खोल्न नपाइने व्यवस्था अरु पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्तैन । प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूको बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्र रूपमा बोल्न दिनुपर्छ । मुलुकको संविधान र नियम कानुननको आधारमा प्रेस र पर्यटनको स्वतन्त्रता हुनुपर्छ । वाहिरी दुनियाँबाट अलगथलग, बन्द र एकोहोरो समाज हुन हुँदैन । कम्युनिष्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुलापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन । हामी बहुलवाद र खुला समाजको पक्षमा छौं ।[४८] ... वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीति हुन्छन् र अझ एउटै वर्गमा पनि राजनीतिमा विविधता र मतभेद हुन सक्छन् । ... समाजमा विद्यमान वर्गीय सामाजिक आर्थिक संरचना र सम्बन्धहरूलाई अधिरचनाको क्षेत्रमा संविधानले परिभाषित गर्नुपर्छ । संविधानले निषेध गरेका बाहेक अरु सबै वर्गीय एवम् राजनीतिक आर्थिक विविधतालाई स्वाभाविक रूपमा रहन दिनुपर्छ र तिनीहरूलाई सहज रूपमा लिनुपर्छ । ... समाजमा रहेका विविधताहरूलाई व्यक्त हुन दिनुपर्छ । यो नै साँचो अर्थमा जनवादी प्रजातान्त्रिक प्रणाली हुनसक्छ ।"[४९] आदि भन्दै समाजको सदस्यका हैसियतले व्यक्तिले पाउनु पर्ने अभिव्यक्ति स्वतन्त्रता समाजको खुलापन र बहुलता एवम् विविधतालाई स्वाभाविक र प्रकृतिसंगत भएको मान्नुपर्ने दार्शनिक मान्यता अगाडि सारेको छ ।

## फुटनोट

[१] *पुष्पलाल - छानिएका रचनाहरू - भाग १ (२०५३) पृ. २४-२५*
[२] *पुष्पलाल - छानिएका रचनाहरू - भाग १ (२०५३) पृ. ५९*
[३] *पुष्पलाल - छानिएका रचनाहरू - भाग १ (२०५३) पृ. ६६*
[४] *प्रचण्ड - नेपाली क्रान्तिका समस्याहरू- भाग २ (२०५७) पृ १*
[५] *मदन भण्डारी - बहुदलीय जनवाद बारे केही कुरा पृ. १५*
[६] *मदन भण्डारी - संकलित रचनाहरू, भाग- १, पृ.३५३*
[७] *नेकपा (एमाले)को पाूचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३) पृ. ३५*
[८] *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५) पृ. ४*
[९] *नेकपा (एमाले)को पाूचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३) पृ. ३५*
[१०] *नेकपा (एमाले)को पाूचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३) पृ. ५१*
[११] *नेकपा (एमाले)को पाूचौ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३) पृ.५४*
[१२] *मदन भण्डारी - बहुदलीय जनवाद बारे केही कुरा - पृ १७-१९*
[१३] *preface to a contrilbution to the critique of political economy (Marx- Engels – Selected works, in one vol - 1977, p182 )*
[१४] *मदन भण्डारी-परिमार्जित नौलो जनवाद कि बिसर्जनवाद ? (२०४९ ) पृ ११*
[१५] *नेपाली कान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५) -पृ ३०*
[१६] *पाँचौ महाधिवेशनबाट परित राजनितिक प्रतिवेदन (२०५३) -पृ ६०*
[१७] *मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा - पृ १७*
[१८] *पाँचौं महाधिवेशनबाट पारित राजनितिक प्रतिवेदन (२०५३ आश्रिन ) - पृ ५१*
[१९] *Preace to a Contribution to the Critique of Poltical Economy (Karl Marx-F Engels – selected works, in one vol -1977, p182 )*
[२०] *नेपाली कान्तिको कार्यकम जनताको बहुदलीय जनवाद (२०५५) -पृ ३०*
[२१] *नेपाली कान्तिको कार्यकम जनताको बहुदलीय जनवाद (२०५५) -पृ ३०*
[२२] *नेकपा (एमाले)को तात्कालिक कार्यनीति (२०४९) पृ १०*
[२३] *वर्तमान परिस्थिति र पार्टीको दायित्व (२०४७), पृ ८६*
[२४] *Engels – Letter to w. Borgins (Marx–Engles - selected works, 1977 p. 694)*
[२५] *Engels – Letter to J Bloch – (Marx–Engles – selected works, 1977 p. 682)*
[२६] *मदन भण्डारी - बहुदलीय जनवाद बारे केही कुरा पृ १९*
[२७] *पौचौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३) पृ ५५*
[२८] *मोरिस कन्फोर्थ- द्वन्द्वात्मक भौतिकवाद - हिन्दी, २०००) पृ. ३*
[२९] *मदन भण्डारी बहुदलीय जनवादबारे केही कुरा पृ १६*
[३०] *मदन भण्डारी बहुदलीय जनवादबारे केही कुरा पृ १५*
[३१] *फ्रेडरिख एंगेल्स - मार्क्सको समाधिमा भाषण - संकलित रचनाएं ( १९७८० खण्ड ३ भाग १, पृ २०३*
[३२] *मदन भण्डारी - बहुदलीय जनवाद बारे केही कुरा पृ. १४*
[३३] *पाँचौ महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३ आश्विन) पृ ५१*
[३४] *मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ १६-१७*
[३५] *नेपाली कान्तिको कार्यकम जनताको बहुदलीय जनवाद (२०५५मंसीर) -पृ २४*
[३६] *नेपाली कान्तिको कार्यकम जनताको बहुदलीय जनवाद (२०५५मंसीर) -पृ २५*
[३७] *नेकपा (एमाले) को तात्कालिक कार्यनीति २०४९ पृ २२*
[३८] *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) पृ. २१*
[३९] *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) पृ. २०-२१*
[४०] *Marx Engels–Selected works in one vol, (1977) p. 320*
[४१] *Ibid p 319*
[४२] *Lenin– Selected works in one vol, 1977 p. 327*
[४३] *Ibid p. 329*
[४४] *मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ ७*
[45] *मदन भण्डारी बहुदलीय जनवाद बारे केही कुरा पृ ८*
[४६] *पाँचौ महाधिवेशनबाट पारित राजनितिक प्रतिवेदन (२०५३ आश्रिन ) - पृ ५६*
*47*
[४८] *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५ मंसीर) पृ १६-१७*
[४९] *पाँचौ महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३ आश्विन) पृ ५१*

*(लेखक नेकपा (एमाले)का पार्टी स्कूल विभाग प्रमुख हुनुहुन्छ ।)*

# लोककल्याणकारी राज्यमार्फत मानवअधिकारको सम्मान गर्ने जबज



■ सुबोधराज प्याकुरेल

विश्वमा आदर्श र करुणाको कुरा हजारौं वर्षदेखि गरियो । सदाचार र मानवीयताको कुरा पनि सङ्गठित रूपमा गर्न थालिएको इतिहास हेर्ने हो भने पूर्वीय जगतमा १० हजार वर्ष पुरानो छ । पश्चिममा करिब २५ सय वर्ष भयो । लडाइँ जितेर साम्राज्य स्थापना गर्ने द्वापर, त्रेता युगमा नै भारत वर्षमा लडाइँका असल आचारसंहिता बने । महाभारतकालीन युद्धका नियम अहिले व्यापक चर्चामा रहेको जेनेभा महासन्धिभन्दा आदर्शमय र जाती छ । कार्लमार्क्सले २ सय वर्ष पहिले जब कम्युनिष्ट घोषणापत्र जारी गरे अनि मात्र विश्व समुदायले छलङ्गसँग स्वीकार गऱ्यो कि उड्ने चरीलाई आशिर्वादले मात्र पुग्दैन, खाने चारो चाहिन्छ । पूर्वेली वा पश्चिमेली भनेर चिन्हिने गरेका तमाम सिद्धान्त, दर्शनले शासकलाई बलियो, असल र विजयी बनाउने कुराको परिकल्पना गऱ्यो । जनतालाई शासनप्रक्रिया र निर्णयप्रक्रियाबाट टाढा राख्ने आदर्शको परिकल्पना गऱ्यो । कार्लमार्क्सले मात्र जनताद्वारा शासनमा प्रत्यक्ष अधिकार र शोषणबाट मुक्तिको जनताको योजनाको वैज्ञानिक दर्शनको सुत्रपात गरे । जीवन र जगतको सम्पूर्ण व्याख्या गर्दै कसरी उत्पीडितहरूले आफूलाई शोषणको जाँतोबाट मुक्त गर्न मात्र होइन मुक्तिपछिको राज्य सञ्चालन पनि गर्न सक्छन् भन्ने बारेमा सुविचारित मार्ग चित्र बनाए । फ्रान्सेली क्रान्तिमा कार्लमार्क्सको संलग्नता र विश्वास त्यहाँका जनताको शासनमा अधिकारसँग सम्बन्धित थियो । राज्य कब्जा गर्न र समानान्तर सेनाद्वारा विजय गर्ने कुनै लक्ष्य थिएन । जनताले गर्ने प्रतिरोध उनीहरूउपर हुने दमनमा भर पर्छ भन्ने कुरा मात्र स्पष्ट थियो । जनताको अभिमत उनीहरूको राजनीतिक, सामाजिक स्थिति र त्यसले पैदा गर्ने सामाजिक चेतनाले निर्धारित गर्छ । र, सामाजिक चेतना कस्तो छ र त्यसको राजनीतिमा कस्तो स्थान छ भन्ने कुरा समाजमा रहेको आर्थिक सम्बन्धले निर्धारित गर्छ ।

मानिस राजनीति र अर्थले मात्र डोऱ्याइएको प्राणी होइन । आफ्नो परम्परा, संस्कार, राष्ट्रवादजस्ता तमाम कुराहरू छन्, जसले मानिसको स्वभावलाई निर्धारित गर्छ । अन्धराष्ट्रवाद, जातीय अहङ्कार र धार्मिक कट्टरताजस्ता कुराहरूले पनि विश्व इतिहासलाई आफ्नो काबुमा राखेको अनुभव छ ।तर राजनीति मात्र यस्तो कुरा हो, जसले राज्यभित्र हुने तमाम व्यवहारहरूलाई एक ठाउँमा संश्लेषण गर्न सक्छ । र, तमाम चिन्तन र व्यवहारलाई एउटा निर्दिष्ट दिशा दिन सक्छ । राजनीतिको धर्म यही हो ।

दोस्रो विश्वयुद्धपछि मानवजातिले छर्लङ्ग अनुभव गऱ्यो कि बल मिच्याईंको सीमा हुन्छ । उन्नति प्रगति सबैले गर्न पाउनुपर्छ तर अर्काको मूल्यमा आफ्नो उन्नति दिगो हुन सक्दैन । मानवजातिको अन्तरवस्तु भनेको उसको स्वतन्त्रताप्रतिको अगाध लगाव नै हो । एउटाको स्वतन्त्रताको लागि अर्काको स्वतन्त्रतालाई धरापमा पार्न सकिन्न । एउटा राष्ट्रको उन्नतिका लागि अर्को राष्ट्रको स्वतन्त्रतालाई बेवास्ता गर्न पाइन्न । दोस्रो विश्वयुद्धको समयमा थुप्रै राष्ट्रहरू औपनिवेशिक शासनअन्तर्गत रहेका थिए । युद्ध विभिषिका र साम्राज्यवादी थिचोमिचो विरुद्धमा उठेको विश्वव्यापी लहरले युद्धको अगुवाई गरेका सबै राष्ट्रहरूलाई के चेतना दियो भने स्वतन्त्र राष्ट्र, राष्ट्रवाद र स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक-आर्थिक भविष्य निर्धारण गर्ने जनताको सार्वभौम अधिकारलाई कदर नगर्ने हो भने कस्तै बलियो मुलुकले पनि आफ्नो हैसियत राख्न सक्ने छैन । उनीहरूले के पनि बुझेका थिए भने बेलैमा स्वीकार र सुधार गर्ने हो भने विगतका अत्याचार र त्रुटीप्रति पनि औपनिवेशिक राष्ट्रका जनताले क्षमा दिन सक्ने छन् र भविष्यका लागि हातेमालो गर्न तयार हुने छन् । तसर्थ लडाइँ

वा शान्ति, आर्थिक वा सामाजिक सबै क्रियाकलापलाई मानवीय दृष्टिले परिचालन गर्नुपर्छ भन्ने कुराको चेतनाको अन्तर्राष्ट्रिय स्वीकारोक्तिका कारण विश्व संस्थाका रूपमा संयुक्त राष्ट्रसङ्घको जन्म भयो र यसले जारी गरेको मानवअधिकारसम्बन्धी विश्व घोषणा पत्र १९४८ ले सर्वस्वीकृत दस्तावेजको दर्जा पनि पायो । तर कुनै पनि दर्शनको उपादेयता मानवीयता र करुणाको मात्र कुरा गरेर हुँदैन । त्यसले प्रक्रियागत आधारहरूको पनि सिर्जना गर्न सक्नुपर्छ । त्यसो त प्रकट प्रतिबद्धताका रूपमा विश्व घोषणापत्रका ३० धाराले सबै कुरा बोलेको छ । प्रक्रियागत आधारहरूको सिर्जनाका लागि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (महासन्धि) र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (महासन्धि) पनि पारित गरियो । आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि पारित गर्न संयुक्त राष्ट्रसङ्घलाई झन्डै २० वर्ष लागेको थियो । शीतयुद्धकालभरि नागरिक तथा राजनीतिक अधिकार पक्षधर र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार पक्षधरका रूपमा विश्व दुई ध्रुवमा विभाजित रह्यो । १९९३ मा भियनामा भएको विश्व सम्मेलनले दुवै अधिकार एक अर्काका परिपूरक, अन्तरसम्बन्धित र अन्योन्याश्रित छन् भन्ने प्रस्ताव पारित गऱ्यो र के भन्यो भने प्रत्येक नागरिकको क्षमता र स्वतन्त्रताको विकास र रक्षा गर्नका लागि जनताको आधारभूत आवश्यकताको परिपूर्ति हुने खालका नीति निर्माण गर्नु र लागू गर्नु प्रत्येक राज्यको पहिलो कर्तव्य हो । उक्त सम्मेलनमा नेपालको तर्फबाट मनमोहन अधिकारीले प्रधानमन्त्रीको हैसियतले भाग लिनुभएको थियो र उहाँको प्रतिबद्धताका कारण नेपालमा आधारभूत स्वास्थ्य, प्राथमिक शिक्षा र खानेपानी राज्यको दायित्व हो भन्ने कुरा राष्ट्रिय योजना आयोगको नीति पत्रमा सामेल गरियो ।

नागरिकहरू आ-आफ्नो सामुदायिक, साँस्कृतिक, लिङ्गीय, उमेरजन्य, परिस्थितिजन्य आदि कारणले विशिष्ट प्रकारको सुरक्षा र परिचय पाउने कुराको हकदार हुन्छन् ।जस्तै बालबालिका, महिला, दलित, जनजाति, यातना पीडित वा सम्भावित यातनाका पीडित, बेपत्ता व्यक्ति र तिनका परिवार आदि । यस्तो विशिष्ट आवश्यकतालाई मध्यनजर गरेर त्रिभिन्न महासन्धिहरू पारित गरियो । सन्धिको पक्षराष्ट्र बनिसकेपछिको राज्यको दायित्व पनि तोकियो । त्यो दायित्वलाई पूरा गर्ने इमान्दार प्रयास भएको छ कि छैन भनेर आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घमा बुझाउनुपर्ने विधि पनि तोकियो । प्रतिवेदन बुझाउनुपर्ने अवधिको बीचमा कुनै प्रतिकूलको व्यवहार होलाकी भनेर बाह्रै मास नजर राख्न सन्धिपिच्छेको प्रतिवेदकहरू पनि नियुक्त भए । त्यसपछि अतिरिक्त प्रलेख पनि बनाउन थालियो । अतिरिक्त प्रलेख भन्नाले सन्धिअनुरूप कुनै राज्यले आफ्ना नागरिकलाई अधिकार नदिएको अथवा अधिकार उपभोग गर्ने बाटोमा बाधा हालेको खण्डमा त्यसको विरुद्ध नागरिकले संयुक्त राष्ट्रसङ्घमा उजुरी दिन सक्ने र त्यसको सुनुवाई हुने प्रबन्ध पनि गरियो । अहिले संयुक्त राष्ट्रसङ्घले आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अतिरिक्त सन्धि अथवा उपसन्धि जारी गरेको छ ।नेपालमा जनताको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी चर्को बहस भइरहेको छ । तर हाम्रो संविधानसभा, संसद र सरकारले त्यस्तो महत्वपूर्ण उपसन्धिमा हस्ताक्षर गर्ने मनसाय देखाएको छैन । नेपालमा विगत द्वन्द्वकालमा प्रशस्त मानिसहरू अत्यन्त चर्को यातनाका पीडित भए, बेपत्ता पारिए तर राज्यले बेपत्तासम्बन्धी महासन्धि, यातना विरुद्धको उपसन्धिको पक्षराष्ट्र हुने तत्परता देखाएको छैन ।

मानवअधिकारका तमाम सिद्धान्तहरू समानता, सम्मान र संरक्षणको सिद्धान्तद्वारा निर्देशित छन् । मानिस जन्मैले स्वतन्त्र छ । आफ्नो सीपको विकास र उन्नति स्वतन्त्रतापूर्वक गर्न पाउनु प्रत्येकको सार्वभौम अधिकार हो । यो अधिकारको रक्षाको लागि राज्यको निर्माण गरिएको हो । नागरिकको अधिकारको रक्षा गर्न र त्यो अधिकारउपर धावा बोल्नेलाई कारबाही गर्न भनेर नागरिकले आफ्नो सार्वभौमिक अधिकारको अंश प्रत्यायोजित गरेर राज्यलाई दिन्छन् । त्यो अधिकारको इमान्दारितापूर्वक राज्यले परिपालना गऱ्यो कि गरेन भनेर जाँच्ने अधिकार पनि जनतामा नै निहित हुन्छ । त्यो जाँच्ने अधिकारलाई जनताले आवधिक निर्वाचनमार्फत प्रयोग गर्छन् । निर्वाचनमा जित्नु वा बहुमत पाउनुको अर्थ सरकारमा बस्नेले सबै अधिकार पाएको अर्थमा लिन पाउँदैनन् । त्यसै हुनाले कतिपय विषयमा दुई तिहाइले र कतिपय विषयमा जनमत संग्रह गर्ने प्रावधान संविधानमार्फत किटानी गरिएको हुन्छ । नागरिक सबै समान हुनाले सबैले बराबरीको भोट हाल्ने अधिकार राख्छन् । उनीहरूलाई कुनै प्रकारले पनि भेदभाव गर्न पाइन्न । किनकि उनीहरू सबै बराबरीका सम्मानका हकदार हुन् । तर विशिष्ट कारणँले कोही विशेष संरक्षण चाहिने अवस्थामा हुन्छन् । राज्यका सबै बासिन्दाको एक अर्काप्रति जिम्मेवारी हुन्छ । त्यसैले कसैले बढी, कसैले कम कर तिरेको होला तर राज्यले नागरिकलाई दिने सुविधा र गर्ने सेवामा संरक्षणको आवश्यकताका आधारमा फरक पर्न सक्छ । मानवअधिकारको सिद्धान्तले राज्यले प्रदान गर्ने अवसरमा समानताको वकालत गर्छ । तर प्राप्तिका हकमा प्रगतिशील प्राप्तिको कुरा गर्छ । अर्थात राज्यबाट सेवा, सहुलियत पाउने मामिलामा सेवाग्राहीले प्रगतिशील ढङ्गले पाउनुपर्छ । क्षमतावान् नागरिकले मात्र प्रतिस्पर्धा गर्न सक्छ । र, आत्मविश्वास र आत्मसम्मानको जीवन जिउन सक्छ, समान अवसरहरूको उपभोग गर्न सक्छ । सरकारी अवसर वा आफ्नो निजी प्रयासमा सफलता पाउन सक्छ । त्यसकारण प्रगतिशील प्राप्तिलाई क्षमता विकासका अवसरमा पछाडि परेकाहरूलाई पहिलो प्राथमिकता दिने सिद्धान्तका रूपमा बुझ्नुपर्छ । सक्षम नागरिक नै सक्षम

राष्ट्रियताका आधार हुन् । त्यसकारण यसलाई समृद्ध राष्ट्र निर्माणको अर्थमा पनि बुझ्नुपर्छ । एउटा कुरा सबैले बुझ्नुपर्छ कि राज्यले अवसर खोल्ने हो । त्यसको सदुपयोग गर्ने नगर्ने कुरा नागरिकको आफ्नै हातमा हुन्छ । राज्यले गर्छ भन्नुको मतलव सबै कुरा राज्यले गरिदिने होइन । अवसरको ढोका खोलिदिने मात्र हो । आर्थिक अधिकार पनि त्यस्तै हो । रोजगारी, पेशा गरेर आफ्नो आर्थिक अवस्था सुधार्न चाहनेलाई सहजिकरण गरिदिने, कसैबाट बाधा बिघ्न हुन नदिने मात्र हो । राज्यले प्रत्यक्ष दायित्व लिनुपर्ने अवस्था भनेको व्यापक, प्राकृतिक, युद्धकालिनजस्ता काबुबाहिरको अवस्थामा नागरिकको सुरक्षा गर्ने काम हो । नागरिक असहाय स्थितिमा नपुगुन् भन्नका लागि राज्यले उपयुक्त र न्यायपूर्ण आर्थिक नीति निर्माण गर्नुपर्ने हुन्छ । प्रगतिशील कर प्रणाली लगाएर नागरिकको सामाजिक सुरक्षाको व्यवस्थापन गर्नुपर्छ । व्यापारीहरूको कार्टेलिङ, एकाधिकारजस्ता अनुपयुक्त क्रियाकलापलाई कानुन बनाएर निषेध गर्नुपर्ने हुन्छ । जरुरत पर्दा राज्य आफैले अगाडि बढेर सुपथ मूल्यको पसल खोल्ने, उपज किनिदिने, कच्चा-माल, मल-विउ सुपथ मूल्यमा उपलब्ध गराइदिने गर्नुपर्छ । आकस्मिक आइपरेको प्राकृतिक विपत्ति, बैदेशिक आक्रमण, आतङ्ककारीको हमलाजस्ता सङ्कटको समय र वृद्धावस्था वा रेखदेख गर्ने कोही नभएको असहाय अवस्थामा राज्यले संरक्षणको जिम्मा लिनुपर्ने हुन्छ । नागरिक असहाय अवस्थामा नपुगुन् भनेर राज्यले सबै नागरिकलाई सक्षम बनाउने नीति, नियम र कार्यक्रमको तर्जुमा गर्नुपर्छ, त्यसअनुसारको चेतनामूलक सार्वजनिक कार्यक्रम गर्नुपर्छ र विभिन्न समुदाय, राजनीतिक दल, सञ्चार र नागरिक समाजलाई शिक्षालगायत अन्य विधिद्वारा चेतनशील बनाउनुपर्छ । लोकतान्त्रिक राज्यले जे गर्छ जनतासँगको सहकार्यमा हातेमालो गरेर गर्छ । जस्तो कि पुलिस र जनताबीचको सौहार्दपूर्ण सम्बन्धद्वारा अपराधको निर्मूलन गर्ने । भेदभाव र दबाबबेगर राज्ययन्त्रले निष्पक्षतापूर्वक काम गर्ने वातावरणको निर्माण गर्ने ।

मानिस प्रगतिउन्मुख क्रियाशील प्राणी हो । उसको प्रगतिप्रतिको चाहनामा चेतनशील प्रयासद्वारा गति थप्ने काम राजनीतिक सिद्धान्तले गर्नुपर्छ । मान्छेको यो चाहनामा हाम्रोजस्तो अविकसित देशमा सबभन्दा ठूलो बाधक तत्व भनेको सामन्तवाद नै हो । सामन्तवाद भन्नाले त्यस्तो मनशाय हो जसले जनताको अभिमत पनि लिनु पर्दैन । जन्म वा परिवारको हैसियतका आधारमा बाबुको हकवाला छोरा बन्छ र जाने पनि नजाने पनि कसैप्रति जवाफदेही नभई उसले मनपरी गर्न पाउँछ । यसर्थ अहम् र घमण्डका साथ, कुनै तर्क र औचित्यको वास्ता नगरी मनपरी गर्ने आचरणलाई नै सामन्तवादी शैली भन्ठान्दा गल्ती हुँदैन । गरीब, हरितन्नममा पनि यस्तो संस्कार हुन सक्छ । महिलालाई हेप्ने, जातीय विभेद गर्ने, अरुलाई जस्तोसुकै मर्का परेपनि आफ्नो मात्र दुनो सोझ्याउने, बलियाको चाकरी गरेर निर्धालाई सताउने चरित्रलाई पनि सामन्तवादी चरित्र भन्नुपर्छ । आमजनता, समाजप्रति कुनै जवाफदेहिता राख्नु नपर्ने र व्यक्ति कानुनभन्दा माथि रहने राजनीतिक प्रणालीलाई सामन्तवादी प्रणाली भनिन्छ । नेपालका राजाहरू २०४६ अघिसम्म कानुनभन्दा माथि थिए । राष्ट्रिय पञ्चायतमा राजाले एक चौथाइ सदस्य नै आफूले मनोनित गर्थे । प्रधानमन्त्री पनि आफै छान्थे । र सेना आफै चलाउँथे । देशको हरेक मामिला राजाको आकाङ्क्षाका आधारमा निर्धारित हुन्थ्यो । जनता विचार व्यक्त गर्ने अधिकारबाट समेत विमुख गरिएका थिए । राजाको विरोध गरेको आरोपमा मृत्युदण्डलगायत कुनै पनि खाले सजाय गर्न सकिन्थ्यो । राजाका दलालहरूले बक्सिसका रूपमा जग्गा, पद आदि पाउँथे । यसर्थ ४० वर्ष पञ्चायतकाल सामन्तवादी र सामन्तका दलालहरूको समय थियो । राजाका कर्मचारीहरूको दलाली र चाकरी गरेर सरकारको इजाजतबेगर गर्न नपाइने गरी नियन्त्रित पेशा, कारखाना, व्यापारमा हैकम जमाएका दलाल नोकरशाहहरू मौलाएको बेला थियो । त्यो पञ्चायतकालीन सामन्तवादको समुल अन्त्य गरेर वैज्ञानिक, न्यायपूर्ण शासन प्रणालीको स्थापना गर्ने लक्ष्यका साथ मदन भण्डारीले जनताको बहुदलीय जनवादको सिद्धान्तको रचना गर्नुभयो ।

जनताको बहुदलीय जनवादमा जबर्जस्तीको कुनै स्थान छैन । आमजनतामा वर्गीय चेतना फैल्याउने र जनताबाट सिकेका आधारमा सुविचारित कार्य योजना बनाउने उद्देश्य हो जनताको बहुदलीय जनवादको । जनताबाट प्राप्त अभिमतका आधारमा कानुन बनाएर जनताले रुचाएको, उनीहरूको हित हुने योजना लागू गर्नु जनताको बहुदलीय शासनको मुख्य लक्ष्य हो । जनतालाई क्षमतावान् बनाएर मात्र बलियो राष्ट्रियताको निर्माण गर्न सकिन्छ । किनकि राष्ट्र भन्नु नै जनता हुन् । जनताको बहुदलीय जनवादले कानुनको शासन र मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धता स्पष्ट रूपमा उल्लेख गरेको छ । र, लोककल्याणकारी राज्यको निर्माण गर्ने तत्कालीन लक्ष्य लिएको छ । विचार, सङ्गठन, प्रकाशनलगायत सभ्य समाजमा निर्बाध उपलब्ध हुने सम्पूर्ण मौलिक अधिकारले युक्त नागरिकले आफ्ना तिनै नागरिक तथा राजनीतिक अधिकारमार्फत आफ्नो सरकार र राज्यलाई निर्देशित र नियन्त्रित गर्ने छन् भन्ने अपेक्षा राखेको छ । खुला समाजका सामाजिक अभियन्ताहरूको सफा समाज र राष्ट्र निर्माण गर्न आवश्यक सम्पूर्णसंरचनाप्रति जनताको बहुदलीय जनवादले सम्मान र संरक्षण गर्ने नीति लिएको छ । जनताको बहुदलीय जनवादलाई मैले जनमतका लागि सबै लोकतान्त्रिक विधिप्रक्रियाको अवलम्बन गर्ने, जवाफदेही, जनताप्रति इमान्दार र लोककल्याणकारी राज्यको निर्माण गर्दै आदर्श समाजवादी राष्ट्र निर्माणतर्फ अगाडि बढ्ने सुविचारित सिद्धान्तका रूपमा बुझेको छुँ ।

*(लेखक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अध्यक्ष हुनुहुन्छ ।)*

# जनताको बहुदलीय जनवादको साहित्यिक मान्यता



■ डा. बद्रीविशाल पोखरेल

### १. पृष्ठभूमि

जनताको बहुदलीय जनवाद मार्क्सवादको सिर्जनात्मक प्रयोग हो । यो नयाँ जनवादी कार्यक्रमकै नेपाली संस्करण हो । । यो मूलतः सामन्तवाद, साम्राज्यवाद विरोधी कार्यक्रम वा सिद्धान्त हो । बहुदलीय जनवाद संविधानअनुसार बहुदलीय प्रतिस्पर्धा गर्दै देश र जनताको हितमा सबै हिसाबले जनताको मन जितेर शासन गर्ने कुरालाई यसले थपेको देखिन्छ । यो विश्व कम्युनिष्ट आन्दोलनबाट शिक्षा लिएर आफ्नो देशको विगत प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनका अनुभवलाई समेटेर नेपालको विशिष्टतामा गरिएको यो मार्क्सवादको सिर्जनात्मक प्रयोग हो । त्यसैले मार्क्सवादका मूलभूत प्रस्तावनाहरू अन्तर्गत रही जबजले कलासाहित्यमा विशिष्ट खालको मार्गदर्शन गरेको देखिन्छ । जबजले यसक्षेत्रमा गरेको मार्गदर्शनलाई निम्नलिखित बुँदाहरू समेटन खोजिएको छ ।

### २. लेखकीय स्वतन्त्रता

बन्द समाजमा जनताका सबै अधिकारहरू बाधित हुन्छन् । अभिव्यक्ति स्वतन्त्रता बाधित हुँदा बौद्धिकप्राज्ञिक तथा सिर्जनात्मक काममा ठूलो बाधा पुग्छ । नियन्त्रित तथा निर्देशित समाजमा एउटा लेखकले जीवनको आलोचनात्मक अभिव्यञ्जन गर्न पाउदैन । राष्ट्रवादी चिन्तन र अभिव्यञ्जन कुनै पार्टी र समूह विशेषको पेवा हुनसक्तैन । यसमा बारबन्देज लगाउनु जाती हुँदैन भण्डारी, २०४९,१७ । त्यसैले लेखकीय स्वतन्त्रताका लागि खुल्ला समाजको आवश्यकता हुन्छ । यस्तो समाजमा मात्र सकारात्मक र सार्थक चिन्तन तथा भावनाहरूले पल्पिने अवसर पाउँछन् । आलोचनात्मक कोणबाट उठेका सबालबाट पनि धेरै कुरा सिक्न सकिन्छ । त्यसैले मदन भण्डारीले बहुलवाद वा खुल्ला समाजको पक्षपोषण गर्नु भएको हो । प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने, बोल्ने र आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्छ । ...केवल शासकवर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्तैन । भण्डारी,२०४९,१७ । वहाँले जबजको स्थापनापछि पनि प्राज्ञिक स्वतन्त्रताको निर्बाध उपभोग गर्न पाउने कुरा पनि उल्लेख गर्नुभएको छ । माओत्से तुङले पनि जनवादलाई बढावा दिएर पार्टीभित्र र बाहिरका जनताका जाँगरहरूलाई परिचालन गर्नसक्छौं र यसरी ९५ प्रतिशत जनतालाई एकगठ गर्नसक्छौं भन्नुभएको छ । उहाँले त यसरी अरूलाई बोल्न दिनुभएन भने तपाईं एक दिन मिल्काइनुहुनेछ सम्म भन्नु भएको देखिन्छ । माओ,२०६४, ८१ । पार्टी र सिद्धान्तप्रति आस्थावान् रहेर पार्टीभित्र देखापरेका कमीकमजोरी तथा कुरूप पक्षप्रति आलोचनात्मक अभिव्यञ्जन गर्ने अधिकार लेखकीय स्वतन्त्रताभित्र पर्ने कुरा हो । त्यसैले लेखकलाई साहित्यिक अभिव्यक्तिका लागि स्वतन्त्र र खुल्ला परिवेश चाहिन्छ र जबजले सापेक्ष स्वतन्त्रताको पक्षपोषण गरेको लेखिन्छ ।

### ३. प्रतिस्पर्धात्मक लेखन

वर्ग विभाजित समाजमा लेखकको पनि आफ्नो वर्गीय पहिचान हुन्छ । यस्तो समाजमा विचार, चिन्तन, लेखन

तथा सिर्जनामा पनि विविधता हुन्छन् । यिनै विविधताभित्र कैयौं सकारात्मक कुराहरू पनि पाइन्छन् । द्वन्द्ववादी मान्यताअनुसार तिनबाट सकारात्मक तथा नकारात्मक शिक्षा पाइन्छ । अझ कम्युनिष्ट पार्टी भित्र पनि रणनीतिक कार्यनीतिका दृष्टिले भिन्नता हुन्छन् । उनीहरूसँग पनि प्रतिस्पर्धा गरेर अगाडि बढ्नुपर्ने हुन्छ । त्यसैले जबजले प्रतिस्पर्धा र पहलकदमीबाट श्रेष्ठता हासिल गर्ने कुरालाई प्राथमिकता दिएको छ । नागरिकको मौलिक अधिकारलाई बन्देज नगर्ने हो भने स्वाभाविक रूपमा राजनीतिक चिन्तनमा विविधता पैदा हुन्छन् । ...कम्युनिष्ट पार्टी सम्पूर्ण वर्गको पार्टी हुनसक्तैन । ...सर्वहारा श्रमजीवी वर्गभित्र पनि अन्य विचार प्रणालीप्रति विश्वास गर्ने व्यक्तिहरू हुनसक्छन् वा रणनीतिक कार्यनीतिमा भिन्न मतावलम्बी हुनसक्छन् । भण्डारी, २०४९,१८ । शास्त्र वा सिद्धान्त, सिर्जनात्मक तथा रचनात्मक श्रेष्ठताका आधारमा प्रतिस्पर्धा गरी ज्येष्ठता हासिल गर्ने जबजको साहित्यिक मान्यता हो । समाजमा लामो समयसम्म रूपवादी वा प्रगतिवाद विरोधी लेखन-सिर्जन जीवित रहन्छ । तिनले यथास्थितिवादी, पश्चगामी विचारलाई रचनाको गर्भमा अन्तर्निहित गर्छन् । कलात्मक लेपनद्वारा तिनले जनमानसलाई दिग्भ्रमित पारिरहेका हुन्छन् । माओले यस्तो विचारलाई बन्दुकहीन शत्रु भन्नुभएको छ । उहाँले हाम्रो विरुद्ध संघर्षरत ती बिसालु झारपात रूपी शत्रुशक्तिलाई कहिल्यै सानो ठान्नु हुँदैन र तिनलाई निर्विरोध भएर फैलन दिनुहुँदैन । त्यस्ता विचारलाई युक्तिसंगत, विश्लोषणात्मक रूपमा खण्डन गर्नुपर्ने कुरा माओले गर्नुभएको छ । माओ,२०६३,११ । त्यसैले स्रष्टाहरूले तथ्यसङ्गत, तर्कसङ्गत, शालीनतापूर्वक र कलात्मक रूपमा गलत विचार सिर्जनाको खण्डन गर्नुपर्छ । त्यसैले मदन भण्डारीले जबजमा उल्लेख गरेझैं सैद्धान्तिक, साङ्गठनिक तथा सिर्जनात्मक रूपले श्रेष्ठता स्थापित गर्ने गरी रचनात्मक आँधीबेहरीका साथ स्रष्टाहरू आआफ्नू क्षेत्रमा लागि पर्नु आवश्यक देखिन्छ ।

**४. सिर्जनात्मक द्वन्द्व प्राथमिक**

जबजले क्रान्तिको बाटो वर्गसङ्घर्ष नै हो भन्ने कुरालाई पुनर्पुष्टि गरेको छ । अझ उसले यसलाई मूल र आधारभूत कुरा स्विकारेको देखिन्छ तर त्यसको रूप कस्तो हुने भन्ने कुरा परिस्थितिमा निर्भर रहने यथार्थ उल्लेख गरेको देखिन्छ । जबजले हाल शान्तिपूर्ण सङ्घर्षको परिस्थिति विद्यमान रहेको कुरा उल्लेख गरिएको पाइन्छ । यसले शान्तिपूर्ण सङ्घर्षभित्र प्रतिरक्षात्मक बल प्रयोगलाई हाराहारीमा सङ्गठित गर्दै अघि बढ्नुपर्ने आवश्यकता पनि औंल्याएको छ । त्यसैगरी त्यहाँ अन्तिम फैसला शान्तिपूर्ण हुन नसक्ने यथार्थ पनि औंल्याएको छ । भण्डारी, २०४९,२५-२७ । बल प्रयोगका सन्दर्भमा नेकपा एमालेले शसस्त्र, हिंसात्मक वा जनसङ्घर्ष मध्ये कुन बलको प्रयोय हो भन्ने कुरा स्पष्ट गरेको छैन । भुसाल,२०६४,३४ । पार्टीको छैटौं महाधिवेशनले क्रान्तिको शान्तिपूर्ण सम्भावनाप्रति पहिलेभन्दा बढी जोड दियो । तथापि, गैरशान्तिपूर्ण क्रान्तिको सम्भावनालाई भने अस्वीकार गरिएन । भूसाल,२०६४,३४ । कार्यनीतिका सन्दर्भमा छैटौं महाधिवेशनमा पनि शान्तिपूर्ण सम्वैधानिक सङ्घर्षलाई अवलम्बन गरेको छ । भूसाल, पूर्ववत् ।

> जबजले क्रान्तिको बाटो वर्गसङ्घर्ष नै हो भन्ने कुरालाई पुनर्पुष्टि गरेको छ । अझ उसले यसलाई मूल र आधारभूत कुरा स्विकारेको देखिन्छ तर त्यसको रूप कस्तो हुने भन्ने कुरा परिस्थितिमा निर्भर रहने यथार्थ उल्लेख गरेको देखिन्छ ।

प्रगतिवादीहरूको ठूलो हतियार नै मार्क्सवादी दर्शन हो । मार्क्सवादका सच्चाइहरूलाई आजसम्म पनि कसैले तार्किक रूपमा खण्डन गर्न सकेका छैनन् । आजको संसार मार्क्सवादी विचारप्रति नतमस्तक रहेको देखिन्छ । तथापि अनेकौं भ्रमित धारणाहरू अघि सारेर यसका विरुद्ध गतिविधिहरू सङ्गठित गर्ने गरिएको देखिन्छ । त्यसैले सैद्धान्तिक वैचारिक, साहित्यिक तथा जनसेवाका कामहरू गरी शान्तिपूर्ण सङ्घर्षको अवसरलाई पर्याप्त सदुपयोग गर्दै मार्क्सवादीहरूले आम जनताको मन जित्नसक्छन्, जित्नुपर्छ र विपक्ष वा विरोधीहरूलाई रचनात्मक रूपमा नै पराजित गर्नुपर्छ । यसरी नै वैचारिक क्रिया अन्तर्क्रियाबाट आमस्रष्टा, सिर्जनशील तथा सांस्कृतिक कर्मीहरूलाई आफ्नो वरिपरि गोलबन्द गर्न सकिन्छ । स्वयं माओले आफूलाई कन्फ्युसियसवादी अन्धरूढी विचारबाट अग्रगामी चिन्तनतिर मार्क्सवादले मोडेको कुरा बताउनु भएको छ । त्यसैले वर्गविभाजित समाजमा आधेयका सबै पक्ष, विधा, मान्यताहरूमा वर्गीयता अभिव्यक्त हुन्छ,यस्तो स्थितिमा एउटामात्र पार्टीको एकछत्र अधिकार संवैधानिक रूपमा र राज्यको बलसमेत प्रयोग गरेर कायम गर्नखोज्नु एक प्रकारको निरङ्कुशता वा तानाशाही हो भण्डारी,पूर्ववत् । मदन भण्डारीले व्यापक जनतालाई जनवादी अधिकार दिइने तर जनवाद विरोधी प्रतिगामी तत्वहरूलाई दमन र नियन्त्रण गरिने कुरा बताउनु भएको छ । भण्डारी,२०४९, २१ । मार्क्स, एङ्गेल्सले सशस्त्र सङ्घर्षलाई सापेक्षतामा लिएको देखिन्छ । एङ्गेल्सले

कम्युनिष्टहरूको चाहना शान्तिपूर्ण रूपले अगाडि बढ्नु हो तर पुँजिपति वर्ग सर्वहारा वर्गका विरुद्ध हिंस्रक रूपमा आउँदा संघर्ष हिंस्रक हुने यथार्थता औँल्याउनु भएको छ। भुसाल,२०६४,७५। स्वयं मार्क्सले लक्ष्य प्राप्त गर्नका लागि अपनाइने बाटाहरू सबै ठाउँमा उस्तै हुन्छन् भन्ने दाबी गरेका छैनौं भन्नुभएको छ। भुसाल,२०६४, ७७। समग्रमा मार्क्सवादी मनीषीहरूले सशस्त्र संघर्षलाई देशीय विशिष्टतामा र सापेक्षतामा लिएको देखिन्छ। यसलाई लहड र रहरको विषय बनाइएको छैन। बरु कम्युनिष्टहरू सकेसम्म शान्तिपूर्ण रूपमा समाजलाई बदल्न चाहन्छन् भन्ने यथार्थतालाई उल्लेख गरिएको पाइन्छ। यिनै अनुभवहरूलाई आधार बनाएर जबजले शस्त्रबललाई प्राथमिक र अपरिहार्य विषय बनाएको पाईंदैन।

साहित्यसंस्कृतिको क्षेत्र पनि वर्गसङ्घर्षको एउटा महत्वपूर्ण पक्ष हो। यस क्षेत्रमा पनि हामी शान्तिपूर्ण रूपमा सङ्घर्षरत छौं। यो अवधि सिर्जनात्मक द्वन्द्व वा संघर्षको स्थिति हो। यस अवसरलाई सकेसम्म सिर्जनात्मक हस्तक्षेपका साथ अगाडि बढ्नुपर्छ। जबजले लोकतान्त्रिक, देशभक्त राष्ट्रिय साहित्यको सिर्जनालाई बाधित गर्ने कुनै दण्डको विधान गरेको छैन। यसले शस्त्रबल वा राज्यबलको प्रयोगलाई सर्वोपरि वा प्राथमिक विषय पनि बनाएको देखिँदैन बरु यसको प्रयोगको बाध्यात्मक स्थितिलाई भने उल्लेख गरेको पाइन्छ। त्यसैले स्रष्टाहरूले पनि शान्तिपूर्ण वा वैधानिक ढङ्गले सिर्जनारत वा साधनारत रहने परिस्थिति रहुन्जेल त्यही मार्गबाट साहित्यिक आन्दोलन र अभियानबाट सकेसम्म जीत हासिल गर्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ।

साहित्यको सिर्जना जनसेवाको महत्वपूर्ण कार्य हो। विषय सामग्री जनताबाट लिएर परिष्कार गरी कलायुक्त बनाई जनताकै सेवामा साहित्यलाई समाजमा पस्किनु जनतान्त्रिक प्रगतिवादी साहित्यकारको काम हो। सामन्तवादी तथा साम्राज्यवादी प्रतिगामी चिन्तन र चरित्रमा रुमल्लिएर आफैंमाथि अन्याय गरिरहेका आम श्रमजीवी जनतालाई अग्रगमनतिर उत्प्रेरित गरी साहित्यकारले जनसेवामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।

**५. वर्गपक्षधरता**

साहित्यको सिर्जना जनसेवाको महत्वपूर्ण कार्य हो। विषय सामग्री जनताबाट लिएर परिष्कार गरी कलायुक्त बनाई जनताकै सेवामा साहित्यलाई समाजमा पस्किनु जनतान्त्रिक प्रगतिवादी साहित्यकारको काम हो। सामन्तवादी तथा साम्राज्यवादी प्रतिगामी चिन्तन र चरित्रमा रुमल्लिएर आफैंमाथि अन्याय गरिरहेका आम श्रमजीवी जनतालाई अग्रगमनतिर उत्प्रेरित गरी साहित्यकारले जनसेवामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। मदन भण्डारीले आर्थिक, सामाजिक, सांस्कृतिक, विकास निर्माणात्मक आदि सम्पूर्ण कामको केन्द्रविन्दु जनतालाई बनाउनु पर्नेकुरा बताउनु भएको छ। उहाँले शोषित, उत्पीडित, उपेक्षित, सीमान्तीकृत,भाषिक सांस्कृतिक, लैङ्गिक रूपमा पछि पारिएका तथा न्यून वैतनिक समुदायका हितका लागि समर्पित रहनेकुरा उल्लेख गर्नुभएको छ। जबजमा जनसेवाको भावनालाई प्रमुखताका साथ उल्लेख गरिएको छ। त्यहाँ जनतालाई र जनताको भावनालाई सर्वोपरि स्थान दिइएको छ। सम्पूर्ण शोषित उत्पीडित वर्गका सवै खालका अपमान, उपेक्षा र शोषणका विरुद्ध तिनको उत्थानलाई मूलध्येय राखेर जनसेवाका भावनाका साथ क्रियाशील रहनुपर्ने कुरा जबजमा गरिएको छ। जनवादी साहित्यकारले आवाज विहीनहरूको आवाजलाई मुखरित गर्नुपर्छ। यही साहित्यमार्फत् गरिने जनसेवा हो, वर्गपक्षधरता हो। मदन भण्डारीले संघर्ष ,सेवा, पहलकदमीबाट मात्र नेतृत्व हातमा लिन सकिन्छ भन्नुभएको छ। उहाँले जनसेवा र जनतासित घनिष्ट सम्बन्ध राखेर जनताको मन जित्न र समर्थन हासिल गर्न सकिन्छ भन्नुभएको छ। त्यसैले साहित्यकारले पनि जनताका विषय, जनभावना, जनपक्षीय कलात्मक भाषाशैलीलाई तथा जनसम्प्रेष्य अभिव्यक्तिलाई आधार बनाएर साहित्यमार्फत् जनसेवामा लाग्नु नै जबजको मान्यता रहेको देखिन्छ। यसरी जबजले साहित्यिक सिर्जनामा वर्गपक्षधरतालाई सार रूपमा उल्लेख गरेको पाइन्छ। मार्क्सवादीहरू वर्गपक्षधरतालाई स्पष्ट रूपमा उल्लेख गर्छन् तर माओका अनुसार पुँजिवादीहरू वर्ग हैसियतको प्रश्नलाई ढाकछोप गर्छन्। भुसाल, २०६४,११२। यो यथार्थता साहित्यिक क्षेत्रमा स्पष्ट रूपमा देखिन्छ। उनीहरू स्वतन्त्र, अराजनीतिक र शुद्ध साहित्यको नारा दिएर आन्तरिक रूपमा वा प्रच्छन्न रूपमा वर्गपक्षधरताप्रति अडिग वा अविचलित रूपमा उभिएका हुन्छन्। यो उनीहरूको छली पारा हो, लुकेर आफ्नो वर्गस्वार्थमा कटिबद्ध हुने तरिका हो। तर प्रगतिवादीहरू यस्तो छली तरिकाका मन पराउँदैनन्। उनीहरू आमपाठक, श्रोता र स्रष्टाहरू समक्ष छद्म रूपमा उपस्थित हुन रुचाउँदैनन्। वर्गपक्षधरताका सबन्धमा हामीले दुवै अतिबाट जोगिनु जाती हुन्छ। यसको अभिव्यञ्जना कलात्मक तथा नवीन हुनु उपयुक्त हुन्छ। त्यसैले जबजले साहित्य सिर्जनामा आम श्रमजीवी जनताको वर्गपक्षधरतालाई सुस्पष्टताका साथ

केन्द्र भागमा राखेको देखिन्छ । जनता नै विश्वविद्यालय हुन् भनेर माओ त्सेतुङले शिक्षण र सिर्जनामा जनताको महत्वलाई उल्लेख गर्नुभएको देखिन्छ ।

**६. कलात्मक लेखन**

जीवनलाई संस्कृतिले कलात्मक स्वरूप प्रदान गरेको छ । जीवनजगत्का यावत् पक्षहरूलाई संस्कृतिद्वारा सौम्य र सुन्दर बनाउन सकिन्छ । राजनीति पनि कला हो । झन् साहित्य त कलाको उन्नत रूप हो । मदन भण्डारीले मार्क्सवादी राजनीति वा कम्युनिस्ट धार कलायुक्त हुनुपर्छ भन्ने मान्यताको प्रतिपादन गर्नुभयो र तदनुसार व्यवहारमा उतार्ने प्रयत्न गर्नुभयो । त्यसैले उहाँले राम्रै कामको लागि नराम्रो तरिकाले होइन, सकेसम्म राम्रो तरिकाले सम्पन्न गर्नुपर्छ भन्नुभयो । भण्डारी, २०४९, १९-२२ । मदन भण्डारीले सामन्तवादी र साम्राज्यवादी साहित्यिक कुप्रभावको मात्र विरोध गर्नु भएको छ । भण्डारी, पूर्ववत् १२ । त्यसको अर्थ त्यहाँ तिनले कलासाहित्यमा प्रयोग गरेका कलापक्षलाई ग्रहण गर्ने कुरातर्फ स्पष्ट सङ्केत गरिएको बुझिन्छ । यसबाट कलासाहित्यका विगतका र विपरीत ध्रुवका सार्थक तथा सकारात्मक पक्षहरूलाई क्रान्तिकारी उपयोग गर्ने कुरा गरिएको पाइन्छ । मार्क्स एङ्गेल्सले कला साहित्य ज्ञान सिद्धान्तमा आधारित विचारधारात्मक रूप हुन् र यी कलात्मक र सुन्दर हुन्छन् भन्नु भएको छ । आफानास्येभ, १९७७, ४१४ । एङ्गेल्सले लेखकको विचार जति प्रच्छन्न हुन्छ कलाकृतिका लागि त्यति नै उपयोगी हुन्छ भन्नुभएको छ । तिमल्सेना, २०६४, ३५ । माओले फर्मुलाबद्ध लेखनप्रति असहमति जनाउनुभएको छ । उहाँले विदेशी कला साहित्यबाट सिकेर देशीय सन्दर्भमा जनहितमा तिनको उपयोग गर्ने सल्लाह स्रष्टाहरूलाई दिनुभएको छ । साहित्यमा रूपपक्षको महत्वका बारेमा पर्याप्त प्रकाश पार्दै माओले साहित्य र कलामा अन्तर्वस्तुका रूपमा राजनैतिक विषयवस्तुमा जोड दिनुभएको छ । उहाँले विषयवस्तु र कलामा एकता हुनुपर्ने कुरा पनि गर्नुभएको देखिन्छ । तथापि अहिलेसम्म पनि विगतमा जस्तै साहित्यमा अन्तर्वस्तुलाई कलापक्षका तुलनामा विशेष महत्व दिने शिक्षण र अभ्यास विधिले प्रगतिशील तथा प्रगतिवादी लेखनमा कलापक्षको उचित संयोजन, समायोजनमा कमी रहेको देखिन्छ । रूप पक्षलाई अन्तर्वस्तुका हाराहारीमा नलिनाका कारण यस धाराको लेखनमा विचारपक्ष प्रभावी हुने गरेको देखिन्छ । तसर्थ अन्तर्वस्तु र रूपको समन्वय र सन्तुलित प्रयोगमा ध्यान दिँदा प्रगतिवादी साहित्यमा विचार र कलाको सुन्दर समन्वय हुन्छ । यसखालको लेखनले जनमानसमा औषधीको भूमिका निर्वाह गर्छ । दबाइमा गुलियो र तितो दुवै तत्व हुन्छ । खाँदा मिठो हुने तर खाइसक्दा तितोपनको अनुभूति हुने स्थिति औषधीमा हुन्छ । यस्तो औषधीले रोग निवारणमा कलात्मक तथा प्रभावकारी भूमिका निर्वाह गरेजस्तै अन्तर्वस्तुलाई कलात्मक वा कलापूर्ण रूपमा प्रस्तुत गरेमात्र प्रगतिशील साहित्यले सशक्त, प्रभावकारी तथा कलात्मक भूमिका निर्वाह गर्नसक्छ । सामाजिक, राजनैतिक आदि क्षेत्रमा त कलाको आवश्यकता हुन्छ भने कलासाहित्य स्वयं कलाक्षेत्र हो, यसमा कलात्मक अभिव्यक्ति अपरिहार्य हुन्छ । त्यसैले बहुदलीय जनवादी साहित्यमा अन्तर्वस्तु र रूपको हाराहारी प्रयोग उपयुक्त हुन्छ र यसले कलात्मक हस्तक्षेपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ । जबजको कलात्मक हस्तक्षेपको सार पनि यही हो ।

साहित्यिक लेखन र सिर्जनामा कुनै न कुनै दार्शनिक सिद्धान्तले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारेको हुन्छ । लेखक खास जीवन दर्शनबाट प्रेरित भएर कृतिको रचना गर्छ । त्यसैले एउटा लेखक आफ्नू लेखकीय मान्यतामा आधारित रहन्छ । समयक्रममा वा लेखकीय विकासका क्रममा लेखक पश्चगामी लेखकीय मान्यतालाई परित्याग गरेर जनपक्षीय तथा अग्रगामी साहित्यिक मान्यतामा आबद्ध हुनपुग्छ ।

**७. सिद्धान्तनिष्ट लेखन**

साहित्यिक लेखन र सिर्जनामा कुनै न कुनै दार्शनिक सिद्धान्तले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारेको हुन्छ । लेखक खास जीवन दर्शनबाट प्रेरित भएर कृतिको रचना गर्छ । त्यसैले एउटा लेखक आफ्नू लेखकीय मान्यतामा आधारित रहन्छ । समयक्रममा वा लेखकीय विकासका क्रममा लेखक पश्चगामी लेखकीय मान्यतालाई परित्याग गरेर जनपक्षीय तथा अग्रगामी साहित्यिक मान्यतामा आबद्ध हुनपुग्छ । लेखकीय मान्यतामा आउने परिवर्तन दोहोरो रूपमा देखिने गर्छ तर प्रगतिवादी सौन्दर्यशास्त्रीय मान्यतालाई आत्मसात् गरेको लेखक आजीवन जनताको पक्षधर रहिरहन्छ । त्यसैले एउटा लेखक सैद्धान्तिक दार्शनिक सिद्धान्त र तदनुकूलको साहित्यशास्त्रीय वा सौन्दर्यशास्त्रीय मान्यताप्रति प्रतिबद्ध हुन्छ । यो लेखकीय आम मान्यता हो । त्यसैले बहुलवादी प्रगतिवादी स्रष्टा मार्क्सवाद,जनताको बहुदलीय जनवाद र यसका आलोकमा प्रतिपादित सौन्दर्यशास्त्रीय मान्यतामा प्रतिबद्ध हुन्छ । सोद्देश्य सिर्जना, योजनाबद्ध लेखनले मात्र सामाजिक परिवर्तनमा सार्थक परिणाम प्राप्त गर्न सघाउँछ । बहुदलीय जनवाद, समाजवाद

तथा साम्यवादको प्राप्तिमा लाग्न यसै अनुसार सोद्देश्यपूर्ण साहित्यिक अभियानमा संलग्न हुनुपर्छ । मार्क्सवादी मनीषीहरूले सिद्धान्तको महत्वका बारेमा पर्याप्त प्रकाश पारेका छन् । माओले जनतामा र पार्टीमा विश्वास नगरी केही पनि गर्न सकिदैन भन्नुभएको छ । उहाँले उपर्यक्त दुई मूलभूत सिद्धान्तमा शङ्का गरेर कुनै उपलब्धि प्राप्त नहुने कुरा उल्लेख गर्नुभएको पाइन्छ । अझ उहाँले त क्रान्तिकारी सिद्धान्त, इतिहास तथा व्यवहारिक ज्ञान नहुन्जेल आन्दोलनलाई विजयतर्फ लैजाने सम्भावना नभएको पनि बताउनु भएको छ । माओ, २०६३, २ । मदन भण्डारीले पनि सैद्धान्तिक वैचारिक संघर्षलाई गहिराइ र दृढताका साथ संचालन गर्नुपर्छ,गम्भीर विचार भिन्नतालाई नदेखेजस्तो गरेर मनमा एकताको भ्रम पाल्ने र जनतामा फैलाउने काम गर्नुहुँदैन भन्नुभएको छ । भण्डारी, २०४९, २९ । उपर्युक्त भनाइहरू राजनीतिक सिद्धान्तसित सम्बन्धित भए पनि त्यहाँ कलासाहित्यिक सैद्धान्तिक सबालहरू पनि अन्तर्निहित रहेका छन् । सर्सर्ती हेर्दा उस्तै-उस्तै लागे पनि लेखकीय मान्यताका आधारमा नेपाली प्रगतिवादी शिविरमा स्पष्टतया दुई भिन्न धार रहेका देखिन्छन् । तिनमध्ये एउटा प्रतिस्पर्धी प्रगतिवादी धार हो भने अर्को एकात्मकतावादी प्रगतिवादी धार हो । मदन भण्डारीले राजनैतिक सैद्धान्तिक संघर्षको कुरा उठाएर साहित्यसम्बन्धी सौन्दर्यशास्त्रीय सिद्धान्तको गहन अध्ययन विश्लेषणबाट स्पष्ट मार्गदर्शन लिनुपर्ने यथार्थतालाई सङ्केत गर्नु भएको देखिन्छ । त्यसैले प्रतिस्पर्धी प्रगतिवादी स्रष्टाले आफ्नू दार्शनिक तथा साहित्यिक मान्यतामा प्रतिबद्ध रहँदै साहित्यिक अभियान जारी राख्नुपर्ने कुराको बोध हुन्छ । प्रतिस्पर्धी प्रगतिवादी स्रष्टाले पार्टीसिद्धान्त र तदनुकूलको सौन्दर्यशस्त्रीय मान्यतामा प्रतिबद्धताका साथ लेखनमा सक्रिय रहनुपर्छ । मार्क्सवाद र यसको सिर्जनात्मक प्रयोगका आलोकमा निर्मित, प्रतिपादित समग्र साँस्कृतिक सैद्धान्तिक ज्ञानलाई गहिराइका साथ ग्रहण गरेर सिर्जनात्मक क्षेत्रमा क्रियाशील हुनु अतिआवश्यक देखिन्छ । त्यस अतिरिक्त अन्य दर्शन र साहित्यसम्बन्धी अन्य सिद्धान्त तथा वाद प्रणालीका बारेमा विशद् जानकारी राखेर तर्कसंगत, युक्तिसंगत् कलात्मक रूपमा आफ्नो सही लेखकीय मान्यतालाई स्थापित र सुदृढ गर्न सकिन्छ । त्यसैले सबै रचनात्मक कामलाई सिद्धान्तले निर्दिष्ट गरेको हुन्छ । सिद्धान्तलाई बेवास्ता गरेर सिर्जनात्मक लक्ष हासिल हुँदैन । सिद्धान्तनिष्ट लेखन र लेखकमात्र प्रतिकूलताका विरुद्ध जुध्दै साधनारत रहन्छ । तथापि प्रतिस्पर्धी प्रगतिवादी स्रष्टाले पार्टी जीवनका विसङगत पक्षमाथि मित्रवत् आलोचनात्मक स्वरहरू अभिव्यञ्जित गर्न पाउँछ ।

> साहित्यिक लेखन र सिर्जनामा कुनै न कुनै दार्शनिक सिद्धान्तले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारेको हुन्छ । लेखक खास जीवन दर्शनबाट प्रेरित भएर कृतिको रचना गर्छ । त्यसैले एउटा लेखक आफ्नू लेखकीय मान्यतामा आधारित रहन्छ । समयक्रममा वा लेखकीय विकासका क्रममा लेखक पश्चगामी लेखकीय मान्यतालाई परित्याग गरेर जनपक्षीय तथा अग्रगामी साहित्यिक मान्यतामा आबद्ध हुनपुग्छ ।

**८. योजनाबद्ध लेखन**

मदन भण्डारीले जनताको जनवादी सत्ताले मूलभूत रूपमा तीनवटा विशेष अवधि पार गर्नु अनिवार्य रहेको बताउनु भएको छ । उहाँले पुरानो व्यवस्थाका शोषण उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो नयाँ उत्पादन सम्बन्धका आधारमा समाजका सबै क्षेत्रमा भौतिक र साँस्कृतिक दुवै हिसावले विकास गर्ने अवधि र तेस्रो समाजवादमा संक्रमणको निम्ति केन्द्रित भएर भौतिक तथा साँस्कृतिक तयारी गर्ने अवधि उल्लेख गर्नुभएको छ । भण्डारी, २०४९, १९ । त्यसैले साहित्यको सिर्जना पनि मुलुकको तत्कालीन र दीर्घकालीन आवश्यकता अनुसार योजनाबद्ध रूपमा गरिनुपर्छ । साँस्कृतिक रूपान्तरणमा साहित्यको भूमिका महत्वपूर्ण हुने हुनाले जबजको प्रकाशमा यस काममा पनि योजनाको आवश्यकता हुन्छ । यही नीति साहित्य सिर्जनासम्बन्धी जबजको अन्तर्वस्तु हो । त्यसैले सामन्तवादी साम्राज्यवादी साहित्यिक कुप्रभावको अन्त्यमा केन्द्रित गरेर साहित्य सिर्जनालाई संगठित गर्नुपर्छ । यसरी क्रमशः बहुदलीय जनवादी प्रगतिशील तथा प्रगतिवादी साहित्य सिर्जनालाई अगाडि बढाउनुपर्छ । जबजले समयसापेक्ष योजनाबद्ध लेखनलाई गतिशील बनाउँदै जनसेवामा सिर्जनात्मक रूपमा लाग्नु पर्ने कुरा उल्लेख गरेको स्पष्ट हुन्छ । ।

**९. उपसंहार**

साहित्य आत्मिक संस्कृति अन्तर्गतको प्रभावशाली विधा हो । संस्कृतिको निर्माण विकासमा यसको प्रभावकारी भूमिका हुन्छ । तर साहित्य राजनीति निरपेक्ष भने हुँदैन । कुनै न कुनै मात्रा र रूपमा यसमा राजनीतिक अन्तर्वस्तु अन्तर्निहित हुन्छ । यसमा मूल रूपमा आध्यात्मकवाद, यान्त्रिक भौतिकवाद, द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी वा मार्क्सवादी जीवन दर्शनको अभिव्यञ्जना गरिएको हुन्छ । साहित्यमा कलावाद र जीवनवादको विवादको अन्तर्वस्तु मूलतः राजनीतिक हो । त्यसैले प्रगतिवाद

मार्क्सवादी जीवन दर्शनमा आधारित साहित्यिक मान्यता हो । यसले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणलाई आत्मसात् गरेको हुन्छ ।

आर्थिक राजनैतिक कलात्मक प्रतिविम्बन हुने साहित्यमा तत्कालीन सामाजिक अभिव्यञ्जना हुने नै भयो । त्यसैले रूस र चीनमा प्रगतिवादलाई विभिन्न नामले पुकारियो । पछि प्रगतिवादलाई समाजवादी यथार्थवाद भनियो । अहिले प्रगतिवाद र समाजवादी यथार्थवाद यस क्षेत्रमा सर्वाधिक प्रचलित शब्दावली रहेका छन् । समाजवादी व्यवस्थाको लामो आफ्नै इतिहास नभएको हुँदा यसले विभिन्न प्रयोग गर्दै अगाडि बढ्यो । सुरुदेखि नै देशी-विदेशी प्रतिक्रियावादीहरूले भर्खर स्थापित कलिलो समाजवादको बिरुवालाई ध्वस्त पार्नेसम्मका खेलहरू खेले । यस खेलमा अमेरिकी साम्राज्यवादको विशेष भूमिका रहेको देखिन्छ । युद्धकालीन साम्यवादको अवस्थामा राज्यले कठोर नीति अवलम्बन गरेको देखिन्छ । तथापि पार्टीभित्रमात्र होइन, बाहिर पनि आम जनतालाई कम्युनिष्ट शासन, नेतृत्व र शासन प्रणालीका बारेमा सुझाव लिने अभियान चीनमा चलाइएको पाइन्छ । तर यसैलाई मूल आधार बनाएर प्रतिक्रियावादीहरूले समाजवादी प्रणालीलाई नै धराशायी बनाउने नियतले चौतर्फी हमला गरेपछि चीनमा पनि अधिनायकत्व सुरु भएको पाइन्छ । त्यसपछि पनि माओले 'सयौं फूल फुलून्' भन्ने नारा अगाडि सार्नुभयो । यसले साहित्यिक लेखनमा स्वतस्फूर्त सिर्जनात्मक सहज वातावरण सिर्जना ग-यो । चीनमा भएको सांस्कृतिक क्रान्तिले कम्युनिष्ट आन्दोलनमा उग्रवादी धारलाई जन्म दियो । चीनमा त्यस बखत भएका अतिवादी क्रियाकलापलाई सच्याउने काम भयो तर तेस्रो विश्वका कतिपय मुलुकमा यही अतिवादी धारबाट प्रभावित बने यसले एकात्मक वा एकात्मकतावादी प्रगतिवादी लेखन प्रवृत्तिलाई जन्मायो । नेपाली प्रगतिवादी लेखनमा बहुलवादी र एकात्मक वा एकात्मकवादी दुई धार प्रमुख रूपमा रहेका छन् । बहुदलीय जनवादी प्रगतिवादलाई बहुलवादी ,लोकतान्त्रिक वा जनतान्त्रिक र प्रतिस्पर्धी प्रगतिवाद आदि नामकरण गर्नसकिन्छ ।

जनताको बहुदलीय जनवादले विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनका अनुभवको सार खिचेर मार्क्सवादको मौलिक सिर्जनालाई अघि सारेको छ । सही विचार र मान्यतालाई आत्मसात् गर्ने मार्क्सवादीहरूको यही विचार नै सबैभन्दा ठूलो हतियार हो । यही वैचारिक अभियानलाई राष्ट्रव्यापी बनाएर सशक्त र कलात्मक सिर्जनात्मक अभियान सिर्जना गरेर अधिकतम स्रष्टाहरूलाई गोलबन्द गर्नुपर्छ । सिद्धान्त, सेवा र प्रतिस्पर्धाबाट ज्येष्ठश्रेष्ठ हुनुपर्छ । वर्गविभाजित समाजमा आधेयको वर्गीय स्वरूप हुन्छ । एउटा जनताकै जनवादी व्यवस्थामा पनि अर्थतन्त्र,संस्कृति र समाजभित्र अनिवार्य रूपमा द्वन्द्व हुन्छ । त्यसको प्रकृति फरक-फरक हुनसक्छ । विशेष स्थितिमा प्रयोग गरिएको अधिनायकत्व सधै कायम हुनसक्तैन । शत्रुता स्वयं द्वन्द्वको अभिव्यक्ति हो । तर सबै अन्तर्विरोध शत्रुतापूर्ण हुँदैनन् । सबै सर्प विसालु पनि हुँदैनन् । मदन भण्डारीले भनेजस्तै द्वन्द्व सार्वभौम कुरा हो भने यसलाई प्रकट हुन नदिने हो भने त्यसले विस्फोटको रूप लिनसक्छ । त्यसैले संविधानसम्मत प्रतिस्पर्धा र पहलकदमी लिएर कलात्मक हस्तक्षेपका साथ अग्रगतिको मार्ग अवलम्बन गर्नुपर्छ । तसर्थ बहुदलीय जनवादी प्रगतिवादी साहित्यको एउटा मूलभूत मान्यता बहुलवाद हो, स्वतन्त्र सिर्जनात्मक परिवेश हो । बहुलवाद वा खुल्ला समाजमा मात्र सयौ फूलहरू फुल्न सक्छन्, शैलीशिल्पका नयाँनयाँ बान्कीहरू खुल्नसक्छन् । अनुभवका कमीले पनि लेखनमा अतिवाद हावी रहेको देखिन्छ । पूर्व मालेकालमा लेखकको रूपमा परिचय र प्रकाशमा आउनु निम्न पुजिवादी चिन्तन हो भन्ने तत्कालिन मार्क्सवादी मान्यताको सिकार भएर संजय थापा मगरका नामबाट साहित्य सिर्जना गरेको कटुयथार्थ प्रदीप नेपालले बताउनुभएको छ । नेपाल,....५३-५७ । एउटा साहित्यकारले पार्टीमा देखापरेका असङ्गत पक्षका बारेमा आफ्ना भावनाहरू कलात्मक अभिव्यञ्जन गर्न पाउनुपर्छ । जनताको बहुदलीय जनवादले जनवादको अधिकतम प्रयोग गर्ने कुरा गरेको छ । जनवादलाई बढावा दिनै पर्ने र त्यसले जनवादी लेखकले जनवादको विकास र समृद्धिमा आफ्ना विचारहरू रचनाहरूमा प्रतिम्बित गर्न पाउनुपर्छ । मदन भण्डारीले जीवनको रङ हरियो हुन्छ भनेर जनवादलाई जीवनसित जोड्न खोज्नुभएको हो । जीवन गतिशील हुन्छ भने सिद्धान्त चाहिँ ढुङ्गामा लेखिएको अक्षर जस्तो किमार्थ हुनसक्तैन । साहित्यमा जीवनको सक्रिय प्रतिबिम्बन हुने हनाले यो पनि परिवर्तित जीवनसँगै गतिवान् हुन्छ । मदन भण्डारीले भाषा अघि-अघि व्याकरण पछि-पछि भन्नुको तात्पर्य भाषा र साहित्यको जीवन सापेक्षतालाई स्पष्ट रूपमा उल्लेख गर्नु भएको हो । परिवर्तशील दुनियाँमा साहित्यिक मान्यता र लेखन चाहिँ स्थिर, अपरिवर्तित हुनसक्तैन । अझ देशीय

> जनताको बहुदलीय जनवादले विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनका अनुभवको सार खिचेर मार्क्सवादको मौलिक सिर्जनालाई अघि सारेको छ । सही विचार र मान्यतालाई आत्मसात् गर्ने मार्क्सवादीहरूको यही विचार नै सबैभन्दा ठूलो हतियार हो ।

परिस्थितिका सापेक्षतामा यसको मान्यता र लेखनमा नवीनता देखापर्छ। सिद्धान्तले जीवनका सुन्दर सार्थक आयामहरू सधैंभरि थुन्न र छेक्न सक्तैन। साहित्य लेखन पनि जडवत् रहन सक्तैन। फर्मूलाबद्ध लेखनबाट सिर्जनात्मक सौन्दर्य प्राप्त हुनसक्तैन। विविधताभित्र नै विविध विषय र शिल्पशैली उद्भव सम्भव हुनसक्छ। विविधता जीवनजगत्को नैसर्गिक विषय हो। यसैबाट सकारात्मक र नकारात्मक ज्ञान प्राप्त हुन्छ। नकारात्मक कोणबाट भएका आलोचनालाई ख्याल गरेर लेनिनले मार्क्सवादमा जनताको सर्वोपरि भूमिका हुँदाहुँदै पनि नेता र नेतृत्वको विशेष स्थान निर्क्योल गर्नुभयो। माओले नकारात्मक गुरुहरूबाट पनि पाठ सिक्नुपर्ने कुरा बताउनुभएको छ। क्रियापछि प्रतिक्रिया हुन्छ। आलोचना पछि पनि प्रत्यालोचना हुन्छ। यही सिर्जनात्मक द्वन्द्व हो। सबै सिर्जनात्मक द्वन्द्वमा शत्रुता हुँदैन। समुन्नत विचार ग्रहण गर्नेहरूले सिद्धान्त, सिर्जना र सङ्गठनका क्षेत्रमा प्रतिस्पर्धा पहलकदमी नलिई एक्लो वीर बन्न खोज्नु वा एक्लै ज्येष्ठश्रेष्ठ हुन खोज्नु नसुहाउने कुरा हो।

> एमाओवादी बहुलवादको विरोध गरेर वास्तवमा लोकतन्त्रप्रतिको उसको निष्ठामाथि आफैं प्रश्न उत्पन्न गर्ने..काम गरिहेको छ। ऊ अहिले पनि एकाधिकारवादी र सर्वसत्तावादी सोचबाट मुक्त हुनसकेको छैन भन्ने शङ्कालाई बल पुऱ्याउने काम गरिरहेको प्रदीप ज्ञवालीले उल्लेख गर्नुभएको छ। यस्तो मान्यता एकात्मकतावादी सोचबाट ग्रसित रहेको देखिन्छ।

एमाओवादी बहुलवादको विरोध गरेर वास्तवमा लोकतन्त्रप्रतिको उसको निष्ठामाथि आफैं प्रश्न उत्पन्न गर्ने..काम गरिहेको छ। ऊ अहिले पनि एकाधिकारवादी र सर्वसत्तावादी सोचबाट मुक्त हुनसकेको छैन भन्ने शङ्कालाई बल पुऱ्याउने काम गरिरहेको प्रदीप ज्ञवालीले उल्लेख गर्नुभएको छ। यस्तो मान्यता एकात्मकतावादी सोचबाट ग्रसित रहेको देखिन्छ। बहुलता र विविधता प्रकृतिको शाश्वत नियम हो भन्ने कुरालाई माओले रूखका पातहरूलाई उदाहरण दिइ दिई भन्नुभएको छ। उच्च विचारका पक्षपातीहरूले बहुलता र विविधताभित्र प्रतिस्पर्धा गरेर आफू, आफ्नो सिर्जना र सङ्गठनलाई अग्रगामी, उच्च र उन्नत सामर्थ्य सिर्जना गर्नुपर्छ विचारलाई विचारले, सिर्जनालाई सिर्जनाले, सिद्धान्तलाई सिद्धान्तले परास्त गर्नुपर्छ। सकेसम्म बौद्धिक तथा रचनात्मक द्वन्द्वबाट अतिवादी उग्रवादी तथा अन्धवादी साहित्यिक विचारलाई पराजित गर्नुपर्छ। शास्त्रलाई शास्त्रले र शस्त्रलाई शस्त्रले अर्थात् जस्तालाई तस्तै गर्नु जबजको मूल नीति हो। बहुदलीय जनवादी साहित्यका उत्थान र विकासमा नेपाली प्रगतिवादी लेखनको प्रभाव र प्रेरणाको महत्वपूर्ण भूमिका रहेको छ। नेकपाको स्थापनासँगै स्थापित र भूमिगत अर्धभूमिगत रूपमा गरिएका साँस्कृतिक साहित्यिक गतिविधिले यसलाई आधारभूमि प्रदान गरेको देखिन्छ। यस क्रममा हृदयचन्द्रसिंह प्रधान, गोकुल जोशी, युद्धप्रसाद मिश्र आदि लेखकहरूको योगदान अविस्मरणीय रहेको छ। अभ्रू प्रधानले एक चिहान उपन्यासमार्फत् अगाडि सारेका प्रगतिशील साँस्कृतिक विकल्पहरू मननयोग्य रहेका छन्। यसैक्रममा राष्ट्रव्यापी रूपमा प्रगतिशील तथा प्रगतिवादी देशभक्त लोकतान्त्रिक राष्ट्रिय संस्कृतिको वैचारिक तथा सिर्जनात्मक विकासमा मार्क्सवादी चिन्तक तथा विद्वान् साहित्यकार मोदनाथ प्रश्रितको अहम् भूमिका रहेको छ। यस दिशामा केही वर्ष अघि मदन भण्डारी स्मृति प्रतिष्ठान, उर्लाबारी मोरङ्मा गुरु बरालको अगुवाईमा विराटनगरमा भएको एक्काइसौं शताब्दीको प्रगतिशील लेखन विषयक राष्ट्रियस्तरको विचारगोष्ठीले बहुदलीय जनवादी साहित्यिक चिन्तनलाई उठान गरेको थियो। त्यसैले सुसङ्गत कार्ययोजना र व्यवस्थित साहित्यिक सांस्कृतिक अभियान र आन्दोलन नचलाई बहुदलीय जनवादी साहित्यिक मान्यतालाई विकसित गर्न सकिंदैन। उपल्लो माथिल्लो पार्टी नेतृत्वदेखि साहित्यिक चिन्तक र स्रष्टा हुँदै तल्ला निकायसम्म पठनसंस्कृतिलाई विकसित गर्नुपर्छ। अखबारी पठनमा मात्र रमाएर वैचारिक स्तर प्राप्त गर्न सकिदैन । यस क्षेत्रमा नेतृत्वको कमी पनि छ। पानी र बानी माथिबाटै आउँछ। मदन भण्डारीले भनेजस्तै 'कुराले च्युरा भिज्दैन' भनेझैं सशक्त र सघन रूपमा कामको अभियान यस क्षेत्रमा अत्यावश्यक रहेको छ। यद्यपि शस्त्र बलद्वारा प्रतिध्रुवीय विचार पराजित गरेजस्तो शास्त्र बलद्वारा पराजित गर्न कठिन छ। यसकालागि बढी बौद्धिक लगानी लगन आवश्यक हुन्छ तर यसरी प्राप्त विजय स्थायी र दिगो हुन्छ। सिद्धान्त र सिर्जनशीलताले पराजित गर्ने सामर्थ्य राख्नेहरूले शस्त्रवल र राज्यको बल प्रयोगलाई दमन गर्ने तरिकालाई प्राथमिक बनाउनै हुँदैन। बुद्धि प्रयोग नगरी बल प्रयोगलाई प्राथमिता दिने कुरा कमजोरहरूको हतियार हो। सच्चा मार्क्सवादीहरू मार्क्सवादी विचारले लैस गरेर जनताको पङ्क्तिलाई अधिकांश रूपमा आकर्षित गर्छन्। जनवादी सत्ता र सरकारमार्फत् जनसेवा गरेर उनीहरू जनताको मन जित्न चाहन्छन्। उनीहरू प्रतिस्पर्धा, पहलकदमी र जनसेवाद्वारा जनताका बीचमा स्थापित हुन चाहन्छन्। साहित्यको उत्थान, विकास र समृद्धिमा पनि जबजको यही नीति रहेको छ । यही कुरा जबजको साहित्यसम्बन्धी मान्यता हो।

एकात्मकतावादी प्रगतिवादसित जनतान्त्रिक प्रगतिवादको विभिन्न सवालमा मत-भिन्नता देखिन्छ। एकात्मकतावादी प्रगतिवादले मार्क्सवाद लेनिनवाद, माओवाद तथा प्रचण्डपथलाई मार्गदर्शक सिद्धान्त मानेको पाइन्छ। यसको सोझो अर्थ हुन्छ, शस्त्रबल तथा राज्यबललाई समाज परिवर्तनमा सर्वोपरि स्थान दिनु। त्यसैले यसले नियन्त्रित बहुदलीयताको पक्षपोषण गर्दछ। यसले बहुदलीय प्रतिस्पर्धाको कुरा गरे पनि बहुलवाद विरोधी अडान राखेर स्वतन्त्र चिन्तनलाई निषेध गर्न खोजेको देखिन्छ। त्यसैले एकात्मकतावादी लेखनले सिर्जनात्मक विविधतालाई अस्वीकार गरेको छ। उसले विविधताप्रति असहिष्णु दृष्टिकोण राखेको पाइन्छ। यसले निरपेक्ष सशस्त्र बल र राज्य बलको प्रयोगलाई प्राथमिकता दिन्छ। यसले फर्मुलाबद्ध लेखनलाई स्थापित गर्न खोजेको छ।

यस लेखनमा उग्रवाद हावी देखिन्छ। यसले युद्धमा कलासाहित्यिक सौन्दर्य देख्दछ। तर बहुलवादी प्रगतिवादी साहित्यमा सिर्जनात्मक विविधतालाई स्वीकार गरिन्छ। यसले सापेक्ष शस्त्र बल वा राज्यबललाई समर्थन गर्छ। सापेक्ष लेखकीय स्वतन्त्रलाई यसले समर्थन गर्छ। शालीनतापूर्वक प्रतिध्रुवीय लेखनका कुप्रभावलाई आलोचना र विरोध तथा असहमति गर्ने यसको मान्यता रहेको छ। यसमा विचार र कलाको समन्वयमा जोड दिइन्छ। त्यसैले यस वादले राम्रो कुरा राम्रै तरिकाले अर्थात् कलात्मक रूपमा अभिव्यञ्जित गर्न रुचाउँछ। विगतमा साहित्यमा अन्तर्वस्तुलाई विशेष महत्व दिने खालको चिन्तन र शिक्षणप्रशिक्षणले यस क्षेत्रमा कलापक्षमा तुलनात्मक रूपमा कमी देखिएको छ। त्यसैले विचार कलाको हाराहारी प्रयोगलाई ध्यान दिनु आवश्यक हुन्छ। विचार कलाको समान समन्वय र सन्तुलन प्रतिस्पर्धी प्रगतिवादी साहित्यको पहिचान हुनुपर्छ।

जबजले नेपालको समग्र संस्कृतिमा कलात्मक हस्तक्षेपलाई अगाडि बढाउनुपर्ने नीति लिएको देखिन्छ। यसलाई जीवनशैलीमा अनुवाद गर्नुपर्छ। जबजलाई आचरण र व्यवहारमा उतार्न सकियो भने मात्र यसले दीर्घजीवन पाउनेछ र यसको सच्चाई व्यावहारिक रूपमा अझ पुष्टि हुनेछ। जीवनसित जोडिएको सिद्धान्तले मात्र समाजमा अत्यन्त सार्थक परिणाम दिनेछ। यसलाई साहित्य सिर्जनाको विषयमा मात्र सीमित गर्नुहुँदैन। जबजअनुसार नेपाली समाजमा व्याप्त सामन्तवादी तथा पुँजीवादी संस्कार विधिहरूमा प्रगतिशील विकल्प प्रदान गर्नुपर्छ। अहिले नेपाली समाजले समग्र संस्कार विधिमा विकल्प खोजिरहेको छ। एकदशक अगाडिदेखि संस्कार विधिमा प्रगतिशील विकल्पलाई प्रयोग र परीक्षणमा आउन थालेका छन्। परम्परागत संस्कार विधिभन्दा पृथक रहेको श्राद्ध समारोह,व्रतबन्ध समारोह, वाणीपूजाजस्ता नवीत प्रयोगले समाजको प्रगतिशील रूपान्तरणमा सहयोग पुग्ने देखिन्छ। यी सबै कामका पछाडि जबजको महत्वपूर्ण भूमिका रहन्छ। जबजले माग गरेको प्रभावशाली पारदर्शी जननेता मदन भण्डारीजस्तो टावर व्यक्तित्व र नेतृत्व सबै क्षेत्रमा आवश्यक हुन्छ। जननेता मदन भण्डारीले जबजको नीति प्रतिपादन गर्ने र त्यसलाई स्थापित गर्ने सबालमा अत्यन्त महत्वपूर्ण समय र श्रम गर्नु परेको थियो। यस सबालमा उहाँ सुरुसुरुमा लगभग एक्लै भए पनि डटिरहनुभयो। त्यसैले पनि उहाँले साहित्यका विषयमा छलफल गर्ने समय पाउनुभएन। दासढुङ्गामा भएको षडयन्त्रपूर्ण हत्याका कारण पनि यस क्षेत्रमा उहाँबाट प्राप्त हुनसक्ने आशाअपेक्षाहरू अधुरा रहे। तथापि, जबजको अन्तर्वस्तुले प्रगतिवादी साहित्यिक मान्यतालाई दिशानिर्देश गरेको पाइन्छ।

दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्रको गहन ज्ञानले मात्र नेतृत्व बहुआयामिक बन्नसक्छ। यस्तो नेतृत्वले मात्र समग्र आन्दोलनलाई वैचारिक दिशा निर्देश गर्नसक्छ। त्यसको अभावमा निर्मित नेतृत्व प्राविधिक मात्र हुन्छ। जबजले आफ्नो शिविरभित्र योग्यतालाई सकेसम्म बढाउने कुरालाई जोड दिएको छ।

दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्रको गहन ज्ञानले मात्र नेतृत्व बहुआयामिक बन्नसक्छ। यस्तो नेतृत्वले मात्र समग्र आन्दोलनलाई वैचारिक दिशा निर्देश गर्नसक्छ। त्यसको अभावमा निर्मित नेतृत्व प्राविधिक मात्र हुन्छ। जबजले आफ्नो शिविरभित्र योग्यतालाई सकेसम्म बढाउने कुरालाई जोड दिएको छ। आफैंभित्र योग्यता, क्षमताको प्रतिस्पर्धा नगरी, योग्यताका आधारमा संङ्गठनलाई स्थापित र सुदृढ नगरी विपक्षीहरूसित प्रतिस्पर्धा गर्न सकिन्न र जीत हासिल गर्न सकिदैन। त्यसैले अयोग्यहरूमध्ये योग्यको छनोट होइन, योग्यहरू मध्येबाट योग्यतमको छनोटले मात्र जबजअनुसार राष्ट्रको सर्वाङगीण नेतृत्व प्राप्त गर्न सकिन्छ।

जबज सैद्धान्तिक तथा सिर्जनात्मक रूपमा श्रेष्ठ हुँदाहुँदै पनि यस सम्बन्धी चिन्तन नगण्य देखिन्छ। जननेता मदन भण्डारीको षडयन्त्रपूर्वक हत्या गरिएपश्चात् यस सम्बन्धमा गम्भीर चिन्तन हुनसकेको देखिएको छैन। यसका प्रकाशमा राष्ट्रिय क्षितिजमा देखापरेका सैद्धान्तिक वैचारिक

एकात्मकतावादी प्रगतिवादसित जनतान्त्रिक प्रगतिवादको विभिन्न सबालमा मत-भिन्नता देखिन्छ। एकात्मकतावादी प्रगतिवादले मार्क्सवाद लेनिनवाद, माओवाद तथा प्रचण्डपथलाई मार्गदर्शक सिद्धान्त मानेको पाइन्छ। यसको सोझो अर्थ हुन्छ, शस्त्रबल तथा राज्यबललाई समाज परिवर्तनमा सर्वोपरि स्थान दिनु। त्यसैले यसले नियन्त्रित बहुदलीयताको पक्षपोषण गर्दछ। यसले बहुदलीय प्रतिस्पर्धाको कुरा गरे पनि बहुलवाद विरोधी अडान राखेर स्वतन्त्र चिन्तनलाई निषेध गर्न खोजेको देखिन्छ। त्यसैले एकात्मकतावादी लेखनले सिर्जनात्मक विविधतालाई अस्वीकार गरेको छ। उसले विविधताप्रति असहिष्णु दृष्टिकोण राखेको पाइन्छ। यसले निरपेक्ष सशस्त्र बल र राज्य बलको प्रयोगलाई प्राथमिकता दिन्छ। यसले फर्मुलाबद्ध लेखनलाई स्थापित गर्न खोजेको छ।

यस लेखनमा उग्रवाद हावी देखिन्छ। यसले युद्धमा कलासाहित्यिक सौन्दर्य देख्दछ। तर बहुलवादी प्रगतिवादी साहित्यमा सिर्जनात्मक विविधतालाई स्वीकार गरिन्छ। यसले सापेक्ष शस्त्र बल वा राज्यबललाई समर्थन गर्छ। सापेक्ष लेखकीय स्वतन्त्रलाई यसले समर्थन गर्छ। शालीनतापूर्वक प्रतिध्रुवीय लेखनका कुप्रभावलाई आलोचना र विरोध तथा असहमति गर्ने यसको मान्यता रहेको छ। यसमा विचार र कलाको समन्वयमा जोड दिइन्छ। त्यसैले यस वादले राम्रो कुरा राम्रै तरिकाले अर्थात् कलात्मक रूपमा अभिव्यञ्जित गर्न रुचाउँछ। विगतमा साहित्यमा अन्तर्वस्तुलाई विशेष महत्व दिने खालको चिन्तन र शिक्षणप्रशिक्षणले यस क्षेत्रमा कलापक्षमा तुलनात्मक रूपमा कमी देखिएको छ। त्यसैले विचार कलाको हाराहारी प्रयोगलाई ध्यान दिनु आवश्यक हुन्छ। विचार कलाको समान समन्वय र सन्तुलन प्रतिस्पर्धी प्रगतिवादी साहित्यको पहिचान हुनुपर्छ।


जबजले नेपालको समग्र संस्कृतिमा कलात्मक हस्तक्षेपलाई अगाडि बढाउनुपर्ने नीति लिएको देखिन्छ। यसलाई जीवनशैलीमा अनुवाद गर्नुपर्छ। जबजलाई आचरण र व्यवहारमा उतार्न सकियो भने मात्र यसले दीर्घजीवन पाउनेछ र यसको सच्चाई व्यावहारिक रूपमा अझ पुष्टि हुनेछ। जीवनसित जोडिएको सिद्धान्तले मात्र समाजमा अत्यन्त सार्थक परिणाम दिनेछ। यसलाई साहित्य सिर्जनाको विषयमा मात्र सीमित गर्नुहुँदैन। जबजअनुसार नेपाली समाजमा व्याप्त सामन्तवादी तथा पुँजीवादी संस्कार विधिहरूमा प्रगतिशील विकल्प प्रदान गर्नुपर्छ। अहिले नेपाली समाजले समग्र संस्कार विधिमा विकल्प खोजिरहेको छ। एकदशक अगाडिदेखि संस्कार विधिमा प्रगतिशील विकल्पलाई प्रयोग र परीक्षणमा आउन थालेका छन्। परम्परागत संस्कार विधिभन्दा पृथक रहेको श्राद्ध समारोह,व्रतबन्ध समारोह, वाणीपूजाजस्ता नवीत प्रयोगले समाजको प्रगतिशील रूपान्तरणमा सहयोग पुग्ने देखिन्छ। यी सबै कामका पछाडि जबजको महत्वपूर्ण भूमिका रहन्छ। जबजले माग गरेको प्रभावशाली पारदर्शी जननेता मदन भण्डारीजस्तो टावर व्यक्तित्व र नेतृत्व सबै क्षेत्रमा आवश्यक हुन्छ। जननेता मदन भण्डारीले जबजको नीति प्रतिपादन गर्ने र त्यसलाई स्थापित गर्ने सबालमा अत्यन्त महत्वपूर्ण समय र श्रम गर्नु परेको थियो। यस सबालमा उहाँ सुरुसुरुमा लगभग एक्लै भए पनि डटिरहनुभयो। त्यसैले पनि उहाँले साहित्यका विषयमा छलफल गर्ने समय पाउनुभएन। दासढुङ्गामा भएको षडयन्त्रपूर्ण हत्याका कारण पनि यस क्षेत्रमा उहाँबाट प्राप्त हुनसक्ने आशाअपेक्षाहरू अधुरा रहे। तथापि, जबजको अन्तर्वस्तुले प्रगतिवादी साहित्यिक मान्यतालाई दिशानिर्देश गरेको पाइन्छ।

दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्रको गहन ज्ञानले मात्र नेतृत्व बहुआयामिक बन्नसक्छ। यस्तो नेतृत्वले मात्र समग्र आन्दोलनलाई वैचारिक दिशा निर्देश गर्नसक्छ। त्यसको अभावमा निर्मित नेतृत्व प्राविधिक मात्र हुन्छ। जबजले आफ्नो शिविरभित्र योग्यतालाई सकेसम्म बढाउने कुरालाई जोड दिएको छ। आफैंभित्र योग्यता, क्षमताको प्रतिस्पर्धा नगरी, योग्यताका आधारमा संङ्गठनलाई स्थापित र सुदृढ नगरी विपक्षीहरूसित प्रतिस्पर्धा गर्न सकिन्न र जीत हासिल गर्न सकिदैन। त्यसैले अयोग्यहरूमध्ये योग्यको छनोट होइन, योग्यहरू मध्येबाट योग्यतमको छनोटले मात्र जबजअनुसार राष्ट्रको सर्वाङगीण नेतृत्व प्राप्त गर्न सकिन्छ।

जबज सैद्धान्तिक तथा सिर्जनात्मक रूपमा श्रेष्ठ हुँदाहुँदै पनि यस सम्बन्धी चिन्तन नगण्य देखिन्छ। जननेता मदन भण्डारीको षडयन्त्रपूर्वक हत्या गरिएपश्चात् यस सम्बन्धमा गम्भीर चिन्तन हुनसकेको देखिएको छैन। यसका प्रकाशमा राष्ट्रिय क्षितिजमा देखापरेका सैद्धान्तिक वैचारिक

दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्रको गहन ज्ञानले मात्र नेतृत्व बहुआयामिक बन्नसक्छ। यस्तो नेतृत्वले मात्र समग्र आन्दोलनलाई वैचारिक दिशा निर्देश गर्नसक्छ। त्यसको अभावमा निर्मित नेतृत्व प्राविधिक मात्र हुन्छ। जबजले आफ्नो शिविरभित्र योग्यतालाई सकेसम्म बढाउने कुरालाई जोड दिएको छ।

# जनताको बहुदलीय जनवादी शिक्षा प्रणाली: एक छलफल



■ भेषराज अधिकारी

**भूमिका**

लेनिन भन्नुहुन्छ- "अनपढ व्यक्ति राजनीतिबाट बाहिर रहन्छ, उसले पहिले अक्षरको ज्ञान पाउनु पर्दछ । यो बिना कुनै राजनीति हुन सक्दैन, यो बिना अफवाहबाजी, गफगाफ, किस्सा-कहानी र पूर्वाग्रह हुन्छ, राजनीति हुन सक्दैन ।" शिक्षादीक्षाको राजनीतिक र सामाजिक परिवर्तनमा कस्तो प्रभाव पर्दोरहेछ भन्ने कुरा लेनिनको उक्त उक्तिबाट स्वतः प्रष्ट हुन्छ । त्यही भएर कम्युनिष्टहरूले शिक्षाको विस्तार र विकासमा वुर्जुवा कालमा र क्रान्तिपश्चात्को कालमा पनि अत्यधिक महत्व दिने गरेका हुन् । जनवादी शिक्षा प्रणालीको अत्यधिक चर्चाभित्र लुकेको गुदी कुरा पनि कसरी शिक्षालाई समाजमा विस्तारित, प्रभावकारी, गुणस्तरीय, व्यावहारिक र वैज्ञानिक बनाउन सकिन्छ भन्ने नै हो ।

कम्युनिष्ट पार्टीको घोषणापत्र (सन् १८४८) मा कार्ल मार्क्स र फ्रेडरिख एन्गेल्स निष्कर्ष निकाल्नु हुन्छ- "समाजद्वारा शिक्षादीक्षाको संचालनलाई कम्युनिष्टहरूले पत्ता लगाएका होइनन् । उनीहरूले त खालि शिक्षादीक्षाको चरित्रमात्र बदल्न चाहेका हुन् र शासकवर्गको प्रभावबाट त्यसलाई मुक्त गर्न मात्र खोजेका हुन् ।" यस पक्षलाई राम्रोसँग बुझेका मार्क्सवादी चिन्तक अनातोली लुनाचार्स्की (Anatoly Lunacharsky) शिक्षाकाप्रति कम्युनिष्टहरूको दायित्वलाई औंल्याउँदै भन्छन्- "हरेक परिस्थितिमा एउटा क्रान्तिकारी मार्क्सवादीले बुर्जुवा शिक्षाशास्त्रले सिर्जना गरेका समस्याको स्वाभाविक व्याख्या विश्लेषण मात्र गर्ने होइन, त्यसको आलोचना गर्दै समाजवादी सिद्धान्तमा आधारित शिक्षाशास्त्रको खाका पनि प्रस्तुत गर्नुपर्छ । यो कुरा सत्ता प्राप्त गरिसकेपछि कम्युनिष्टहरूको अनिवार्य कार्यभार बन्न जान्छ । स्वाभाविक छ कि सत्तारूढ समाजवैज्ञानिक एउटा गतिलो राजनीतिज्ञ पनि हुनेछ; पुराना मूल्यमान्यताहरूको विनाशक र नयाँ मूल्यमान्यताहरूको निर्माता पनि हुनेछ र ऊ एउटा योद्धा र स्रस्टा पनि हुनेछ ।"

**जनवादी शिक्षा प्रणालीको चर्चा**

नेपालमा 'जनवादी शिक्षा प्रणाली' लागू गर्ने सन्दर्भमा चर्चा, व्याख्या र विश्लेषण हुनथालेको धेरै भैसकेको छ । खासगरी २००६ सालमा कम्युनिष्ट पार्टी स्थापना भएपछि यसका नेता तथा कार्यकर्ता र सम्बद्ध प्रगतिशील जनसंगठनहरूले उक्त शिक्षा प्रणालीको पक्षमा मत जाहेर गर्ने, व्याख्या तथा विश्लेषण गर्ने र खाका प्रस्तुत गर्ने गरेका छन् । देशमा संचालित 'बुर्जुवा शिक्षा' को विकल्पमा कम्युनिष्टहरूले 'जनवादी शिक्षा' प्रस्तुत गर्दै आएका छन् । त्यसो त हाम्रो देशमा एकताका कम्युनिष्टहरूले 'बुर्जुवा शिक्षा' बहिष्कारको अभियान नै चलाए । विश्वविद्यालय, क्याम्पस र विद्यालयमा अध्ययन गर्दै गरेका युवा विद्यार्थीहरू 'वर्ग संघर्ष' लाई तेज पार्न र जनवादी क्रान्ति सम्पन्न पार्न गाउँ-गाउँ गए ।

नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद(जवज) का प्रणेता जननेता मदन भण्डारीको विश्लेषणमा- "सामन्तवादी-साम्राज्यवादी शिक्षा प्रणाली, प्रतिक्रियावादी शिक्षा नीति, शैक्षिक अराजकता, प्रतिगामी र प्रतिशोधपूर्ण परीक्षा व्यवस्था, शैक्षिक

बेरोजगारी, शिक्षा क्षेत्रको भ्रष्टाचारजस्ता शैक्षिक समस्याहरू पनि सामन्तवाद र साम्राज्यवादकै कारणले उत्पन्न भएका समस्याहरू हुन् ।" वास्तवमा नेपालको वर्तमान शिक्षा प्रणाली नव-औपनिवेशिक शिक्षा प्रणालीका रूपमा रहेको छ । यो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई परनिर्भर बनाउने, दास मनोवृत्तिको विकास गराउने तथा आत्मविश्वासको अभाव हुने ठाउँमा पुऱ्याएको छ । फलस्वरूप वर्तमान शिक्षा व्यवस्थाले मुलुकमा विद्यमान समस्याहरूको समाधान दिन सकेको छैन ।

जंगबहादुरले कोत हत्याकाण्डद्वारा वि.सं. १९०३ मा सत्ता हातपारेयता वि.सं. २००७ सालको अवधिमा नेपालमा औपनिवेशिक शिक्षाको प्रवेश र विस्तार भयो । जंगबहादुर बेलायतको आडभरोसामा सत्तामा टिकेका हुनाले आफ्ना मालिकको भाषा, संस्कृति र मूल्य अंगालेर सद्भक्ति प्रदर्शन गरेर छोटासाहेब बन्नु अति आवश्यक भएकोले त्यही चाहनालाई थापाथली निवासमा वि.सं. १९१० तिर आफ्ना छोराछोरीका लागि अंग्रेजी प्रणालीको दरवार स्कूल स्थापना गरी औपनिवेशिक शिक्षाको प्रारम्भ गरे । जंगबहादुरले मेकाले (Macaulay) को पदचिन्हलाई आँखा चिम्लिएर अनुसरण गरेकाले उनले भित्र्याएको अंग्रेजी शिक्षालाई औपनिवेशिक शिक्षा भनिएको हो । सन् १८३५ मा वेलायती संसदमा भारतका जनसाधारणलाई शिक्षा प्रदान गर्ने हेतुले शिक्षा संरचनाको निर्धारणका लागि एउटा शिक्षा आयोग गठन गर्ने उद्देश्यले एउटा विधेयक प्रस्तुत गरियो । मेकाले भन्ने अंग्रेज भारतेलीलाई शिक्षा प्रदान गर्ने पक्षमा ठ्याम्मै थिएनन् । उनका ठम्याइमा अज्ञानी भारतेलीमाथि नै वेलायती शासन दीगो र दरिलो हुनसक्थ्यो । कथम्कदाचित शिक्षा प्रदान गर्नुपरेको खण्डमा जागृत्ति पटक्कै पैदा नगर्ने शिक्षा भारतेलीका लागि उपयुक्त थियो । यसका लागि भारतको उच्च शिक्षाको माध्यम अंग्रेजीलाई बनाउनु आवश्यक थियो ।

**शिक्षा त्यस्तो प्रक्रिया हो जसले व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य हासिल गर्न, ज्ञान उपार्जन गर्न र व्यवहारमा परिवर्तन गर्नाका साथै समायानुकूल समायोजन हुन सहयोग गर्दछ । शिक्षा त्यस्तो सशक्त माध्यम र प्रक्रिया हो जसले व्यक्ति, समाज र राष्ट्रलाई विकसित र व्यावहारिक बनाउन सहयोग गर्दछ ।**

विचारधारा र प्रणालीको बीचमा निश्चित प्रकारको सम्बन्ध हुन्छ । विचारधाराको जगमा नै प्रणाली खडा भएको हुन्छ । जनवादी शिक्षा प्रणालीको स्थापना गर्न चाहने भनेका स्पष्टरूपमा भन्ने हो भने साम्यवादीहरू नै हुन् । साम्यवादी भनेका मार्क्सवादीहरू हुन् । यस अर्थमा जनवादी शिक्षा प्रणालीको विचारधारात्मक अधार भनेको मार्क्सवाद नै हो । त्यसैले शिक्षा सम्बन्धी विषयवस्तुमा सिद्धान्त र कार्यको समुच्चय नै शिक्षा प्रणाली हो । निश्चित लक्ष्य हासिल गर्न शिक्षा प्रणालीले त्यस लक्ष्यलाई पछ्याउनु पर्दछ । नीति एक प्रक्रिया पनि हो त्यसैले यो परिवर्तनशील पनि हुनुपर्दछ । त्यसैले यो स्थिर पनि हुन सक्दैन ।

### शिक्षा र संस्कृतिबीचको सम्बन्ध

शिक्षा त्यस्तो प्रक्रिया हो जसले व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य हासिल गर्न, ज्ञान उपार्जन गर्न र व्यवहारमा परिवर्तन गर्नाका साथै समायानुकूल समायोजन हुन सहयोग गर्दछ । शिक्षा त्यस्तो सशक्त माध्यम र प्रक्रिया हो जसले व्यक्ति, समाज र राष्ट्रलाई विकसित र व्यावहारिक बनाउन सहयोग गर्दछ । समाज सचेत मानिसहरूको त्यस्तो समूह हो जुन संस्थागत हुन्छ, साझा उद्देश्यद्वारा सामाजिक विकासमा संलग्न हुन्छ, परिवर्तनशील र गतिशील प्रकृतिको हुन्छ, आपसी सम्बन्ध, समझदारी, अधिकारको संरक्षणमा एकताबद्ध रूपमा क्रियाशील हुन्छ । समाजका यस्ता पक्षहरूको विकासका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने सशक्त माध्यम शिक्षा मात्र हुने मानिन्छ । अर्थात् शिक्षाले संस्कृतिलाई परिष्कृत बनाउँछ र संस्कृतिले शिक्षालाई । लेनिन भन्नुहुन्छ- "पढ्ने लेख्ने योग्यतालाई साँस्कृतिक स्तर उकास्ने उद्देश्यको साधनमा प्रयोग गर्नुपर्दछ ।" त्यसैले शिक्षा र संस्कृतिबीचको सम्बन्धलाई ज्यादै नजिकको मानिन्छ । शिक्षालाई समयानुकूल रूपमा प्रगतिशील, उन्नत, गतिशील, कार्यमूलक, व्यावहारिक र वैज्ञानिक हुनका लागि संस्कृतिको आवश्यकता पर्दछ ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल भन्नुहुन्छ- "जसरी एक वर्गको आर्थिक र राजनीतिक स्वार्थ अर्को वर्गको स्वार्थसँग टकराउँछ त्यसरी नै एक वर्गको संस्कृतिसित अर्को वर्गको संस्कृति पनि टकराउँछ ।" अतः शक्तिका कारण सामाजिक संस्कृतिमा परिवर्तन आउने गर्दछ । शिक्षाले मानिसमा चेतनाको

विकास, रूढिवादी र परम्परावादी तथा अन्धविश्वासी अवधारणाहरूमा परिवर्तन ल्याउँछ । यसरी हुने साँस्कृतिक रूपान्तरणलाई शैक्षिक प्रक्रियाद्वारा भएको रूपान्तरण भनिन्छ । सामन्तवादी दासतामुखी मूल्य, मान्यता र औपनिवेशिक तथा पूँजीवादी संस्कृतिको बिरूद्ध जनवादी शिक्षासँग गाँसिएको प्रगतिशील जनवादी साहित्य, कला र संस्कृतिको विकास गर्ने अवधारणा कम्युनिष्टहरूले प्रस्तुत गर्ने गरेका छन् । लेनिन भन्नुहुन्छ- "आधुनिक इतिहासको सम्पूर्ण अनुभव, विशेषतः 'कम्युनिष्ट घोषणापत्र' को प्रकासनपछि सम्पूर्ण देशका सर्वहाराको आधा शताब्दीभन्दा बढीको क्रान्तिकारी संघर्षले शंकारहित तवरले प्रमाणित गरेको छ कि मार्क्सवादी विश्व दृष्टिकोण मात्र क्रान्तिकारी सर्वहाराको हित, दृष्टिकोण तथा संस्कृतिको एकमात्र वास्तविक अभिव्यक्ति हो ।"

**अहिलेसम्म संसारमा साम्यवाद आएको छैन । किम इल सुङको विचारमा- शारीरिक र बौद्धिक श्रमबीचको खाडल पुरेर साम्यवादी समाजको विकास गर्न समाजका सबैको साँस्कृतिक र प्राविधिक ज्ञानलाई निकै माथि उठाउनुपर्छ र सिङ्गो समाजलाई नै बौद्धिकीकृत गर्नुपर्छ ।**

**शिक्षा प्रणालीमा मार्क्सवादी चिन्तनको व्यावहारिक प्रयोग**

अहिलेसम्म संसारमा साम्यवाद आएको छैन । किम इल सुङको विचारमा- "शारीरिक र बौद्धिक श्रमबीचको खाडल पुरेर साम्यवादी समाजको विकास गर्न समाजका सबैको साँस्कृतिक र प्राविधिक ज्ञानलाई निकै माथि उठाउनुपर्छ र सिङ्गो समाजलाई नै बौद्धिकीकृत गर्नुपर्छ । सिङ्गो समाजलाई नै बौद्धिकीकरण तब मात्र गर्न सकिन्छ, जब समाजका सबै सदस्यहरूले कुनै न कुनै रूपमा उच्च शिक्षा हासिल गर्छन् । उच्च शिक्षा पनि अनिवार्य बनाइनुपर्छ । उच्च शिक्षालाई अनिवार्य बनाएपछि मात्र 'विश्वव्यापी अनिवार्य शिक्षा' नामको समाजवादी शिक्षा प्रणालीले पूर्णता प्राप्त गर्दछ ।" यही समाजवादी शिक्षा प्रणालीले पूर्णता प्राप्त गरेपछि साम्यवादी शिक्षा प्रणालीको शुरूवात हुने हो । त्यसो त साम्यवादको निम्ति मार्ग प्रशस्त गर्ने व्यवस्थाहरू जनवाद र समाजवादको व्यावहारिक अनुभव भने विभिन्न मुलुकहरूले हासिल गरिसकेका छन् । त्यसैले जनवाद र समाजवाद अवलम्बन गरिसकेका र गरिरहेका केही मुलुकहरूका शिक्षा प्रणालीको बारेमा यहाँ संक्षेपमा चर्चा गर्ने कोशिस गरिएको छ । यति मात्र होइन जनवाद र समाजवाद हासिल नगरेका तर क्रान्तिपूर्व पनि जनमतबाट बहुमत ल्याएर वा ठूलो दलको रूपमा कम्युनिष्टहरूले सरकार गठन गरिसकेका छन् । त्यस्ता सरकारहरू केन्द्रीय तहमा, राज्य र प्रान्तीय तहमा गठन भएका छन् । र, मार्क्सवादी चिन्तनमा आधारित शिक्षा नीति र कार्यक्रमहरू लागू गरेका छन् ।

सन् १९१७ को समाजवादी क्रान्तिपछि सोभियत संघको सत्ता कम्युनिष्ट पार्टीको नियन्त्रणमा आयो । पहिलो पटक संसारमा मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित समाजवादको स्थापना भयो । लेनिनले पूँजीवादी शिक्षा प्रणालीको विश्लेषण गर्दै निष्कर्ष निकाल्नु भएको थियो- "पूँजीवादी शिक्षाको आधारभूत कमजोरी भनेकै शिक्षालाई कामबाट अलग्याउनु हो । पूँजीवादीहरूलाई तालिम प्राप्त, शिक्षित, आज्ञाकारी र अनुशासित कामदार मात्र तयार पार्नु छ । पूँजीवादी समाजमा सामाजिक श्रम तथा शिक्षणको बीचमा कुनै सम्बन्ध नै हुँदैन ।" क्रान्तिपछि स्थापित सोभियत सत्ताले शिक्षा व्यवस्था, शिक्षाको लक्ष्य र उद्देश्यमा व्यापक परिवर्तन ल्यायो । सरकारको पहिलो प्रयास नै निरक्षरता उन्मूलन गर्नु रह्यो । लेनिनले सन् १९२० फेब्रुअरी २५ मा भन्नुभयो "समग्र सोभियतको विकासका लागि उच्चस्तरको साँस्कृतिक तथा प्राविधिक शिक्षा आवश्यक छ ।" सन् १९२० जुलाई १९ मा एक निरक्षरता उन्मूलन आयोगको स्थापना भएको थियो । कम्युनिष्ट सरकारको स्थापनापछि यस दर्शनको प्रचार, प्रसार र विस्तारका लागि समेत सरकारले शिक्षा विकासमा जोड दियो । शिक्षाको समान अवसरको लक्ष्यमा सरकार केन्द्रित रही शिक्षालाई व्यापक, स्वतन्त्र र अनिवार्य बनाउने प्रयास भयो । केटाकेटीको पढाइको चिन्ता र जिम्मेवारी सरकारको थियो । माध्यमिक तहसम्मको शिक्षा अनिवार्यरूपमा सबैले लिनुपर्ने भयो । यस तहको अनिवार्य शिक्षापछि सरकारले आफ्नो आवश्यकताअनुसार शिक्षाका विभिन्न हाँगाहरूमा अध्ययन गराउँथ्यो । यस कालमा सर्वहाराको सम्मान गर्ने, समाजवादी र साम्यवादी व्यवस्थाप्रति आस्था राख्ने, श्रमप्रति आदर गर्ने जस्ता आधारहरूमा साम्यवादी संस्कृतिको विकास भएको थियो ।

खासगरी दोश्रो विश्वयुद्धपछि पूर्वी युरोपका देशहरू पूर्वी जर्मनी, हंगेरी, पोल्याण्ड, बुल्गेरिया, अल्बानियाँ, चेकोस्लोभाकिया र रूमानियाँले तत्कालिन सोभियत

समाजवादी शिक्षा प्रणालीको व्यवहारलाई पछ्याएका थिए ।

अल्बानियाँमा सन् १९४४ मा कम्युनिष्ट पार्टीले सरकार स्थापना गरेपछि शिक्षा क्षेत्रमा उच्च प्राथमिकता दियो । नयाँ विद्यालय खोल्न र पुर्नव्यवस्थित गरी साक्षरता उन्मूलन गर्न सरकार लागि परेको थियो । सन् १९४६ मा सम्पूर्ण विद्यालयहरू राज्यको नियन्त्रणमा लिइयो । सम्पूर्ण स्कूलमा मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई अनिवार्य गरियो । सोभियत मोडेलको शिक्षा व्यवस्था लागू गरियो । वैज्ञानिक र प्राविधिक शिक्षा क्षेत्रका धेरैजसो पाठ्यक्रमलाई रूसी भाषाबाट अनुवाद गरिएको थियो । सन् १९९० मा शिक्षामा पुनः संरचना गर्ने भनियो र ८ देखि १० वर्षकालाई शिक्षा अनिवार्य गर्ने भनियो तर त्यसबेलासम्ममा अल्बानियाँमा राजनीतिक तथा आर्थिक संकट उत्पन्न भैसकेको थियो । अन्त्यमा त्यहाँ सम्पूर्ण कम्युनिष्ट शिक्षा प्रणाली तहसनहस हुनपुग्यो ।

क्युवामा सन् १९५९ को समाजवादी क्रान्तिपछि सबै शिक्षणसंस्थाहरू सरकारले राष्ट्रियकरण गऱ्यो । नीजी विश्वविद्यालयहरूको बिनामुआब्जा रष्ट्रियकरण गरियो । सरकारले शिक्षा प्रणालीको पुर्ननिर्माणको निम्ति उच्च प्राथमिकता दियो । शिक्षा र संस्कृतिको नीति कडा रूपमा मार्क्सवादी विचारधारामा आधारित बनाइयो । निरक्षरको निकै ठूलो संख्या विद्यमान भएकाले यसलाई संबोधन गर्न सरकारले ठोस कार्यक्रमकासाथ साक्षरता केन्द्रहरू संचालन गऱ्यो ।

उत्तर कोरियाली क्रान्तिका महानायक किम इल सुङ भन्छन्- “शिक्षा देशको भविष्य र क्रान्तिको निर्णायक तत्व हो । शिक्षा बिना कुनै पनि हालतमा समाजको विकास र देशको श्रीबृद्धि हुन सक्दैन । शिक्षाको सवाल त्यस्ता मुलुकहरूमा अझ बढी निर्णायक ठहरिन्छ, जसले भर्खरै साम्राज्यवादी, उपनिवेशवादी जुवा फ्याँकेर स्वतन्त्रता हासिल गरेको छ ।” प्रजातान्त्रिक जनगणतन्त्र कोरीयामा विद्यालय शिक्षामा लगानी राज्यको रहेको छ । क्रान्ति सम्पन्न भएपछि उत्तर कोरियाको शिक्षा प्रणालीमा सोभियत संघको प्रभाव परेको थियो । उत्तर कोरिया स्थापनाको अवधीमा दुईतिहाई विद्यालयजाने उमेरका केटाकेटी विद्यालयमा उपस्थित थिएनन् । सन् १९७२ देखि एघारवर्षे अनिवार्य शिक्षा लागू गरियो, जसमा एक वर्षको पूर्वप्राथमिक शिक्षा र दसवर्षे अनिवार्य विद्यालय पर्दछन् ।

मंगोलियामा कम्युनिष्टले शासनसत्ता सम्हालेपछि पहिलेको परम्परागत र धार्मिक शिक्षामा व्यापक परिवर्तन गरियो । मूलतः सोभियत मोडेलको शिक्षा प्रणाली लागू गरियो । प्राथमिक शिक्षा निःशुल्क गरियो । सन् १९९० मा भएको स्वतन्त्र बजार र प्रजातन्त्रले मंगोलियाको शिक्षा प्रणालीमा व्यापक परिवर्तन ल्यायो ।

पूर्वी जर्मनीमा प्रौद्योगिक माध्यमिक विद्यालयको अवधारणा सन् १९५९ मा लागू गरियो । मूलतः यस नीतिको ध्यान जर्मन भाषामा गयो । यसका साथै हिसाब, भौतिक विज्ञान, केमिष्ट्रि, एष्ट्रोनोमि, भौतिक विज्ञान, खेलकूद र प्रविधि सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक कार्यमा समेत जोड दिइएको थियो ।

सन् १९७५ मा भियतनाम एकिकरणपछि पुरै देशमा समाजवादी शिक्षा प्रणाली लागू गरिएको थियो । कम्युनिष्टहरू सत्तामा आएपछि साक्षरता प्रतिशत हवात्तै बढ्यो । सन् १९४५ मा क्रान्तिनायक राष्ट्रपति हो चि मिन्हले सार्वजनिक अपिल गरीकन शिक्षाको माध्यमबाट अभावसँग लड्न, शिक्षा प्राप्त गर्नु अधिकार र दायित्व, साक्षरले निरक्षरलाई पढाउनु कर्तव्य, महिला शिक्षा र यी सब कामको लागि युवाले अग्रसर हुनुपर्ने तर्फ सचेत गराएका थिए । सन् १९९९ मा ल्याइएको शिक्षा सम्बन्धी कानूनका अनुसार शिक्षा समाजवादी प्रणाली र मार्क्सवाद-लेनिनवाद तथा हो चि मिन्ह दर्शनमा आधारित मानियो । विश्वविद्यालयलाई आर्थिक, तालीम र अनुसन्धानको निम्ति स्वायत्त बनाइयो । जसले नियमित प्रवेश परीक्षाको माध्यमबाट उच्च शिक्षामा भर्ना पाउँदैन उसका निम्ति नीजी शिक्षाको प्रावधान ल्याइयो । हाल भियतनामले विदेशी मुलुकका विश्वविद्यालहरूसँग शैक्षिक कार्यक्रमहरूमा सहकार्य गर्दै अघि बढिरहेको छ ।

**सन् १९७५ मा भियतनाम एकिकरणपछि पुरै देशमा समाजवादी शिक्षा प्रणाली लागू गरिएको थियो । कम्युनिष्टहरू सत्तामा आएपछि साक्षरता प्रतिशत हवात्तै बढ्यो । सन् १९४५ मा क्रान्तिनायक राष्ट्रपति हो चि मिन्हले सार्वजनिक अपिल गरीकन शिक्षाको माध्यमबाट अभावसँग लड्न, शिक्षा प्राप्त गर्नु अधिकार र दायित्व, साक्षरले निरक्षरलाई पढाउनु कर्तव्य, महिला शिक्षा र यी सब कामको लागि युवाले अग्रसर हुनुपर्ने तर्फ सचेत गराएका थिए ।**

सन् १९७५ मा जनगणतन्त्र लाओसको स्थापना भयो । क्रान्तिपछि पुरानो विचारधारा बोक्ने ठूलो संख्यालाई पुर्नशिक्षित गर्ने योजना अगाडि सारिएको थियो । उत्पादित जनशक्ति तुरुन्त लाभान्वित हुन सकोस् भनी कृषि शिक्षामा जोड दिइयो । निरक्षरता उन्मूलनको निम्ति अभियान चलाइयो । सरकारले पूर्व दरवारीया र सैनिकहरू करीव चालिस हजारलाई 'पुर्नशिक्षा' को निम्ति दूर्गम स्थानमा क्याम्पमा पठाएको थियो ।

नवनिर्वाचित संविधानसभाले राजतन्त्रलाई विघटन गर्‍यो र संघीय जनगणतन्त्र युगोस्लाभियाको स्थापना सन् १९४५ नोभेम्बर २९ मा भयो । दुई महिनापछि सोभियत मोडेलको संविधान स्वीकृत भयो । शिक्षामा सोभियत नमूनाको शिक्षा नीति तथा कार्यक्रमको प्रभाव परेको थियो ।

रोमानियाँमा सन् १९४५ देखि १९८९ सम्म कम्युनिष्ट पार्टीले सत्ता संचालन गरेको थियो । विद्यालयलाई साम्यवादी विचारहरू प्रचार-प्रसार गर्न प्रयोग गरिएको थियो । पाठ्यक्रम र निर्णय नियन्त्रीत थिए । प्राविधिक शिक्षामा जोड दिइएको थियो ।

हंगेरीमा सन् १९४७ मा कम्युनिष्टहरू सत्तामा आउनुभन्दा पहिले शिक्षा प्राथमिक रूपमा धर्मबाट प्रभावित थियो । धेरै स्कूलहरू रोमन क्याथोलिक चर्चबाट प्रायोजित र नियन्त्रीत थिए । कम्युनिष्टहरूले शिक्षालाई श्रमसँग जोडेर समाजलाई सेवा गर्नका निम्ति विकास गर्ने नीति लिए । सरकारले प्राविधिक र व्यावसायिक तालीममा जोड दियो । स्कूल र स्कूलबाहिरबाट पनि मार्क्सवादी-लेनिनवादी शिक्षा लिने व्यवस्था मिलाइएको थियो । विद्यालयमा रूसी भाषा शिक्षणलाई अनिवार्य गरिएको थियो । धेरै सोभियत प्राध्यापकहरूले हंगेरीका विश्वविद्यालयहरूमा पढाए, रूसी लेखकका पाठ्यपुस्तकहरू अवलम्वन गरियो र रूसी भाषा क्लवहरू स्थापना गरियो । सन् १९५० देखि मार्क्सवाद-लेनिनवादलाई पाठ्यक्रमको मेरूदण्डको रूपमा अवलम्वन गरियो ।

कम्युनिष्ट सरकाले चेकोस्लोभाकियामा वयस्क शिक्षामा जोड दिएको थियो । विभिन्न प्रकारका पार्टी स्कूलहरू संचालित भए । यस प्रकारका स्कूलहरूमा र अनौपचारिक रूपमा संचालित कक्षाहरूमा पनि विचारधारात्मक शिक्षामा जोड दिइयो । सोभियत संघको छायाँमा नै शिक्षा प्रणाली तर्जूमा गरिएको थियो । कम्युनिष्ट पार्टीको नियन्त्रणमा नै सबै शिक्षण संस्थाहरू थिए र त्यहाँबाट 'नयाँ मान्छे' उत्पादन गर्ने लक्ष्य लिइएको थियो । सन् १९९० देखि शिक्षा क्षेत्रमा प्रजातान्त्रिकरण र निजीकरणको शुरूवात गरियो ।

पोल्याण्डमा समाजवादी समयमा समाजको पुर्नसंरचना गर्न र पछाडि पारिएका कामदारहरूलाई सामाजिक रूपले चलायमान गर्न शिक्षा मुख्य माध्यम बनेको थियो । माध्यमिक तथा उच्च शिक्षा खोलेर निरक्षरता हटाउन र घटाउन जोड दिइएको थियो । कारखानामा सक्षम कामदारहरू उत्पादन, जनगणतन्त्र, जनताप्रति राम्रो धारणा राख्न, सर्वहारावर्गीय मूल्यहरू सबैतिर विकास गर्न र कामप्रति सम्मान र राष्ट्रिय मूल्य स्थापना गर्न जोड दिइएको थियो ।

**चीनमा नौलो जनवादी क्रान्ति सम्पन्न हुनुपूर्व सन् १९४५ अप्रिल २४ मा उक्त क्रान्तिका महानायक माओ त्सेतुङले संयुक्त सरकारबारे भन्ने एउटा चर्चित लेख लेख्नुभएको थियो र त्यस लेखमा शिक्षाका बारेमा पनि लेखिएको थियो । उक्त लेखमा भनिएको छ- निरक्षरतालाई निर्मूल पार्नु नौलो चीनको एउटा ज्यादै महत्वपूर्ण अभिभारा हो ।**

समाजवादी बुल्गेरियाको शिक्षा प्रणालीमा सोभियत संघको प्रभाव परेको थियो । प्राविधिक शिक्षामा जोड दिइएको थियो । सन् १९७९ मा एकिकृत माध्यमिक पोलिटेक्निक विद्यालय स्थापना गरियो जुन कक्षा १२ सम्म लागू गरियो र मूलतः प्राविधिक विषयहरू लागू गरियो । समाजवादी शासन व्यवस्थाले शिक्षामा मार्क्सवादी सिद्धान्त र मूल्यलाई लागू गर्न भूमिका खेलेको थियो । साक्षरतामा व्यापकमात्रामा जोड दिइयो । सबैका लागि रूसी भाषा अध्ययन गर्नुपर्ने प्रावधान बनाइयो । रूसी कम्युनिष्ट पार्टीको प्रकाशन 'प्राभ्दा' पत्रिकालाई व्यापकरूपमा वितरण गर्ने व्यवस्था मिलाइएको थियो ।

चीनमा नौलो जनवादी क्रान्ति सम्पन्न हुनुपूर्व सन् १९४५ अप्रिल २४ मा उक्त क्रान्तिका महानायक माओ त्सेतुङले 'संयुक्त सरकारबारे' भन्ने एउटा चर्चित लेख लेख्नुभएको थियो र त्यस लेखमा शिक्षाका बारेमा पनि लेखिएको थियो । उक्त लेखमा भनिएको छ- निरक्षरतालाई निर्मूल पार्नु नौलो चीनको एउटा ज्यादै महत्वपूर्ण अभिभारा हो । मानिसलाई दास बनाउने सबै सामन्ती र फासिष्ट संस्कृति र शिक्षालाई निर्मूल पार्न उचित र दरिलो कदम चालिनुपर्छ । पुराना खालका साँस्कृतिक र शैक्षिक

कार्यकर्ताहरू तथा डाक्टर वैद्यहरूले जनताको सेवा गर्ने नौलो दृष्टिकोण र नौला तरिकाहरू अँगाल्न सकुन् भन्ने हेतुले तिनलाई सुहाउँदीलो ढंगले पुर्नशिक्षित तुल्याउनु पर्छ । चिनीयाँ जनताको संस्कृति र शिक्षा नौलो जनवादी हुनुपर्छ; यसो भन्नाको अर्थ के हो भने चीनले आफ्नै नौलो राष्ट्रिय, वैज्ञानिक र जनसंस्कृति तथा शिक्षाको स्थापना गर्नुपर्छ ।

सन् १९४९ मा नौलो जनवादी क्रान्ति सम्पन्नभएपछि चीनको शिक्षाले निकै ठूलो उपलब्धि हासिल गर्नथालेको हो । चीन संसारको सबैभन्दा ठूलो शिक्षा प्रणाली भएको मुलुक हो । क्रान्तिपछि महिला निरक्षरता घट्यो र प्राथमिक तथा माध्यमिक शिक्षाको भर्नादरमा उल्लेख्य रूपमा बृद्धि भयो । सन् १९६० मा चीनमा अनिवार्य शिक्षा सम्बन्धी कानून लागू गरियो । चीनको शिक्षामा मुख्य लगानीकर्ता सरकार नै हो तर सन् १९७८ पछि नीजि क्षेत्रको लगानी पनि रहेको छ । अनिवार्य शिक्षामा स्थानीय प्रशासनको ध्यान गएको छ भने उच्च शिक्षामा प्रान्तीय सरकारले ध्यान दिने गरेको छ । व्यावसायिक र प्रौढ शिक्षामा गैर सरकारी निकाय, औद्योगिक प्रतिष्ठान र सार्वजनिक निकायले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

माओ त्सेतुङ भन्नुहुन्छ- "विद्यार्थीहरूले किताव र काम दुवैबाट सिक्नु पर्छ ।" माओ त्सेतुङको यस विचारलाई चीनीयाँ सरकारले गंभीरतापूर्वक आत्मसात गरेको पाइन्छ । शिक्षालाई कामसित जोड्न सरकार लागिपरेको देखिन्छ । विद्यालय संचालित व्यवसाय (school run business) एउटा छुट्टै प्रकारको चरित्र बोकेको शैक्षिक गतिविधि हो जसले गर्दा विद्यालयको आर्थिक अभावलाई कम गरेको छ । यस्तो व्यवसाय छपाई, कपडा उद्योग, टेलिभिजन उत्पादन, कृषि र माछापालन आदिमा हुन्छ । यसबाट प्राप्त आम्दानीको ५० प्रतिशतभन्दा बढी शिक्षामा लगानी गरिन्छ । विद्यार्थीको पाठ्यक्रमको प्रयोगात्मक कक्षा पुरा गर्न उसले यस प्रकारको व्यवसायमा संलग्न हुनु पर्दछ । सन् १९६६ देदि १९७६ सम्म चीनमा संचालित भएको भनिएको साँस्कृतिक क्रान्तिमा शहरमा उच्च शिक्षा हासिल गरेकाहरूलाई गाउँमा गएर प्राविधिक र व्यावसायिक शिक्षा माथि उठाउन पठाइयो । जसले गर्दा चीनमा उच्च शिक्षा धिमा गतिमा अघि बढेको थियो ।

> **विद्यालय संचालित व्यवसाय** (School Run Business) **एउटा छुट्टै प्रकारको चरित्र बोकेको शैक्षिक गतिविधि हो जसले गर्दा विद्यालयको आर्थिक अभावलाई कम गरेको छ । यस्तो व्यवसाय छपाई, कपडा उद्योग, टेलिभिजन उत्पादन, कृषि र माछापालन आदिमा हुन्छ । यसबाट प्राप्त आम्दानीको ५० प्रतिशतभन्दा बढी शिक्षामा लगानी गरिन्छ ।**

**जनवादी /समाजवादी/ क्रान्तिअघिको सरकारको शिक्षा कार्यान्वयनका अनुभवहरू**

कार्ल मार्क्स भन्छन्- "शिक्षासँग जोडिएका हाम्रा तीनवटा अवधारणा छन्: १. बौद्धिक शिक्षा, २. शारीरिक विकास (जस्तो कि जिम्नास्टिक र फौजी तालीम) र ३. पोलिटेक्निकल शिक्षा, जसले उत्पादन प्रक्रियाका सामान्य वैज्ञानिक सिद्धान्तसँग परिचित गराउनुका साथै बालबच्चा तथा किशोरलाई सबै उत्पादनसँग जोडिएका औजार चलाउन सिकाउँछ ।" गोथा कार्यक्रमको आलोचनामा कार्ल मार्क्सले भनेका छन्- "उत्पादक श्रमलाई यथाशीघ्र शिक्षासँग जोड्नु वर्तमान समाजलाई रूपान्तरण गर्ने सबैभन्दा प्रभावशाली साधनहरूमध्ये एक हो ।" कार्लमार्क्सले शारीरिक शिक्षालाई शिक्षासँग जोडिएको महत्वपूर्ण पाटोको रूपमा लिएका थिए । मार्क्सवादका पक्षपाती र प्रयोगकर्ताले पनि त्यस पाटोलाई कम जोड दिएका छैनन् । यस बारेमा माओ त्सेतुङ भन्छन्- "शारीरिक शिक्षाले हाम्रो जीवनमा निश्चय नै पहिलो स्थान ओगट्छ । जसको शरीर सुगठित हुन्छ, तब उसले ज्ञान र नैतिकताको सवालमा चाँडोभन्दा चाँडो प्रगति गर्न सक्छ, धेरैभन्दा धेरै प्रगतिको बाली भित्र्याउन सक्छ । यसलाई हाम्रो पढाइको महत्वपूर्ण पाटोको रूपमा ठाउँ दिनैपर्छ ।"

शिक्षामा मार्क्सवादी चिन्तनको प्रयोग सर्वप्रथम सोभियत संघमा भएको हो । ७३ वर्षसम्म समाजवादी रूसमा समाजवादी शिक्षा लागू गरियो । यी ७३ वर्षका बीचमा अन्य मुलुकहरूमा जनवाद र समाजवाद स्थापना भए र त्यहाँ पनि मार्क्सवादमा आधारित शिक्षा पद्धति लागू भयो । करीव डेढ दर्जन मुलुकहरूमा जनवादी र समाजवादी व्यवस्था स्थापना भए र तिनिहरूले आफ्नो शिक्षा प्रणालीलाई क्रमशः जनवादी र समाजवादी शिक्षा प्रणाली भन्न रूचाए ।

लेनिनका अनुसार- "पुरानो पूँजीवादी समाजले हामीलाई छोडेर गएको एउटा ठूलो अनिष्ट र दूर्भाग्य हो- व्यावहारिक जीवन र पुस्तकबीचको गहिरो खाडल । हामीबीच यस्ता पुस्तकहरू थिए,

जसमा सारा कुरा ज्यादै दर्शनीय रूपमा उल्लिखित गरिएका हुन्थे, किन्तु अधिकांशतः ती किताबहरू धूर्ततापूर्ण र घृणास्पद असत्यहरूले भरिएका हुन्थे, जसले पूँजीवादी समाजको गलत चित्रण गर्दथे ।"

**जनवाद/समाजवादले जनताबाट नयाँ प्रकारको आकांक्षा, तत्परता र संस्कृति माग गर्दछ । त्यस प्रकारको नयाँ समाज स्थापना र विकास गर्न शिक्षालाई एक महत्वपूर्ण रणनीतिक भूमिकाको रूपमा अवलम्वन गरियो ।**

जनवाद/समाजवादले जनताबाट नयाँ प्रकारको आकांक्षा, तत्परता र संस्कृति माग गर्दछ । त्यस प्रकारको नयाँ समाज स्थापना र विकास गर्न शिक्षालाई एक महत्वपूर्ण रणनीतिक भूमिकाको रूपमा अवलम्वन गरियो । विशेषतः पुरानो समाजसँग जुध्ने जोधाहा क्रान्तिकारी उत्पादन गर्न र विजय हासिल गरीकन विकास र आधुनिकीकरण गर्न शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने महशुस गरियो । खासगरी सोभियत नमूनाको शिक्षा नीति र कार्यक्रम अरू जनवादी र समाजवादी मुलुकहरूले पनि अपनाएका थिए । जनवादी र समाजवादी राष्ट्रहरूले आफू अनुकूलको शिक्षा प्रणाली विकास गर्न ठूलो मेहनत गरेका छन् । अहिलेका समाजवादी देशहरू र विघटित समाजवादी देशका शिक्षा प्रणालीहरू मार्क्सवादी शिक्षा प्रणालीका नमूना, अनुभव र उपलब्धी हुन् भन्ने सत्यतालाई आत्मसात गर्नैपर्नेहुन्छ । यसैगरी क्रान्तिअघि गठित कम्युनिष्ट सरकारले लिएको शिक्षासम्बन्धी नीति तथा कार्यक्रमलाई मध्यनजर राख्नु सान्दर्भिक नै हुन्छ ।

नादेज्दा क्रुप्सकाया (Nadezhda Krupskaya) भन्छिन्- "केवल जनताको सरकारले मात्र स्कूली शिक्षामार्फत् व्यक्ति र समाजको हितलाई प्रस्थान विन्दु मान्छ । तर जनताको सरकार कस्तो बेलामा सत्तामा पुग्छ, त्यही मुताविक व्यक्ति र समाजको हितबारेमा कुरा पनि निर्धारित हुन्छ । उनीहरू पूँजीवादी सम्बन्धको प्रभुत्व रहेको समयमा सत्तामा पुगेभने जनताको सरकारको रूची केवल स्कूली शिक्षालाई कसरी बढीभन्दा बढी जनवादी बनाउन सकिन्छ भन्ने कुरामा मात्र हुन्छ । स्कूललाई जनवादीकरण गरेपछि ज्ञान पनि जनवादीकरण हुन्छ र त्यो केवल प्रभुत्वशाली वर्गको पेवा हुन पाउँदैन ।"

क्रुप्सकायाको विचारसँग मिल्दोजुल्दो घटना विभिन्न मुलुकहरूमा घटेका छन् । नेपालमा पनि क्रान्तिपछिको होइन पहिले नै अर्थात् कम्युनिष्ट पार्टीसँग राज्यसत्ता प्राप्त हुनुभन्दा पहिलेको अवस्थामा बहुदलीय परिपाटी अन्तर्गत पहिलोपटक कम्युनिष्ट पार्टीको एकल सरकार वि.सं. २०५१ सालमा गठन भयो । यस्तो अवस्थामा जनवादी शिक्षाको पूर्ण कार्यान्वयन सम्भव हुँदैन । जनवादी शिक्षाको आंशिक कार्यान्वियन संभव हुने हो । जनवादी शिक्षाको आंशिक कार्यान्वयनले समाजमा सकारात्मक मनोवृत्ति उकास्छ जस आधारमा गुणात्मक परिवर्तनतिर फड्को मार्न संभव छ । त्यसैले नेकपा (एमाले) को अल्पमतको एकल सरकारले शिक्षा क्षेत्रमा केही महत्वपूर्ण नीति तथा कार्यक्रमहरू अगाडि सारेको थियो ।

वि.सं.२०५१ सालको मध्यावधी निर्वाचनपछि नेपालको राजनीतिमा नेकपा (एमाले) सबैभन्दा ठूलो राजनैतिक दलको रूपमा स्थापित भयो । उक्त सरकारले आफ्नो नीति तथा कार्यक्रमलाई अध्यादेश बजेट मार्फत् सार्वजनिक गरेको थियो । देशका २०५ वटै निर्वाचन क्षेत्रमा "९ स" का विभिन्न कार्यक्रमहरूमध्ये शिक्षा र साक्षरता कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्ने प्रतिबद्धता देखाएको थियो । शिक्षालाई राज्यको आवश्यकता हेरिकन व्यवसायिक र सिपमूलक शिक्षा साथै प्राविधिक शिक्षामा जोड दिने गरी बजेट विनियोजन गर्ने र योजना बनाउने काम गरेको थियो । शिक्षालाई निजीकरण गर्नु राष्ट्रको लागि घातक छ, प्राथमिक शिक्षा अनिवार्य, माध्यमिक शिक्षा निःशुल्क, उच्च शिक्षा सर्वसुलभ गर्दै, प्राविधिक शिक्षामा जोड दिने, प्राथमिक शिक्षा मातृभाषामा र पछाडि त्यसलाई ऐच्छिक गर्ने भन्ने मान्यता अनुरुप बजेट विनियोजन गरेको थियो । निरक्षरतालाई ५ वर्षमा उन्मूलन गर्ने अभियान सहित विद्यालयलाई भौतिक सुविधा बृद्धिका लागि बजेट विनियोजन गरिएको थियो । विज्ञान शिक्षालाई समयको चुनौतिसँग सामना गर्नको लागि प्रयोगशालालाई आधुनिक र साधन सम्पन्न गराउनु पर्छ भन्ने मान्यता अनुरूप प्रयोगशालाको लागि रकम छुट्याएको थियो ।

मार्क्सवादी-लेनिनवादी दर्शन कम्युनिष्ट शिक्षा प्रणालीको आधार हो । विद्यालय स्थापना गर्न जनवादी र समाजवादी मुलुकहरूले महत्वपूर्ण योगदान गरेका छन् । नयाँ 'साम्यवादी मान्छे' निर्माणको निम्ति स्कूल अपरिहार्य रहेको छ । यस्तो व्यक्ति सचेतनातापूर्वक काम गर्ने, दृष्टिकोण भएको, सामाजिक परिवर्तनका विविध

पहलुहरूलाई बुझ्न सक्ने, आधुनिक प्रविधिलाई राम्ररी प्रयोग गर्न सक्ने र मार्क्सवाद लेनिनवादलाई अंगिकार गर्न सक्ने हुन्छ ।

कम्युनिष्ट शिक्षाको एउटा दर्शन के हो भने राम्रो र आधुनिक शिक्षा भनेको प्रौद्योगिक (Polytechnic) हो । यसको मुख्य कुरा के हो भने माध्यमिक तथा उच्चमाध्यमिक शिक्षामा वयस्कहरूलाई प्राविधिक तालिम दिनु हो जुन शक्तिले सम्पूर्ण औद्योगिक तथा व्यावसायिक क्षेत्रको माग पुरा गर्न सकोस् । मार्क्सवादी-लेनिनवादी शिक्षाको अर्को जोड भनेको अध्यात्मवादी र धार्मिक शिक्षालाई विद्यालयमा स्थान नदिनु पनि हो । विज्ञानको अध्ययन अध्यापन गराउने र मानव जीवनको अस्तित्वको बारेमा राम्रो जानकारी गराउनु हो । कम्युनिष्टहरूले शिक्षामा जोड मूलतः राजनीतिक उद्देश्यका निम्ति दिएका थिए । कुप्सकाया भन्छिन्- "जनसाधारण जनताको हितको रक्षा गरिरहेको मजदूर किसानको राज्यले शिक्षाको वर्गीय स्वरूप खत्तम गर्नैपर्छ, सबै तहको शिक्षामा जनताको पहुँच कायम गर्नैपर्छ ।" कम्युनिष्ट संस्कृति नै सबैभन्दा उत्तम संस्कृति हो भन्ने उनीहरूको धारणा रह्यो । यी व्यवहार तथा अनुभवहरूलाई बुँदागत रूपमा यसरी पनि उल्लेख गर्न सकिन्छ ।

क) लेनिनको विचारमा "निरक्षर मुलुकमा साम्यवादी समाजको निर्माण गर्न सकिंदैन ।" त्यसैले जनवादी/समाजवादी क्रान्ति सम्पन्न भएपछि औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट तत्कालै निरक्षरता उन्मूलन गर्नको निम्ति नीति, कानून र कार्यक्रम ल्याइयो ।

ख) पर्याप्त मात्रामा शिक्षण संस्थाहरू स्थापना गरियो ।

ग) माध्यमिक र उच्च माध्यमिक विद्यालय तहसम्म निःशुल्क शिक्षाको नीति अवलम्वन गरियो । उच्च शिक्षा सस्तो र सर्वशुलभ बनाइयो ।

घ) मार्क्सवाद-लेनिनवाद र क्रान्तिको प्रचार-प्रसार शैक्षिक संस्थाबाट पनि गर्ने नीति निर्धारण गरियो । अनातोली लुनाचार्स्की भन्छन्- "हाम्रा विद्यालयका दोहोरा काम छन्: पहिलो, नयाँ संस्कृति, नयाँ विज्ञान, त्यसभन्दा पनि पहिले सर्वहारा विज्ञान, मार्क्सवाद, सर्वहारा संगठन, कम्युनिष्ट विचारमाथि जोड दिंदै विगतका सम्पूर्ण ज्ञान हस्तान्तरित गर्नु । दोस्रो, पुराना विचार बालबच्चासम्म पुग्न रोक्नु, जुन पुरानो समाजको विरूद्धमा हामी लडिरहेका छौं, त्यसबाट बालबच्चालाई प्रदूषित हुन नदिन कुनैपनि कसर बाँकी नराख्नु ।"

> **कम्युनिष्ट शिक्षाको एउटा दर्शन के हो भने राम्रो र आधुनिक शिक्षा भनेको प्रौद्योगिक (Polytechnic) हो । यसको मुख्य कुरा के हो भने माध्यमिक तथा उच्चमाध्यमिक शिक्षामा वयस्कहरूलाई प्राविधिक तालिम दिनु हो जुन शक्तिले सम्पूर्ण औद्योगिक तथा व्यावसायिक क्षेत्रको माग पुरा गर्न सकोस् । मार्क्सवादी-लेनिनवादी शिक्षाको अर्को जोड भनेको अध्यात्मवादी र धार्मिक शिक्षालाई विद्यालयमा स्थान नदिनु पनि हो ।**

ङ) व्यावसायिक र प्रौद्योगिक विद्यालयमा व्यापक मात्रामा जोड दिइयो । माओ भन्छन् "कसैले पनि किताब मात्रै पढ्छ भने उसले कुराको भेद पाउन सक्दैन । मान्छेले बुझ्ने भनेको त व्यवहारमा लागू गरेर हो । जब म पढ्थें मात्र, त्यतिखेर कुराको चुरो पत्ता लगाउन सक्दिनथें । तर मैले त्यतिखेरदेखि बुझ्न थालें; जब मैले त्यसलाई प्रयोग गरें ।" सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्न जनवादी र समाजवादी शिक्षा प्रणाली अग्रणी नै रह्यो ।

च) खासगरी पूर्वी युरोपका मुलुकहरू जहाँ समाजवादी शासनव्यवस्था स्थापना भए त्यहाँ सोभियत मोडेलको शिक्षा प्रणाली आमरूपमा लागू गरियो ।

छ) शिक्षालाई अनिवार्य गर्दै शिक्षामा राज्यको लगानी अत्याधिक गरियो । एन्टोनियो ग्राम्स्की(Antonio Gramsci) भन्छन्- "विद्यालयमा अनिवार्य रूपमा उपस्थित हुने उमेर निर्धारण गर्ने कुरा आर्थिक अवस्थामा भर पर्छ । किनभने आर्थिक स्थितिका कारण युवायुवती या बच्चाहरू समेत उत्पादनकार्यमा तुरून्त सहभागि हुनुपर्ने बाध्यता आइलाग्न सक्छ । हिजोआज पारिवारिक जिम्मेदारीअन्तर्गत रहेको अर्थात् बालबच्चाहरूको विद्यालयमा लाग्ने खर्च राज्यले बहन गर्नुपर्छ ।"

ज) शैक्षिक निकायमा कम्युनिष्ट पार्टीको पकडलाई मजबूत बनाइयो । प्रायः कम्युनिष्ट पार्टीका सदस्यहरूलाई नै त्यसको जिम्मेवारी दिइयो ।

झ) विद्यार्थीहरूलाई सामाजिक तथा रचनात्मक क्रियाकलापमा सहभागि बनाइयो । अनातोली लुनाचार्स्की भन्दछन्-"लेनिनको नारा छ कि बच्चा हुन् या नौजवान,

अध्ययनका क्रममा समाजको रचनात्मक काममा उनीहरू सहभागी हुनुपर्छ, चाहे त्यो सरलभन्दा सरल अथवा सानोभन्दा सानो रूपमा नै किन नहोस् । लेनिनको यो नारा हाम्रो महान् नारा बन्न पुगेको छ । बुर्जवावर्ग यसबाट परै भाग्छन् किनभने उनीहरूलाई बालबच्चाहरूमा सामाजिक भावनाको विकास हुन्छ भन्ने डर छ । यस्ता सामाजिक भावनाले बुर्जुवावर्गको शासनप्रति आलोचनात्मक विचारको विकास हुन्छ ।"

**जनवादी शिक्षा पद्धति दार्शनिक दृष्टिले मार्क्सवादबाट प्रत्यक्ष रूपमा प्रेरित र पोषित हुन्छ । नेपालको जनवादी शिक्षा पद्धति प्रष्ट रूपमा भन्ने हो भने नेपालको जनवादी राजनैतिक शक्तिले मार्क्सवादी विचारका आधारमा परिकल्पना गरेको जनवादी सामाजिक-आर्थिक प्रणालीलाई सुदृढ गर्ने आधेये हुनेछ ।**

ञ) शिक्षा र राजनीति तथा जीवनलाई गहिरोसँग जोडियो । यसबारेमा लेनिन भन्छन्- "हामी हाकाहाकी भन्छौं- जीवन र राजनीतिबाट कटिएको शिक्षा ढोँग र पाखण्डबाहेक अरू केही होइन । बुर्जुवाहरूले शिक्षालाई समाजवादी निर्माणलाई कुण्ठित पार्न प्रयोग गरे र खुलेरै श्रमिकहरूको विरूद्धमा उभिए ।"

ट) शिक्षाको माध्यमबाट जीवनमा खुशहाली र आनन्द ल्याउनको निम्ति कोशिसहरू भए । लेनिन भन्छन्- "हामी यस्तो अध्ययन, अनुशासन र शिक्षादीक्षामा विश्वास राख्दैनौं, जून स्कुलमा मात्र सीमित रहन्छ र जीवनबाट अलग्याइएको हुन्छ ।"

ठ) पोलिटेक्निक शिक्षामा अत्यधिक जोड दिइएको थियो । पोलिटेक्निक शिक्षाको स्वरूप र महत्वको बारेमा क्रुप्सकाया भन्छिन्- "पोलिटेक्निक शिक्षा कुनै एउटा विषयको विशेष शिक्षा होइन । यो त एउटा प्रवृत्ति/धार हो, जुन सबै विषयमा व्याप्त हुन चाहन्छ- भौतिकशास्त्र, रसायनशास्त्र, प्रकृतिविज्ञान र समाजविज्ञान सबै विषयको सामग्री चुन्नमा प्रतिविम्वित हुनुपर्छ । यी विषयहरू एक अर्कासँग जोडिएको हुनुपर्छ, व्यावहारिक कामसँग र विशेषतः श्रम शिक्षासँग जोड्नुपर्छ । यस्तो सम्बन्ध भयोभने मात्र श्रमशिक्षा पोलिटेक्निक शिक्षा हुन्छ । सही ढंगले दिइने पोलिटेक्निकल शिक्षाले चौतर्फी क्षमता आर्जन गरेको यस्तो कर्मी तयार गर्छ, जो पूँजीपतिहरूलाई आवश्यक हुँदैन । यही कारणले त पूँजीवादी समाजमा पोलिटेक्निकल शिक्षा पूर्णरूपमा विकसित हुँदैन ।"

ड) शिक्षालाई श्रमसँग जोडियो । शिक्षा र भौतिक उत्पादनको संयोजन गरियो । कारखाना र श्रमसित शिक्षादीक्षाको सहमेल गराइयो ।

**जनताको बहुदलीय जनवादी शिक्षा प्रणालीलाई बुझ्ने सवाल**

जनवादी शिक्षा पद्धति दार्शनिक दृष्टिले मार्क्सवादबाट प्रत्यक्ष रूपमा प्रेरित र पोषित हुन्छ । नेपालको जनवादी शिक्षा पद्धति प्रष्ट रूपमा भन्ने हो भने नेपालको जनवादी राजनैतिक शक्तिले मार्क्सवादी विचारका आधारमा परिकल्पना गरेको जनवादी सामाजिक-आर्थिक प्रणालीलाई सुदृढ गर्ने आधेय हुनेछ । आधेयले आधारलाई नै भरथेक गर्नेछ । आधेयले सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने प्रष्ट छ । सामाजिक क्रान्तिबाट आधारमा पूर्ण परिवर्तन आउनासाथ आधेय पनि त्यही अनुकूलको परिवर्तनतिर स्वतः डोरिन्छ । जनवादी सामाजिक-आर्थिक प्रणाली हाम्रो देशको वर्तमान अर्ध-सामन्ती तथा अर्ध- औपनिवेशिक सामाजिक आर्थिक प्रणालीलाई विस्थापित गरेर स्थापित हुनेछ । अर्थात् नेकपा(एमाले)का पूर्व महासचिव तथा जननेता मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद हासिल गरी जनवादी शिक्षा कार्यान्वयन गरीकन सही रूपबाट जनतालाई शिक्षित तुल्याउनु नेपालका लागि आवश्यक बनेको छ ।

हाम्रो देशमा स्थापनाकालदेखि नै कम्युनिष्ट पार्टीले जनवादी शिक्षा प्रणालीलाई आत्मसात गरेको कुरा माथि नै उल्लेख भैसकेको छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई नियाल्दा जहाँ जनवाद र समाजवाद स्थापना भए त्यहाँ शिक्षालाई जनवादी र समाजवादी शिक्षा पद्धति भनेर नामाकरण गरेको पाइन्छ । त्यसैले के भन्न सकिन्छ भने अर्ध-सामन्ति तथा अर्ध-औपनिवेशिक सामाजिक आर्थिक संरचना समाप्त भएर खडा हुने जनताको बहुदलीय जनवाद जो समाजवादमा संक्रमण गर्ने हो त्यस प्रकारको जनवादमा अपनाइने शिक्षा पद्धतिलाई 'जनताको बहुदलीय जनवादी शिक्षा प्रणाली' भन्न सकिन्छ । अनि 'जनताको बहुदलीय जनवादी व्यवस्था अन्तर्गतको शिक्षा प्रणाली' पनि भन्न सकिन्छ । यी दुईलाई जसरी पुकारा गरेपनि सारतत्वमा असर पर्दैन । भुल्नु नहुने कुरा चाहिं के हो भने जनवादी व्यवस्थाको स्थापना हुनुभन्दा पहिले पनि

जनवादी शिक्षाका माग, अवधारणा र नीतिहरूलाई आंशिक रूपमा भएपनि कार्यान्वयन गर्न सकिन्छ ।

माथि विभिन्न मुलुकहरूमा जनवाद र समाजवाद कार्यान्वयन गर्दा अपनाइएको शिक्षा नीति तथा कार्यक्रमको अनुभवको बारेमा चर्चा गरिसकिएको छ । अनि मार्क्सवादी-लेनिनवादी सिद्धान्तको शिक्षासम्बन्धी अवधारणा र नेपाली कम्युनिष्ट आन्दोलनले अघि सारेको जनवादी शिक्षा सम्बन्धी नीति, कार्यक्रम र दृष्टिकोणलाई आधार मान्दा जनवादी शिक्षा प्रणालीका मूलभूत अवधारणाहरू निम्न हुन सक्दछन् । अहिलेको विशिष्ट परिस्थितिमा तिनीहरूलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको शिक्षा सम्बन्धी अवधारणा पनि भन्न सकिन्छ ।

१) नव औपनिवेशिक वर्तमान शिक्षा प्रणालीको अन्त्य गर्दै शिक्षा क्षेत्रमा रहेको सामन्ती तथा साम्राज्यवादी सबै प्रकारका कुप्रभावलाई अन्त्य गर्नु ।

२) शिक्षा पाउनु पत्येक व्यक्तिको मौलिक अधिकार हो । साक्षरता कार्यक्रम विशेष अभियानका रूपमा निश्चित समयावधीमा निरक्षरता उन्मूलन गर्ने उद्देश्यले संचालन गरिने । निरक्षरताको लगतका आधारमा कार्यथलोमा गई साक्षरता अभियान संचालन गरिने । आधुनिक, प्रगतिशील र उच्चकोटीको गुणात्मक शिक्षाको निम्ति साधारण तथा व्यवसायिक र उच्च तथा विशिष्टिकृत शिक्षा प्रणाली एवं योजनालाई पुर्नगठित गर्नु ।

३) शिक्षा औपचारिक र अनौपचारिक दुवै प्रकारको हुनु ।

४) राष्ट्रव्यापी रूपमा पूर्व प्राथमिक, प्राथमिक तथा माध्यमिक तहको शिक्षालाई क्रमिक रूपले अनिवार्य र निःशुल्क गरिने । माध्यमिक तहमा व्यवसायिक कार्यमूलक शिक्षालाई समावेश गरिने ।

५) धर्म, वर्ण, जात, लिंग, पेशा, भाषा, आर्थिक तथा सामाजिक अवस्था आदिका आधारमा कुनै भेदभाव नराखि सबैलाई शिक्षाको समान अवसर प्रदान गरिने ।

६) पाठ्यपुस्तक तथा पाठ्यसामग्री एवं आर्थिक भौतिक सहयोगहरू प्रदान गरिने र विशेष रूपमा महिला, उत्पीडित जाति र आधारभूत वर्गलाई प्राथमिकता दिने ।

**शिक्षा पाउनु पत्येक व्यक्तिको मौलिक अधिकार हो । साक्षरता कार्यक्रम विशेष अभियानका रूपमा निश्चित समयावधीमा निरक्षरता उन्मूलन गर्ने उद्देश्यले संचालन गरिने । निरक्षरताको लगतका आधारमा कार्यथलोमा गई साक्षरता अभियान संचालन गरिने । आधुनिक, प्रगतिशील र उच्चकोटीको गुणात्मक शिक्षाको निम्ति साधारण तथा व्यवसायिक र उच्च तथा विशिष्टिकृत शिक्षा प्रणाली एवं योजनालाई पुर्नगठित गर्नु ।**

७) अहिले प्राथमिक तहसम्म अभिभावक एवं विद्यार्थीको रूचि र छनौट अनुसार मातृभाषा वा प्रचलित भाषामा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने ।

८) वास्तविक प्रजातन्त्र र राष्ट्रिय स्वाधिनतालाई आत्मसात गर्ने र व्यवहारमा उतार्न सक्ने शिक्षा दिने थलोको रूपमा सबै शिक्षालयहरूलाई स्थापित र विकसित गरिने ।

९) शिक्षा क्षेत्रमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरूको हितको संरक्षण एवं सम्बर्द्धन गरी समाजमा सम्मानित व्यक्तित्वको रूपमा स्थापित गर्ने व्यवस्था मिलाइने ।

१०) राष्ट्रियस्तरमा निर्माण गरिएको शिक्षा योजनाको अधिनमा रहि बिना कुनै प्रशासनिक हस्तक्षेप प्राज्ञिक स्वतन्त्रताको उपभोग गर्ने ग्यारेन्टी गरिने ।

११) बिना कुनै भेदभाव उच्च शिक्षा हासिल गर्न सक्ने सबै शिक्षार्थीहरूलाई उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिने ।

१२) विभिन्न पेशामा संलग्न प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गर्न नसकेका कामदारहरूलाई सम्बन्धीत निकाय मार्फत् सन्ध्याकालिन, प्रातःकालिन वा पत्राचारको माध्यमद्वारा उपयुक्त शिक्षा दिने व्यवस्था मिलाइने ।

१३) शिक्षा योजना र नीति तय गर्ने, प्रभावकारी पठनपाठन एवं अनुसन्धान गर्ने, पाठ्यपुस्तक तथा पाठ्यसामग्री तयार गर्ने र शिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा सम्बन्धी निकायलाई विशेष रूपमा संगठित र व्यवस्थित गर्ने ।

१४) देशको आवश्यकता अनुसार शिक्षाको विविध पक्ष र विषयगत क्षेत्र समेतलाई आधार मानी बहुविषय विद्यालयको तर्जूमा गरी उच्च शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने ।

१५) महिला तथा उत्पीडित जातिको शिक्षाको विशेष कार्यक्रम निर्माण गरी उनीहरूलाई शिक्षा दिने व्यवस्था गर्ने । उच्च शिक्षामा महिलाहरूलाई विशेष सुविधा र प्रोत्साहन दिने व्यवस्था गर्ने ।

१६) शिक्षण क्षेत्रका अद्यावधिक ज्ञान र सीपबारे अवगत गराई

कार्यक्षमता र दक्षतामा बृद्धि गरी शिक्षकहरूको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि आवश्यकता अनुसार पुनर्ताजगी तालिमको व्यवस्था गरिने ।

१७) शिक्षालाई समाजको विकास र अग्रगतिमा प्रयोग गर्नको निम्ति व्यापक संभावनाहरूलाई उजागर गर्न सक्ने बनाउनु ।

१८) शिक्षाले प्रत्येक व्यक्तिमा अन्तरनिहित सामर्थ्य र प्रतिभा प्रस्फुटन गराउनुपर्ने ।

१९) जनवादी शिक्षा समाजवाद निर्माणको बाटोतर्फ निर्देशित हुनु । राष्ट्रिय एकताको भावनालाई मुखरित गर्नु ।

२०) शिक्षा प्रगतिशील, राष्ट्रिय र जनवादी संस्कृति निर्माणको आधारको रूपमा हुनु ।

२१) प्रत्येक व्यक्तिमा स्वावलम्वी, आत्मनिर्भर र आत्मविश्वासी एवं सृजनात्मक क्षमता विकास गर्ने र श्रमप्रतिको आदरभाव एवं सामाजिकीकरण विकास गर्ने ।

२२) अत्याधुनिक सूचना प्रविधिलाई शिक्षा प्रणालीसँग आबद्ध गरिने र जीवनपर्यन्त शिक्षाको माध्यम समेत बनाइने ।

**निष्कर्ष**

नवऔपनिवेशिक शिक्षा प्रणालीको अन्त नगरी गरिने सामान्य सुधार प्रयासले मात्र राष्ट्रिय आवश्यकता अनुरूपको शिक्षा प्रणालीको विकास हुन सक्दैन । वर्तमान शिक्षा प्रणालीको विकल्पका रूपमा नेपालको जनवादी शिक्षा प्रणालीका पक्षधरहरूले शिक्षा व्यवस्थामा सुधार ल्याउन खेलेको सचेतन र संघर्षशील भूमिकाले शिक्षाको विकासमा महत्वपूर्ण प्रभाव पारेको छ । समाजका सबै सदस्यहरूलाई निरन्तर शिक्षा दिइरहने कुरा जनवाद, समाजवाद र साम्यवाद निर्माणका लागि अपरिहार्य छ । समाजका हरेक सदस्यलाई निरन्तर शिक्षा दिइरहने कुराले उनीहरूलाई वैचारिक, प्राविधिक र साँस्कृतिक रूपमा उन्नत बनाउन सकिन्छ र सारा समाजलाई श्रमजीवी, क्रान्तिकारी र बौद्धिक बनाउने उद्देश्यलाई सफल पार्न मद्धत पुग्नेछ । नेपालमा जनवादका पक्षधरहरूको आवाज शिक्षाका नकारात्मक पक्षहरूको विरोधमा जति प्रभावकारी बन्न सक्यो त्यति प्रभावकारी सकारात्मक पक्षको संस्थागत विकासमा भने हुन नसकेको आभाष हुन्छ । त्यसैले यस विषयमा गंभीर छलफल र बहस गर्दै सुस्पष्ट खाका प्रस्तुत गर्नु सम्बद्ध सबैको महत्वपूर्ण जिम्मेवारी र दायित्व हो ।

**सन्दर्भसामाग्रीहरू**

कार्की, उपेन्द्र, *नेपालमा जनवादी शिक्षा पद्धतिको अवधारणा,* संगम, २०५३ आषाढ, वर्ष १४ अंक २, पेज नं. ३०-३९, स्वतन्त्र विद्यार्थी युनियन, महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

पुष्पलाल, *छानिएका रचनाहरू भाग १,* मदन-आश्रित स्मृति प्रतिष्ठान, नेपाल, २०५३ जेठ ।

*भण्डारी, मदन, संकलित रचनाहरू भाग-१,* केन्द्रीय कमिटी, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी), २०५२ ।

*माओत्सेतुङका चुनिएका रचनाहरू भाग १,* सिर्जनशील प्रकाशन, २०५७ ।

*माओत्सेतुङका चुनिएका रचनाहरू भाग ३,* प्रगतिशील पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, २०४१ ।

मार्क्स, कार्ल, *गोथा कार्यक्रम की आलोचना,* प्रगति प्रकाशन, मास्को, १९९० ।

मार्क्स, कार्ल र एंगेल्स, फ्रेडरिख, *कम्युनिष्ट पार्टीको घोषणापत्र सन् १८४८,* प्रगति प्रकाशन मास्को, पहिलो नेपाली संस्करण सन् १९७९ ।

लेनिन, *सार्वजनिक शिक्षा के बारे में,* प्रगति प्रकाशन मास्को, १९८३ ।

शर्मा, चिरञ्जीवी, *शिक्षाका आधारहरू,* एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, भोटाहिटी, काठमाडौं २०६३ ।

शर्मा, चिरञ्जीवी, *नेपालको परिवेशमा जनवादी शिक्षा-एक चर्चा,* विद्यार्थी समाचार, वैशाख २०५३, अंक २५, पेज नं.८-१४, अनेरास्ववियु, केन्द्रीय प्रचार विभाग, काठमाडौं ।

*शिक्षामा मार्क्सवादी चिन्तन,* खोजी प्रकाशन गृह, काठमाडौं २०६६ ।

मदन भण्डारीद्वारा नेकपा (एमाले) को ऐतिहासिक पाँचौं राष्ट्रिय महाधिवेबन २०४९ माघ (१४-२०) मा प्रस्तुत र पारित *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद,* नेकपा (एमाले), केन्द्रीय कार्यालय, मदननगर, बल्खु, काठमाडौं ।

*जनताको बहुदलीय जनवादः नीतिगत कार्यपत्रहरू,* मदन- आश्रित स्मृति प्रतिष्ठान, गोठाटार, काठमाडौं, २०५७ कार्तिक ।

नेकपा (एमाले) का विद्यार्थी फाँट प्रमुखहरूको राष्ट्रिय भेला ०६८ माघ २० र २१ का लागि तयार पारिएको सामग्री, विद्यार्थी फाँट, नेकपा (एमाले) ।

*(लेखक मदन भण्डारी फाउन्डेशनका सचिव हुनुहुन्छ।)*

# नेपालमा सङ्घीय व्यवस्था चुनौती र समाधान



■ लालबाबु यादव

नेपालमा २०६९ जेष्ठ १४ मा संविधान निर्माण बिना नै संविधानसभाको अवसान भयो । नेपालको अन्तरिम संविधानको धारा ६४ अनुसार संविधानसभाको अवधि दुइवर्षको हुनेछ भनिएको थियो । तर, उक्त समयभित्र संविधान निर्माण कार्य पुरा हुननसकेमा ६ महिनामात्र थप्न सकिन्छ । तर, चारवर्षसम्म प्रमुख राजनीतिक दलहरूले प्रतिनिधित्व गरेको संविधानसभाले संविधान निर्माण गर्न सकेन । विश्वको सबभन्दा ठूलो सदस्य भएको संविधानसभालाई वर्तमान प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राजनीतिक दलहरूको सहमतिबिना विघटन गरी २०६९ मंसिर ७ का लागि नयाँ निर्वाचनको घोषणा गरिसक्नुभएको छ । प्रधानमन्त्रीको यस कार्यको विरोधमा नेकपा एमाले, नेपाली कांग्रेस र अन्य राजनीतिक दलहरू रहेका छन् । संविधान सभाको निर्वाचन घोषणा एकलौटी रूपमा र राजनीतिक सहमति बिना गरिएको हुनाले दलहरूको यस घोषणाप्रति विरोध राष्ट्रपतिसमक्ष गरी सकेका छन् । उनीहरूले वर्तमान सरकारको राजीनामा तथा राष्ट्रिय सहमतिको सरकारको स्थापनालाई मिलनविन्दूको केन्द्रका लागि देशभरी नै विरोधसभा र आन्दोलनका कार्यक्रमहरू आयोजना गरिरहेका छन् ।

अन्तरिम संविधान २०६३ मा संविधानसभाको पुनः निर्वाचन गर्ने कुनै प्रावधान छैन र संविधानको केही धारालाई संशोधन नगरी निर्वाचन हुन सक्दैन ।

खासमा भन्नुपर्दा संविधान निर्माणका अवरोधका प्रमुख कारण 'एकल जातीय पहिचानसहितको संघीय संविधान र बहुजातीय पहिचानसहितको संघीय संविधान' हुन पुगेका छन् । यी विषयमा दलहरूभित्र रहेको भिन्न बिचार र अवधारणा नै संविधानसभा विघटनको प्रमुख कारण हो । यसमा नेकपा–माओवादीले राज्यको पुनःर्सरचना र राज्यशक्तिको बाँडफाँड समितिले दिएको प्रतिवेदन अनुसार १४ प्रदेश वा राज्य पुनर्सरचना सुझाव उच्च स्तरिय आयोगको बहुमत पक्षको प्रतिवदन अनुसार १० प्रदेश र एक गैर भौगोलिक प्रदेशमा आधारित एकल जातिय प्रदेशको नाममा आफ्नो अडान राखेको थियो । मधेशी दलहरूले 'एक मधेश एक स्वायत्त प्रदेश'को माग गरेका थिए । तर, नेकपा एमाले र नेपाली कांग्रेसले ७, ८ वा १५ बहुपहिचानको प्रदेशसम्म जान सकिने धारणा राखेका थिए । तर, कांग्रेस, एमालेलगायतका दलले एकल जातिय प्रदेशमा कुनै पनि हालतमा जान नसकिने अडानमा दृढ रहेका छन् । यसै अन्यौलमा सर्वोच्च अदालतले पुनः म्याद थप्न नपाइने बरू जनमत सङ्ग्रह, निर्वाचन वा अन्य विकल्पमा जानुपर्ने वाध्यताको कारण संविधानको निर्माण बिना नै लावारिस अवस्थामा संविधान सभाको विघटन भयो । वर्तमान सरकार २०६९ जेष्ठ १४ गते एकतर्फी रूपमा संविधानसभाको विघटन र २०६९ मंसिर ७ गते निर्वाचनको घोषणा गर्नु भयो । तर, विपक्षी दल खास गरेर नेपाली कांग्रेस, नेकपा एमालेलगायत दलहरू र निर्वाचन आयोगले पनि संविधानमा संशोधन नभइकन

निर्वाचन हुन सक्दैन भनिरहेका छन् ।

**संघीयता : एक परिचय**

विश्वमा करिब दुईसय भन्दा बढी मुलुकहरू मध्येमा जम्मा २८ वटा मुलुकमा मात्रै सङ्घीय शासन व्यवस्था रहेको छ । पानिल वे.इजार (Panil J. Ejar) को अनुसार विश्वको कुल जनसंख्यामध्ये ४० प्रतिशत मात्र सङ्घीय शासन व्यवस्था अन्तर्गत छन् । त्यस्तै २८ वटा मुलुकहरूमध्ये २१ वटा मुलुक औपनिवेशिकबाट (वाह्य मुलुकको शासन) स्वतन्त्र भएपछि मात्र सङ्घीयतामा गएका हुन् भने ७ वटा मुलुक सार्वभौमसत्ता सम्पन्न मुलुक भएपनि द्वन्द्व व्यवस्थापनका लागि सङ्घीयतामा गएका हुन् । उदाहरणका लागि, इथोपियालाइ लिन सकिन्छ । शान्तिका लागि सङ्घीयतामा गएको भएपनि त्यहा अझै पनि शान्ति भएको छैन । साथै सङ्घीय शासन व्यवस्था भएका मुलुकहरूमा केन्द्र सरकारमा अधिकारहरू केन्द्रित छन् । जस्तै भारत, दक्षिण अफ्रिका, क्यानाडा आदि देशमा केन्द्रलाइ बढी अधिकार दिइएको छ । त्यहाँ प्रदेशहरूको अधिकारमा पनि असमानता रहेको छ । सङ्घीय शासन व्यवस्थाको कुनै एउटै सुत्र हुन सक्दैन । प्रत्येक मुलुकका सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक अवस्था र प्रवृत्तिले सङ्घीयताका मर्म, अवसर र आधारलाइ फरक पारेको हुन्छ । अर्थात् संघीय रुपको विभाजन मुलुकको अवस्थाअनुसार समरुपी (Symmetrical) र विषमरुपी (Asymmetrical) कुनै पनि हुनसक्छ । जस्तै भारतमा जम्मु काश्मिर र अरुणाचल प्रदेशमा भारतको नागरिक र सरकारी जागीरे भए तापनि जग्गा, घर किन्न पाउँदैन ।

**संविधानसभा राज्य पुर्नसंरचना समितिले बहुमतको आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि १४ प्रदेशहरूको प्रस्ताव गरेको छ । जसमध्ये ८ प्रदेशहरू पहिचानलाई प्राथमिकतामा राखेर नामाकरण गरिएका छन् । भाषा, संस्कृति तथा जातियताका आधारमा प्रस्ताव गरिएका प्रदेशहरू लिम्बुवान, किराँत, शेर्पा, तामसालिङ्, नेवा, तमुवान, मगरात, जडान, मिथिला-भोजपुरा-कोच-मधेश र लुम्बिनी-अवध-थारूवान हुन् । यी बाहेक अन्य प्रदेशहरू प्राकृतिक साधन र भूगोलका आधारमा छन् ।**

संविधानसभा राज्य पुर्नसंरचना समितिले बहुमतको आधारमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि १४ प्रदेशहरूको प्रस्ताव गरेको छ । जसमध्ये ८ प्रदेशहरू पहिचानलाई प्राथमिकतामा राखेर नामाकरण गरिएका छन् । भाषा, संस्कृति तथा जातियताका आधारमा प्रस्ताव गरिएका प्रदेशहरू लिम्बुवान, किराँत, शेर्पा, तामसालिङ्, नेवा, तमुवान, मगरात, जडान, मिथिला-भोजपुरा-कोच-मधेश र लुम्बिनी-अवध-थारूवान हुन् । यी बाहेक अन्य प्रदेशहरू प्राकृतिक साधन र भूगोलका आधारमा छन् ।

यसरी प्रस्ताव गरिएका क्षेत्रहरूमा विभिन्न १०३ जात जातिहरूको बाहुल्य हुँदाहुँदै पनि प्रस्तावित क्षेत्रको कुल जनसङ्ख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्ने खप्तड क्षेत्रका क्षेत्रीहरूबाहेक कुनै पनि समुदाय निरपेक्ष बाहुल्यता रहेको देखिदैन । उदाहरणका लागि प्रस्तावित लिम्बुवान क्षेत्रमा १० लाख लिम्बुहरू छन्, जुन उक्त क्षेत्रको कुल जनसङ्ख्याको २७ प्रतिशत मात्र हो भने बाँकी जनसङ्ख्या त्यहाँ अन्य जाति समुदायहरूका छन् ।

यस्ता कुराहरूले प्रदेश निर्माण गर्ने कार्यमा समाजमा अलमल र वादविवाद सिर्जना गरेको छ । त्यसैगरी प्रस्तावित क्षेत्रहरूको भुगोल र जनसङ्ख्यामा पनि धेरै विषमताहरू देखिन्छन् । जस्तै जडान प्रदेशले जम्मा १५ हजार वर्ग कि.मि.ओगट्छ जबकि नेवा: राज्य केवल १ हजार वर्ग कि.मि. क्षेत्रफलमा मात्रै छ । यसैगरी, मिथिला-भोजपुरा-कोच-मधेस प्रदेशमा लगभग ६० लाख जनसङ्ख्या छ भने जडानको जनसङ्ख्या मात्र ४८ हजार छ । राज्य पुर्नसंरचना समितिको तर्क के छ भने कुनै पनि जाति वा क्षेत्र बन्न कुल जनसङ्ख्याको एक प्रतिशत भन्दा बढी जनसङ्ख्या हुनुपर्दछ । तर, शेर्पा यस तर्कको अपवादमा परेको छ । विषमता जहाँ पनि देखिन्छन् तर नेपालमा देखिए जस्तो विषमता अन्यत्र कहीँ पनि देखिदैन । तराई मधेसवादी दलहरूले एक मधेस-एक प्रदेशको माग गर्दै आइरहेका छन् जुन प्रदेश जनसंख्या र प्रशासनिक दृष्टिले ठूलो छ तर प्रतिनिधित्व कम हुन जान्छ । (जस्तै: एकजना राज्यपाल, मुख्यमन्त्री संसद्, सचिवालय आदि) भने जडान सानो छ र यहाँका जनताले धेरै अवसरहरू पाउँन सक्छन् । माग गरिएको एक मधेस एक प्रदेशभित्र धेरै विभेदहरू हुने सम्भावना हुन्छ । संघको निर्माणमा क्षेत्री, १८ प्रतिशत, बाहुन १३ प्रतिशत, दलित १४प्रतिशत, मुस्लिम ४ प्रतिशत अर्थात पचास प्रतिशत भन्दा बढी जातजातिको पहिचानलाई उल्लेख गरिएको छैन । यी समुदायहरू पनि संगठनको निर्माण गरि सामाजिक आन्दोलन गर्दै दवावमूलक राजनीतिमा लागेका छन् ।

अहिले विश्वका झन्डै ९५ प्रतिशत जनताहरु बहुजातीय, बहुभाषिय, बहुसांस्कृतिक जनसंख्या भएका राज्यहरुमा बसोबास गर्छन् । तसर्थ सबभन्दा महत्वपूर्ण चुनौती माथिका उल्लेखित विविधतामूलक समाज भएका मुलुकहरुलाई उपयुक्त राज्य व्यवस्था विकास गर्नु हो । यी विभिन्न समूहहरुको बीचको द्वन्द्वलाई शान्तिपूर्ण व्यवस्थापन गरी मुलुकमा स्थायित्व र समृद्धिका वातावरण गर्नेखालको खाका तयार पार्नु नै अहिलेको टड्कारो रहेको छ ।

यसरी ठूलो प्रदेश बनाउँदा माथिल्लो सदनमा प्रतिनिधित्व गर्ने कुरामा पनि समस्या आउन सक्दछ । उदाहरणका लागि सबै प्रदेशहरूबाट माथिल्लो सदनमा बराबरी सदस्यहरू पठाउन प्रावधान भयो भने मधेसजस्ता ठूला प्रदेशहरू प्रतिस्पर्धा गर्न असफल हुनेछन् । एक मधेश एक प्रदेशका मागले यस क्षेत्रको सौदाबाजी गर्न क्षमता कमजोर बनाएको छ । यसले आर्थिक लाभको वितरण गर्ने सम्बन्धमा समेत विषमता सिर्जना गर्दछ । नेपाली काङ्ग्रेले अहिले सात वटा प्रदेश ( कर्णाली, गण्डकी, लुम्बिनी, राजधानी, सगरमाथा, सिमरौनगढ र श्रीजंगा) को प्रस्ताव ल्याएको छ । जो मुलत: भौगोलिक र प्रादेशिक स्रोत–साधनमा आधारित छ । तर नेपाली काङ्ग्रेसका केन्द्रीय कार्यसमितिका केहि सदस्यहरूले यसको विरोध गरेका छन् । त्यसैगरी संविधानसभाको तेस्रो ठूलो राजनीतिक दल नेकपा (एमाले) को केन्द्रीय कमिटीले सामर्थ्य र पहिचानको आधारमा प्रदेशको निर्माण गर्नुपर्ने निर्णय गरेको छ ।

**भविष्यमा द्वन्द्व सिर्जना नहोस् भन्नका लागि विभिन्न क्षेत्रका विज्ञहरूलाई समावेश गरेर हामीले यो विषयमा गम्भीर अनुसन्धान गर्नैपर्दछ । पिछडिएका जनताहरूको जल, जमिन र बनजस्ता प्राकृतिक स्रोतहरूमा मुख्य अधिकार रहनुपर्छ भन्ने मागका साथै जातीय बाहुल्यता रहेको समुदायको कार्यपालिकामा प्रधिनिधित्वका लागि निर्वाचनमा अग्राधिकार हुनुपर्दछ भन्नेजस्ता मागहरूले सङ्घीयताको धारणालाई प्रभावित पारिएको छ ।**

भविष्यमा द्वन्द्व सिर्जना नहोस् भन्नका लागि विभिन्न क्षेत्रका विज्ञहरूलाई समावेश गरेर हामीले यो विषयमा गम्भीर अनुसन्धान गर्नैपर्दछ । पिछडिएका जनताहरूको जल, जमिन र बनजस्ता प्राकृतिक स्रोतहरूमा मुख्य अधिकार रहनुपर्छ भन्ने मागका साथै जातीय बाहुल्यता रहेको समुदायको कार्यपालिकामा प्रधिनिधित्वका लागि निर्वाचनमा अग्राधिकार हुनुपर्दछ भन्नेजस्ता मागहरूले सङ्घीयताको धारणालाई प्रभावित पारिएको छ । जातीय पहिचानको सन्र्दभलाई मात्र सङ्घीयताको विषय नबनाईकन स्रोतहरूको उपलब्धता, व्यापार, सुरक्षा, अल्पसंख्यक-बहुसंख्यक जातिहरूको सम्बन्ध र यसको राज्य-समाजको सम्बन्ध बढाउन सक्ने क्षमता आदिलाई पनि विचार पुऱ्याउनुपर्दछ । जनताको सशक्तिकरणको मुख्य साँचो भनेको स्थानीय सरकार हो सङ्घीयताको कुरामा यसलाई पनि कमजोरीको रूपमा लिनु हुँदैन ।

**आर्थिक पक्ष**

नेपालको सङ्घीयता निर्माण गर्दा आर्थिक आधारलाई पनि मुख्य रूपमा अध्ययन गर्नुपर्छ । सन् २००४/००५ को सरकारी आयलाई हेर्दा ८१ प्रतिशत आय चार वटा जिल्लाहरू : काठमाडौं (४२ प्रतिशत), पर्सा (२४ प्रतिशत), मोरङ्ग (८ प्रतिशत) र रूपन्देही (७ प्रतिशत), बाट सङ्कलन भएको छ । यी जिल्लाहरूमध्येमा पनि तीनवटा जिल्लाहरू: वीरगञ्ज, विराटनगर र भैरहवा तराईका औद्योगिक क्षेत्रहरूमा पर्दछन् । यी जिल्लाहरूले भन्सार राजस्व, कर र आयकर सङ्कलन गर्दछन् । अरू बढी आय सङ्कलन गर्ने जिल्लाहरूमा ललितपुर (२ प्रतिशत), चितवन (२ प्रतिशत), सिन्धुपाल्चोक, झापा, धनुषा, बाँके, मकवानपुर, र कास्की (प्रत्येकले १ प्रतिशत) पर्दछन् । यी जिल्लाहरूमा केही थुप्रै औद्योगिक र शहरी आधारहरू रहेका छन् । समग्रमा यी १२ वटा जिल्लाहरूले सरकारको कुल आम्दानीमध्येको ९४ प्रतिशत आय सङ्कलन गर्दछन् भने बाँकी ६३ जिल्लाहरूले जम्मा ६ प्रतिशत मात्रै आय सङ्कलन गर्दछन् । भविष्यको मुख्य चुनौती भनेको धनी जिल्लाहरूबाट स्रोत नभएका जिल्लाहरूमा कसरी आय वितरण गर्ने र यी जिल्लाहरूले कसरी समग्र देशको सर्वाङ्गिण विकासका लागि योगदान दिन सक्दछन् भन्ने हो । संघको निर्माण गर्दा कस्तो प्रकारको आर्थिक निति अवलम्वन गर्नु पर्ने हो, त्यो प्रष्ट हुनुपर्छ । नेपालमा पर्यावरण सन्तुलन गर्न पनि हिमाल, पहाड र तराइको बीच समन्वय गर्नुपर्ने हुँदा सहयोगात्मक सङ्घीता फलदायी हुनसक्छ ।

**जातीय पक्ष**

एउटै राज्यका सदस्यहरू भएपनि नेपालका धेरै जनताहरू विविध विविधतायुक्त पहिचानमा रहेका छन् । तर जब एउटा पहिचानलाई बढी महत्व दिइन्छ भने त्यहाँ द्वन्द्व अपरिहार्य हुन्छ । सबैभन्दा गहन प्रश्न भनेको कसरी जातीय र राष्ट्रिय पहिचानलाई सन्तुलन गर्ने भन्ने हो

जसले गर्दा छरिएर रहेका अनेक जातीय समूहहरू शान्तिपूर्ण सहअस्तित्वमा रहन सकुन् । तसर्थ, याद गर्नुपर्ने मुख्य कुरा चाँहि के हो भने जनताहरूले आफ्नो वैयक्तिक तथा सामूहिक कुशलता सार्वजनिक रूपमा कसरी प्रस्तुत गर्दछन् । त्यो महत्वपूर्ण कुरा हो । राज्यले व्यक्तिलाई नागरिक पहिचान दिन्छ । राज्यको सदस्यको रूपमा र संवैधानिक अधिकारको उपयोग गर्ने हुनाले यो सदस्यता जातिय क्षेत्रीय लैङ्गीक धार्मिक राजनीतिक दल तथा मुलुकको नागरिकको सदस्यता भन्दा बढी महत्वपुर्ण हुन्छ । राज्यको सदस्यताको अनुपस्थितिमा अन्यै सदस्यताको पहिचान बढेमा राज्य कमजोर हुन्छ र कमजोर राज्यले नागरिकका अधिकारहरू कार्यान्वयन गर्न सक्दैन । Barbara Harff का अनुसार 'विश्वमा ७० भन्दा बढी जातीय तथा धार्मिक सम्प्रदायहरूलाई लक्ष्यित गरी भ्रुणहत्या र सामूहिक राजनीतिक हत्याहरू जस्ता ५० भन्दा बढी घटनाहरू भएका छन् जसको कारण भनेको करिब नौ लाख नागरिकहरूको अधिकारलाई वेवास्ता गर्नु हो । सन् १९९३/९४ मा भएको जातीय-राजनीतिक द्वन्द्वको कारणले करिव चार लाख मानिसहरूको ज्यान गएको थियो । यसैगरी सन् १९९४ को मा रूवाण्डामा भएको द्वन्द्वमा परि छ लाख भन्दा बढी मानिस मारिएका थिए ।

**संयुक्त राष्ट्रसंघद्वारा प्रस्तावित आत्मनिर्णयको अधिकारमा कुनै पनि देशले बाहय हस्तक्षेपविना आफूले निर्णय लिन पाउने कुरालाइ जोड दिएको छ भने कुनै देशमा बसोवास गरिरहेका जातिहरूले आफनो धर्म, वर्ण र संस्कृति, राजनीति र समाज व्यवस्थाको स्वतन्त्रतापूर्वक संचालन गर्न पाउनु पर्दछ भनेको छ । यस व्यवस्थाले छुटिटने अधिकार दिएको छैन ।**

शितयुद्धपछि विश्वमा सबभन्दा बढी मुलुक आन्तरिक जातीय हिंसात्मक द्वन्द्वबाट ग्रसित भएको देखिन्छ । बोसिनियामा २००००० (दुई लाख) १९९५, बुरण्डीमा २००००० (दुई लाख) मानिस हुतु र तुत्सीबीचको जातीय हिंसामा १९९० मा हत्या भएको छ ।

(Adrian Guelik : 2012:118)

जातीय-राजनीतिक द्वन्द्वले सैनिक हस्तक्षेपलाई समेत निम्त्याउँछ । श्रीलङ्का यसको टड्कारो उदाहरण हो । सन् १९४५ र १९८० को बीचमा विश्वमा भएका धेरै सैनिक हस्तक्षेपहरूमध्ये आधाभन्दा बढी जातीय द्वन्द्वलाई लक्षित गरेर भएका छन् । देशहरू भित्रै भएका धेरै द्वन्द्वहरू पनि जातीय कारणले नै भएका छन् । यो अवस्थामा स्वसङ्ठीत र सामुहिक शासनको स्वरूपको सङ्घीयता एउटा समाधान हुनसक्दछ किनभने यसमा अधिकार र कर्तव्य बाँडिएको हुन्छ र शक्ति हस्तान्तरणको पनि ग्यारेन्टी गरिएको हुन्छ । तर प्रश्न के छ भने राजनीतिक बन्धन जातीय बन्धनसँग मेल खान्छ त ? यदि खाँदैन भने द्वन्द्वको समाधान गर्नका लागि कस्तो प्रकारको संस्थागत उपाय आवश्यक पर्दछ त ? जातीय समूहहरूभित्रका अल्पसंख्यकहरूले पनि कसरी सुरक्षित महसुस गर्दछन ? यदि बहुमतको स्वेच्छाचारि भएमा यसलाई मानव अधिकार उल्लङ्घन गर्ने मुलुक मानिन्छ । र अल्पसंख्यकलाई संरक्षण गर्न बैदेशिक हस्तक्षेत्र बढ्दछ । नेपालको हकमा जातीय संघ र नागरिक समस्याका समाधानहरूका बीचमा तालमेल हुनैपर्दछ जसले गर्दा प्रजातन्त्र/लोकतन्त्रको शक्तिलाई यसले छिन्न भिन्न बनाउन नसकोस् । राजनीतिको आधार पनि बिचारधारा नै हो, जीवबिज्ञान होइन । प्रजातन्त्रको आधार नागरिक (demos) हो, जातियता (ethos) होइन ।

Bruno Bauer र Karl Marx दुबै अभिन्न मित्र थिए र दुबै जना जर्मन यहुदी हुन् । Bruno आफुलाइ यहुदी ठान्थे भने मार्क्स आफूलाइ जर्मन भन्थे । एक दिन मार्क्सले ब्रुनोलाइ भने तिमी आफै आफूलाइ यहुदी भन्छौ भने जर्मनले तिमीलाइ किन जर्मन भन्ने ? वा जर्मनी भन्न सहयोग गर्ने ? त्यसपछि ब्रुनोले म यहुदी जर्मन भन्ने जवाफ दिए । यसमा पनि माक्सले भने तिमी आफै यहुदी जर्मन भन्दा तिमीलाइ जर्मनले पहिलो दर्जाको नागरिक किन मान्ने । त्यसपछि ब्रुनोले भने म पहिला जर्मन हु अनि यहुदी भने । ब्रुनो मार्क्स सम्वादको यो अंशले नेपालीहरूलाइ पनि राज्य र जातियताको अन्त्सम्बन्ध प्रष्ट पार्न मद्दत गर्न सक्ने छ ।

संयुक्त राष्ट्रसंघद्वारा प्रस्तावित आत्मनिर्णयको अधिकारमा कुनै पनि देशले बाहय हस्तक्षेपविना आफूले निर्णय लिन पाउने कुरालाइ जोड दिएको छ भने कुनै देशमा बसोवास गरिरहेका जातिहरूले आफनो धर्म, वर्ण र संस्कृति, राजनीति र समाज व्यवस्थाको स्वतन्त्रतापूर्वक संचालन गर्न पाउनु पर्दछ भनेको छ । यस व्यवस्थाले छुटिटने अधिकार दिएको छैन । नेपालका हकमा भन्दा यहाँका सबै जनताले आत्मनिर्णयको अधिकार पाउनु पर्दछ तर अहिलेको विश्वर प्रतिस्पर्धाको युगमा व्यक्ति वा

समुदायले आफनो विकास कसरी गर्ने भन्ने महत्वपूर्ण कुरा हो । सहकार्यको अभावमा जनता र राज्य प्रतिस्पर्धी हुँदैनन् । नाइजेरियामा ४५० भाषा छन तर त्यहा ३ भाषाले सरकारी काजकाज चलाइएको छ । वेलायतका वर्तमान प्रधानमन्त्रीको तलको भनाई राज्य र जातियतका सवालमा मनन गर्नु सान्दर्भिक हुने छ ।

My message is clear: we will not tolerate racism in Britain. It has absolutely no place in our society and where it exists, we will kick it out. David Cameron, British Prime Minister

**निष्कर्ष:**

नेपालको सबैभन्दा ठूलो समस्या भनेको कमजोरहरूमध्ये पनि सबैभन्दा कमजोरलाई कसरी संरक्षण र न्याय प्रदान गर्ने भन्ने हो । सबै समुदायले स्रोत साधनमा पहुँच, पहिचान र प्रतिनिधित्व पाउनुपर्दछ । र, लोकतन्त्रको सरोकारवाल बनाउनु पर्दछ । यसले मात्र आम जनतामा परिवर्तनको अनुभव गराउन सक्दछ र देशमा लोकतान्त्रिक शान्तिको पुर्नस्थापना हुन सक्दछ । विभिन्न पहिचान भएका जनतालाई सक्रिय पहिचान भएका नागरिकमा रूपान्तरण गरेमा उनीहरूको सहयोगको भावना बृद्धि भई राष्ट्रिय एकता बलियो हुन्छ ।

**राष्ट्रिय सहमतिद्वारा सहमतिय सरकार गठन गरिनु पर्दछ त्यसले राजनीतिक मुद्दाहरूलाई औपचारिक रूपमा किनारा लगाउदै जान्छ । संविधानको निर्माणले संसदको निर्वाचन गर्ने बाटो खुला हुन्छ ।**

केन्द्र र प्रदेशहरूमा अपनाइने राजनीतिक व्यवस्थामा एकरूपता हुनुपर्दछ । साथै देशमा कस्तो (पूर्णकालीन, अर्ध, सहयोगी वा प्रतिस्पर्धात्मक) किसिमको सङ्घीय पद्धति नेपालको हित र नेपालीको चाहना अनुसार हुन्छ भन्ने कुरा हामी अवधारणात्मक तवरले स्पष्ट हुनुपर्दछ तर आजसम्म हामी अन्यौलमै छौं । सङ्घीय पद्धतिलाई शक्ति प्रत्यायोजनले बलियोसँग सहयोग गरेको हुनुपर्दछ । नेपालको सन्दर्भमा कमजोर क्षेत्र र जनताहरूलाई बलियो बनाउने, नेपाली जनतामा एकता कायम राख्ने, सामाजिक ऐक्यबद्धता, सामञ्जस्यता, समाजिक सदभाव र राष्ट्रिय स्वतन्त्रताको विकास गर्ने खालको सङघीयताको खोजी गर्नुपर्दछ जुन समता, सामाजिक न्याय र विविधताको क्षेत्रमा एकसाथ काम गर्न प्रयोग हुन्छ ।

संविधानसभाले संविधान निर्माणको काम ९० प्रतिशत सकिसकेको भनिएता पनि राज्यको शासकीय स्वरूप र सङ्घीयताका बारेमा निर्णय नहुँदासम्म संविधान निर्माण असम्भव जस्तै छ । साथै अबको बाँकी समयमा सानो, सरल भाषा (Short, sweet, simple & smart) निर्माण हुनेछ भन्ने जनतालाई विश्वास दिलाउनु पर्छ । दलिय सहमति र सहकार्यको विकल्प छैन । तर, यसमा सञ्चार, नागरिकसमाज र बुद्धिजीवीहरूले पनि सहयोग गर्नुपर्छ ।

नेपालमा जातिय आधारमा प्रदेश निर्माण गर्दा १०३ जाति र ९० बढी भाषाहरूलाइ न्याय गर्न सकिन्छ सकिदैन सोच्नु पर्ने कुरा छ । जातीय नाममा प्रदेश नहुनेले पहिचानको संकट बोध गरे भने त्यसले उत्पन्न गर्ने प्रतिक्रियाको आयाम विचार गर्नु पर्दछ ।

हाल उठिरहेको राजनीतिक र संवैधानिक मुद्दाहरूमा राष्ट्रिय सहमति हुन सकेन भने संविधान, संघीयता वा शान्ति बहाल हुन सक्दैन । सर्वपक्षीय राजनीतिक सहमति आजको प्रमुख आवश्यकता हो ।

राष्ट्रिय सहमतिद्वारा सहमतिय सरकार गठन गरिनु पर्दछ त्यसले राजनीतिक मुद्दाहरूलाई औपचारिक रूपमा किनारा लगाउदै जान्छ । संविधानको निर्माणले संसदको निर्वाचन गर्ने बाटो खुला हुन्छ ।

सहकारी (Cooperative) प्रकारको संघीयता जहाँ साझा पहिचान स्वीकार्य हुन्छ, त्यसमा जानु पर्दछ । यसले पहिचानको मुद्दाहरूलाई स्वत: समावेशीताका आधारमा सम्बोधन गर्दछ र जातियताको प्रतिस्पर्धा हुन दिने छैन । संघीय राज्यमा केन्द्रले देशको अखण्डता, सम्प्रभुता, सुरक्षा मुद्रा र बैदेशिक सम्बन्ध सञ्चालन गर्ने र राज्यहरू बीचको विवादको मध्यस्थता गर्ने अधिकार राख्नु पर्दछ । सङ्घीयता धेरै गारो र संवेदनशील विषय भएको हुनाले राष्ट्रियस्तरमा संघीय आयोगको निर्माण गरिनु पर्दछ । जसमा राजनीतिशास्त्रि, अर्थशास्त्रि, जनसंख्या, प्राकृतिक श्रोत साधन, सुरक्षाविज्ञ भुगोल आदिका विज्ञहरू राखेर बनाइनु पर्दछ । यसले संघीयताका आधार वैधानिक तथा कानुनी प्रक्रिया तय गर्दछ । र, जनताको पनि स्वामित्व हुन्छ । सङ्घीयता साधन हो । साध्यता नागरिक स्वतन्त्रता, प्रगति र शान्तिको लागि सहकार्य हो । इम्यान्युल कान्टले भनेका छन्:– 'मानिस साध्य हो, साधन होइन । अत: राजीनामाको काम मानिसलाई स्वनिर्देशित बनाउने हो ।' अरूबाट निर्देशित मानिसमा आत्मसम्मान हुँदैन ।

## Proposed 14 provinces by State Committee and their Population/Area

| S.N. | Name of the Province | Population | Area Sq. | Majority of the Ethnics | Dominant Caste |
|---|---|---|---|---|---|
| 1 | Limbuwan | 933,000 | 9,000 | Limbu | Limbu (27) |
| 2 | Kirat | 896,000 | 8,000 | Hill community | Rai (34) |
| 3 | Sherpa | 89,000 | 5,000 | Sherpa | Sherpa (36) |
| 4 | Mithila-Bhojpura-Koch Madhesh | 6,940,000 | 14,000 | Madheshi | Madheshi (49) |
| 5 | Sunkoshi | 699,000 | 5,000 | Hill Community | Chhetri (26) |
| 6 | Tamsaling | 1,419,000 | 10,000 | Tamang | Tamang (44) |
| 7 | Newa | 1,702,000 | 1,000 | Hill Community | Newar (36) |
| 8 | Narayani | 1,766,000 | 8,000 | " | Bahun (27) |
| 9 | Tamuwan | 571,000 | 12,000 | " | Gurung (32) |
| 10 | Magarat | 2,012,000 | 15,000 | " | Magar (34) |
| 11 | Lumbini-Awadh-Tharuwan | 3,765,000 | 15,000 | " | Tharu (26) |
| 12 | Karnali | 987,000 | 18,000 | " | Chhetri (42) |
| 13 | Zadan | 48,000 | 15,000 | " | Chhetri (38) |
| 14 | Khaptad | 1,151,000 | 14,000 | " | Chhetri (54) |

*Dahal, R. D.; Uprety, Hari et el (2002), Good Governance and Decentralization in Nepal, Centre for Governance and Development Studies in cooperation with Friedrich-Ebert-Stiftung (FES)*

*Dahal, Tara (2012), Federal Nepal: Ethnic, Territorial or Hybrid?, Readings on Governance and Development, vol XIV, Institute for Governance and Development, Kathmandu.*

*LSGR (2000), Local Self-Governance Regulation, Law Books Management Board, His Majesty's Gvoernment, Ministry of Law, Justice and Parliament.*

*Nepal, R. B. (2007), Development, Governance and Management, Airawati Publication, Kathmandu, Nepal.*

*Rey, Pascal (2011), The Local and the Global: Local Power and Globalisation, Unesco, Published by Blackwell Publishing Ltd.*

*Schneider, Aaron, 2003, Who Tests What from Whom? The impact of decentralization on tax capacity and pro-poor policy, Institute of Development Studies, Working Paper 179.*

*Shrestha, B.M. (2009). NJPG, Nepalese Journal of Public Policy and Governance, Published by Public Administration Campus, Tribhuvan University, Nepal, vol. 2*

*Shrestha, Buddhi Man (2068), District Periodic Plan, Rautahat, Published by Rautahat DDC.*

*Singh, S. K., Public Finance in Developed and Developing Countries, S. Chand and Company Publishers Pvt. Ltd. 1991, p. 92.*

*Thapa (2010), Swashasan, The Journal of Self Governance and Rural Development, Local Planning Process: Nepalese and Indian Experiences, MLD, Vol. 33*

*(लेखक त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र विभागका सहप्राध्यापक हुनुहुन्छ।*

## मदन भण्डारी फाउण्डेशन

# राष्ट्रिय–अन्तर्राष्ट्रिय व्यक्तित्वहरुद्वारा बिचार–बिमर्श

मदन भण्डारी फाउण्डेशनको आयोजनामा **दक्षिण एशियामा लोकतन्त्र र विकास** विषयक एक दिवसीय बिचारसंवाद कार्यक्रम राजधानी काठमाण्डौंमा जनवरी १०, २०१२ मा भव्यताकासाथ सम्पन्न भएको भयो । फाउण्डेशनका संरक्षक एवं नेकपा (एमाले) का वरिष्ठ नेता श्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा सम्पन्न यस संवाद कार्यक्रममा नेकपा (एमाले) केन्द्रीय कमिटीका सचिव श्री शङ्कर पोखरेल र पोलिट्ब्युरो सदस्यद्वय श्री केशव बडाल र श्री सुरेन्द्र पाण्डे, नेपाली काँग्रेसका नेतात्रय क्रमशः श्री रामशरण महत, श्री चक्र बाँस्तोला, डा. मिनेन्द्र रिजाल, मधेशी जनअधिकार फोरम, नेपालका नेता श्री अर्जुन थापा, गान्धीवादी दर्शनमा आधारित भारतीय समाजवादी एवं नागरिक आन्दोलनका अगुवा श्री विजय प्रताज, मानवअधिकारकर्मी एवं इन्सेकका अध्यक्ष श्री सुवोधराज प्याकुरेल, भारतको पत्रकारिता क्षेत्रमा सर्वाधिक पाठकप्रिय दैनिक पत्रिका दैनिक भास्करका प्रधान सम्पादक श्री श्रवण गर्ग, दक्षिण एशियाली वातावरण संवाद केन्द्र, पाकिस्तानका संयोजक श्री अब्बास अली सिद्धिकी र वातावरणविद् श्री अनु लुनेलाको आतिथ्यता बिचार प्रस्तोताको दृष्टिले उल्लेख्य रहेको थियो ।

स्वदेशी तथा बिदेशी बिचार प्रस्तोताहरूले नेपालको समसामयिक राजनीतिक वस्तुस्थितिको अतिरिक्त नेपालको प्रजातान्त्रिक आन्दोलनको विद्यमान उत्कर्ष, यसलाई संस्थागत गर्नका लागि उपस्थित आजका चुनौतिहरू, नेपाली कम्युनिष्ट आन्दोलनको प्रजातान्त्रिकरण, जनताको बहुदलीइ जनवादले व्यवस्था गर्न सके अनुसारको हिंसारहित क्रान्ति जित्ने रणनीतिक कौशलताहरू, अन्तर्राष्ट्रिय कम्युनिष्ट एवं समाजवादी आन्दोलनमा यसको अनुसरणको सवाल, यसमा जननेता मदन भण्डारीको असाधारण योगदान, यसको निरन्तरतासँग जोडिएका केही प्रश्नहरू र तिनको उत्तर खोज्नेक्रममा जन्मन सक्ने जटिलताहरू, जबजले खोजअनुसन्धान गर्न सकेका प्रागऐतिहासिक महत्वसँग जोडिएका प्राकृतिक स्रोत–साधन र मानव संसाधनको समुचित प्रयोग र व्यवस्थापनको पक्षजस्ता गहनतम् विषयहरूउपर आफ्ना सारगर्भित मन्तव्य राख्नुभएको थियो ।

फाउण्डेशनको उद्देश्य, सञ्चालित गतिविधि र अपेक्षित सफलतासम्बन्धमा आफ्ना सारगर्भित मन्तव्यसहित फाउण्डेशनका केन्द्रीय सदस्ड देवराज घिमिरेले स्वागत गर्नुभएको उक्त कार्यक्रममा नेकपा (एमाले) का नेताहरु क्रमशः भानुभक्त ढकाल, रामेश्वर फुयाँल, सुशिला नेपाल, कर्णबहादुर थापा, गणेश तिमल्सिना, पार्टी केन्द्रीय विभागसम्बद्ध नेताहरू, अनेरास्ववियु अध्यक्ष माधव ढुङ्गेललगायत पदाधिकारी, पार्टीका काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका नेता प्रतिनिधिहरू, विभिन्न क्षेत्रबाट आमन्त्रित विषयविज्ञहरू र पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो । फाउण्डेशनका केन्द्रीय सदस्य श्री कृष्णगोपाल श्रेष्ठको तर्कपूर्ण र सारगर्भित मन्तव्यसहितको अध्यक्षता र सदस्य श्री युवराज बास्कोटा 'यज्ञ' को उद्घोषणमा सम्पन्न उक्त कार्यक्रममा मुलुकका प्रमुख राजनीतिक पार्टीका शिर्षस्थ नेतृत्व र अन्तर्राष्ट्रिय व्यक्तिहरूले समेत प्रस्तुत विषयउपर बिचार राख्नुभएको थियो ।

# तेह्रथुममा जिल्ला एकाई गठन

मिति २०६८ श्रावण २९ गते तेह्रथुम जिल्लाको म्याङ्लुङ्ग बजारको एक भेलाले मदन भण्डारी फाउण्डेशनको उद्देश्य परिपूर्ति गर्नका खातिर श्री किशोरचन्द्र दुलालको अध्यक्षतामा मदन भण्डारी फाउण्डेशन तेह्रथुम जिल्ला एकाई गठन गरेको छ । नव निर्वाचित एकाईका उपाध्यक्षमा रामचन्द्र थपलीया, सचिवमा हेमराज अधिकारी, कोषाध्यक्षमा गणेश सेने हुनुहुन्छ भने सदस्यहरुमा रेनुका भट्टराई, टंक खड्का, कपिलदेव सिंघक, भैरव चम्लागाईं, संजय तुम्वाहाङ्फे, सोमनाथ गौतम, धर्म खुलाल, ज्ञानेन्द्र बहादुर सार्की, छत्र रिमाल, नविन खतिवडा, केशव रिमाल, प्रेमनाथ अधिकारी, गणेश सोदेम्वा, रामप्रसाद तिम्सिना, दुर्गा खतिवडा, इश्वर कार्की, भिम घिमिरे, लालबहादुर कटुवाल, प्रेमराज फोम्बो, तुलसी अधिकारी, अर्जुन ढुंगाना, ईश्वर खत्रि र राधाकृष्ण अधिकारी हुनुहुन्छ ।

# बाग्लुङमा जिल्ला एकाइ गठन

२०६९ साल वैशाख २९ गते बाग्लुङ्गमा सम्पन्न भेलाले मदन भण्डारी फाउण्डेशन जिल्ला एकाई बाग्लुङ्गको गठन गरेको छ । प्रेम लामिछानेको अध्यक्षतामा गठित एकाईमा उपाध्यक्ष गणेश पौडेल, सचिव मनोजकुरमा वि.क., सहसचिव संजीव कँडेल, कोषाध्यक्ष रेनु के.सी. हुनुहुन्छ भने सदस्यहरुमा कुलबहादुर वि.क., डम्बरबहादुर श्रीस, अन्जु जि.सी., निशा छन्त्याल, रमेश शमा, खगी राना र प्रकाश चालिसे हुनुहुन्छ ।

# समवेदना सन्देश

मिति २०६८।९।८ गते मदन भण्डारी फाउण्डेशनका अध्यक्ष श्रीमती विद्यादेवी भण्डारीले एक समवेदना सन्देश जारी गर्दै उत्तर कोरियाका महामहिम राष्ट्रपति किम जोङ्ग इलको असामयिक निधन भएकोमा दिवंगत राष्ट्रपतिप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दुःखको यस घडीमा कोरीयाली जनताप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको थियो । साथै उहाँले कोरियालीप्रायद्वीपको शान्ति, स्थिरता, प्रगति र शान्तिपूर्ण एकिकरणको निम्ति शुभकामना व्यक्त गर्नुभएको थियो । उक्त समवेदना सन्देश ललितपुरस्थित उत्तर कोरीयाली

दूतावास पुगेर मदन भण्डारी फाउण्डेशनका सचिव श्री भेषराज अधिकारीले नेपालका लागि उत्तर कोरीयाका महामहिम राजदूत समक्ष प्रस्तुत गर्नुभएको थियो। साथै श्री अधिकारीले दूतावास परिसरमा राखिएको दिवंगत राष्ट्रपतिको तस्विरमा पुष्पगुच्छा अर्पण गर्नुभएको थियो।

## अनुसन्धान कार्य सम्पन्न

जननेता मदन भण्डारी चर्चित राजनेता मात्र होइन एक साहित्यिक स्रस्टा समेत हुनुहुन्थ्यो भन्ने कुरा अवगतै छ। हालसालै जननेता मदनद्वारा रचित कवितामा डा. यादव लामिछानेले "मदन भण्डारीका कवितामा प्रगतिवादी चेतना" शीर्षकमा लघु शोध गरीकन शोधपत्र मदन भण्डारी फाउण्डेशनलाई हस्तान्तरण गर्नुभएको छ। डा. लामिछानेप्रति फाउण्डेशन हार्दिक बधाई एवम् धन्यवाद ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछ। वास्तवमा, जननेता मदनको व्यक्तित्व, योगदान र कृतित्वका बारेमा अध्ययन तथा अनुसन्धान हुनु आवश्यक छ। यसको निम्ति इच्छुक विद्वान विदुषीलाई फाउण्डेशन हार्दिक आव्हान गर्दछ।

## मदन भण्डारी बौद्धिक मञ्च

बिभिन्न सरकारी, गैह्र-सरकारी तथा संघ संस्थामा कार्यरत विभिन्न पेशाकर्मीहरुको भेलाबाट २०६७ श्रावण २७ गते 'मदन भण्डारी बौद्धिक मञ्च' को स्थापना भएको हो। यसका गतिविधिहरु यसप्रकार छन्।

(क) **शान्ति प्रक्रिया र संविधान निर्माणका चुनौतिहरु** विषयक विचार गोष्ठीको आयोजना गरियो। यस कार्यक्रममा प्रमुख अतिथि ने.क.पा.(एमाले) स्थायी कमिटि सदस्य के.पी. शर्मा ओली, अतिथिहरु एकिकृत ने.क.पा. (माओवादी) का पोलिटव्युरो सदस्य राम कार्की, नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौला लगायतका अतिथिहरुले विचार प्रकट गर्नुभएको थियो। उक्त कार्यक्रममा विद्वान अधिवक्ता टीकाराम भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

(ख) ०६७/९/१६ गते नेपाल प्रज्ञा-प्रतिष्ठानमा भएको 'संघीयताको आधार प्राकृतिक श्रोतको व्यवस्थापन' विषयक विचार गोष्ठी अत्यन्तै महत्वपूर्ण र प्रभावकारी रहयो। उल्लेख्य सहभागीता रहेको उक्त विचार गोष्ठीमा विज्ञ, सुनिल पोखरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने टिप्पणी गर्नुहुने वक्ताहरुमा एनेकपा (माओवादी) का नेता एवं सभासद् टोपबहादुर रायमाझी तथा ने.का.का नेता विनयध्वज चन्द हुनुहुन्थ्यो। प्रमुख अतिथि ने.क.पा.(एमाले) का नेता के.पी. शर्मा वली हुनुहुन्थ्यो। निजामति कर्मचारी संगठनका पूर्व अध्यक्ष एवं वर्तमान पदाधिकारीहरु र ने.रा.शि.संगठनका केन्द्रिय पदाधिकारीहरु समेतको सहभागिता उक्त कार्यक्रममा रहेको थियो।

(ग) अर्को महत्वपूर्ण र खोजि गरी प्रकाशमा ल्याउनुपर्ने दृष्टिविहिन वैज्ञानिक रमेश दहालले गर्नु भएका विज्ञान सम्बन्धी कामहरुलाई प्रचार-प्रसार गर्ने उद्देश्यले ०६७/९/१८ गते 'व्यक्ति एक प्रतिभा अनेक' विषयक सम्मान कार्यक्रम सम्पन्न गरियो। ने.क.पा.(एमाले) का नेता के.पी. शर्मा ओली प्रमुख अतिथि रहनु भएको सो कार्यक्रममा वैज्ञानिक रमेश दहाललाई ताम्रपत्र एवं प्रशंसापत्र प्रदान गर्नुका साथै दोसल्ला ओढाई सम्मान गरियो।

(घ) यसै गरी मञ्चले नेपालमा विपत् जोखिम व्यवस्थापनका चुनौति र सम्भावनाहरु विषयक गोष्ठी सम्पन्न गऱ्यो। उक्त कार्यक्रममा भूकम्प लगायतका विपत्हरुबाट कसरी जोगिन सकिन्छ भनेर वृहत् छलफल भएको र नेपाली सेना, नेपाल प्रहरी लगायतले यस बारेमा आफ्ना अनुभव र आगामी दिनमा चाल्नु पर्ने कदमका धारणा राख्नु भएको थियो। Earthquake को बारेमा एनसेटका उप-कर्मचारी निर्देशक सूर्य नारायण श्रेष्ठ तथा Radiation and its effects in health का सम्बन्धमा डा.गणेश गुरुङ्ग (महासचिव, सामाजिक उत्तरदायित्वको लागि चिकित्सक) ले प्रकाश पार्नु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि ने.क.पा.(एमाले) का नेता के.पी.शर्मा ओली हुनुहुन्थ्यो भने कार्यपत्र माथि टिप्पणी गर्नेहरुमा सेना, प्रहरी, उपत्यकाका जि.वि.स.प्रतिनिधि, महानगरपालिकाका प्रतिनिधि तथा सूर्य बहादुर थापा हुनुहुन्थ्यो।

(ङ) वैकल्पिक ऊर्जाको बारेमा गोष्ठी आयोजना गरिएको थियो। सजीवन बाट वैकल्पिक ऊर्जा तयार गरी डिजेल, पेट्रोलको आयातलाई कम गर्न सकिन्छ भन्ने गोष्ठीको निष्कर्ष रहयो। प्रमुख आतिथ्यता ने.क.पा.(एमाले) स्थायी कमिटि सदस्य के.पी. शर्मा ओलीले गर्नुभएको थियो। कार्यक्रममा कार्यपत्र प्रस्तुत गरी टिप्पणी समेत गरिएको थियो।

## स्पोर्टस् एकेडेमी

### राष्ट्रिय भेला सम्पन्न

२०६९ साल जेठ २७ र २८ गते मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा ललितपुरमा राष्ट्रिय भेला सम्पन्न भयो। भेलामा खेलकूदका विविध विधामा विभिन्न कार्यपत्रहरु तयार गरी प्रस्तुत गरी छलफल गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि नेकपा (एमाले) का वरिष्ठ नेता केपी शर्मा ओली हुनुहुन्थ्यो। कार्यक्रममा राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव युवराज लामा, खेलकूद परिषद्कै अन्य पदाधिकारीहरु, खेलकूद विज्ञहरु, खेलाडिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा स्पोर्टस् एकेडेमी सम्बद्ध देशका विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरुले भाग लिएका थिए। ■

प्रकाशक:
Madan Bhandari
Foundation
मदन भण्डारी फाउण्डेशन